# परिच्छेद – एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक : **'पारदर्शी मान्छे' कथासङ्ग्रहको कृतिपरक अध्ययन** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पस नेपाली शिक्षण समितिको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको हो ।

## १.३ समस्याकथन

मनु ब्राजाकी आधुनिक नेपाली साहित्यका चर्चित प्रतिभा हुन् । मूलतः कथा र गजलका क्षेत्रमा कलम चलाउने यी प्रतिभा कथाकारका रूपमा प्रसिद्ध छन् । वि.सं. २०१९ सालमा 'भऱ्याङ' शीर्षकको कथा लेखेर नेपाली कथा साहित्यमा देखा परेका मनु ब्राजाकीका **अवमूल्यन** (२०३८), **आकाशको फल** (२०४२) **तिम्री स्वास्नी र म** (२०४६), **भविष्ययात्रा** (२०५२) र **पारदर्शी मान्छे** (२०६०) कथासङ्ग्रह प्रकाशित छन् । यति धेरै कथासङ्ग्रहहरू प्रकाशन गरेका ब्राजाकीको विभिन्न विषयवस्तुलाई समेटेर लेखिएको पछिल्लो कथासङ्ग्रह **पारदर्शी मान्छे** को कृतिपरक अध्ययन हालसम्म हुन सकेको छैन । प्रस्तुत शोधपत्रमा **पारदर्शी मान्छे** को कृतिपरक अध्ययन मूल समस्याका रूपमा रहेको छ । यसैसँग सम्बन्धित निम्न समस्याहरू पनि रहेका छन् जसलाई बुँदागत रूपमा यसरी देखाउन सकिन्छः

क) मनु ब्राजाकीको साहित्यिक व्यक्तित्व र रचनाधर्मिता के कस्तो रहेको छ ?

ख) मनु ब्राजाकीका कथागत प्रवृत्तिहरू के कस्ता रहेका छन् ?

ग) आधुनिक कथा साहित्यको मानकतत्त्वका आधारमा **पारदर्शी मान्छे** कथासङ्ग्रहका कथाहरू के कस्ता रहेका छन् ?

यिनै समस्याकथनमा आधारित रहेर प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.४ शोधको उद्देश्य

मनु ब्राजाकीको पछिल्लो कथासङ्ग्रह **पारदर्शी मान्छे** कथासङ्ग्रहअन्तर्गतका कथाहरूको कृतिपरक अध्ययन नै यस शोधपत्रको प्रमुख उद्देश्य रहेको छ । यही प्रमुख उद्देश्यसँग सम्बन्धित निम्न समस्याहरूको समाधान गर्ने प्रस्तुत शोधपत्रको उद्देश्य रहेको छः

क)	मनु ब्राजाकीका साहित्यिक व्यक्तित्व र रचनाधर्मितालाई केलाउने,

ख)	मनु ब्राजाकीको कथागत प्रवृत्तिहरूको अध्ययन गर्ने,

ग)	आधुनिक कथा साहित्यको मानकतत्त्वका आधारमा **पारदर्शी मान्छे** कथासङ्ग्रहका कथाहरूको विश्लेषण गर्ने,

यिनै मूलभूत उद्देश्यहरूसँग सम्बन्धित रहेर प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यका बरिष्ट कथाकार मनु ब्राजाकीका बारेमा विभिन्न विद्वान्हरूले विभिन्न पत्रपत्रिकाहरूमा अध्ययन समीक्षा र टिप्पणी गरे तापनि उनको पछिल्लो कथासङ्ग्रह **पारदर्शी मान्छे** को कृतिपरक अध्ययन हालसम्म हुन सकेको छैन । यहाँ उनको बारेमा विभिन्न विद्वानहरूले गरेको टीकाटिप्पणी चर्चा परिचर्चालाई पूर्वकार्यको समीक्षाका रूपमा कालक्रमिक आधारमा प्रस्तुत गरिएको छ :-

(क) समालोचक ईश्वर बरालद्वारा सम्पादित **झ्यालबाट** (२०२५) नामक पुस्तकमा कथाकार मनु ब्राजाकीलाई अभावग्रस्त सामाजिक परिवेशको बीचमा बसेर कथा लेख्ने कथाकार हुन् भनी उल्लेख गरेका छन् ।

(ख) समालोचक दयाराम श्रेष्ठ र मोहनराज शर्माद्वारा लिखित **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (२०३४) नामक पुस्तकमा दयाराम श्रेष्ठले कथाकार मनु ब्राजाकीलाई आधुनिक नेपाली कथा साहित्यको नवचेतनावादी युगका परिष्कृत कथाप्रतिभाको रूपमा चिनाइएको छ ।

(ग) नरहरि आचार्य र अन्यद्वारा सम्पादित **नेपाली कथा भाग १** (२०४६) पुस्तकमा कथाकार मनु ब्राजाकीलाई आयामेली आन्दोलनपछि देखापरेका र नवयुगीन कथाको विकासमा उल्लेखनीय कार्य गर्ने कथाकार भनी चर्चा गरिएको छ ।

(घ) नरहरि आचार्य र अन्यद्वारा सम्पादित **नेपाली कथा भाग २** (२०४८) पुस्तकमा खास गरेर निम्न वर्गका व्यक्तिका निरीह र विवश जीवनको अभिव्यक्त गर्ने कथाकार ब्राजाकीका कथामा निम्न वर्गका व्यक्तिले अपमानजनक जीवन बिताउनु पर्ने यथार्थको अभिव्यक्ति साथै सामाजिक खोल ओडेर भित्र भित्रै गरिने अनैतिक यौनाचारलाई उद्घाटन गरिएको छ भनी उल्लेख गरिएको छ ।

(ङ) कृष्णप्रसाद पोखरेलले आफ्नो स्नातकोत्तर शोधपत्र **मनु ब्राजाकीको जीवनी व्यक्तित्व र कृतित्व** (२०४९) मा ब्राजाकीलाई समाजको चिरफार गर्ने, अन्यायको खोतल-खातल गर्ने तथा प्राचीन र आधुनिक समाजिक चेतको बारेमा कथा लेख्ने कथाकार हुन् भनी उल्लेख गरेका छन् ।

(च) ध्रुव सापकोटाले **समकालीन साहित्य** (वर्ष २, अङ्क २, २०४९) पत्रिकाको 'कथाकारका आँखामा कथाकार' शीर्षक स्तम्भमा मनु ब्राजाकीका कथा सामाजिक व्यङ्ग्य र शोषणलाई नङ्ग्याउनु, केलाउनु र खेलाउनुमा केन्द्रित छन् भनी उल्लेख गरेका छन् ।

(छ) नकुल सिलवालले 'भविष्ययात्रा (मनु ब्राजाकीका १८ कथा) शीर्षकमा प्रकाशित **बगर** साहित्यिक पत्रिका (पूर्णाङ्क ४७, २०५२) को सम्पादकीयमा गुरूप्रसाद मैनाली, पुष्कार शमशेर, वी.पी. कोइराला, भवानी भिक्षू, गोविन्दबहादुर गोठाले, शङ्कर लामिछाने, पोषण पाण्डे, पारिजात, र त्यसपछि मनु ब्राजाकी एवम् ............... नेपाली कथा साहित्यको चरम उपलब्धिका रूपमा उल्लेख गरेका छन् ।

(ज) समालोचक राजेन्द्र सुवेदीले 'समकालीन साहित्य' वर्ष ६, अङ्क ३, २०५३) पत्रिकाको 'भविष्ययात्रा' सङ्ग्रहभित्रका कथाकार ब्राजाकी शीर्षकको लेखमा 'भविष्ययात्रा' शीर्षकमा सङ्कलित कथाहरूले नेपाली मर्यादा जगत्का भौतिक र बौद्धिक तहभित्रका उतार-चढाउलाई धेरै हदसम्म समेट्ने प्रयास गरेका छन् भनेका छन् ।

(झ) ऋषिराज बराल र कृष्णप्रसाद घिमिरेद्वारा सम्पादित **नेपाली कथा, भाग ३** (२०५५) पुस्तकमा ब्राजाकीको 'भाविष्ययात्रा' कथाको समालोचना गर्दा सामाजिक मनोभावना, वर्गीय द्वन्द्व, वैयक्तिक मनोकाङ्क्षलाई प्रस्तुत गर्दा विश्वसनीय घटना, नेपाली पात्र, सरल र स्वाभाविक संवादलाई महत्त्व दिनु तथा नेपाली समाज र परिस्थितिअनुसारको वातावरणमा समकालीन देशको यथार्थ चित्र देखाउन सक्नु कथाकारको विशेषताहरू रहेको उल्लेख गरिएको छ ।

(ञ) समालोचक कृष्ण गौतमले 'रचनाको रोमाञ्च' (२०५६) पुस्तकमा मनु ब्राजाकीका कथामा डार्विनवाद (प्राणीविज्ञान), मार्क्सवाद (समाजविज्ञान वा समाजशास्त्र) तथा फ्रायडवाद (मनोविज्ञान) का धारणा प्राप्त गर्न सकिने कुराको चर्चा गरेका छन् ।

(ट) समालोचक एवम् प्राध्यापक दयाराम श्रेष्ठद्वारा सम्पदित **नेपाली कथा भाग ४** ( २०५७) पुस्तकमा मनु ब्राजाकीका उत्कृष्ट कथाहरूमा 'रागहजुरिया', 'हत्याको भूमिका', 'भविष्ययात्रा', 'एउटा रात थियो', आदिको नाम लिंदै मनु' ब्राजाकीले आफ्ना कथामा नाना

अपराध र कुकर्म गरी समाजका निमुखा, गरिब र असहाय नारीवर्गप्रति अमानवीय व्यवहार गर्ने अभिजात वर्गप्रति एकदमै नराम्रो दृष्टिकोण राखेका छन् भनी उल्लेख गरेका छन् ।

(ठ) डा. खगेन्द्रप्रसाद लुइटेलले आफ्नो **आधुनिक नेपाली समालोचना** (२०५७) मा कथाकार मनु ब्राजाकीलाई आधुनिक नेपाली कथामा नवचेतनावदी चिन्तनमा रहेर कथालेख्ने कथाकारका रूपमा परिचित गराएका छन् ।

(ड) विमल अधिकारीले आफ्नो **सामाजिकताका दृष्टिले भविष्य-यात्रा सङ्ग्रहभित्रका कथाहरूको विवेचना** (२०६०) नामक स्नातकोत्तर अप्रकाशित शोधपत्रमा ब्राजाकीलाई समसामयिक नेपाली समाजका विकृति विसङ्गति, निम्न वर्गमाथि सामन्तिवर्गको थिचोमिचो, आर्थिक शोषण र यसबाट सिर्जना भएको विवशता वा शोषितहरूको निरीहता, विकृति जन्य यौन चरित्र, नारीको क्रय विक्रय र राजनैतिक अवस्थालाई विषयवस्तु बनाएर कथालेख्ने कथाकारका रूपमा चिनाएका छन् ।

उपर्युल्लिखित विद्वान्हरूका चर्चा, टीकाटिप्पणीद्वारा मनु ब्राजाकीलाई सफल कथाकारको रूपमा परिभाषित गरे तापनि 'पारदर्शी मान्छे' कथासङ्ग्रहको अध्ययन भएको छैन र यस कथासङ्ग्रहको कृतिपरक अध्ययन अत्यावश्यक भएकोले प्रस्तुत शोधपत्रमा ब्राजाकीको पछिल्लो कथासङ्ग्रह 'पारदर्शी मान्छेको' आधुनिक कथा साहित्यको मानक तत्त्वका आधारमा अध्ययन, विश्लेषण गरिएको छ ।

## १.६ शोधपत्रको औचित्य, महत्त्व र उपयोगिता

मनु ब्राजाकीका विभिन्न कथा र कथासङ्ग्रहबारे अध्ययन अनुसन्धान, टीका-टिप्पणीहरू छिटफुट रूपमा भए पनि **पारदर्शी मान्छे** कथासङ्ग्रहको पूर्ण अध्ययन हालसम्म नभएको र प्रस्तुत शोधपत्रमा यही कथासङ्ग्रहको अध्ययन यस शोधपत्रको माध्यमद्वारा ब्राजाकीको **पारदर्शीमान्छे** कथासङ्ग्रह कथागत प्रवृत्तिमा जिज्ञासा राख्ने पाठकहरू लाभान्वित हुने भएकाले तथा पुस्तकालयीय र अनुसन्धनात्मक अध्ययन परम्पराको विकासमा महत्त्वपूर्ण रहने भएकोले प्रस्तुत शोधपत्र औचित्यपूर्ण छ । वैज्ञानिक र वस्तुपरक ढङ्गबाट **पारदर्शी मान्छे** कथासङ्ग्रहका कथाहरूको विश्लेषण गरिएकाले प्रस्तुत शोधपत्र भावी शोधकर्ताहरूको साथै ब्राजाकीको कथाप्रवृत्ति, बारेमा मार्गदर्शक रहन सक्ने भएकाले यस शोधपत्रको प्राज्ञिक र अनुसन्धनात्मक औचित्यसमेत रहेको छ ।

## १.७ अध्ययनको सीमाङ्कन

नेपाली साहित्यमा गजलकार, कथाकारलगायतका विभिन्न विधाका स्रष्टाका रूपमा चिनिने ब्राजाकीका धेरै गजल, कथासङ्ग्रहहरू संस्मरणहरू प्रकाशित भए पनि प्रस्तुत शोधपत्रको अध्ययन उनको पछिल्लो कथासङ्ग्रह **पारदर्शी मान्छे** को कृतिपरक अध्ययनमा सीमित गरिएको छ ।

## १.८ सामग्री सङ्कलन

प्रस्तुत शोधकार्यमा सामग्री सङ्कलन मूख्यतः पुस्तकालयीय विधिमा आधारित भएर गरिएको छ । यसबाहेक आवश्यकताअनुसार विषयविशेषज्ञहरूसँग भेट तथा शोधनायकसँग प्रत्यक्ष सम्पर्क गरिएको छ । सङ्कलित सामग्रीलाई अध्ययन र विश्लेषणका लागि कथाका तत्त्वलाई आधार बनाएर शोधपत्र तयार पारिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित र सुगठित रूपमा प्रदान गर्नका लागि जम्मा पाँच परिच्छेदमा विभाजन गरिएको छ । यसक्रममा आवश्यकताअनुसार मूल शीर्षकलाई विभिन्न उपशीर्षक, उप-उपशीर्षकमा समेत राखेर शोधपत्र तयार पारिएको छ । प्रस्तुत शोत्रपत्रको परिच्छेद विभाजनका प्रमुख शीर्षकहरू निम्न छन् :

परिच्छेद- एक : शोधपरिचय

परिच्छेद- दुई : मनु ब्राजाकीको साहित्यक व्यक्तित्व र रचनाधर्मिता

परिच्छेद- तीन : मनु ब्राजाकीको कथागत प्रवृत्तिहरूको विश्लेषण

परिच्छेद- चार : **पारदर्शी मान्छे** कथासङ्ग्रहका कथाहरूको अध्ययन र विश्लेषण

परिच्छेद- पाँच : उपसंहार

शोधपत्रको अन्त्यमा प्रस्तुत शोधपत्र तयार पार्दा प्रयोग गरिएका विभिन्न पुस्तकहरू र पत्रपत्रिकाहरूको अलग-अलग सूची राखिएको छ ।

# परिच्छेद – दुई

# मनु ब्राजाकीको साहित्यिक व्यक्तित्व र रचनाधर्मिता

## २.१ पृष्ठभूमि

मनु ब्राजाकीको जन्म वि.सं. १९९९ साउन १९ गते सोमबारका दिन महोत्तरी जिल्लाको औरही (नैनीगौरी) गा.वि.स. वडा नं. २ मा भएका हो ।[1] उनी बुबा लिप्तमानसिंह भण्डारी र आमा शान्तिदेवी भण्डारीका जेष्ठ सुपुत्र हुन् ।[2] उनको वास्तविक नाम चेतमानसिंह भण्डारी हो ।[3] शिक्षित र धनाढ्य परिवारमा जन्मिएका मनु ब्राजाकीको अक्षरारम्भ तराईको प्रचलनअनुसार ब्राह्मण उपाध्यायबाट अथवा रकम-कलमको हरहिसावमा निपुण कायस्थद्वारा नभई एकजना क्षेत्रीय ठाकुर नगनारायणसिंह (सुरसण्ड थाना, चौरौत ग्राम, सीतामढी जिल्ला, विहार प्रान्त, भारत) द्वारा भएको हो भन्ने बुझिन्छ ।[4] सात वर्षको उमेरमा शिक्षा आर्जनार्थ जनकपुर गएका मनु ब्राजाकीले बाह्र बिघाभन्दा पश्चिमपट्टि रहेको मौनी बाबाको कुटीमा कक्षा २ मा भर्ना भई पढ्न थाले ।[5] त्यहाँको एक वर्ष पढाइपछि हजुरबुबासँग बनारस पुगेर हरिश्चन्द्र हाइस्कुलको तेस्रो कक्षामा भर्ना भई पढ्न थालेको बुझिन्छ ।[6]

मनु ब्राजाकी पाँच कक्षा पढ्दा कक्षा सबै विद्यार्थीले सुनाउन नसकेको भारतीय राष्ट्रियगान उनले मुखाग्र सुनाएकाले त्यस विद्यालयका शुक्ल शिक्षक खुसी भएका र कक्षामा साथीहरू पनि नेपाली विद्यार्थीको तीक्ष्ण बुद्धि र लगनशीलताबाट निकै प्रभावित भएको थिए । यस घटनाले उनलाई शिक्षार्जनका लागि प्रोत्साहित गरायो तर त्यसैबेला उनले नेपाली राष्ट्रियगान सुनाउन नसक्दा उनका कक्षाका साथीहरूबाट गरिएको नमीठो व्यङ्ग्य र हेयको व्यवहारले उनलाई पराजयको महसुस भएको थियो ।[7] कक्षाका साथीहरूको नमीठो व्यङ्ग्य र हेयको व्यवहारले मनु ब्राजाकी आउँदा दिनदेखि आफ्नो कक्षामा कम जाने र वाचनालयतिर आकृष्ट भएको देखिन्छ ।[8]

---

[1] विमल अधिकारी, **सामाजिकताका दृष्टिले भविष्ययात्रा सङ्ग्रहभित्रका कथाहरूको विवेचना**, अप्र. स्नातकोत्तर शोधपत्र, (त्रि.वि., रत्नराज्यलक्ष्मी क्याम्पस, २०६०), पृ. ९ ।

[2] ऐजन ।

[3] मनु ब्राजाकी "मनु ब्राजाकीको श्याम कहानी", **नेपाली,** (पूर्णाङ्क १५८, माघ, फागुन, चैत, २०५५), पृ. ५१

[4] ऐजन पृ. ५३ ।

[5] मनु ब्राजाकी "राँढ साँढ सन्यासी", **देशान्तर साप्ताहिक,** (वर्ष ७, अङ्क २, पुस ९, २०४६), पृ. ४ ।

[6] ऐजन ।

[7] कृष्णप्रसाद पोखरेल, **मनु ब्राजाकीको जीवनी व्यक्तित्व र कृतित्व,** अप्र. स्नातकोत्तर शोधपत्र (त्रि. वि. कीर्तिपुर, २०४९) पृ. ३ ।

[8] मनु ब्राजाकी, "चिन्तनशीलताको गोरेटोमा एउटा आवारा", **युगान्तर साप्ताहिक,** (वर्ष ६, २०४६ असार ८), पृ. ३ ।

काशीवासकै अवधिमा अर्थात् सन् १९६४ मा उनको हजुरबुबाको देहान्त भयो र उनी नेपाल फर्किए ।[९] माध्यमिक स्तरको शिक्षार्जनका लागि पोखराको मल्टी पर्पस हाइस्कुलमा भर्ना भई पढेका भए पनि नेपाली विषयको टेष्ट परीक्षामा सम्पूर्ण समय एक श्लोक कविताको व्याख्यामा खर्चिएर अनुतीर्ण हुनु परेको थियो । कक्षा दशको टेष्ट परीक्षामा असफल भएपछि उनी पुनः जनकपुर गएर सरस्वती मा.वि. जनकपुरधाममा पढ्न थाले र त्यसै विद्यालयबाट २०१९ सालमा एस.एल.सी. उत्तीर्ण गरे । एस.एल.सी पछि उच्च शिक्षा अध्ययनार्थ रामस्वरूप रामसागर क्यामपसमा आई.ए.मा भर्ना भए पनि त्यस तहको अध्ययन पूरा नगरी उनले पढाइ छाडेको देखिन्छ ।[१०] यसरी जनकपुरकै 'मौनी बाबाको कुटी' बाट थालिएको उनको औपचारिक शिक्षा बनारस, पोखरा हुँदै पुनः जनकपुरमै आएर टुङ्गिएको देखिन्छ ।[११]

## २.२ प्रेरणा

मनु ब्राजाकी साहित्यिक परिवारमा हुर्किएका व्यक्ति होइनन् । आफ्ना परिवारमा साहित्यिक व्यक्तित्व भएका उनी मात्र भएकाले उनलाई आफ्ना परिवाबाट साहित्यिक प्रेरणा र प्रभाव परेको देखिंदैन । तापनि आफ्ना हजुरबुबाको सानिध्यमा धार्मिक वातावरणमा हुर्केका र त्यसैक्रममा विविध धर्म र दर्शनका पुस्तकहरू अध्ययन गर्ने अवसर पनि पाएकाले ब्राजाकीको साहित्य सिर्जनाको पृष्ठभूमिका रूपमा हजुरबुबाको प्रेरणा चाहिँ मान्न सकिन्छ ।[१२]

बनारस बसाइकै क्रममा ब्राजाकीले देवकीनन्दन खत्रीको **चन्द्रकान्ता सन्तति** उपन्यास पढ्न र डा. कैलाशनाथ काटज्यूको 'नारी उत्थान र विकासमा के कसरी सङ्घर्ष गर्नुपर्छ' भन्ने भाषण सुन्ने अवसर पाएका[१३] र यी तीनवटै अवसरहरू मूलतः साहित्यसँग सम्बद्ध भएकाले यिनै प्रेरणाबाट मनु ब्राजाकी साहित्यतर्फ आकर्षित भएका हुन् ।[१४] ब्राजाकीलाई चिन्तनशीलता तर्फ घच्घच्याउन अथवा लेखनतर्फ लाग्न प्रेरित गर्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय लेखकहरूमा लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, शरदचन्द्र चट्टोपाध्याय विभूतिभूषण, बन्दोपाध्याय, सहादत हसन मन्टो, अहमद नदीम कासमी, अरीवन्द गोखले, हजारीप्रसाद द्विवेदी, ओ. हेनरी, तुर्गनेभ, दस्तोवयस्की र माम आदि रहेका हुन् ।[१५] यसका अतिरिक्त विभिन्न ठाउँमा भ्रमणका क्रममा देखेका भोगेका परिस्थिति र जनजीवनबाट पनि उनी प्रेरित र प्रभावित देखिन्छन् ।[१६]

---

[९] कृष्णप्रसाद पोखरेल, पूर्ववत्, पृ. ३ ।

[१०] ऐजन, पृ. ४ ।

[११] ऐजन ।

[१२] मनु ब्राजाकी "राँढ साँढ सिंढी सन्यासी", **देशान्तर साप्ताहिक** पूर्ववत् पृ. ४ ।

[१३] मनु ब्राजाकी "चिन्तनशीलताको गोरेटोमा एउटा आवारा", **युगान्तर साप्ताहिक** पूर्ववत् पृ. ३ ।

[१४] कृष्णप्रसाद पोखरेल, मनु ब्राजाकीको जीवनी व्यक्तित्व र कृतित्व, पूर्ववत्, पृ. ११ ।

[१५] मनु ब्राजाकी "चिन्तनशीलतको गोरेटोमा एउटा आवारा", **युगान्तर साप्ताहिक** पूर्ववत् पृ. ३ ।

[१६] कृष्णप्रसाद पोखरेल, पूर्ववत् पृ. १३ ।

## २.३ सम्मान तथा पुरस्कार

उन्नाईस-बीस वर्षको किशोरावस्थादेखि नै आफ्नो साहित्यिक प्रतिभा प्रकाशनमा ल्याउन थालेका ब्राजाकी हालसम्म साहित्य सिर्जनामा निरन्तर लागिरहेका छन् ।[१७] कथा, गजल, कविता, गीत, निबन्ध, उपन्यास आदिमा कलम चलाएका मनु ब्राजाकीको साहित्यिक योगदानको मूल्याङ्कन गर्दै उनलाई विभिन्न पुरस्कार र सम्मानले सम्मानित गरिएको छ । हालसम्म उनले प्राप्त गरेका पुरस्कार र सम्मान निम्न लिखित छन्:

### २.३.१ पुरस्कार

१. वि.सं. २०३९ सालको 'मैनाली कथा पुरस्कार' (साहित्यिक पत्रकार सङ्घले प्रदान गरेको)

२. वि.सं. २०४६ सालको साझा पुरस्कार ('तिम्री स्वास्नी र म' लाई साझा प्रकाशनले प्रदान गरेको)

३. वि.सं. २०४७ सालको 'गङ्गालक्ष्मी पुरस्कार' -पद्मानन्द ट्रस्ट जनकपुरधामले प्रदान गरेको)

४. वि.सं. २०५१ सालको 'सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कार' ('भविष्ययात्रा' लाई बगर साहित्यिक प्रकाशनले प्रदान गरेको)

### २.३.२ सम्मान

१. वि.सं. २०५० सालको 'गोपालप्रसाद रिमाल सम्मान' (नेपाल साहित्य गुठीले प्रदान गरेको)

२. वि.सं. २०६२ सालको शङ्कर कोइराला स्मृति सम्मान (शङ्कर कोइराला स्मृति प्रतिष्ठानबाट प्रदान गरिएको)

उल्लिखित चार पुरस्कार र दुई सम्मानद्वारा मनु ब्राजाकी विभूषित छन् ।

## २.४ मनु ब्राजाकीको साहित्यिक व्यक्तित्वका विभिन्न पक्षहरू

मनु ब्राजाकीले साहित्यको कुनै एक विधामा मात्र नभएर साहित्यका विभिन्न विधामा कलम चलाएका हुन् । मूलतः कथा र गजल विधामा प्रसिद्ध रहेका मनु ब्राजाकीले गीत, निबन्ध, उपन्यास संस्मरण पनि लेखेका छ :

सङ्क्षेपमा मनु ब्राजाकीका साहित्यिक व्यक्तित्वका विभिन्न पक्षहरूलाई तल चर्चा गरिएको छ:

### २.४.१ कथाकार

मनु ब्राजाकी आधुनिक नेपाली कथा साहित्यका महत्त्वपूर्ण प्रतिभा हुन् । प्रकाशनका दृष्टिले जनकपुर अञ्चलको तत्कालीन अञ्चल पञ्चायतले निकाल्ने 'अञ्चल सन्देश' पत्रिकामा

---

[१७] ऐजन, पृ. ९ ।

ब्राजाकीको 'भऱ्याङ' (२०१९) नामक रचना प्रकाशित भएको र त्यही नै उनको पहिलो कथा मानिएको छ ।[१८] हाल अप्राप्त उक्त कथामा कथाकार ब्राजाकीले 'भऱ्याङ' प्रतीकको प्रयोग गरेर जनकपुरको परिवेशमा एक निम्नवर्गीय कर्मचारी पात्रको उत्थान र पतन देखाइएको जानकारी दिएका छन् ।[१९]

२०३८ सालदेखि कथाका पुस्तककार कृति लिएर देखापरेका ब्राजाकीका पाँच कथासङ्ग्रह प्रकाशित भैसकेका हुन् भने एउटा कथासङ्ग्रह प्रकाशोन्मुख रहेको छ । उनका प्रकाशित कथासङ्ग्रहहरू हुन्:

अवमूल्यन (२०३८)[२०]

आकाशको फल (२०४२)[२१]

तिम्री स्वास्नी र म (२०४६)[२२]

भविष्ययात्रा (२०५२)[२३]

पारदर्शी मान्छे (२०६०)[२४]

माथि उल्लिखित पाँच कथासङ्ग्रह प्रकाशित कथासङ्ग्रहरू हुन भने **आमालाई बेच्न हुँदैन लाटा** ! प्रकाशनको तयारीमा रहेको छ ।[२५] मनु ब्राजाकीका अहिलेसम्म प्रकाशित कथासङ्ग्रह मध्ये अन्तिम कथासङ्ग्रह 'पारदर्शी मान्छे' (२०६०) मा पच्चीस कथा सङ्कलित छुन् । उनका अन्य कथाहरू विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा प्रकाशित छन् ।

मनु ब्राजाकीका प्रारीम्भक कथाहरू सामाजिक पृष्ठभूमिमा तराईको ग्रांमीण परिवेशलाई लिएर लेखिएका छन् । उक्त कथाहरूमा ब्राजाकीले तराईको जनजीवन, सामाजिक अवस्था, त्यहाँ रहेको विकृति विसङ्गतिलाई आलोचनात्मक आँखाले हेरेका छन् । २०४६ पछि लेखिएका कथाहरूमा भने नवीन शिल्पशैली, प्रवृत्ति नयाँ-नयाँ विषयवस्तु पाइएका छन् । यसै कुरालाई सङ्केत गर्दै उनमा मिश्रित प्रवृत्ति पाइने हुनाले सामाजिक यथार्थवाद, यौनमनोविज्ञानवाद अर्थात् प्रकृतिवाद र आलोचनात्मक यथार्थवाद यी सबै समष्टिगत प्रभावबाट उनका कथाहरू सृजित छन् भनिएको पाइन्छ ।[२६]

---

[१८] कृष्ण गौतम, **रचनाको रोमाञ्च,** (काठमाडौं ने.रा.प्र.प्र, २०५६) पृ. ६७ ।

[१९] शोधनायकबाट प्राप्त जानकारी ।

[२०] मनु ब्राजाकी, **अवमूल्यन**, ललितपुरः साझा प्रकाशन, २०३८ ।

[२१] मनु ब्राजाकी, **आकाशको फल**, ललितपुरः साझा प्रकाशन, २०४२ ।

[२२] मनु ब्राजाकी, **तिम्री स्वानी र म**, चौ.सं., ललितपुरः साझा प्रकाशन, २०४६ ।

[२३] मनु ब्राजाकी, "भविष्य यात्रा", (मनु ब्राजाकीका १८ कथा), **वगर**, (वर्ष १४, पूर्णाङ्क ४७ भदौ-मङ्सिर, २०५२) पृ. १-१४५ ।

[२४] मनु ब्राजाकी, **पारदर्शी मान्छे,** ललितपुरः साझा प्रकाशन, २०६० ।

[२५] शोधनायकबाट प्राप्त जानकारी ।

[२६] दयाराम श्रेष्ठ (सम्पा.), **नेपाली कथा,** भाग ४ (ललितपुरः साझा प्रकाशन, २०४७), पृ. १६५ ।

### ४.२.२ गजलकार

आधुनिक गजललेखनको क्षेत्रमा मनु ब्राजाकीको विशिष्ट योगदान रहेको छ । वि.सं. २०२२ सालदेखि गजललेखनको औपचारिक यात्रा सुरु गरेका[२७] भनेको पाइए पनि उनी स्वयंले २०४० देखि मात्र आफ्नो गजलतर्फको औपचारिक यात्रा सुरु भएको जानकारी दिएका छन् ।[२८] ब्राजाकीका हालसम्म प्रकाशित गजलसङ्ग्रहहरू हुन्:

'गजलगङ्गा' (२०५१)

'काँडाका फूलहरू' (२०५६)

मनु ब्रजाकीको प्रथम प्रकाशित गजजसङ्ग्रह **गजलगङ्गा** मा वि.सं. २०२१ सालदेखि २०४८ सम्म लेखिएका ८९ वटा गजल सङ्ग्रह गरिएको छ । यस सङ्ग्रहका गजलमा चार सेरदेखि तेह्र सेरसम्मको प्रयोग पाइन्छ । गजल संरचनालाई पूर्ण रूपमा पालना गरिएका र नगरिएका दुबै किसिमका गजलहरू यस सङ्ग्रहमा रहेका छन् ।

'काँडाका फूलहरू' गजलसङ्ग्रहमा वि.सं. २०३९ सालदेखि २०५५ सालसम्म लेखिएका अन्ठानब्बे वटा गजल सङ्गृहीत छन् । चार सेरदेखि सत्रसेरसम्म प्रयोग गरिएका यस सङ्ग्रहका गजल निकै परिष्कृत र प्रभावकारी किसिमका छन् ।

मनु ब्राजाकीका समग्र गजलहरूलाई हेर्दा उनले गजलमा विषयगत विविधतालाई अपनाएको देखिन्छ । जीवनका, हाँसो-खुसी, दुःख-पीडा वेदनाका साथै समाजमा विद्यमान विकृति विसङ्गति राजनीतिक व्यवस्थाप्रति तीखो व्यङ्ग्य गरिएको पाइन्छ । स्वनिर्मित लयमा लेखिएका उनका गजलहरूमा बिम्ब, प्रतीक अलङ्कार आदिको कुशल प्रयोग भेटिन्छ ।

### २.४.३ कवि

मनु ब्राजाकीले आफूलाई कवि व्यक्तित्वका रूपमा पनि चिनाएका छन् । उनको प्रथम प्रकाशित कविता 'फिल्मी कथा सङ्क्षेप युगको पर्दामा' हो ।[२९] हालसम्म उनका ६ वटा कविता प्रकाशित भएका छन् । 'तर सार केही छैन', 'दुई गीत', 'चिडियाखाना', 'फूटपाथ काँधमा हालेर सडकमा हिड्दा'[३०] र 'गीत'[३१] 'फिल्मी कथा सङ्क्षेप युगको पर्दामा' पछि क्रमशः प्रकाशित कविताहरू हुन् ।

ब्राजाकीका कवितामा विश्वमा देखिएको अस्तव्यस्तता हिंसात्मक र उच्छृङ्खलता, मानवीय मूल्यको ह्रास, वर्तमान मान्छेको जीवन भोगाइलाई प्रतीकात्मक ढङ्गले गद्यात्मक शैलीमा प्रस्तुत गरिएको छ ।

---

[२७] कृष्णप्रसाद पोखरेल, पूर्ववत् पृ. १७ ।

[२८] रामगोपाल आशुतोष, साक्षात्कार "गजल काव्यात्मक हुनुपर्छ तर गजलजस्तै", **नेपाली गजल** (वर्ष १ अङ्क २ २०६२) पृ. १३ ।

[२९] मनु ब्राजाकी, "फिल्मी कथा सङ्क्षेप युगको पर्दामा", **रचना** (वर्ष ५, अङ्क १, कार्तिक, मङ्सिर, २०२७) पृ. ५-८ ।

[३०] कृष्णप्रसाद पोखरेल, पूर्ववत् पृ. २० ।

[३१] मनु ब्राजाकी, "गीत", **मधुपर्क**, (वर्ष २०, अङ्क १०, पूर्णाङ्क २२५, फागुन, २०४४) पृ. ४३ ।

### २.४.४ गीतकार

मनु ब्राजाकी गीतकार पनि हुन् । उनले वि.सं. २०२१ सालदेखि २०४४ सम्म आफूले लेखेका १५ गीतहरूको सङ्कलन गरी 'गीतको भङ्गालो' गीतसङ्ग्रह प्रकाशित गरेका छन् ।[३२] उक्त गीतसङ्ग्रहका गीतहरू हुन्:

१. झयालमा ...

२. छिमेकीजस्तो रहेछ दुःख ...

३. आफन्तको हैन बरु ...

४. साँझ बत्ती गर्दाखेरि ...

५. रूखतल छाया हुन्थ्यो ...

६. हास्नेहरूसँग मात्र ...

७. कुन रात कुरौ ...

८. हाम्रो माया किन यहाँ ...

९. जिन्दगी हो खहरेको ...

१०. कुवेला नै हृदयमा ...

११. मित्रलाई धेरै पैले...

१२. आँसुमा के प्यार होला ...

१३. मनी व्याग झै खाली...

१४. एउटै थियो जसलाई मैले...

१५. जून हैन तारा हैन ...

उक्त गीतहरूमा गीतकार ब्राजाकीले प्रेम, जीवन, पीरव्यथा, आर्थिक अभाव, सामाजिक विकृति विसङ्गतिलाई गीतको मूल भाव बनाएका छन् । छोटा, मीठा, सरल शब्दमा लेखिएका उनका गीतले पाठक श्रोताका मनमा स्थायी प्रभाव छाड्न सक्ने देखिन्छ ।

### २.४.५ उपन्यासकार

कथालेखनमा सिद्धहस्त देखिएका मनु ब्राजाकीले आख्यान विधा अन्तर्गत पर्ने उपन्यास लेखनमा पनि हात हालेका छन् । सिङ्गो पुस्तकार कृतिको प्रकाशन हुन नसके पनि उनको उपन्यास **कान्छी बेगम**, **नेपाल समाचारपत्र** पत्रिकामा धरावाहिक रूपमा प्रकाशित भएको छ ।[३३]

'कान्छी बेगम' पूर्वदीप्ति शैलीमा लेखिएको उपन्यास हो । काठमाडौं सहरको परिवेशमा रहेर सरलाले आफ्नो ग्रामीण परिवेशमा घटेका घटनालाई मदन सर समक्ष प्रस्तुत गरेपछि उपन्यासले गति लिन्छ । विर्खमानकी श्रीमती भर्खरै सुत्केरी भएकी छ । त्यतिबेला गाउँको

---

[३२] मनु ब्राजाकी, "गीतको भङ्गालो", **गजलगङ्गा**, पूर्ववत् पृ. ९३-१०८ ।

[३३] मनु ब्राजाकी, "कान्छी बेगम", नेपाल समाचार पत्र, **सौगात** (६ फागुन, २०५७, ९ मङ्सिर २०५८) पृ. १५ ।

सामन्त लालप्रसाद पण्डितको गोठमा भैँसी ब्याएको छ । भर्खरै ब्याएको भैसीको सेवामा गाउँले सबै लागेका छन् । विर्खमानकी श्रीमती रगतको आहलमा डुबेर मर्न लागेकी भए पनि कोही पनि हेर्न समेत आएका छैनन् । औषधोपचार गर्न सेनज्यू धामीलाई डाक्न विर्खमान गएको भए पनि सेनज्यू धामी लालप्रसादको भैँसीको हेरचाह गर्न छाडेर विर्खमानकहाँ आउन मान्दैन । बल्लतल्ल विर्खमानले आफूलाई समेत भैँसीको सेवामा लगाएर धामीलाई घरसम्म ल्याउन सफल भए पनि समयमै उपचार नपाएर विर्खमानकी श्रीमती मर्दछे । भर्खरै जन्मिएकी सानी कान्छीलाई सन्तु परियारकी श्रीमतीले दूध चुसाएको देखेर सेनज्यू धामी अछुतको दूध खुवाउन नहुने बरु लालप्रसादको भैसीको दूध रुवामा चोपेर खुवाउन सल्लाह दिन्छ । धनमानकी श्रीमती र सन्नु परिवारकी श्रीमतीले मात्र विर्खमानको पीडाजनक अवस्थामा सहयोग गरेका छन् । लास उठाउन, दाहसंस्कार गर्न र काजक्रिया गर्न समेत खर्च नभएको विर्खमानले ऋण माग्न लालप्रसाद पण्डितकहाँ जानुपर्ने हुन्छ । विर्खमानले आफ्नो घडेरी बन्धक राखेपछि मात्र ऋण पाउँछ । ऋण लिनजाँदा विर्खमानको अपमान गरिन्छ । यतिकैमा उपन्यास शृङ्खलाले विश्राम लिएकाले शीर्षक अनुरूप उपन्यासको कथावस्तु पूरा नभएको देखिन्छ ।

अपूर्ण नै भए पनि यो उपन्यास समाजमा विद्यमान वर्गीय विभेद र मानवीय मूल्यको हासलाई कथानकका रूपमा प्रयोग गरिएको छ । सामाजिक विषयवस्तुलाई लिएर १-३७ शृङ्खलासम्म प्रकाशित यस उपन्यासले ब्राजाकी कथामा जति सफल छन् उपन्यासमा पनि उत्तिकै सफल हुनसक्ने सम्भावनालाई देखाएको छ ।

### २.४.६ निबन्धकार र प्रबन्धकार

मनु ब्राजाकी निबन्धकार र प्रबन्धकार पनि हुन् । उनका निबन्ध र प्रबन्धका पुस्तकाकार कृतिहरू प्रकाशित छैनन् । उनका निबन्ध र प्रबन्ध विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् । उनको वि.सं. २०२५ सालमा प्रकाशित 'के हाम्रो संस्कृति चोखो छ ?' निबन्ध पहिलो प्रकाशित निबन्ध हो ।[३४] प्रकाशित अन्य निबन्धहरू 'कुमुद देवकोटा', 'एक सम्झना', 'नोवेल पुरस्कार र जोसेफल ब्रोड्स्की', 'अङ्ग्रेजी डागदर बाबु', 'दार्जीलिङ्गको पासिङ शो र चारीमनारको भेटघाट', 'राँढ, साँढ सिंढी सन्यासी', 'विचार नै तिम्रो शत्रु हो', 'असामान्य साहित्यकारको असामान्य लेखन प्रक्रिया', 'एउटा बदनाम सर्प' हुन् ।[३५]

ब्राजाकीका वैचारिक र छोटा व्यङ्ग्यात्मक लेखलाई निबन्धका रूपमा लिनु पर्ने हुन्छ । यस्ता लेखहरू ब्राजाकीले दैनिक, साप्ताहिक विभिन्न पत्रपत्रिकाहरू प्रकाशित गराएका छन् । कालक्रमअनुसार उनका प्रकाशित निबन्धहरू हुन् :

'जनता साझा स्वास्नी' (प्रतिपक्ष साप्ताहिक, १२, वैशाख, २०४९)

---

[३४] मनु ब्राजाकी, "के हाम्रो संस्कृति चोखो छ ?", **रुपरेखा**, (वर्ष ९, अङ्क ९, पूर्णाङ्क ९३, माघ, २०२५) पृ. ५-१५ ।

[३५] विमल अधिकारी, पूर्ववत्, पृ. ३० ।

'महानगर बम्बई नजाने ?' (कान्तिपुर दैनिक, १७ चैत, २०५०)

फोहरमैलाको कन्टेनरमा के छ ? (साप्ताहिक विमर्श, १९ चैत, २०५०)

'जा, तेरो भविष्य उज्ज्वल छ !' (कान्तिपुर दैनिक, १ वैशाख, २०५१)

'नव वर्षको शुभकामना र भ्यागुतो !' ( समीक्षा साप्ताहिक, २ वैशाख, २०५१)

'प्रेम र मित्रताको साँध-सिमाना हुँदैन ?' (साप्ताहिक विमर्श, २ वैशाख, २०५१)

प्रदूषणमा तपाईं कहाँ हुनुहुन्छ ? (कान्तिपुर दैनिक, १९ वैशाख, २०५१)

'नेपालको समर्थन भारतको विरोध होइन' (समीक्षा साप्ताहिक, २३ वैशाख, २०५१)

नैतिकताको पुर्ख्यौली (साप्ताहिक विमर्श, २३ वैशाख, २०५१)

'राजेश हमाल किन नाङ्गिए ?' (सुरुचि साप्ताहिक २५ वैशाख, २०५१)

'मेरो देश र लामो केश' (कान्तिपुर दैनिक, १ जेठ २०५१)

काकभुसुण्डी र गरुड संवाद -कान्तिपुर दैनिक १८ जेठ २०५१)

'आदिकविको मास्क-पट्टि र कालो चस्मा' (सुरुचि साप्ताहिक १५ जेठ, २०५१)

'के प्रजातन्त्रपश्चात्को नेपाली साहित्य पतनशील छ ?' (समीक्षा साप्ताहिक २० जेठ, २०५१)

'सोल्झेनित्सिन, तिमी के गर्न चाहन्छौ ?' (जन स्वतन्त्रता साप्ताहिक २६ जेठ, २०५१)

'आउनुस् जनै लगाऔं !' (सुरुचि साप्ताहिक २० जेठ, २०५१)

'के यो देश समर्थन र विरोधको मात्रै हो ?' (कान्तिपुर दैनिक २ असार, २०५१)

'हारी उपन्यास र नेपाली समाज' (सुरुचि साप्ताहिक १२ असार, २०५१)

'लौ आयो-आयो'  (जनस्वतन्त्रा साप्ताहिक ३० असार, २०५१)

'नेपाली राजनीतिलाई शोकपत्र' (सुरुचि साप्ताहिक २ साउन, २०५१)

'सावधान, नेपाल बन्द छ' (जनस्वतन्त्रता साप्ताहिक २७ साउन, २०५१)

'तसलिमा नसरिनले शरण लिने ठाउँ' (जन स्वतन्त्रता साप्ताहिक २७, साउन २०५१)

'गाइजात्राकै दिन त हो नेताहरूलाई गाली गर्ने' (कान्तिपुर दैनिक, ४ भदौ, २०५१)

'लाटालाटीको देशमा प्रजातन्त्र' (जनस्वतन्त्रता साप्ताहिक, वर्ष २, अङ्क ५, ९ भदौ २०५१)

'नेपाली हुनको अर्थ र स्वार्थ' (दृष्टि साप्ताहिक, वर्ष ११, अङ्क ४४, ५ असोज, २०५१)

'किसुन जी जय नेपाल !' (दृष्टि साप्ताहिक वर्ष ११, अङ्क ४७, ९ कार्तिक, २०५१)

'आफ्नो सरकार बनाउने सर-सल्लाह' (कान्तिपुर दैनिक १० कार्तिक, २०५१)

'ढुङ्गामुढाले गरेको क्षति' (दृष्टि साप्ताहिक वर्ष ११, अङ्क ४७, ९ कार्तिक २०५१)

'मामाहरू भान्जाहरू' (दृष्टि साप्ताहिक २७ मङसिर, २०५१)

'झुट्टा भविष्यवक्ताहरू' (दृष्टि साप्ताहिक , ६ पुस, २०५१)

'माछो माछो- भ्यागुतो' (दृष्टि साप्ताहिक, १३ पुस २०५१)

'व्यङ्ग्य चित्रको संसार र नेपाली कलाकार (गोरखापत्र दैनिक, ७ माघ, २०५१)'

'आउनुस् एउटा संस्था खोलौं' (दृष्टि साप्ताहिक, वर्ष १२, अङ्क १२, २५ माघ २०५१)

'आहार निन्द्रा मैथुन र राजनीति' (दृष्टि साप्ताहिक, वर्ष १२, अङ्क १२, २५ माघ २०५१)

'स्वागत छ अनागरिकहरूलाई' (कान्तिपुर दैनिक, २३ वैशाख, २०५२)

'सुसूचित हुने अधिकार' (श्री सगरमाथा दैनिक, २६ माघ, २०५२)

'क्रान्तिको सांस्कृतिक उपलब्धि' (हिमालय टाइम्स दैनिक, ४ फागुन, २०५२)

'क्रान्ति तत्त्व र भ्रान्ति तत्त्व' (श्री सगरमाथा दैनिक, ७ फागुन, २०५२)

'डुकुलण्ठुहरू जिन्दावाद !' (हिमालय टाइम्स दैनिक, ६ चैत्र, २०५२)

'अविश्वास, विश्वास, अन्धविश्वास' (सगरमाथा दैनिक, ७ चैत्र, २०५२)

नववर्षका अन्यौलहरू (श्री सगरमाथा दैनिक, १ वैशाख, २०५३)

'नोबेल पुरस्कारको अन्तर्कथा' (बुधवार साप्ताहिक, २६ वैशाख, २०५३)

प्रजातन्त्र र एक अरव डलर (बुधवार साप्ताहिक, २६ वैशाख २०५३)

'प्रजातन्त्र भुइँ न भाँडामा' (श्री सगरमाथा दैनिक, २८ वैशाख, २०५३)

'एड्सजस्तै हो सिड्स पनि' (कान्तिपुर दैनिक, ५ जेठ, २०५३)

'ने.टी.भी. को अश्लील बालकार्यक्रम' (परिस्थिति साप्ताहिक, २४ जेठ, २०५३)

'महान्हरू र महानगरहरू' (श्री सगरमाथा दैनिक, २३ जेठ, २०५३)

'देश हुनु त नेपालजस्तो' (लोकपत्र दैनिक, २६ जेठ, २०५३)

'आउनुस् एउटा पार्टी खोलौं !' (श्री सगरमाथा दैनिक, १५ असार, २०५३)

'विचार, लेखन र प्रतिबन्ध' -बुधवार साप्ताहिक, १९ भदौं, २०५३)

'महाकाली सन्धिबारे मेरो अमूल्य वक्तव्य' (श्री सगरमाथा दैनिक, १२ असोज, २०५३)

'लाहुरेनीहरूको व्यथा र हाम्रो समाज' (श्री सगरमाथा दैनिक, २६ असोज, २०५३)

'हात्ती र हात्तीछाप चप्पल' (श्री सगरमाथा दैनिक, १७ असोज, २०५३)

'लज्जाका विषयमा के भन्छिन् तसलिमा नसरिन' (श्री सगरमाथा दैनिक १ मङ्सिर, २०५३)

'सिङ्गापुर हुने अठोट' (श्री सगरमाथा दैनिक ८ मङ्सिर, २०५३)

'मट्टितेलको मायाजाल' (बुधवार साप्ताहिक, ८ माघ, २०५४)

'भ्यागुताको धार्नी' (वुधवार साप्ताहिक १३ फागुन, २०५४)

'कान खोलेर सुन्नुहोस पाठकवृन्द !' (बुधवार साप्ताहिक २० फागुन, २०५४)

'घैंटो फुटेपछि घैंटोमा घाम लाग्दैन' -बुधवार साप्ताहिक २७ फागुन, २०५४)

'प्रभुजी भेडा र अंशवण्डा' (बुधवार साप्ताहिक २७ फागुन, २०५४)

'हाम्रो परराष्ट्र नीति के हो ?' (जनमञ्च)

ब्राजाकीले प्रबन्ध विधामा पनि कलम चालाएका छन् । वि.सं २०४१ सालमा प्रकाशित 'घर व्यवहार' शीर्षकको प्रबन्ध नै उनको पहिलो प्रकाशित प्रबन्ध हो ।[३६] प्रकाशित अन्य प्रबन्धहरू क्रमशः 'आतङ्ककारी र निर्मम अधुनातन रोग एड्स'[३७] 'सर्वहारा चिकित्सा प्रणाली (पोलीप्याथी)[३८], जीवनदायी उपचारः दुग्धकल्प[३९] र 'मात्र एक खून माफ'[४०] हुन् । सगर नासत्य नाममा लेखिएका ब्राजाकीका प्रबन्धहरूलाई हेर्दा उनका प्रबन्धहरू घरव्यवहार, स्वास्थ्य, आहार, कला विषयमा लेखिएका छन् ।

यसरी ब्राजाकीले आफूलाई सफल निबन्धकार र प्रबन्धकारका रूपमा नेपाली साहित्यमा उभ्याएका छन् ।

### २.४.७ संस्मरण लेखक

मनु ब्राजाकीले संस्मरण लेखनमा पनि हात हालेका छन् । उनको पहिलो संस्मरण लेख 'सम्झना विश्वानाथ गल्ली र दालमण्डीको' (२०५२) हो ।[४१] उक्त संरमरणात्मक लेखमा ब्राजाकीले आफू वनारस रहँदा आफूले देखे भोगेका धार्मिक अन्याय अत्याचार र भारतमा नेपाली नारीप्रति गरिने यौनशोषण र जवर्जस्ती वेश्या बनाइएको घटनालाई कारुणिक किसिमले प्रस्तुत गरेका छन् । यो पहिलो संस्मरण लेखबाहेक 'पाटलीपुत्र अर्थात पटना'[४२], मनु ब्राजाकीको श्याम कहानी[४३] दार्जीलिङमा भानु, मनु र वैरागी र ब्राजाकी[४४] र 'सारनाथमा खाजनाको खोजी'[४५] चार संस्मरणहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् ।

ब्राजाकीका संस्मरणहरू मूलतः भारतीय भूमिमा उनले देखे भोगेका धार्मिक विकृति, विसङ्गति, यौनाचार, मजदुरहरूको कारुणिक जीवन आदिमा आधारित छन् । पाठकका हृदयलाई संवेदनशील बनाउन यी संस्मरणहरू अत्यन्त सफल छन् ।

---

[३६] सगर नासत्य, "घरव्यवहार", **गरिमा,** (वर्ष २, अङ्क ११, पूर्णाङ्क २३, कार्तिक, २०४१), पृ. ५६-६० र ऐजन (वर्ष २, अङ्क १२, पूर्णाङ्क २४, मङ्सिर, २०४१) पृ. २६-२९ ।

[३७] सगर नासत्य, "आतङ्ककारी र निर्मम अधुनातन रोग एड्स", **गरिमा,** (वर्ष ४, अङ्क ११, पूर्णाङ्क ४७, कार्तिक, २०४३) पृ. ८०-८५ ।

[३८] सगर नसत्यस, "सर्वधारा चिकित्सा प्रणाली (पोलीप्याथी)", **गरिमा,** (वर्ष, ५, अङ्क ५३ बैशाख, २०४४) पृ. ३९-४२ ।

[३९] सगर नासत्य, "जीवनदायी उपचारः दुग्धकल्प", **गरिमा,** (वर्ष ६, अङ्क १०, पूर्णाङ्क ७०, असोज, २०४५), पृ. ३५-३९ र ऐजन (वर्ष ६, अङ्क ११, पूर्णाङ्क ७१, कार्तिक २०४५) पृ. १४-१९ ।

[४०] सगर नासत्य, "मात्र एक खून माफ", **गरिमा,** (वर्ष ५, अङ्क १२, पूर्णाङ्क ६० मङ्सिर, २०४४) पृ. ४१-४४ ।

[४१] मनु ब्राजाकी "सम्झना-विश्वनाथ गल्ली र दालमण्डीको", **मधुपर्क** , (वर्ष २८, अङ्क ५ पूर्णाङ्क ३१५, भदौ २०५२) पृ. ३३-३६ ।

[४२] मनु ब्राजाकी "पाटली पुत्र अर्थात, पटना", **दायित्व,** (वर्ष १२, पूर्णाङ्क ३२ असोज, २०५५) पृ. ४९-५९ ।

[४३] मनु ब्राजाकी "मनु ब्राजाकीको 'श्याम कहानी'", **नेपाली**, पूर्ववत् पृ. ५०-६० ।

[४४] मनु ब्राजाकी "दार्जीलिङमा भानु, मनु र वैरागी ब्राजाकी", **समकालीन साहित्य**, (वर्ष ११, अङ्क ३ पूर्णाङ्क ४१, वैशाख, जेठ, असार, २०५८), पृ. ९-१९ ।

[४५] मनु ब्राजाकी, "सारनाथमा खजनाको खोजी", राष्ट्रिय वाणिज्य वैंक पूर्व कर्मचारी सङ्घ, **स्मारिका,** (२०५९), पृ. २४-२८ ।

### २.४.८ समालोचक

मनु ब्राजाकी समालोचक पनि हुन् । समालोचनाको पुस्तकाकार कृति प्रकाशित नभएपनि छिटपुट रूपमा उनले समालोचनामा पनि कलम चलाएका छन् । उनको पहिलो समालोचनात्मक लेख 'गजल एक चर्चा' हो ।[४६] यसमा उनले गजलको सैद्धान्तिक मान्यता र नेपाली गजल बारे सामान्य टीका टिप्पणी गरेका छन् । त्यस्तैगरी 'गजलगाथा'[४७] पूर्वकथन गजल गन्थन[४८] र उनको आफ्नै गजलसम्बन्धमा लेखिएको 'अर्घेलो समेतको मन्तव्य'[४९] गजलसम्बन्धी समालोचनात्मक लेखहरू प्रकाशित भएका हुन् ।

ब्राजाकीले केही साहित्यकारहरूको कृतिको पनि समीक्षा गरेका हुन् । मदनमणि दीक्षितद्वारा लेखिएको त्रिदेवी उपन्यासको समीक्षा उनले 'त्रिदेवी उपन्यासको मूलस्वर बारे'[५०] शीर्षकमा गरेका हुन् । रोचक घिमिरेद्वारा लिखित 'सम्झनामा फक्रिएका थुँगाहरू' नामक कृतिको 'सुवासित फूलका थुँगाहरू'[५१] शीर्षक दिएर समीक्षात्मक लेख लेखेका छन् भने ज्ञानुवाकर पौडेलद्वारा लेखिएको 'निर्वासित मन' मुक्तक सङ्ग्रहलाई 'निर्वासित मनको नाडी परीक्षा'[५२] शीर्षक दिएर समालोचना गरेको देखिन्छ । 'कथाकारको आँखामा कथाकार' भन्ने समकालीन साहित्यको स्तम्भमा मनु ब्राजाकीले मोहनराज शर्मालाई स्वैरकल्पनावादी र झर्रोवादी स्रष्टाका रूपमा चिनाएका हुन् भने 'मोहनराज शर्माः स्वैरकल्पना र तेस्रो भेट' शीर्षकको समालोचनात्मक लेख लेखेका हुन् ।[५३] गोपाल पराजुलीको कथाकारिता बारे पनि उनले समालोचनात्मक लेख लेखेका हुन् । उक्त समालोचनात्मक लेखको शीर्षक 'मौलिक कथाशिल्पी गोपाल पराजुली' रहेको छ ।[५४]

यसरी ब्राजाकीले आफूलाई कारयित्री प्रतिभाका साथै भावयित्री प्रतिभा पनि भएको देखाएका छन् ।

### २.४.९ अनुवादक

मनु ब्राजाकी कुशल अनुवादकका रूपमा समेत परिचित हुन् । ब्राजाकीले खासगरी 'कथा' विधाको अनुवादमा रुचि देखाएका हुन् । वि.सं. २०४५ सालमा मलायम र अङ्ग्रेजी

---

[४६] मनु ब्राजाकी, "गजल एक चर्चा", **मधुपर्क,** (वर्ष २२, अङ्क ९, पूर्णाङ्क २४८, माघ २०४६) पृ. ३७-३९ ।

[४७] मनु ब्राजाकी, "गजलगाथा", **समकालीन साहित्य,** (वर्ष ३, अङ्क १, पूर्णाङ्क १०, वैशाख, जेठ, असार २०५०) पृ. ४९-६१ ।

[४८] मनु ब्राजाकी, "पूर्वकथन गजल गन्थन", **गजलगङ्गा,** पूर्ववत् पृ. क-ठ ।

[४९] कृष्णप्रसाद पोखरेल, पूर्ववत् पृ. २२ ।

[५०] मनु ब्राजाकी, "त्रिदेवी उपन्यासको मूलस्वर बारे", **समीक्षा साप्ताहिक,** (१० भदौ २०५९) पृ. ५-७ ।

[५१] मनु ब्राजाकी, "सुवासित फूलका थुँगाहरू", **हिमाल खबरपत्रिका,** (वर्ष ९ अङ्क १७, १-१५ पुस, २०५६) पृ. ४९ ।

[५२] मनु ब्राजाकी, "निर्वासित मनको नाडी परीक्षा", **मिर्मिरे,** (पूर्णाङ्क ९६ भदौ, असोज २०४९) पृ. १८-२३ ।

[५३] मनु ब्राजाकी, "मोहनराज शर्माः स्वैरकल्पना र तेस्रो भेट", **समकालीन साहित्य,** (वर्ष २, अङ्क ४ पूर्णाङ्क कार्तिक, मङ्सिर, पुस, २०४९) पृ. १३३-१३९ ।

[५४] मनु ब्राजाकी, "मौलिक कथाशिल्पी गोपाल पराजुली" **मिर्मिरे,** (वर्ष २५, अङ्क ५ पूर्णाङ्क १३२, भदौ, २०५३) पृ. ४३-५० ।

भाषाका सुप्रसिद्ध कवि कथाकार कमलादासद्वारा चार खण्डमा लिखित 'मेरो कथा' शीर्षकको कथालाई चारै खण्डमा नेपालीमा अनुवाद गरी उनले आफ्नो अनुवादक व्यक्तित्वको परिचय दिएका छन् ।[५५] ब्राजाकीले आफ्नो कथा 'मेरो छोरो घूस खाँदैन' लाई मैथिली भाषामा 'हमर बेटा घूस नही खायत' शीर्षकमा अनुवाद गरेका हुन् ।[५६] अयोध्यानाथ चौधरीद्वारा मैथली भाषामा लिखित कुनै कथालाई 'एउटा हराएको सम्बोधन'[५७] शीर्षकमा र नवीनचन्द्रद्वारा लिखित मैथली भाषाकै कुनै कथालाई 'दृष्टिकोण'[५८] शीर्षकमा अनुवाद गरी प्रकाशन गरेको देखिन्छ ।

यी अनुवादले मनु ब्राजाकीमा एउटा कुशल अनुवादकमा हुनपर्ने सम्पूर्ण गुण विद्यमान रहेको देखिन्छ ।

**२.४.१० पत्रकार**

मनु ब्राजाकी पत्रकारका रूपमा पनि देखिएका छन् । साहित्यका विविध विधामा कलम चलाएर पनि त्यतिले मात्र उनी सन्तुष्ट हुन सकेका छैनन् । उनी युगान्तर, देशान्तर, प्रतिपक्ष जस्ता साप्ताहिक पत्रपत्रिकाका साथै विभिन्न दैनिक पत्रपत्रिकामा साहित्यसम्बन्धी आफ्ना धारणा पाठक समक्ष प्रस्तुत गर्दछन् । २०२८ मा 'सङ्केत' (सामयिक सङ्कलन) नामक पत्रिकाका सम्पादन गर्न पुगेका ब्राजाकीको उक्त पत्रिका छापिनासाथ प्रेसबाट जफत भएको कुरा जानकारीमा आएको छ ।[५९] उक्त पत्रिका जफत हुनुको प्रमुख कारण ब्राजाकीको संस्कृतिसम्बन्धी लेख हो ।[६०] यसपछि कुनै पत्रिकाको सम्पादन नगरेका ब्राजाकीले स्थायी स्तम्भकारका रूपमा कलम चलाएका छन् । 'देशान्तर साप्ताहिक' पत्रिकाको १४ वटा अङ्कमा उनले स्थायी स्तम्भकारका रूपमा कलम चलाएका छन् । उक्त १४ स्तम्भहरूमध्ये पहिलो स्तम्भ 'मनु ब्राजाकी भन्छन्' र बाँकी १३ वटा स्तम्भमा 'मनु ब्राजाकी लेख्छन्' शीर्षकमा प्रकाशित भएका छन् ।[६१] 'जीवनबारे किशोरलाई मनुको पत्र' (२०५३) पत्रसाहित्यमार्फत् उनले साहित्यिक पत्रकारिताको रहर पनि मेटेका छन् ।[६२]

यसरी मनु ब्राजाकीको पत्रकार व्यक्ति साहित्य-साधना भन्दा भिन्न नरहेर साहित्य साधनाको एक पाटोको रूपमा देखिएको छ ।

---

[५५] कृष्णप्रसाद पोखरेल, पूर्ववत्, पृ. २१ ।

[५६] मनु ब्राजाकी, "हमर बेटा घूस नहीं खायत", **आंजुर,** (वर्ष २, अङ्क२, २०४५) पृ. ५-७ ।

[५७] अयोध्यानाथ चौधरी, "एउटा हराएको सम्बोधन" (अनु.) मनु ब्राजाकी, **समकालीन साहित्य,** (वर्ष ४, अङ्क ४, पूर्णाङ्क १६, कार्तिक, मङ्सिर, पुस, २०५१) पृ. १९९-२०२ ।

[५८] नवीनचन्द्र, "दृष्टिकोण", (अनु) मनु ब्राजाकी, **समकालीन साहित्य,** (वर्ष ४, अङ्क ४, पूर्णाङ्क १६, कार्तिक, मङ्सिर, पुस, २०५१) पृ. २०३-२०६ ।

[५९] जयदेव भट्टराई, **साहित्यकार परिचय र अभिव्यक्ति काठमाडौँ** :ने.रा.प्र.प्र. २०५४) पृ. ३४८ ।

[६०] शोधनायकबाट प्राप्त जानकारी ।

[६१] कृष्णप्रसाद पोखरेल, पूर्ववत् पृ. १४९-१५० ।

[६२] मनु ब्राजाकी, "जीवनबारे किशोरलाई मनुको पत्र", **गरिमा,** (वर्ष १५, अङ्क ३ पूर्णाङ्क १७१ फागुन २०५३) पृ. ७४-७६ ।

### २.४.११ भूमिका लेखन

मनु ब्राजाकीले केही कृतिको भूमिका पनि लेखेका छन् । उनले सर्वप्रथम वि.सं. २०५० सालमा घनश्याम न्यौपाने 'परिश्रमी' को गजलसङ्ग्रह 'यो मौसम' को भूमिका लेखेका हुन् । उक्त भूमिकाको शीर्षक 'यो मौसमको स्वागत गर्दा' रहेको छ । अतीत मुखियाद्वारा लेखिएको गजलसङ्ग्रह 'अभिशप्त आशीष' मा पनि मनु ब्राजाकीले 'अभिशप्त आशीषको भावमूमि' शीर्षकको भूमिका लेखिदिएका छन् । मनु ब्रजाकीले लेखेका उक्त दुई भूमिकालाई हेर्दा मनु ब्राजाकी प्रभाववादिताबाट मुक्त भई वस्तुवादी र स्पष्ट भूमिका लेखकका रूपमा देखिएका छन् ।

### २.४.१२ चित्रकार

मनु ब्राजाकी चित्रकार पनि हुन् । वि.सं. २०३१ सालमा नेपाली साहित्यको बुटपालिस आन्दोलनमा न्युरोड-पीपलबोटको छेउमा रहेको रमा सभागृहको भित्तामा जुत्ताको पालिस गरेर बसेको मान्छेको काटुन चित्र बनाउने ब्राजाकी नै थिए ।[६३] उनले सन् १९६४ मा काशीवासमै निधन भएका आफ्ना हजुरबुबाको सम्झनामा उनकै चित्र बनाएको र उक्त तस्वीर भू.पू. मन्त्री शरद्सिंह भण्डारीको वैठक कोठाको भित्तामा अझसम्म सजाएर राखिएको जानकारी दिएका छन् ।[६४] उनले सन् १९६४।६५ ताका दार्जीलिङमा फोटोग्राफी गरेर जीविकोपार्जनको उपाय अपनाएको कुरा पनि जानकारीमा आएको छ ।[६५] यी सबै कुराले मनु ब्राजाकी चित्रकार रहेको पुष्टि हुन्छ ।

यसरी मनु ब्राजाकीले आफ्नो बहुमुखी प्रतिभाको परिचय दिएका छन् । साहित्यका विविध विधामा हात हालेका मनु ब्राजाकीको उपस्थिति जहाँ-जहाँ देखिन्छ त्यहाँ उनको उपस्थितिले नेपाली साहित्यलाई अझ उर्वर बन्न सहयोग पुऱ्याएको छ । हाल पनि मनु ब्राजाकी निरन्तर रूपमा कलम चलाइरहेका छन् ।

---

[६३] विमल अधिकारी, पूर्ववत् पृ. ४० ।

[६४] ऐजन, पृ. ४१ ।

[६५] मनु ब्राजाकी, "दार्जीलिङ्मा : भानु, मनु र वैरागी, ब्राजाकी", **समकालीन साहित्य** पूर्ववत् पृ. १६-१७ ।

# परिच्छेद- तीन

## मनु ब्राजाकीका कथागत प्रवृत्तिहरूको विश्लेषण

### पृष्ठभूमि

मनु ब्राजाकीले आफ्नो कथायात्रा 'भऱ्याङ' (२०१९) बाट सुरु गरेका हुन् ।[६६] वि.सं २०१९ सालदेखि हालसम्म निरन्तर रूपमा उनले कलम चलाउँदै आएको पाइन्छ । कुनै पनि स्रष्टा लामो समयसम्म एउटै क्षेत्रमा तल्लीन रहन्छ भने उसको त्यो यात्रामा विभिन्न मोड र घुम्तीहरू आउँछन् र त्यस्ता मोड र घुम्तीहरूले स्रष्टाको सृजना र प्रवृत्तिहरूमा समेत परिवर्तन ल्याउन सक्छन् । त्यस्ता मोडहरूको पहिचान तथा वर्गीकरण गरी ती प्रत्येक मोडले साहित्यकारको रचनात्मक दृष्टिकोणमा ल्याएको अन्तर र मोड परिवर्तनको आधारभूत कारणसँग विभिन्न समयावधिमा लेखिएका कृतिहरूको अन्तरसम्बन्ध केलाएर मात्र साहित्यकारको मूल्याङ्कन गर्न सकिन्छ ।[६७] ब्राजाकीका कृतिहरूको अध्ययन गर्दा उनका पहिला पहिला लेखिएका रचनामा समाजमा जे-जस्तो देखिन्छ र भोगिन्छ त्यसको टड्कारो चित्र उतारेका छन् र तराई भेगका अवस्था र जनजीवनलाई त्यहाँका पात्र र परिवेशद्वारा उद्घाटित गरेका छन् ।[६८] कथा लेखनलाई अगाडि बढाउँदै जाँदा ब्राजाकीको कथाकारिता बृहत् आयाममा समेटिएको हुँदा त्यसमा विविध क्षेत्रको उद्घाटन भएको हामी पाउँदछौं ।[६९] ब्राजाकी आफ्नो परिवेशप्रति सचेत छँदैछन् , आफ्नो समाज र आफू बाँचेको युग र कालप्रति पनि त्यत्तिकै सचेत भएकाले उनका कथाहरू सामाजिक-साँस्कृतिक इतिहासको अभिलेख बनेका छन् । भाषिक अभिव्यक्तिमा नवीन शक्ति दिन सक्ने उनको कथाकारिताको नैसर्गिक विशेषताले गर्दा त झन् उनी नवचेतनावादी धाराका अग्रणीमध्ये एक भएका छन् ।[७०] यसरी आञ्चलिकता देखि माथि उठ्दै युगीन परिवेश, राष्ट्रिय अन्तराष्ट्रिय समस्या, व्यक्तिमा देखिएका मूल्य मान्यताका ह्रास आदिलाई आफ्नो कथाको विषयवस्तु बनाइ नवीन शैलमा प्रस्तुत गर्ने ब्राजाकीका कथागत प्रवृत्तिहरूलाई यसरी केलाउन सकिन्छ ।

### ३.१ सामाजिक यथार्थवादी कथाकार

मनु ब्राजाकीले आफ्ना धेरै कथाको विषयवस्तु समाजबाट टिप्ने गरेका छन् । खासगरी उनका सुरु चरणका कथाहरूमा गाउँले जीवनमा आइपर्ने समस्या, वर्गीय असमान, त्यसले सिर्जना गरेका गरिबीका पीडा, चित्कारलाई उनले कथामा जस्ताको त्यस्तै प्रस्तुत गरेका छन् ।

---

[६६] दयाराम श्रेष्ठ, पूर्ववत्, पृ. १६५ ।

[६७] शिवप्रसाद भट्टराई, **कृष्णहरि बरालको जीवनी, व्यक्तित्व र कृतित्व**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर, २०५५) पृ. २६ ।

[६८] कृष्णप्रसाद पोखरेल, पूर्ववत् पृ. ३० ।

[६९] दयाराम श्रेष्ठ पूर्ववत् पृ. १६६ ।

[७०] ऐजन ।

पछिल्लो समयमा ब्राजाकीले सहरी परिवेशमा देखिएका विकृति, विसङ्गति र आडम्बरलाई पनि कथामा यथार्थ रूपमा प्रस्तुत गरेका छन् ।[७१] सामाजिक यथार्थतालाई नसमेटेका कुनै कथा पनि ब्राजाकीका छैनन् । युगीन परिवेश, मानवीय सङकट, राजनैतिक विकृति, आर्थिक असमानता, शोषण, अन्याय, अत्याचार, आडम्बर नारी शोषण जस्ता यथार्थतालाई कथामा समेटेका ब्राजाकीको मुल प्रवृत्ति सामाजिक यथार्थवाद हो । उनका 'अवमूल्यन', 'धर्मप्राण', 'दर्शन र भ्यागुता', 'हवल्दार' र 'इज्जतदार समूह', 'एकान्त', जस्ता 'अवमूल्यन' कथासङ्ग्रहका कथाले सामाजिक यथार्थतालाई उद्घाटन गरेका छन् ।[७२] 'आकासको फल' कथा सङ्ग्रहमा प्रायः सबै कथाहरू सामाजिक यथार्थवादी प्रवृत्तिका छन् ।[७३] सामाजमा अन्तरनिहीत विविध समस्याहरूलाई ब्राजाकीले यस सङ्ग्रहमा कथाको रूप दिएका छन् ।[७४] सामाजिक यथार्थतालाई स्पष्ट रूपमा अँगालिएका कथाहरूमा 'रेवतिया माने रफिकन', पानी देऊ देऊ, 'कल्पनाको कैदी', 'नसिहत', 'सानो माछो धोबी खोलाको बगरमा', 'फेल भएको माष्टर' आदि प्रमुख छन् । तिम्री स्वास्नी र म कथामा पनि कथाकारले ज्यादा सामाजिक यथार्थतालाई देखाएका छन् ।[७५] सामाजिक यथार्थतालाई चित्रण गरेका कथाहरूमा 'मार्‍यो च्याङ्वा मार्‍यो असिनामा पार्‍यो', 'मेरो छोरो घूस खाँदैन', 'आखिर सजीवको कर्तव्य के हो त?' 'चौथो दाबेदार' 'अक्षर ज्ञान', 'बेश्याको सपना र सुँगुरहरू' आदि मुख्य छन् ।[७६] कथाकार ब्राजाकीको 'आमालाई बेच्नु हुँदैन लाटा' कथासङ्ग्रह प्रकाशनको क्रममा रहेकोले त्यस भित्रका कथाका विषयवस्तुलाई केलाउन सकिएन । ब्राजाकीको 'भविष्य-यात्रा' कथा सङ्ग्रहका, 'राग हजुयिरया', 'भुन्टीको भविष्य' 'भविष्ययात्रा', 'गुरु, चेला र माकुराको जालो', 'के ऊ हुलाकी मात्र हो ?' 'नग्नता' घरेलु अर्थात व्यक्तिगत अर्थात सार्वजनिक आदि कथामा सामाजिक यथार्थता भेटिन्छ । सबैभन्दा पछिल्लो सङ्ग्रह 'पारदर्शी मान्छे' सङ्ग्रहमा पनि ब्राजाकीले सामाीजक यथार्थतालाई नै ज्यादा समेटेका छन् । यस सङ्ग्रहभित्रका 'पारदर्शी मान्छे', 'उनी, जूनी र खाली हात,' 'जोरपैयुँ', 'कान्छी तँ भित्र जा !', खुशीको पिरो आँसु', 'एक पटक मात्रै भए पनि', 'उदाहरणीय सालिक', 'थ्रीपिस सुट', 'प्रमद्वराको प्रणय र रुरुको आत्मीयता', 'रूपान्तरणको व्यथाकथा', 'लोडसेडिङ', 'बाबू हरिहरनारायणसिंहज्यू देव आदि कथामा सामाजिक यथार्थतालाई प्रस्तुत गरिएको छ ।

---

[७१] कृष्णप्रसाद पोखरेल, पूर्ववत्, पृ. ३६ ।

[७२] ऐजन ।

[७३] ऐजन, पृ. ५७ ।

[७४] ऐजन, पृ. ५९ ।

[७५] ऐजन पृ. ७१ ।

[७६] ऐजन, पृ. ७२ ।

समग्रमा भन्नुपर्दा ब्राजाकीका कुनै पनि कथा सामाजिक विषयवस्तु भन्दा पर पुगेका छैनन् । समाजमा देखिएका समस्या, विकृति विसङ्गति, आडम्बर अन्याय, शोषण, दमन जस्ता कुरालाई छोएर नै ब्राजाकीले कथा लेख्ने गर्दछन् ।

## ३.२ आलोचनात्मक यथार्थवादी कथाकार

कथाकार मनु ब्राजाकीको महत्त्वपूर्ण प्रवृत्तिमध्ये एक प्रवृत्ति आलोचनात्मक यथार्थवादी प्रवृत्ति पनि हो । समाजमा देखिने युवा विकृति, नारी विकृति, आडम्बर, शोषण, अन्याय अत्याचार, छाडा प्रवृत्ति, यौन शोषण, जातीय विभेद जस्ता पक्षमा ब्राजाकीले कथा मार्फत आलोचना व्यक्त गरेका छन् । समाजमा देखिएका विकृति, विसङ्गतिलाई यथार्थ रूपमा चित्रण गरेर त्यसको आलोचना गरे पनि सुरु चरणका कथामा उनले त्यसलाई सत्पक्षमा हिंडाउने प्रयास गरेको देखिँदैन ।[७७] सामाजिक कुसंस्कारका रूपमा रहेका रुढीवादी प्रथा, धार्मिक आडम्बर, चेलीबेटी बेचविखन आदिलाई कथाकारले आलोचना गरेका छन् । सामाजिक यथार्थतालाई समेटेका धेरै कथाहरूमा आलोचनात्मक यर्थाथवाद मिसिएर आएको छ । उनको कथासङ्ग्रह ‘अवमूल्यन’ मा ‘अवमूल्यन’ ‘दर्शन र भ्यागुता’, ‘पर्दा’, ‘एकान्त’ जस्ता कथामा सामाजिक कुसंस्कारप्रति आलोचना गरिएको छ भने दोस्रो कथा ‘आकाशको फल’ कथा सङ्ग्रहमा ‘आकासको फल’, कल्पनाको कैदी, ‘धूले धरतीको वियोग’, ‘बहादुरीको नाक’ जस्ता कथामा सामाजिक जीवनमा देखिएका विकृति, विसङ्गति, रुढीवादी प्रथा, आर्थिक विषमता जस्ता समस्यालाई आलोचनात्मक रूपमा प्रस्तुत गरिएको छ । ‘तिम्री स्वास्नी र म’ कथासङ्ग्रहभित्रका अधिकांश कथामा पनि सामाजिक समस्यालाई विषयवस्तु बनाएर आलोचनात्मक रूपमा हेरिएको छ । यस कथा सङ्ग्रहमा युगीन विकृति र विसङ्गति प्रति आलोचना गरिएको छ । यस सङ्ग्रहका कथाहरूमा निम्नवर्गीय विपन्न र मध्यमवर्गीय परिवारका समेत चरित्रहीन नारी यौन विकृत चरित्रको चित्रण गरिएको छ ।[७८] यस सङ्ग्रहका ‘तिम्री स्वास्नी र म’, ‘देशभक्त’, ‘एउटा हातले ताली बज्दैन’, ‘२०४० सालको प्रेमलाप’, ‘बेश्याको सपना र सुँगुरहरू’, ‘भैगो दिनुपर्दैन’ आदि कथामा आलोचनात्मक रूपमा सजीव चित्रण उतारिएको छ । उनका ‘भविष्य-यात्रा’ सङ्ग्रहका ‘चोरहरू र सार्वभौम सत्तासम्पन्न’, ‘भुन्टीको-भविष्य’, ‘गुरु-चेला र माकुराको जालो’, ‘झ्यालबाट ढोकातिर’, आदि कथामा समाजमा देखिएका राजनीतिक विकृति र विसङ्गतिलाई व्यङ्ग्य गर्दै मान्छेको विवश जीवनलाई देखाइएको छ । “२०५० साल पूर्व र २०४५ साल पश्चात्का नेपाली समाजमा देखिएका राजनीतिक विचलन र सङ्क्रमणहरू, ऐतिहासिक तथा पौराणिक चिन्तन पद्धतिमा आएका विचलन र सङ्क्रमणहरू, समाज-व्यवस्था र आर्थिक संरचनामा जुट्न आएका अव्यवस्थित एवम् असङ्गत सङ्गतिभित्रका उहापोहहरूलाई स्थापित

---

[७७] ऐजन, पृ. ३० ।

[७८] विमल अधिकारी, पूर्ववत् पृ. १९ ।

गर्ने प्रयासमा ब्राजाकीका कथाहरू निर्माण भएका छन् ।[७९] भन्ने राजेन्द्र सुवेदीको भनाइले यस कथा सङ्ग्रहले धेरै क्षेत्रका असङ्गत पक्षलाई आलोचना गर्न पुगेको प्रस्ट हुन्छ । ब्राजाकीको 'पारदर्शी मान्छे' सङ्ग्रहभित्रका कथामा पनि सामाजिक व्यवस्था र युगीन परिवेशमा देखिएका विकृति प्रति आलोचना गरिएको छ । शैक्षिक विकृति, बेरोजगारी, मानवीय शून्यता, राजनीतिक प्रतिस्पर्धा, विदेशी संस्कृति तर्फको मोह, छाडा प्रवृत्ति जस्ता सामाजिक विसङ्गतिमा कथाकारले आलोचना गरेका छन् । यसरी आलोचना गरिएर लेखिएका सामाजिक कथाहरूमा 'पारदर्शी मान्छे', 'उनी, जूनी र खाली हात', 'जोरपैयुँ', 'कान्छी तँ भित्र जा !', 'मनोरञ्जन', 'ईखको बिख', 'भविष्यहीन भविष्यवक्ता', 'सामन्तको सम्पत्ति', 'खुशीको पिरो आँसु', 'उदाहरणीय सालिक' 'थ्रीपीस सुट', 'रूपान्तरणको व्यथा कथा', 'चोली के पिछे क्या है ?' सार्वभौम जनकङ्काल जस्ता कथामा समाजमा देखिएका यथार्थताको आलोचना गरिएको छ । ब्राजाकीका आलोचनात्मक यथार्थवादी कथाहरू निकै उत्कृष्ट रहेका छन् ।

## ३.३ आञ्चलिक कथाकार

कथाकार ब्राजाकीको एउटा मुख्य प्रवृत्ति आञ्चलिकता हो । उनी कथामा कुनै निश्चित स्थानलाई लिएर त्यसक्षेत्रको स्थानीय रङ्ग पोत्न निकै सफल रहेका छन् । खासगरी ब्राजाकीका कथाले तराई भेगका गरिब मजदुर किसानका दशा, जमिन्दारको शोषण प्रवृत्ति, जमिन्दारी प्रथालाई आफ्ना कथामा समेटेका छन् । स्थानीय पात्रको प्रयोग गरी स्थानीय भाषाको प्रयोग गर्दै सजीव स्थानीयता उतार्नमा ब्राजाकी निकै निपूण छन् । उनले तामाङ जातिमा देखिने छोरी बेच्ने चलनलाई पनि आफ्ना कथामा समेटेका छन् । ब्राजाकीका सुरु चरणका धेरै कथाहरू आञ्चलिक परिवेशमा लेखिए पनि पछिल्लो चरणमा आउँदा ब्रजाकी आञ्चलिकताबाट माथि उठेर राष्ट्रिय अन्तराष्ट्रिय परिवेशमा प्रवेश गर्न पुग्छन् । ब्राजाकीका आञ्चलिकतामा आधारित कथाहरूमा मुख्य रूपले 'दर्शन र भ्यागुता', 'एकान्त', 'कुनै माछा छैन', 'गधा', 'यस्ता मानिस', 'राता आँखा पहेंला आँखा', 'पर्दा' जस्ता 'अवमूल्यन' सङ्ग्रहका कथाले तराईको आञ्चलिकता बोकेका छन् भने 'साँगुरो आकास' कथाले काठमाडौंको साँगुरो परिवेश ओगटेको छ । 'आकाशको फल' सङ्ग्रहको 'आकाशको फल', 'रेवतिया माने रफिकन', 'बहादुरीका नाक', 'धुले धरतीको वियोग' आदि कथामा निम्न वर्गीय समाज चित्रण भएको पाइन्छ । 'तिम्री स्वास्नी र म' सङ्ग्रहको 'मार्‍यो च्याङ्वा मार्‍यो असिनामा पार्‍यो', 'अक्षर-ज्ञान', 'भैगो दिनु पर्दैन', 'शुभलाभ' जस्ता कथामा आञ्चलिकता झल्किएको छ भने 'भविष्य यात्रा' सङ्ग्रहका 'राग हजुरिया', 'भुन्टीको-भविष्य', 'बन्द ढोकासामु', 'भविष्य-यात्रा', 'मूल्य, मान्यता र एकमुठी हरियो घाँस' आदि कथामा आञ्चलिकता आएको पाइन्छ । 'पारदर्शी मान्छे' सङ्ग्रह भित्रका 'जोरपैयुँ',

---

[७९] राजेन्द्र सुवेदी, "'भविष्य-यात्रा' सङ्ग्रहभित्रका कथाकार ब्राजाकी", **समकालीन साहित्य,** (वर्ष ६, अङ्क ३, पूर्णाङ्क २३, साउन, भदौ, असोज, २०५३) पृ. १०५ ।

'कान्छी तँ भित्र जा !', खुशीको पिरो आँसु, बाबू हरिहरनारायण सिंहज्यू देव, 'चोली के पिछें क्या है ?', जस्ता कथाले आञ्चलिक परिवेश र संस्कृतिलाई बोकेर आएका छन् । यी बाहेक यस सङ्ग्रहका अन्य कथामा पनि सहरी परिवेशको यथार्थ चित्रण पाइन्छ । काठमाडौं खाल्डोलाई स्पष्ट चिनाउने अन्य कथाहरूमा उनी, जूनी र खाली हात, पारदर्शी मान्छे, सार्वभौस जनकङ्काल ईखको बिख, एक पटक मात्रै भए पनि, एउटा पद खाली छ, प्रमद्वराको प्रणय र रुरुको आत्मीयता, थ्रीपिस सुट जस्ता कथा सफल रहेका छन् । सामान्य विषयवस्तु टिपेरआञ्चलिकताको रङ्गमा घोलेर प्रस्तुत गर्नु ब्रजाकीको एउटा महत्त्वपूर्ण प्रवृत्ति हो । 'पारदर्शी मान्छे' कथासङ्ग्रहसम्म आइपुग्दा ब्राजाकीको आञ्चलिकता काठमाडौंमा ज्यादा केन्द्रित हुन पुगेको देखिन्छ ।

## ३.४ व्यङ्ग्यात्मक कथाकार

समाजमा रहेका विकृति र विसङ्गतिलाई तीव्र व्यङ्ग्य गर्नु ब्राजाकीको एउटा महत्त्वपूर्ण प्रवृत्ति हो । समाजमा देखिएका भ्रष्टाचार, दुराचार, यौन-विकृति, युवा युवतीमा देखिएका विकृति, राजनैतिक विकृति, छाडा प्रवृत्ति, शिक्षामा देखिएका विकृति, आडम्बर, मध्यम र उच्च वर्गमा देखिएको विदेशी संस्कृतिको बढ्दो प्रभाव, युवामा देखिएको विदेश पलायनको मोह जस्ता विकृतिप्रति कथाकारले व्यङ्ग्य गरेका छन् । सामाजिक विषयवस्तुलाई टिपेर लेखिएका ब्राजाकीका हरेक कथामा कथाकारले व्यङ्ग्यवाण प्रहार गरेका छन् । ब्राजाकीको व्यङ्ग्य सोझो रूपमा भन्दा घुमाउरो पारामा ज्यादा मुखरित भएको पाइन्छ । व्यङ्ग्यात्मक रूपमा आएका उनका कथामा मुख्य रूपले यी कथा पर्दछन्:- 'दर्शन र भ्यागुता', 'साँघुरो आकाश', 'गधा', 'हवल्दार र इज्जतदार समूह', 'फेल भएको माष्टर', 'दशैंका केही अनुहारहरू', 'सिउँडीको फूल', 'तिम्री स्वास्नी र म', 'उज्ज्वल भविष्यको सडकवारि-सडकपारि', 'चोरहरू र सार्वभौम सत्तासम्पन्न', 'गुरु, चेला र माकुराको जालो', 'पारदर्शी मान्छे', 'उनी, जूनी र खाली हात', 'जोरपैयुँ', 'सार्वभौम जनकङ्काल', 'प्रमद्वराको प्रणय र रुरुको आत्मीयता', 'मनोरञ्जन', 'सत्यावदी र अहिंसावादी' आदि ।

## ३.५ प्रगतिवादी कथाकार

समाजमा विद्यमान आर्थिक विषमतालाई मुख्य विषयवस्तुका रूपमा ग्रहण गरेर कथा लेख्ने ब्राजाकी प्रगतिवादी कथाकार पनि हुन् । उच्च वर्गद्वारा निम्नवर्गमाथि हुने शोषण अन्याय अत्याचारप्रति उनले कथामार्फत् विरोधको स्वर उरालेका छन् । समाजमा रहेको जातीय विभेद र छुवाछुत प्रथाप्रति विरोध गर्नु र निम्नवर्गका मान्छेलाई माथि उठ्न उक्साउनु उनको प्रवृत्ति हो । उनले समाजमा नारीमाथि पुरुषले गर्ने शोषणलाई निकै राम्रोसँग देखाएका छन् । ग्रामीण जीवनमा व्याप्त कुरीति कुसंस्कार र जातीय सोचलाई चिर्दै समानता र स्वतन्त्रताका पक्षमा कथामार्फत् आवाज उठाएका हुनाले उनी प्रगतिवादी कथाकार हुन् । उनले कथामा प्रगतिवादी

विचारलाई विभिन्न कोणबाट अगाडि सारेका छन् । उनका 'धर्मप्राण', 'कुनै माछा छैन', 'यस्ता मानिस', 'पर्दा', 'सिउँडीको फूल', 'आकासको फल', 'पूजा', 'दशैंका केही अनुहारहरू', 'देशभक्त भुन्टीको भविष्य', 'बन्द ढोकासामु', 'उनी, जूनी र खाली हात', 'कान्छी तँ भित्र जा !', 'अंश-वंशधारिणी', 'जोरपैयुँ', 'सामन्तको सम्पत्ति', 'उदाहरणीय सालिक', 'एक पटक मात्रै भए पनि', 'एउटा पद खाली छ !', आदि जस्ता कथामा प्रगतिवादी स्वर मुखरित भएको छ । कथामा कहीँ कथाकारले प्रगतिवादी स्वरलाई स्थापित नै गरेर छोडेका छन् भने कहीँ यसो उठाएर मात्र छोडेका छन् । प्रगतिशील विचारलाई स्थापित नै गरेका 'पारदर्शी मान्छे' सङ्ग्रहका कथाहरूमा 'कान्छी तँ भित्र जा !', 'अंशबंशधारिणी', 'जोरपैयुँ' मुख्य छन् ।[८०] मनु ब्राजाकी युगीन सन्दर्भ र समकालीन पीडाका अन्तर्द्रष्टाका रूपमा समेत देखा परेका छन् । यसैले उनी कतै जीवनबारे गम्भीर चिन्तन गर्दछन्, कतै विभिन्न अवस्थाका मानिसहरूको मनोलोक भित्र विचरण गर्छन् भने कतै समसामयिक रुग्ण राजनैतिक वातावरणले उब्जाएको मानवीय सङ्कटप्रति वितृष्णा प्रकट गर्दछन् । सहरिया जीवनको तडकभडकभित्र पनि उनी अनेक विडम्बना र विसङ्गतिहरू देख्दछन् ।[८१] यसरी समसामयीक युगीन यथार्थलाई आफ्ना कथामा टिप्ने ब्राजाकीले आफ्ना कथामा वर्तमान अवस्थामा देखिएका युवा विकृति, वैदेशिक पलायनको मोह, नारीमा देखिएका छाडा प्रवृत्ति, सहरी परिवेशमा विकसित आडम्बरी प्रवृत्ति, विभिन्न वर्गमा देखिएका मूल्यह्रास, चेलीबेटी बेचबिखन, राजनीतिक सङ्कट, भ्रष्टचार, दुराचार, आदि कुरालाई देखाएका छन् । बढ्दो शैक्षिक बेरोजगारी, शैक्षिक असमानता, प्रजातन्त्रका नाममा भएका विसङ्गति आदिलाई पनि उनका कथाले समेटेका छन् । 'तिम्री स्वास्नी र म', 'भविष्य-यात्रा' र 'पारदर्शी मान्छे' सङ्ग्रहका हरेक कथाले कहीँ न कहीं, कुनै न कुनै रूपमा युगीन समस्यालाई छोएका छन् । युगीन समाजमा देखिएका विकृति विसङ्गतिलाई देखाउन सफल कथामध्ये 'तिम्री स्वास्नी र म', 'बेश्याको सपना र सुँगुरहरू', 'मेरो छोरा घूस खाँदैन', 'चोरहरू सार्वभौम सत्तासम्पन्न', 'गुरु, चेला र माकुराको जालो', 'नग्नता', 'पारदर्शी मान्छे', 'उनी, जूनी र खाली हात', 'मनोरञ्जन', 'सार्वभौम जनकङ्काल', 'ईखको बिख', 'सामन्तको सम्पत्ति', 'एक पटक मात्रै भए पनि', 'उदाहरणीय सालिक', 'त्रिनेत्रका खुल्ला आँखा', 'सत्यवादी र अहिंसावादी', 'एउटा पद खाली छ', 'थ्रीपिस सुट', 'चोली के पिछे क्या है ?', 'प्रमद्वराको प्रणय र रुरुको आत्मीयता', 'लोडसेडिङ', 'परीक्षापछिको कडा परीक्षा' आदि मुख्य रहेका छन् ।

## ३.६ नवचेतनावादी कथाकार

[८०] दयाराम श्रेष्ठ, पूर्ववत्, पृ. १६५ ।

[८१] ऐजन पृ. १६७ ।

नवचेतनावादी धारा कथा परम्पराको सबैभन्दा कान्छो धारा भएर वि.सं. २०२० को दशकमा नेपाली कथा परम्परामा प्रतिष्ठापित भएको हो ।[८२] यस धाराले रैखिक ढाँचाका गणितीय वा सिलसिलेबार कथांशको अस्वीकृति, खुकुलो मिश्रित कथांश, सीमित पात्र, विषयवस्तुको साङ्गोपाङ्गो बृत्तान्त, नयाँ भाषाको खोजी, विधाको मिश्रण, विश्वजनीन परिवेश र अकथालाई आफ्नो मान्यता बनाएको छ ।[८३] वि.सं. २०२० पछि भित्रिएको यस धाराका एक सशक्त कथाकारहरूमध्ये मनु ब्राजाकी एक हुन् ।[८४] मनु ब्राजाकीले आफ्ना कथाको प्रस्तुतिमा नवीन शैलीलाई स्थापित गर्दै अकथा, सीमित पात्र, विधामिश्रण, चेतनप्रवाह शैली आदिलाई भित्र्याएका छन् । कथाको सुरुवात र अन्त्य गर्ने नवीन शैली ब्राजाकीका कथामा अरू कथाकारको भन्दा भिन्न देखिन्छ । कथालाई नाटकीय रूप दिन दृश्यमा विभाजन गर्नु, कथाभित्रै कविता, गजल र गीतको प्रयोग गर्नु ब्राजाकीको शैलीगत पहिचान हो । विवृत रूपविन्यासको प्रयोग अन्तर्गत चित्रोपम गद्यशैलीको प्रयोग गर्नु, संवादद्वारा कथालाई उत्कर्षमा पुऱ्याउनु, झिनो कथावस्तु प्रयोग गर्नु, आत्मपरक रूपमा कथालाई निबन्ध जस्तो गर्नु कथाकारको नवचेतनावादी प्रवृत्ति हो ।[८५] ब्राजाकीका 'एकान्त', 'भुन्टीको भविष्य', 'पारदर्शी मान्छे', 'उनी, जूनी  र खाली हात', 'जोरपैयुँ', 'कान्छी तँ भित्र जा !', 'मनोरञ्जन', 'एउटा गजलको जन्म', 'त्रिनेत्रका खुल्ला आँखा', आदि कथामा नवचेतनावादी प्रवृत्तिलाई सजिलै हेर्न सकिन्छ ।

## ३.७ यौन मनोविश्लेषणवादी कथाकार

मनु ब्राजाकीको एउटा महत्त्वपूर्ण कथागत प्रवृत्ति यौन मनोविश्लेषण पनि हो । उनमा मिश्रित प्रवृत्ति पाइने हुनाले सामाजिक यथार्थवाद, यौनमनोविश्लेषणवाद अर्थात प्रकृतिवाद र आलोचनात्मक यथार्थवाद यी सबैको समष्टिगत प्रभावबाट उनका कथाहरू सृजित भएका छन् ।[८६] कथाकार ब्राजाकीका अधिकांश कथामा यौनले प्रवेश पाएको छ । उनले कथामा यौन मनोविश्लेषणको गहिराइ खोतल्नु भन्दा पनि बाह्य रूपमा देखिएका यौन विकृति, बलात्कार आदि जस्ता घटनालाई कुनै न कुनै सन्दर्भमा छोएका छन् । यौनका बाहिरी क्रियाकलापको विरोध गर्नु उनको यौन विश्लेषणको मुख्य उद्देश्य रहेको छ । समाजमा देखिएका यौन विकृतिले निम्त्याएका समस्या, बाल मस्तिष्कमा देखिएका यौनका छाप, युवायुवतीमा मौलाएको प्रेमका नाममा हुने शारीरिक सम्पर्क, जमिनदार र ठूलाबडाबाट हुने यौन शोषण, यौन सम्पर्कबाट उब्जिएका समस्यालाई खासगरी कथामा मनु ब्राजाकीले समेटेका छन् । यौनका कुरा गर्दा ब्राजाकी प्रकृतिवादको नजिकसम्म पुगेको देखिन्छ । खुल्ला यौनका प्रसङ्ग वेश्यावृत्ति, चेलीबेटी

---

[८२] ऐजन, पृ. २९ ।

[८३] ऐजन, पृ. २९-३० ।

[८४] ऐजन ।

[८५] ऐजन, पृ. १६७ ।

[८६] ऐजन, पृ. १६५ ।

बेचविखन, स्वतन्त्र यौन चाहना, जस्ता यौनका पक्ष ब्राजाकीका कथामा देखिन्छ । मध्यमवर्गीय र उच्चवर्गीय समाजमा देखिएका यौन विकृतिप्रति ब्राजाकीले निकै व्यङ्ग्य गरेका छन् । 'पारदर्शी मान्छे' सङ्ग्रहको मनोरञ्जन कथामा मध्यमवर्गमा झाँगिएको यौन विकृतिलाई निकै राम्रोसँग देखाएका छन् । कथाकार ब्राजाकीले यौनका समस्या, यौनले निम्त्याएका विकृति आदिको बारेमा व्यङ्ग्यवाण प्रहार गरे पनि यौनका पक्षलाई जहीतहीँ नकारात्मक रूपमा हेरेका छैनन् । युवायुवतीमा देखिने एक अर्काप्रतिको आकर्षणले समाजमा सुधारका पक्षलाई सघाएको पनि देखाएका छन् । 'जोरपैयुँ' कथामा विपरीत लिङ्गप्रतिको अकार्षणकै कारण अन्तरजातीय विवाह गराएर कथाकारले यसको पुष्टि गरेका छन् । यौनका मामलामा ब्राजाकी अन्य कथाकार भन्दा अलि बढ्ता खुल्ला देखिएका छन् । यौनलाई समेटेका कथामा ब्राजाकीका 'तिम्री स्वास्नी र म', 'पानी देऊ देऊ', 'धुले धरतीको वियोग', 'आकाशको फल', 'यस्ता मानिस', 'रेवतिया माने रफिकन', 'अमलेख', 'पर्दा', 'सङ्गीतको नीलाम्बर र सत्ताको पुच्छ्रेतारा', 'मार्‍यो च्याङ्वा मार्‍यो असिनामा पार्‍यो', 'उनी, जूनी र खाली हात', 'मनोरञ्जन', 'अंश-वंशधारिणी', 'त्रिनेत्रका खुल्ला आँखा', 'एउटा पद खाली छ !', 'करुणामय', 'प्रमद्वराको प्रणय र रुरुको आत्मीयता', 'चोली के पिछे क्या है ?' जस्ता कथामा यौनले टड्कारो रूपमा प्रवेश पाएको छ । उनले आफ्ना कथामा कुनै पात्रलाई बाध्यताले यौनमा लागेको देखाएका छन् त कुनैलाई जबरजस्ती बलात्कार गरिएको छ भने कुनै पात्र स्वतन्त्र रूपमा यौन भोक मेटाउन रतिरागमा लागेका छन् । हरेक जसो कथामा यौनको चित्रण गर्नुले यो उनको प्रवृत्तिगत पहिचान हो ।

## ३.८ बिम्बात्मक भाषाको प्रयोगद्वारा कलात्मक प्रस्तुति गर्ने कथाकार

मनु ब्राजाकीको आफ्नो कथागत प्रवृत्ति अन्तर्गत बिम्बात्मक भाषा प्रयोग पनि आउँछ । उनका कथामा आएका भाषाले सजिलै पाठकको मनमा एउटा बिम्ब तयार गर्न सफल हुन्छन् । अत्यन्तै सरल सहज भाषाको प्रयोगद्वारा आफ्ना कुरालाई पाठकमा छाप पर्ने गरी छोड्नु उनको खुबी हो । व्यङ्ग्यको भाषा प्रयोग गर्नुपर्दा उनी कि त बिम्बको प्रयोग गर्छन् अथवा कि त आलङ्कारिक उपमाको प्रतीकात्मक प्रयोग गर्दछन् । उनका व्यङ्ग्य-शीलमा गुलियोको आवरण दिइएको हुन्छ । जसभित्र तीव्र आलोचनाको मसला पनि मिसाइएको हुन्छ ।[८७] कथामा पात्रको स्तर अनुरूप भाषाको प्रयोग गर्नु कथ्य बोली देखि झर्रो र मानक भाषाको साथै स्थानीय रङ्ग भर्ने किसिमको भाषाप्रयोग गर्नु ब्राजाकीको मूल प्रवृत्तिका रूपमा देखिएको छ । भाषा प्रयोगमा उनका कथामा व्यापक रूपमा उखान-टुक्काको प्रयोग पनि देख्न सकिन्छ । आञ्चलिकता अँगालेका धेरै कथामा हिन्दी मैथिली र कथ्य भाषाको प्रयोग भएको देख्न सकिन्छ । छोटा-छोटा सरल सहज वाक्यको गठन गरी एउटा बिम्ब तयार गर्ने खुबी मनु ब्राजाकीमा जस्तो अन्य कथाकारमा पाइदैन, त्यसैले पनि बिम्बात्मक भाषाको प्रयोग गरी कलात्मक प्रस्तुति गर्नु उनको

---

[८७] ऐजन, पृ. १६६ ।

बैशिष्ट्य हो । उनका कथामा प्राकृतिक दृश्य बिम्बदेखि पौराणिक बिम्ब सम्मको प्रयोग रहेको छ । बिम्ब प्रयोगको हिसाबमा उनका 'उनी, जूनी र खाली, हात', 'प्रमद्वराको प्रणय र रुरुको आत्मीयता', 'त्रिनेत्रका खुल्ला आँखा', 'सत्यावादी र अहिंसावादी' आदिजस्ता कथा निकै सबल रहेका छन् ।

# परिच्छेद - चार

# 'पारदर्शी मान्छे' कथा सङ्ग्रहको विश्लेषण

## पृष्ठभूमि

'पारदर्शी मान्छे' कथा सङ्ग्रह ब्राजाकीको हालसम्मको पछिल्लो कथा सङ्ग्रह हो । वि.सं. २०६० मा प्रकाशित यस सङ्ग्रहमा पच्चीस वटा कथा सङ्गृहीत छन् । यस सङ्ग्रहमा सङ्गृहीत सबै कथाहरू यसभन्दा पहिला विभिन्न पत्र-पत्रिकामा प्रकाशित भइसकेको पाइन्छ । विभिन्न पत्र-पत्रिकामा छरिएर रहेका २५ वटा कथालाई सङ्ग्रह गरेर साझा प्रकाशनले पुस्तकको रूपमा प्रकाशन गरेको हो । यस सङ्ग्रहका कथाहरू पहिला प्रकाशित भएका पत्र-पत्रिकाको सूची र कथाको क्रमिकता अनुसार यस्तो रहेको छ :-

१. 'पारदर्शी मान्छे', **गरिमा**, वर्ष १८, अङ्क ६, जेठ २०५७

२. 'उनी, जूनी र खाली हात', **समकालीन साहित्य**, (कथाविशेषाङ्क-१) वर्ष ७, अङ्क १ माघ- चैत्र २०५३

३. 'जोरपैयुँ', **गरिमा**, वर्ष १६, अङ्क २, माघ २०५४

४. 'कान्छी तँ भित्र जा !', **सारस्वत**, वर्ष १, अङ्क २, बैशाख-असार २०५४

५. 'करुणामय', **साधना**, २०५५

६. 'मनोरञ्जन', **गरिमा**, वर्ष १६, अङ्क ८, साउन २०५५

७. 'सार्वभौम जनकङ्काल', **गरिमा**, वर्ष १७, अङ्क १, पुस २०५५

८. 'अंश-वंशधारिणी', **गरिमा**, (नारीविशेषाङ्क) वर्ष १७, अङ्क ३, फागुन २०५५

९. 'ईखको बिख', **गरिमा**, वर्ष १३, अङ्क ५, बैशाख २०५२

१०. 'भविष्यहीन भविष्यवक्ता', **रचना** द्वैमासिक, वर्ष ३८, अङ्क ६, मङ्सिर २०५५

११. 'सामन्तको सम्पत्ति', **समकालीन साहित्य**, वर्ष ९, अङ्क ३, साउन-असोज २०५६

१२. 'खुशीको पिरो आँसु', **समकालीन,** वर्ष ८, अङ्क १, माघ-चैत्र २०५४

१३. 'एक पटक मात्र भए पनि', **मिर्मिरे**, वर्ष २४, अङ्क ७, कार्तिक २०५२

१४. 'उदाहरणीय सालिक', **मनोभाव** त्रैमासिक, वर्ष ४, अङ्क २, पुस २०५५

१५. 'त्रिनेत्रका खुल्ला आँखा', **गरिमा**, वर्ष १७, अङ्क ८, साउन २०५६

१६. 'सत्यावादी र अहिंसावादी', **वन्दना**

१७. 'एउटा पद खाली छ !', **कान्तिपुर**, २ पुस, २०५१ शनिबार

१८. 'एउटा गजलको जन्म', **गोरखापत्र**, २ चैत, २०५३ शनिबार

१९. 'बाबू हरिहरनारायणसिंहज्यू देव', **गोरखापत्र**, २५ भदौ, २०५१ शनिबार

२०. ‘थ्रीपिस सुट’, **गोरखापत्र**, १ चैत, २०५४ शनिबार

२१. ‘प्रमद्वराको प्रणय र रुरुको आत्मीयता’, **गोरखापत्र**, शनिवारीय अङ्क

२२. ‘रूपान्तरणको व्यथाकथा’, **गरिमा** वर्ष २०, अङ्क ५, बैशाख २०५८

२३. ‘चोली कें पिछे क्या है ?’, **गोरखापत्र**, १३ चैत, २०५० शनिबार

२४. ‘परीक्षापछिको कडा परीक्षा’, **अनुभूति** त्रैमासिक, वर्ष १, अङ्क ३, फागुन- बैशाख २०५५-५६

२५. ‘लोडसेडिङ’, **विश्वमित्र**, पुस, २०५१

युगीन समस्यालाई कथाको विषयवस्तु बनाएर लेखिएका यी कथामा वर्तमानको राम्रो चित्रण गरिएको छ । नवचेतनावादी शैलीका विविध प्रवृतिलाई प्रयोग गरेर लेखिएका यी कथाको विश्लेषण क्रमिक रूपमा तल गरिएको छ ।

## ४.१ ‘पारदर्शी मान्छे’ कथाको विश्लेषण

**कथावस्तु**

मनु ब्राजाकी एक सामाजिक कथाकार भएको हुँदा उनले समाजमा देखिने कुराहरूलाई आफ्नो कथाको कथावस्तु बनाएका छन् । कथामा नयाँ-नयाँ विषयक्षेत्रको खोजी गर्नु ब्राजाकीको विशेषता हो । यस ‘पारदर्शी मान्छे’ कथामा कथाकारले समाजमा आफूलाई पारदर्शी भएको बताउने तर आफ्नो वास्तविकता लुकाएर आफूलाई ठूलो भएको पुष्टि गर्न चाहने संस्कारलाई कथावस्तुका रूपमा लिएका छन् । यस कथामा सामान्य रक्सी पसलमा भेट भएका दुई पात्रहरूलाई मुख्य रूपमा उम्याइएको छ । कथामा ‘म’ पात्रले आफ्नो टेबुलको अगाडि बसेर अर्को व्यक्तिसँग “धार्मिक कर्मकाण्डमा निहित अपारदर्शिता नै पाखण्ड हो” (पृ. १) भनेर गफ लगाएको पात्रसँग “क्षमा गर्नुहोला, यहाँको परिचय पाउन सक्छु ?” (पृ. १) भन्दै परिचय माग्न पुगेको छ । आफूलाई पारदर्शी बनाउने त्यस मान्छेले म पात्रको जिज्ञासास्वरूप आफ्नो काठमाडौंमा घर भएको सालो मन्त्री भएको, साडु एस.पी. भएको भान्दाइ उद्योगपति भएको, तराईमा आफ्नो प्रशस्त जग्गा रहेको बखान सुनाउँछ तर आफ्नो वास्तविक परिचय दिंदैन । पटक-पटक ‘म’ पात्रले परिचय माग्दा उसले “हो त नि, तपाईंले परिचय सोध्नुभएको । म केही कुरा लुकाउँदिन, के भने, सार्वजनिक जीवनमा मान्छे प्रस्ट हुनुपर्छ । मुसुमुन्द्रे हुनु हुँदैन, कसो ?” (पृ. ३) भन्दै आफ्नो बढाइ-चढाई गर्दै वास्तविक परिचय लुकाएको छ, अन्त्यमा आडैमा बसेको अर्को पात्रले “मान्छेको संस्कार नै उसको वास्तविक परिचय हो । यिनको परिचय अगाडि छैन पछाडि छ । ल हेर्नुस् ।” ( पृ. ४) भनेपछि म पात्रले आफू अगाडि बसेको मान्छेको पछाडि “निकै बाक्लो कालो र अपारदर्शी” (पृ. ४) तस्वीर देख्छ । यसरी समाजमा पारदर्शी बताउने तर निकै अपारदर्शी मान्छेहरूको यथार्थतालाई कथाले कथाबस्तु बनाएर त्यसप्रति तीव्र व्यङ्ग्य गरेको छ ।

**चरित्रचित्रण**

समाजमा देखिने विभिन्न प्रवृत्तिका मान्छेहरूलाई केन्द्रमा राखेर ती मान्छेका स्वभावका आधारमा समाजमा देखिने विकृति विसङ्गतिलाई चित्रण गर्नु ब्राजाकीको विशेषता हो । यस कथामा ब्राजाकीले रक्सीपसलमा भेटिएका तीन पात्रलाई मुख्य केन्द्र बनाएका छन् । यहाँ परिचय जान्न खोज्ने 'म', परिचय नबताउने 'ऊ', माओवादी भनेर चित्रित पल्लो टेबुलमा बस्ने 'ऊ' पात्र भएर आएका छन् । कार्यव्यापारका आधारमा हेर्दा 'म' पात्र र 'ऊ' प्रमुख पात्रका रूपमा आएका छन् । उनी दुईले नै कथालाई अगाडि बढाएका छन् । तेस्रो 'ऊ' पात्र सहायक पात्रका रूपमा आएको छ । आसन्नता र आबद्धताका हिसाबमा तीनजना पात्र नै मञ्चीय र बद्ध पात्रका रूपमा आएका छन् । जीवनचेतनाका आधारमा हेर्दा सबै पात्र वर्गीय पात्र हुन् किनभने प्रथम 'ऊ' पात्र समाजको उच्चवर्गको नेतृत्व गर्ने पात्र हो, उसको परिचयभन्दा 'ऊ' पावर र सम्पत्तिद्वारा चिनिन खोज्छ । 'म' पात्र सामान्य जनताको प्रतिनिधि हो किनभने उसले वास्तविकता बुझेको छ । 'म' पात्रले खेलेको भूमिकाले 'ऊ' सामान्य, सोझो र गरिब पात्र हो भन्ने थाहा लाग्छ भने 'ऊ' पात्रले निभाएको भूमिकाले धनी, कुटिल र स्वार्थी चरित्रको उद्घाटन गरेको छ । तेस्रो पात्र कथामा माओवादीका रूपमा चित्रित भएपनि 'ऊ' सचेत र बौद्धिक चरित्रका रूपमा आएको छ । कथामा आएका यी तीन भिन्न प्रवृत्तिका पात्रले कथालाई अग्रगति दिएका छन् । कथावस्तु अनुकूलका चरित्रले कथालाई रोचक बनाउन थप सहयोग गरेका हुँदा चरित्रचित्रण उच्च रहेको छ ।

**संवाद**

प्रस्तुत कथामा संवाद ज्यादै सशक्त भएर आएको त छैन तर 'ऊ' पात्रको परिचय जान्ने अभिलाषामा म पात्रले 'क्षमा गर्नुहोला यहाँको परिचय पाउन सक्छु ?' (पृ. १) भनेपछि नै कथाले अग्रता लिएको छ । म पात्रको प्रश्न सुनेपछि 'ऊ' पात्रले गौडले 'ऊ' तिर हेरेर 'के भन्नुभो तपाईंले ?' भन्दै आफ्नो परिचय दिन थालेको छ । यही परिचय दिने क्रममा 'उसो त मलाई धेरैले चिन्छन्, तपाईं नौलो पर्नुभो क्यारे ! मेरो घर उः त्यै हो, हींबाट देखिन्छ ...... रातो चाइनिज इँटले बनेको दुईतले घर, माथि डिस एन्टेना र सोलार प्यानल पनि देखिन्छ नि, हो त्यै हो मेरो घर । देख्नु भो त ?' (पृ. २) भन्दै आफ्ना भनाइहरू राखेको छ । बेलाबेलामा म पात्रले उसलाई फरि परिचयका बारे सम्झाउँदै जान्छ 'ऊ' अन्य आफ्ना कुरा बताउँदै जान्छ । संवादलाई अग्रता दिने काम त्यही परिचय सोध्ने प्रसङ्गले गरेको छ । स्वाभाविक रूपमा आएका निपात, विस्मायादीबोधक चिह्नले संवादलाई अझ मीठो बनाउने कार्य गरेका छन् । संवादकै माध्यमबाट कथा अगाडि बढेकोले संवादको प्रयोग उचित रहेको छ । संवादले कथालाई पूर्णता प्रदान गरेको छ ।

**परिवेश**

कथाकार ब्राजाकीले आफ्नो कथाको विषय नेपाली समाजबाट नै टिप्ने गरेको पाइन्छ । नेपाली समाजबाट टिपेका विषयलाई नेपाली परिवेश नै दिनु पनि उनको विशेषता हो । यस कथामा परिवेशका रूपमा काठमाडौंका चक्रपथ भित्रको एउटा सामान्य रक्सी भट्टीमा मैनबत्तीको उज्यालामा रक्सी खाएको परिवेशलाई कथाले अँगालेको छ । साँझको समयको जानकारी मैनबत्तीका प्रसङ्गले खोलेको छ । यसरी आएको सामान्य होटल र साँझको समयले कथामा घटना घट्न उपयुक्त परिवेश प्रदान गरेको छ । सामान्य होटल भएको हुँदा रक्सी खाएर गफ चुट्न सजिलो भएको छ भने साँझको समय र मैनबत्तीको उज्यालामा वास्तविकता लुकाउन सजिलो भएको छ । साँझको धमिलो परिवेश आफैँमा अपारदर्शी हुने हुँदा मान्छेमा निहित अपारदर्शीता जनाउन सफल भएको छ । मैनबत्तीको उज्यालोले जसरी पूर्ण उज्यालो दिन सक्दैन, त्यसैगरी ऊ पात्रले आफ्नो पूर्ण परिचय दिन सक्दैन । यसरी बाह्य परिवेशका रूपमा आएको सामान्य होटलको अवस्थितिले व्यक्तिको आन्तरिक परिवेश उद्घाटन गर्न सहयोग गरेकाले कथाको परिवेश विधान उपयुक्त देखिन्छ ।

**उद्देश्य**

कथाकार ब्राजाकीद्वारा लिखित पारदर्शी मान्छे कथाले पारदर्शिताका नाममा आफ्नो वास्तविकता लुकाएर छद्म भेषमा सोझासादा जनतालाई ठग्ने प्रवृत्तिप्रति तीव्र व्यङ्ग्य प्रहार गरेको छ । देशमा प्रजातन्त्रको र पारदर्शिताको नाममा विकसित भइरहेको गलत संस्कारलाई कथाले व्यङ्ग्य गर्न खोजेको छ । सामान्य रक्सी भट्टीमा भेट भएका पात्रद्वारा समग्र नेपाली राजनीतिमा देखिएको अपारदर्शी संस्कृतिप्रति आलोचना गर्नु कथाको उद्देश्य रहेको देखिन्छ । 'म' पात्रले परिचय सोध्दा आफूलाई हरेक किसिमबाट ठूलो भएको पुष्टि गर्न खोज्ने 'ऊ' पात्रले अन्त्यसम्म पनि म यो हुँ भनेर भन्न चाहँदैन, तर उसले आफू पटक-पटक पारदर्शी मान्छे हुँ, सार्वजनिक जीवनमा पारदर्शी हुनुपर्छ भन्छ । अन्त्यमा तेस्रो पात्रले "मान्छेको संस्कार नै उसको वास्तविक परिचय हो र यिनको परिचय यिनको अगाडि छैन पछाडि छ, ल हेर्नुस् !" (पृ. ४) भनेर बनाएपछि 'म' पात्रले 'ऊ' पात्रको पछाडि निकै कालो बाक्लो अपारदर्शी छायाँ देख्छ । मान्छेले आफूलाई जतिसुकै पारदर्शी हुँ भनेर बताए पनि 'ऊ' साँचो अर्थमा पारदर्शी छैन भनेर देखाउन खोजिएको यो कथा निम्न उद्देश्यमा आधारित छः-

- राजनीतिक क्षेत्रमा विद्यमान अपारदर्शिताको वास्तविकता खोल्नु,
- समाजमा ठूलाबडा भनाउँदाले सोझालाई ठग्ने प्रवृत्तिको आलोचना गर्नु,
- मान्छे के हो भन्ने कुरा उसको संस्कारले पुष्टि गर्छ भन्ने देखाउँनु,
- अरूको आडमा आफूलाई पावरवाला बनाउने संस्कृतिप्रति व्यङ्ग्य गर्नु ।

**दृष्टिबिन्दु**

प्रस्तुत कथामा 'म' पात्र मुख्य केन्द्रमा आएको छ । 'म' पात्रले 'ऊ' पात्रको परिचय जान्ने इच्छाअनुसार 'क्षमा गर्नुहोला, यहाँको परिचय पाउन सक्छु?' (पृ. १) भनेपछि त्यही प्रश्नको केन्द्रमा कथा अगाडि बढेको छ । कथा अगाडि बढ्दै जाँदा 'म' पात्रलाई 'ऊ' पात्रले परिचय दिँदै आफ्नो घरको बारेमा बताउँछ र देख्नु भो भनेर सोध्दछन् । 'म' पात्रको विचार त्यतिखेर यसरी प्रकट भएको छ 'उसले देख्नु भो त भनेपछि मैले देखेँ ।' (पृ. २) तर ठम्याउन सकिन । रिङरोडवारि नै टाढाको थुम्कोमा दस-बीसवटा नयाँ बनेका घरहरू गुजुमुज्ज थिए । राताराता घरहरू पनि चारपाँचवटा थिए । कुनचाहिँ हो कुन्नि तापनि भने 'अँ देखें' ( पृ. २) यसरी कथा 'म' पात्रकै केन्द्रीयतामा अगाडि बढेको छ । 'ऊ' पात्रले परिचय दिंदा व्यक्त गरेका कुरा 'म' पात्रलाई परेका प्रभावहरूकै कोठाबाट कथाले अग्रता लिएको छ । कथाले अग्रता लिँदै जाँदा "मैले उसका कुरा अझै अगाडि सुन्न सकिनँ । किनभने मलाई अब यसले नोकरी लगाइदिन्छ कि भन्ने आस पलाउन थालेकोले मख्ख पर्दै थिएँ" भन्दै 'म' पात्रकै मानसिक संवेगलाई कथाले देखाएको छ । कथाको अन्त्यमा 'म' पात्रले "मैले आफू सामु बसेको व्यक्तिको पछाडि हेरेँ, त्यहाँ मेरो सामु बसेको मान्छेकै छायाँ रहेछ-निकै बाक्लो, कालो र अपारदर्शी" (पृ.१) भन्दै आफ्ना विचार राखेबाट पनि कथाको दृष्टिबिन्दु पात्र 'म' हो । 'म' पात्रकै मानसिकता र विचारमा कथा आएकोले प्रथमपुरुष केन्द्रीय आन्तरिक दृष्टिबिन्दु हुन पुगेको छ ।

**भाषाशैली**

नयाँ-नयाँ विषयक्षेत्रको खोज गरी त्यस विषयलाई नयाँ-नयाँ शैलीमा प्रस्तुत गर्नु ब्राजाकीको विशेषता हो । यस कथामा पनि कथाकारले वर्णनात्मक शैलीलाई नलिएर संवादात्मक शैलीमा कथालाई अगाडि बढाएका छन् । एउटै प्रश्नको उत्तरको खोजमा सारा कथालाई पूर्णता दिनु नवीन शैली भएर आएको छ । रैखिक किसिममा कथालाई आदि, मध्य र अन्त्यको कथानक ढाँचामा प्रस्तुत गरेको हुनाले कथाले संवृत शैली प्राप्त गरेको छ । यस कथाको भाषा प्रयोगलाई हेर्दा सहज र सरल भाषाको प्रयोग पाइन्छ । पात्रको स्तर अनुकूल संवादले कथा रोचक भएको छ । म पात्रले बोलेको "ठीक मर्जी भो, उसो भए हजुरको परिचय पाउन !" (पृ. ४) तेस्रो पात्रले बालेको किन नआउनु भू.पू. जिम्दारसाप भएपछि ।" (पृ. ३) र ऊ पात्रले बोलेको "उसो त मलाई धेरैले चिन्छन्, तपाईं नौलो पर्नु भो क्यारे ! मेरो घर ........ ।" (पृ. २) जस्ता स्वाभाविक भनाइले भाषालाई मीठो बनाएको छ । कथामा प्रयोग भएका वाक्य संरचना हेर्दा छोटा, सरल र मिश्रित दुबै खाले वाक्यको प्रयोग भेटिन्छ । भाषिक स्वाभाविकता ल्याउन, यसो, कसो, कुन्नि, त, नि, एहे !, ए ! अँ-अँ, ल, लत, जस्ता शब्द र निपातको प्रयोग पनि गरिएको छ । कथ्य भाषाका जिम्दार, ठयाक्कै, गाहकी, ठ्याम्मै, कोदालीपाते, धोकेको जस्ता शब्दले भाषालाई अझ मीठो बनाएका छन् । शब्द चयनलाई हेर्दा कथामा डिस एन्टेना, सोलार प्यानल, हाईस्कुल, टेबुल, गार्मेन्ट फ्याक्ट्री, एस.पी. जस्ता अङ्ग्रेजी

शब्दको प्रयोग पनि रहेको छ । यस कथामा बिम्ब र प्रतीकको खासै प्रयोग देखिंदैन । समग्रमा भन्नुपर्दा कथाको भाषाशैली संवृत खालको रहेको छ ।

'पारदर्शी मान्छे' शीर्षकको यस कथाले मानिसमा देखिएको अपारदर्शी प्रवृत्तिको तीव्र व्यङ्ग्य गरेको छ । जुन मान्छेले आफूलाई पारदर्शी बताएको थियो, त्यसका पछाडि बाक्लो कालो र अपारदर्शी छायाँ देखिनुले उसलाई उपारदर्शी प्रमाणित गरेको छ । मान्छे पारदर्शी छैन भन्ने देखाउन कथा सफल भएकोले शीर्षक सार्थक रहेको छ । समाजमा देखिएका आडम्बरी प्रवृत्तिलाई सरल भाषाशैलीको प्रयोग र सीमित पात्रको प्रयोगद्वारा व्यङ्ग्य गर्न सफल भएकोले कथा उत्कृष्ट बन्न पुगेको छ । समाजमा देखिएका आडम्बरी प्रवृत्ति र अपारदर्शी प्रवृत्तिप्रति सचेत गराउनु कथाको उद्देश्य रहेको छ । समसामयिक यथार्थतालाई समेट्न कथा सफल भएकोले उच्च बन्न पुगेको छ ।

## ४.२ 'उनी, जूनी र खाली हात' कथाको विश्लेषण

**कथावस्तु**

मनु ब्राजाकी सामाजिक यथार्थवादी कथाकार हुन् । समाजमा देखिएका विकृति विसङ्गतिलाई कथावस्तु बनाएर त्यसप्रति व्यङ्ग्य गर्नु उनको विशेषता हो । यस 'उनी, जूनी र खाली हात' कथामा कथाकारले समाजमा देखिएका तमाम विकृतिहरूलाई विषयका रूपमा समेटेका छन् । बिहान घरबाट निस्केको 'म' पात्र साँझ घरमा फर्किन नचाहँदा-नचाहँदै पनि खाली हात फर्किन बाध्य छ । कथामा आएको 'म' पात्रले दिउँसो स्वदेश नाउँको गल्लीमा घुम्दा देखेका र भोगेका प्रत्येक घटनाहरू प्रत्येक सिंढी चढ्दै जाँदा सम्झेको छ । प्रत्येक घटनालाई दुई पाटोको दृश्य भन्दै नाटकीय मञ्चको आयोजनासहित प्रस्तुत गरिएको छ । यसरी आएका प्रत्येक दृश्यले नयाँ विषयवस्तुलाई सङ्केत गरेका छन् । जसलाई यहाँ देखाइएको छ । 'दिउँसो टुँडिखेलमा आफ्ना स्वदेशी नेताहरूको उच्च राजनैतिक र तुच्छ कुट्नैतिक भाषण एकछिन सुनेँ । त्यो सुनेर आफैसित घृणा लाग्यो र नाटक हेर्न एउटा गल्लीभित्र छिरेँ । कुनै नेतालाई कतैबाट पनि चिनिनँ । नचिनेकै बेस । 'अँ नाटक राम्रै थियो, आफू र आफ्नै स्वदेश जस्तै' (पृ. ६), भन्दै 'म' पात्रले पहिलो दुई पाटोको दृश्यलाई प्रस्तुत गरेको छ । पहिलो दुईपाटोको दृश्यमा म पात्रसँग उनी पात्रको स्वदेश नाउ गरेको यस गल्लीको मध्य भागमा भेट भएका छन् । म पात्र र उनीबीच संवाद हुन्छ । यस संवादबाट कथाले देशमा चलेको विदेशीहरूको चलखेललाई देखाउन खोजेको छ । यस दृश्यमा संवादमार्फत उनीले 'गधा' हाम्रो स्वदेशमा सम्पूर्ण विदेश अटाएपछि घर नगए कहाँ जाने त?" (पृ. ६) भनेको प्रसङ्गले यसलाई पुष्टि गर्छ । नेपाली समाजमा हावी हुँदै गएको विदेशी संस्कृतिलाई पनि माथिको प्रसङ्गले सङ्केत गरेको छ, त्यसैले पहिलो दुई पाटोको दृश्यको विषयवस्तु विदेशी संस्कार र संस्कृतिको विरोध रहेको छ । दोस्रो दुई पाटोको दृश्यमा समाजमा हावी हुँदै गएको यौन विकृतिलाई विषयवस्तु बनाइएको छ । उही स्वदेशकै गल्लीमा उनीसँग जुनी पनि छ र 'म' पात्रको भेट भएपछि 'म' पात्रले 'हेल्लो ! बम्बैबाट कैले फर्केको मैया' (पृ. ७) भनेर प्रश्न गरेको छ । 'म' पात्रको प्रश्नको उत्तर उनीले दिंदै "यो तिम्री मैया होइन, मेरी जानुकी हो, खसोखास मेरी जोई जानुकी । यसलाई यसको दाजु र मैले लाहुर पठाएका थियौं । पठाउँदा तीस हजार मेरो र दस हजार यसको दाजुको अहिले त झन फर्किदा कुम्लो-कुटुरो बोकेर आएकी छे । छिट्टै फर्किन्छे, दस-बीसओटी जूनतारा अझै खोज् त यार, खाली हात ! भनेका छन् । यी प्रसङ्गले नेपाली चेलीले विदेशी भूमिमा यौन व्यापार गरेर रोग लिएर स्वदेश भित्रिएको र दलालहरूले चेलीलाई विदेशी भूमिमा विक्री गरिरहेको विषयलाई समेटेका छन्, त्यसैले दोस्रो दृश्यको विषयवस्तु यौन विकृति र चेलीबेटी बेचविखन रहेको छ । तेस्रो दुईपाटोको दृश्यमा नेपाली युवामा देखिएको विदेशीने प्रवृत्तिलाई विषयवस्तु बनाइएको छ । आफ्नो घर सम्पत्ति बन्धकी राखेर विदेशिन चाहने प्रवृत्तिले गर्दा

देशमा विकसित भएका दलाली प्रवृत्ति प्रति यहाँ व्यङ्ग्य गर्न खोजिएको छ । 'उनी' पात्रले 'उसो भए अरब इमिरेट्स, कुवेत, कतार, बहरिन र ओमनका मरुभूमिमा सुतुरमुर्ग बन्न, मलेसिया र फिलिपिन्सका जेलहरूमा बसीबसी खान, कोरिया सोरियाका कारखानामा हातखुट्टा गुमाउन अर्थात मेरा प्यरा भाइहरू हो ! स्वदेशको नवनिर्माण गर्न यिनै देश जाने हो ?' (पृ. ९) भनेर सोध्दा "जाने हो ! जाने हो !! जाने हो !!!" (पृ. ९) भन्दै डुकुलट्टकहरूले कोरस गाएबाट यसको पुष्टि हुन्छ । चौथो दुईपाटोको दृश्यमा कविका प्रसङ्ग उठाएर साहित्यकारका समस्यालाई चित्रण गर्न खोजिएको छ । म पात्रलाई भेट्टाएर कविले गोजी छामेको तर गोजी खाली भएकोले सस्तो होटेलमा उधारो ऐला-छोइला खाएका कुराले साहित्यकारको समस्यालाई विषयले छोएको छ भने कविज्यूले कवितामा व्यक्त गरेका भावहरू यस्ता छन्:-

"अब जङ्गल छैन कतै
छ यो मानव जङ्गल छ
बाघहरू कुकुरमा अनुवाद भइसके
......................
विदेशी एड खाएका बुद्धिजीविहरू
देशको भविष्य उज्वल देख्दै छन् ।
कागहरूझैं एनजिओ र आइएन्जिओका
रछ्यानरछ्यान चाहार्दै छन्
छेपाराहरू मयलपोस-सुरुवाल र ढाका ढोपी लगाएर
भाषण र उपदेश फलाक्दै छन् ।........." (पृ. १०)

यी प्रसङ्गहरूले अवसरवादी प्रवृति, मागेर खानेप्रवृत्ति, विज्ञापन प्रवृत्ति आदि प्रति व्यङ्ग्य गरेको छ । पाँचौ दुई पाटोको दृश्यमा राजनीति क्षेत्रलाई मुख्य विषयवस्तु बनाइएको छ । राजनीतिमा पक्ष र विपक्षका बीचमा हुने बाझाबाझ र घूस प्रवृत्तिलाई यहाँ देखाएको छ । " मेलमिलाप ! मिलीजुली खान, बाँडीचुँडी खान, भुस्याहाहरूलाई स्वर्ग लैजान ।" (पृ. ११) "राष्ट्रिय सहमति तलव भत्ता बढाउन, सुखसुविधा पाउन, भुस्याहाहरूलाई स्वर्ग देखाउन ।" (पृ. ११) भन्ने कुराले राजनीति क्षेत्रमा देखिएको विकृतिलाई देखाइरहेको छ ।

यसरी पाँच दृश्य घरको सिंढी चद्दा सम्झिएपछि ऊ पात्र घरको बार्दलीमा निस्किन्छ, त्यहाँ पुग्दा म पात्रले नाटकका पात्र भएका उनी र जूनीलाई देख्छ, सँगै आफूलाई पनि देख्छ । समग्रमा भन्नुपर्दा चेतनाप्रवाह शैलीमा प्रस्तुत यस कथाले नाटक शैलीलाई अँगालेर समाजमा देखिएका विदेशी संस्कृतिप्रतिको मोह, यौन विकृति र चेलीबेटी बेचविखन, युवाहरूको विदेश पलायन, दलाली प्रवृत्ति, अवसरवादी प्रवृत्ति, मागीखाने प्रवृत्ति, राजनैतिक विसङ्गति आदिलाई विषयवस्तु बनाएको छ ।

**चरित्रचित्रण**

यस कथामा मुख्य रूपमा उनी, जुनी र म (खाली हात) गरी तीन जना चरित्रको भूमिका रहेको छ । म पात्र घरबाट निस्केर गएपछि पहिलो दृश्यमा उनीसित भेट हुन्छ र दोस्रो दृश्यमा जूनी पनि मिसिन आएकी छ । उनी पात्र प्रत्येक दृश्यमा छुट्टै रूपमा आएका छन् । पहिलो दृश्यमा गाउँलेका रूपमा, दोस्रोमा दलालका रूपमा, तेस्रोमा म्यानपावर सप्लाईका सर्वेसर्वा र समाजसेवकका रूपमा, चौथोमा कविका रूपमा र पाँचौंमा राजनैतिक व्यक्तिका रूपमा । कथामा आएका यी तीन पात्रलाई कार्यव्यापारका दृष्टिले हेर्दा म र उनी प्रमुख पात्रका रूपमा आएका छन् । जूनी सहायक पात्रका रूपमा आएकी छे । कथाका प्रत्येक दृश्य म पात्र र 'ऊ' पात्रकै केन्द्रमा अगाडि बढेकोले उनी प्रमुख पात्र हुन् भने जूनीले कथालाई गति दिन थप सहयोग गरेकीले सहायक पात्र हो । सन्दर्भमा चर्चा गरिएका डुकुलण्ठु केटालाई गौण पात्रका रूपमा लिन सकिन्छ । आसन्नता र आबद्धताका कोणबाट हेर्दा कथामा आएका म, उनी जूनी र डुकुलण्ठु केटाहरू मञ्चीय र बद्ध पात्र हुन् । जीवनचेतनाका आधारमा हेर्दा कथामा आएका सबै पात्र वर्गीय पात्र हुन् । 'म' पात्र सचेत, बेरोजगार र खाली हात भएको गरी पात्रको प्रतिनिधि हो भने जूनी विदेशमा यौन व्यापर गरेर गोनोरिया, सिफलिस र एड्सको कोसेली बोकेर स्वदेश फिर्ता भएकी नारी चरित्रकी प्रतिनिधि हो । उनी पात्रले हरेक क्षेत्र ओगट्ने मध्यम वर्गको प्रतिनिधि हो, उसले ठाउँ अनुसार कहीँ कवि, कहीँ गाउँले, कहीँ चेलीबेटी बेच्ने दलाल, कहीँ मान्छे विदेश पठाउने दलाल र कहीँ राजनीतिज्ञ भएर आएको छ । कथामा आएका यिनै तीनपात्रले कथालाई अगाडि बढाएका छन् । कथामा पात्रले निभाएको भूमिकालाई हेर्दा म पात्र सम्भावनाको खोजी गर्दै हिडेको खालीहात चरित्रको रूपमा चित्रित छ भने उनी हरेक क्षेत्रमा क्रियाशील दलाल कवि राजनीतिज्ञ र स्वार्थीपात्रका रूपमा चित्रित छ । "दस-बीसओटी जूनतारा अझै खोज् न यार खाली हात !" (पृ. ७) भनेबाट ऊ चेलीबेटी बेच्ने दलाल भएको पुष्टि हुन्छ भने केटाहरूलाई विदेश पठाउन "योग्यता? आ-आफ्ना योग्यता भन्नुस्, भाइहरू !" (पृ. ९) 'अब जङ्गल छैन कतै, छ, यो मानव जङ्गल छ ....' (पृ. १०) भन्दै कविता भनेबाट कवि पुष्टिन्छ भने 'मेलमिलाप ! मेलमिलाप' भन्दै राष्ट्रिय सहमतिमा जोड दिएबाट राजनीतिज्ञ भएको पुष्टिन्छ । कथामा आएका पात्रहरूले कथालाई अगाडि बढाउन र पूर्णता दिन सहयोग गरेकाले चरित्रचित्रण सबल रहेको छ ।

**संवाद**

प्रस्तुत 'उनी, जूनी र खाली हात' शीर्षकमा संवाद पक्ष हेर्दा सर्वप्रथम मनोवादलाई देखिन्छ । म पात्रले आफ्नो मनोवाद कथाको आरम्भमा "भरे फर्किदा म घर आइपुगेछु । त्यही घरमा जहाँबाट म प्रत्येक विहान भाग्ने गर्छु र साँझपरेपछि फर्केर आउने गर्छु ।" (पृ. ११) भन्दै व्यक्त गरेको छ । 'म' पात्रकै मनोद्वन्द्वमा कथा अगाडि बढ्दै जाँदा 'म' पात्रले दिउँसो हेरेको स्वदेशको गल्लीको नाटकलाई सम्झिएपछि प्रत्येक दृश्यमा कथा अगाडि बढ्छ र त्यहाँ संवाद

आउँछ । संवादमा मुख्य रूपमा ‘म’ (खालीहात), उनी र जूनी सहभागी हुन्छन् । प्रत्येक दृश्यमा देखिएका संवादलाई हेर्दा संवाद पक्ष अलि जटिल र अस्पष्ट खालको देखिन्छ । संवाद जटिल भएको उदाहरण यस्तो छ :- “गधा, हाम्रो स्वदेशमा सम्पूर्ण विश्व अटाएपछि घर नगए कहाँ जाने त ?” (पृ. ६) साँच्चि रिसाउँदै- उनी घरमा पनि छरछिमेक अटाउला नि ।” (जङ्गिदै) - म

“गोनोरिया छ ?” - म ।

“कोसेली छ ।” (मधुरो स्वरमा) - जूनी ।

“सिफलिस छ ।” - म (पृ. ७)

संवादमा देखिएका स्वाभाविक उतार चढावले कथालाई अझ मीठो बनाएका छन् । संवादमा पात्रको भाषिक स्वाभाविकता सिर्जना गर्न निपात, विस्मयादिबोधक चिह्न आदिको प्रयोग गरिएकाले संवाद यथार्थ बन्न पुगेको छ । संवादकै माध्यमद्वारा प्रत्येक घटनाका क्रियाव्यापार अगाडि बढेकोले कथामा संवादको भूमिका महत्त्वपूर्ण रहेको छ । संवादकै माध्यमद्वारा पात्रका चरित्रको उद्‌घाटन पनि भएको छ । त्यसैले कथामा संवादपक्ष सशक्त रहेको छ ।

**परिवेश**

ब्राजाकी समाजवादी कथाकार भएकाले उनले कथाका कथावस्तु समाजबाट लिने गर्दछन् । समाजबाट लिएका कथालाई सामाजिक पृष्टभूमिमै घटित गराउनु उनको विशेषता हो । यस कथामा कथाकारले मूलतः सहरी परिवेशलाई लिएका छन् । कथामा आएको मुख्य परिवेश म पात्रको घरको रहेको छ । म पात्रले ‘भरे फर्किदा म घर आइपुगेछु’ (पृ. ५) भन्दै ‘म’ पात्रले कथालाई अगाडि बढाएकाले घर परिवेशका रूपमा आएको छ । ‘म’ पात्रले “आफ्नो घर वरिपरिको परिवेशलाई ‘घर अगाडिको त्यसखाली ठाउँमा छरछिमेकका केटाकेटीहरूद्वारा लुछिएका र निमोठिएका केही ससाना फूलका बोटहरू छन्, फूलपात केही छैन, मात्र बोटहरू छन् । घरको शोभा बढाउन भने एउटा मझौला खालको झण्डै एकमान्छे जति अग्लो बोट पनि छ ।’ (पृ. ५) भन्दै चित्रण गरेको छ । यी माथिका प्रसङ्गले ‘म’ पात्रको आन्तरिक अवस्था उजागर गर्न सहयोग गरेका छन् । ‘म’ पात्र खाली हात बेरोजगार र नीरस छ भन्ने देखाउन उजाड परिवेश सफल रहेको छ । जाडो बढ्दै छ । तुसारो पर्दैछ । हिउँ परिहाल्या छैन भन्ने पनि उजाड र नीरस परिवेशलाई देखाएकोले ‘म’ पात्रको आन्तरिक परिवेशलाई उजागर गर्न सफल भएको छ । यस्तै बाह्य परिवेशका पृष्ठभूमिमा ‘म’ पात्रले पाँचवटा दृश्य सम्झेको छ, ती प्रत्येक दृश्यको छुट्टै परिवेश रहेको छ, जसले कथामा भएका पात्रका आन्तरिक परिवेश चित्रण गर्न र कथालाई आधारभूमि प्रदान गर्न राम्रो सहयोग पुऱ्याएका छन् । पहिलो दुईपाटोको दृश्यमा नकोरेको कपाल, नसिँगारिएको अनुहार र नसजाइएको पोसाकसहित उनी स्वदेश नाउँ गरेको यस गल्लीकै मध्य भागमा भेट भए ।’ (पृ. ६) भन्ने सहरी परिवेश आएको छ । यसरी आएको यो परिवेशले दृश्यमा आएको विदेशी संस्कृति, अस्तव्यस्त राष्ट्रको अवस्थाका विषयलाई

उजिल्याएको छ । दोस्रो दुईपाटोको दृश्यमा “उही स्वदेश नाउँ गरेको गल्ली । उनी, जूनी र म , अति फ्रिकस्ट्रिटको एउटा रेष्टुरेष्ट । हे बेबी, लभ मी विदाउट लभ एण्ड सेक्स ....... हे बेबीको कोलाहलपूर्ण सङ्गीत, सबै चर्को स्वरमा कुरा गर्दै छन्” (पृ. ७) भन्दै परिवेशको चित्रण गरिएको छ । यो परिवेशले उक्त दृश्यले समेटेको यौन व्यापार, चेलीबेटी ओसारपसार र दलालीको विषयवस्तुलाई चिनाउन सहयोग गरेको छ । वास्तवमा यस्तै रेष्टुरेन्टहरूमा यौन कारोबार हुने गर्दछ । तेस्रो दुई पाटोको दृश्य उही स्वदेश नामको गल्ली । ‘म’ उनी र केही पढेलेखेका डुकुलण्ठु केटाहरू । उधारो चिया र उधारो गफ चुट्न पाइने सानो चियापसल । एउटा कुनामा खोक्दै गरेको बूढो चियापसले, कित्लीबाट चिया खन्याएर हाँस्दै गरेकी तरुनी चियापसल्नी, बाउ र छोरी भनेर परिवेश आएको छ । यो परिवेशले बेरोजगार युवाको जमघट र मेनपावर सप्लाई गर्ने दलाललाई कार्य गर्न राम्रो पृष्टभूमि प्रदान गरेको छ । चौथो दुईपाटोको दृश्यमा “उही स्वदेश नाउँको गल्ली र सानो ऐला छोएला र कचिलाको पसल परिवेशमा आएको छ । यो परिवेशले रक्सी खाएर गफ चुट्न, कविता फलाक्न र राष्ट्रिय समस्या देखाउन दृश्यमा नि ‘उही स्वदेश नाउँको गल्लीको अन्तिम भाग । गल्लीको देब्रेतिरको पर्खालमा बसेर एउटा रातो बुलडग जोडतोडले भुक्दै छ । गल्लीको दाहिनेतिरको पर्खालमा बसेर अर्को जङ्गी सेतो एलसिसियन पनि जोडतोडाले भुक्दै छ । दुबै एकअर्कातिर फर्केर भुक्दैछन् । गल्लीको माझमा एक हुल भुस्याहा कुकुरहरू भय आतङ्कले पुच्छर टाङ मुनि छिराएर कहिले देब्रेतिर र कहिले दाहिनेतिर हेर्दै क्याइँक्वाइँ गरिरहेछन् । उनी गल्लीको उता छन् म यता छु ।’ (पृ. ९) भन्दै परिवेश चित्रण गरिएको छ । परिवेशमा देखाइएको दोहोरो कुकुर भुकाइ र भुस्याहा कुकुरका चित्रणले दृश्यले राजनैतिक बाझाबाझ र जनताको अवस्थालाई उजागर गर्न सफल भएको छ ।

यसरी यस कथामा आएका विभिन्न बाह्य परिवेशले आन्तरिक परिवेशलाई उजागर गर्न सहयोग गरेका छन् । उनी स्वदेश नाउँको गल्ली भन्ने प्रसङ्गले सबै देशलाई नै परिवेश बनाउन खोजेको अर्थ समेत खुल्छ । कथालाई पूर्णता दिन र घटनालाई आधारभूमि प्रदान गर्ने गरिएको परिवेश चित्रण अत्यन्तै अनुकूल छ ।

**उद्देश्य**

मनु ब्राजाकीको ‘उनी, जूनी र खाली हात’, कथाले समाजमा देखिएका तमाम समस्यालाई कथावस्तु बनाएको छ । दिनभरि सडकमा घुमेर साँझ घरमा खाली हात फर्केको ‘म’ पात्रले घरको सिंढी उक्लिदा आफूले दिउँसो नाटक हेर्न भनेर स्वदेश नाउँको गल्लीमा छिरेपछिको नाटक भन्दै पाँचवटा दृश्यलाई सम्झेको छ । यिनै पाँच दृश्यमा कथाले देशमा देखिएको विदेशी संस्कृतिप्रतिको मोह, यौन व्यापार, युवाहरूको विदेश पलायन, चेलीबेटी बेचविखन र दलाली प्रथा, अवसरवादी प्रवृत्ति मागीखाने प्रवृत्ति, राजनैतिक विचलन जस्ता तमाम कुरालाई विषय अन्तर्गत समेटिएको छ । एउटै कथामा देशमा देखिएका तमाम विकृति,

विसङ्गति प्रति आलोचना गरिएको छ । मुख्य रूपमा सहरी परिवेशमा रहेका विकृति, सामाजिक विकृति र राजनैतिक विकृतिप्रति कथाले तीब्र व्यङ्ग्य गरेको छ । प्रस्तुत कथाले लिएका मुख्य उद्देश्यहरू निम्न बुँदामा देखाउन सकिन्छ ।

- देशमा हावी हुँदै गइरहेको विदेसी संस्कृतिप्रतिको मोहलाई चित्रण गर्नु,
- नारीमा देखिएका यौन विकृति र चेलीबेटी बेचविखनप्रति आलोचना गर्नु,
- युवाहरूमा देखिएको विदेश पलायन हुने प्रवृत्तिको विरोध गर्नु,
- देशमा देखिएका अवसरवादी प्रवृत्ति, मागीखाने प्रवृत्ति र प्रचारवादी प्रवृत्तिप्रति व्यङ्ग्य गर्नु,
- राष्ट्रिय राजनीतिमा देखिएका घूसखोरी, कमिशनतन्त्र, सुविधाभोगी प्रवृत्तिको आलोचना गर्नु,

**दृष्टिबिन्दु**

प्रस्तुत 'उनी, जूनी र खाली हात' कथामा 'म' पात्र खाली हातका रूपमा चित्रित छ । यही 'म' पात्रकै केन्द्रीयतामा कथा अगाडि बढेको छ । कथाको आरम्भमा 'म' पात्रले "खाली हात म घर आइपुग्दा देखें, त्यो बोट जसलाई म चिन्दिनँ, विहान निस्किँदा त्यसमा जम्मा सातओटा पात थिए । अहिले तीनओटा झरेर मात्र चारओटा बाँकी रहेछन् भला !" (पृ. ५) भन्दै आफ्ना विचारहरू राखेको छ । कथालाई अगाडि बढाउन 'म' पात्रले आफ्नै घरको खुड्किलो उक्लिँदा "अतः माथिजाने पक्की भऱ्याङको दुई खुड्किलो उक्लिएपछि म दिउँसोको नाटक सम्झिन थाल्छु" (पृ. ६) भन्दै कथामा दृश्यलाई सम्झेको छ । 'म' पात्रकै केन्द्रीयतामा कथाका दृश्यहरू आएका छन् । खुड्किलो चढ्दा सोचेका दृश्यमा पनि 'म' पात्र एक महत्त्वपूर्ण भूमिकामा रहेको छ । खुड्किलो चढेर बार्दलीमा पुगेको म पात्रले "बार्दलीमा आइपुग्नासाथ त्यहाँको दृश्य देखेर म किंकर्तव्यविमूढ भएँ ।" भन्दै आफ्ना विचारहरू पोखेको छ । म पात्रकै केन्द्रीयतामा कथाले पूर्णता पाएको हुँदा र म पात्रकै विचार र मानसिकता कथामा आएको हुँदा कथाको दृष्टिबिन्दु प्रथम पुरुष केन्द्रीय रहेको छ ।

**भाषाशैली**

प्रस्तुत कथाको भाषाशैलीलाई केलाउँदा कथामा मिश्रित किसिमको भाषा प्रयोग भएको देखिन्छ । कथामा आएको भाषा सरल र आलङ्कारिक दुबै खालको रहेको पाइन्छ, कथामा आएको "भरे फर्किदा म घर आइपुगेछु । त्यही घरमा जहाँबाट म प्रत्येक बिहान भाग्ने गर्छु र साँझ परेपछि फर्केर आउने गर्छु ।" (पृ. ६) भन्ने भनाइले सोझो र सरल भाषालाई देखाएको छ भने "रङविरङका एक हूल सुगाहरू रहेछन् - सीता-राम कहो भन्दै कराइरहेका । कागहरू रहेछन्, रछ्यानबाट टिपिएका हड्डीका टुक्रा चुच्चोमा च्यापेर रमाइरहेका .......... ।" (पृ. ११) भन्ने वाक्यहरूले आलङ्कारिक र व्यङ्ग्यार्थ भाषालाई देखाएका छन् । कथामा आएका

संवादहरू स्वाभाविक खालका छन् । पात्रले स्वाभाविक किसिमले बोलेका भनाइहरू सरल र जटिल दुवै खालका रहेका छन् । सरल रूपमा आएको संवाद यस्तो छ :-

"नमस्कार हजुर ।" - सबै पढेलेखेका डुकुलन्ठू केटाहरूको को स्वर

"कहाँ जाने ?"- (टाई मिलाउँदै) - उनी (पृ. ८)

जटिल किसिमबाट प्रस्तुत भएको संवाद यस्तो छ :-

"म विद्वत्ताको लुतो फाल्दै छु !!" - (रुँदै चिच्याउँदै) - उनी

"कविज्यू, तपाईंको नाम पट्टु हो ?" - म (पृ. १०)

यसरी देखिएका जटिल र अस्पष्ट संवादले गर्दा भाषा जटिल बन्न पुगेको छ । सोभ्रो भाषाको प्रयोग कममात्रमा गरिएको यस कथामा फ्रिकस्ट्रीट, रेष्टुरेन्ट, हे बेबी, लभ मी विदाउट लभ एण्ड सेक्स, मिस्टर, गोनोरिया, सिफलिस, एच.आइ.भी. पोजेटिभजस्ता अङ्ग्रेजी शब्दको प्रयोग पनि गरिएको छ । कथामा ज्यादै मात्रामा घुमाउरो र आलङ्कारिक भाषाको प्रयोग गरिएकाले भाषा दुर्बोध्य बन्न पुगेको छ । शैलीलाई हेर्दा यो कथा 'म' पात्रले भऱ्याङ चढ्दा सम्भेका घटनाबाट अगाडि बढेको हुँदा पूर्वदीप्ति शैलीमा आएको छ । पूर्वदीप्ति शैली भित्र नाटकीयता सिर्जना गरिएको छ । पहिलो दुई पाटोको दृश्य, दोस्रो दुई पाटोको दृश्य भन्दै पाँचौ दृश्यसम्म कथालाई अगाडि बढाइएको छ र प्रत्येक दृश्यमा मञ्च आयोजना गरिएको छ, जस्तो, "उही स्वदेश नाउँ गरेको गल्ली । उनी, जूनी र म, अनि फ्रिकस्ट्रिटको एउटा रेष्टुरेन्ट ।.... ।" (पृ. ७) कथा भित्र नै कविता पनि आएको पाइन्छ । चौथो दुईपाटोको दृश्यमा

अब जङ्गल छैन कतै

छ, यो मानव-जङ्गल छ, ।

बाधाहरू कुकुरमा अनुवाद भइसके

पुच्छर हल्लाउँदै छन्, स्यालका बथानसामु

............................................ (पृ. १०)

भन्दै कविताको प्रयोग भएको छ । यसरी हेर्दा कथाको भाषाशैली बर्तुलित किसिमको रहेको पुष्टि हुन्छ । वाक्यगठन र शब्द चयनमा देखिएका स्वेच्छिकताले कथालाई दुर्बोध्य बनाएको छ ।

मनु ब्राजाकीद्वारा लिखित 'उनी, जूनी र खाली हात' कथा एउटा विसङ्गतिवादी चिन्तनलाई आधार बनाएर लेखिएको कथा हो । 'म' पात्र खालीहात घर फर्किनु पर्ने वाध्यतालाई उनी र जूनीका प्रसङ्गमा जोडेर देशकै समस्या देखाइएको हुनाले शीर्षक सार्थक छ । सामाजिक, राजनैतिक, नैतिक, आर्थिक, हरेक समस्यालाई यस कथाले कथावस्तु बनाएर समेटेको र सम्पूर्ण देशको चित्र उतार्न सफल रहेकोले कथा उत्कृष्ट बन्न पुगेको छ । राष्ट्रिय समस्यालाई चित्रण गर्न पूर्वदीप्ति र नाटकीय शैली अँगालिएको यस कथाको भाषाशैली विवृत खालको रहेको हुँदा कथा दुर्बोध्य बन्न पुगेको छ । तमाम समस्यामा केन्द्रीत हुन पुगेको यो

कथा मनु ब्राजाकीको यस कथासङ्ग्रह अन्तर्गतको नवीन प्रयोगको जटिल कथा बन्न पुगेको छ । वर्तमानका युगीन विसङ्गतिलाई एउटै कथामा समेट्नुले कथा उच्च बन्न पुगेको छ ।

## ४.३ 'जोरपैयुँ', कथाको विश्लेषण

### कथावस्तु

मनु ब्राजाकी सामाजिक यथार्थवादी कथाकार हुन् यसैले कथाका कथावस्तु समाजबाट टिप्ने गर्छन् । समाजमा रहेका विकृति विसङ्गति आदिलाई केलाएर त्यसमाथि व्यङ्ग्य गर्नु उनको विशेषता हो । यस "जोरपैंयुँ कथामा सामाजिक संस्कार भित्र रहेका विकृति विसङ्गतिलाई मूल कथावस्तुका रूपमा लिएको छ । हरिनारायण पण्डित बाजे, देवराम शास्त्री र नीलम जस्ता पात्रलाई उभ्याएर समाजमा रहेको छुवाछुत, वर्ण व्यवस्था, वर्ग व्यवस्था, धर्म, नारी समस्या आदिका बारेमा आलोचना गर्नु यस कथाको विषय क्षेत्र हो । यस कथामा देवराम शास्त्री र नीलमबीचको प्रसङ्गलाई मूल रूपमा उभ्याएर अरू विषयप्रति टिप्पणी गरेको पाइन्छ । देवराम शास्त्री जस्तो दलित वर्गको व्यक्तिसँग नीलम जस्ती उच्चवर्गकी केटीको प्रेम सम्बन्ध देखाउनुले कथा प्रगतिवादी बन्न पुगेको छ । देवराम शास्त्री नीलमलाई प्रेम गर्छ तर सामाजिक संस्कारका कारण उसलाई विवाह गर्ने साहस देखाउन सक्दैन । आफ्नो वास्तविकता लुकाएर बसेको देवरामले कसैलाई जानकारी नदिई गाउँ छोड्न चाहन्छ तर जब नीलम उसको बाटोमा अगाडि आएर प्रश्न बन्छे तब देवरामले आफ्नो वास्तविकता खोल्दै समाजमा रहेको छुवाछुत प्रथालाई यसरी देखाएको छ :- "नीलम म यस समाजको वर्णव्यवस्था अन्तर्गत त्यस स्तरमा राखिएको छु, जसले तिम्रो घरको पिँढी उक्लिन त के छुन पनि पाउँदिन ।" (पृ. २३ ) देवरामले आफ्नो जातीय पहिचान दिएपछि र उसको पेसा नेपाली र संस्कृत शिक्षक भएपछि के तपाईं अझै हिन्दू हुनुहुन्छ भनेर नीलमले धार्मिक प्रश्न उठाएपछि देवरामले धार्मिक क्षेत्रका विसङ्गतिलाई यसरी देखाएका छन्:- "मानवीय मूल्य, मान्यता र मानवतावाद कुनै पनि धर्म विशेषको पेवा होइन । (पृ. २७) आजको मनुष्यले यति बुद्धिमानचाहिँ हुनैपर्छ, जसले गर्दा उसको काम कल्पित कुनै ईश्वर र प्रचलित कुनै धर्मबिना नै सुचारु रूपले चलिरहोस् । म एउटा पिंजडाबाट फुत्केर अर्को पिंजडामा जान चाहन्न । (पृ. २७) धर्मान्तरण भनेको विशुद्ध प्रतिशोध हो । .........." (पृ. २७)

जातीय विभेदजस्तै समाजमा रहेको नारीको अवस्थालाई देवराम प्रति सम्बोधन गर्दै नीलमले यसरी चित्रण गरेकी छेः- "शोषित, पीडित र दलितहरूमध्ये पनि शोषित पीडित र दलित यस समाजमा नारी छे ।" (पृ. २९) अन्तर जातीय प्रेमबाट अगाडि बढेर धेरै विषयको बारेमा कथाले टिप्पणी गरेको छ । समाजबाट भाग्न चाहेको देवरामलाई एक्लै सङ्घर्ष गरेर केही हुँदैन भन्दै नीलमले "तपाईंले काखी च्याप्नुभएको सज्जनताको अहम्को पोको फ्याँक्नुस् ।" (पृ. २९) भन्दै परिवर्तनको लागि क्रान्तिकारी हुन आग्रह गर्छे । अन्त्यमा देवराम हारेर

नीलमलाई अँगाल्न पुग्छ । शिक्षित र सभ्य भएर पनि समाजमा भिड्न डराउने देवरामले नीलमलाई स्वीकार गरेको र नीलमले देवरामसँग जान घर त्यागेको कुराले प्रगतिवादी विचारलाई प्रतिनिधित्व गरेको छ । यसरी समाजमा रहेका विभिन्न विकृति, विसङ्गति, कुरीतिहरूलाई नीलम र देवरामका प्रेमको कसीमा राखेर प्रेमको अगाडि अन्य धेरै कुरा गौण हुन्छन् भनेर देखाइएको छ । जसरी जोरपैयुँमा एउटा नभए अर्कोको अस्तित्व रहँदैन, त्यसैगरी समाजमा एक्लै परिवर्तन गर्न पनि असम्भव रहेको कुरालाई कथाले देखाएको छ ।

**चरित्रचित्रण**

कथामा सामाजिक तथा मानवीय मूल्यको खोजी गर्नु कथाकारको विशेषता भएकोले विभिन्न वर्गका पात्रलाई कथामा समावेश गर्नु ब्राजाकीको वैशिष्ट्य रहेको छ । यस कथामा पनि ब्राजाकीले विभिन्न वर्गका पात्रलाई उभ्याएका छन् । यस कथामा मुख्य भूमिकामा देवराम शास्त्री, नीलम र हरिनारायण पण्डितबाजे आएका छन् । कार्यव्यापारका हिसावमा हेर्दा नीलम र देवराम मुख्य पात्र हुन् । यी दुईको केन्द्रीय भूमिकामा नै कथा अगाडि बढेको छ । हरिनारायण बाजे सहायक पात्र हुन् , उनले कथालाई अगाडि बढाउन सहयोग गरेका छन् ।नेपथ्य पात्रका रूपमा गाउँले र पण्डितनी बज्यैहरू आएका छन् । आसन्नता र आबद्धताका आधारमा हेर्दा सबैपात्र मञ्चीय र बद्ध रहेका छन् । जीवन चेतनाका आधारमा हेर्दा मुख्य भूमिका निर्वाह गर्ने तीनओटै पात्र वर्गीय पात्र हुन् । हरिनारायण बाजे धार्मिक कट्टरता स्वीकार गर्ने पुरातनवादीहरूका प्रतिनिधि पात्र हुन् । उनले “पण्डितज्यू ! तपाईं माध्यमिक विद्यालयको शिक्षक हुनाले, सहर बजार, अफिस कार्यालय धाउनु पर्ने हुनाले र धोती फेरिराख्नुपर्ने झ्याउलोले गर्दा यो प्यान्ट-सर्ट लगाउनु ता ठीकै हो तर कम्मरपेटीचैँ अलि भएन कि ?”(पृ. २४) भनेबाट यो कुरा पुष्टि हुन्छ । देवराम शिक्षित दलित वर्गको प्रतिनिधि हो तर उसले समाजमा परिवर्तन ल्याउन सङघर्ष गर्न डराइरहेको छ । देवराम दलित हो भन्ने कुरा देवरामले भनेका “नीलम ! म यस समाजको वर्णव्यवस्था अन्तर्गत त्यस स्तरमा राखिएको छु, जसले तिम्रो घरको सिँढी उक्लिन त के छुन पनि पाउँदिन ।” (पृ. २३) भन्ने प्रसङ्गले स्पष्ट गरेको छ । नीलम पनि वर्गीय चरित्र हो, उसले समाजका शिक्षित नारीको प्रतिनिधित्व गरेकी छे र भनेकी छे “शोषित, पीडित र दलितहरूमध्ये पनि शोषित, पीडित र दलित यस समाजमा नारी छे ।” ( पृ. २९) प्रवृत्तिगत रूपमा हेर्दा तीनैपात्र गतिशील पात्र हुन् । पुरानो संस्कार बोकेका हरिनारायण बाजेले नीलम र देवरामबीच हिमचीम गराएर उनीहरूको धारणा बुझ्न खोज्नुले उनी गतिशील देखिएका छन् । यसैगरी देवरामले आफ्नो शिक्षकीय दायित्व बोध गर्दै समाजमा सुधार गर्न चाहनु र अन्त्यमा नीलमका कुरामा सहमत हुनुले गतिशील देखिन्छ भने नीलमले देवराम दलित हो भन्ने जान्दा जान्दै पनि सामाजिक संस्कारलाई तिलाञ्जली दिएर उसलाई वरण गर्नुले गतिशील बनेकी छे । कथालाई अगाडि बढाउन पात्रले खेलेको भूमिका अत्यन्तै

राम्रो छ । यसरी सीमित पात्रको प्रयोग गरी कथानकलाई अगाडि बढाउन समाजका विभिन्न पक्षलाई र प्रवृत्तिलाई समेट्न सक्नुले कथाको पात्र विधान निकै सफल रहेको छ ।

**संवाद**

'जोरपैयुँ' शीर्षकको यस कथामा संवाद पक्ष निकै सशक्त देखिन्छ । टाढैबाट आफ्नो घरतिर आएका देवरामलाई देखी पण्डित बाजे तगारोमा पुगी करबद्ध भएपछि देवारमले "नमस्कार पुरेत बा ! कुशलमङगल हुनुहुन्छ ?" (पृ. १३) भनी सम्बोधन गर्छ । पण्डितबाजेले "सञ्चै छु बाबु ।" (पृ. १३) पाल्नुस भित्रै पाल्नुस भनेर आफ्नो घरमा ल्याएपछि दोहोरो संवादले कथालाई अग्रता दिएको छ । संवादमा मुख्य रूपले नीलम, देवराम र पण्डित बाजेले भाग लिएका छन् । देवरामले गाउँ छोड्ने कुरा गर्दा गाउँलेहरूले "तपाईं जस्तो विद्वान् र योग्य शिक्षक हामीले फेरि कहाँ पाउन सकौँला" (पृ. २०) भन्दा सहज संवाद झल्किन्छ । देवरामले आफ्नो उत्तर "कालो गए गोरो आउँछ" (पृ. २०) भन्दा संवादमा लोकोक्ति प्रयोग भएको छ । मुख्य संवाद देवराम र नीलम बीचमा भएको र शिक्षित वर्ग भएकोले काव्यात्मकता रहेको देखिन्छ । नीलमले बोलेका "मलाई ? म समर्पित छु, बुबा तपाईंको स्वीकृतिको प्रतीक्षा विह्वल हुनुहुन्छ । बरु तपाईं नै ....." (पृ. २३) र देवरामले बोलेका "ममाथि शङ्का नगर, नीलम ! यसो गर्नु म प्रति अन्याय हुनेछ । तिमीप्रतिको मेरो भावना आहत हुनेछ ।" (पृ. २३) भन्ने कुराले काव्यात्मक संवादलाई पुष्टि गर्छ । सम्पूर्ण कथा संवादकै माध्यमबाट अगाडि बढेको र पात्रको स्तरअनुसार बौद्धिकसंवाद आएकोले संवाद पक्ष निकै सबलरूपमा रहेको छ । संवादले नै पात्रको चरित्र उद्घाटनमा समेत सहयोग गरेको छ । नीलमले दृढस्वरमा "देव ! देव अब पछि फर्केर नहेर । तिम्रो गन्तव्य, मेरो गन्तव्य अब एउटै छ । अगाडि हेर । ल अब हिडौं" (पृ. ३०) भनेर बोलेका कुराले नीलमको साहसी र गतिशीलत चरित्र उद्घान गरेको पुष्टि हुन्छ । संवादबाट सुरु भएर संवादमै कथाले पूर्णता पाएकोले संवादपक्षको भूमिका सशक्त रहेको पुष्टि हुन्छ ।

**परिवेश**

परिवेश भन्नाले देश, काल र वातावरणलाई बुझाउँछ । यस कथामा ब्राजाकीले नेपालकै कुनै ठाउँलाई देशको रूपमा लिएका छन् । कथाले लिएको समय कुनै दिन दिउँसोदेखि सुरु भएर भोलि विहानसम्मको रहेको छ । कथामा बाह्य परिवेशका रूपमा पण्डित बाजेको घर देवरामको कोठा, विद्यालयको अवस्थिति खोलाको किनार आदिको चित्रण गरिएको छ । पण्डित बाजेको घरको परिवेशले कथाको आदि भाग लाई आधारभूमि प्रदान गरेको छ । घरको पिँढी, तगारो, जोरपैयुँका रुख, झ्याल आदिले कथामा चर्चा पाएका छन् तर यी परिवेशले पात्रको आन्तरिक परिवेश उद्घाटनमा खासै सहयोग गरेको छैन । दुईवटा सँगै नारिएका जोरपैयुँले देवरामलाई विगलित बनाएको छ भने पुरेतबाजे र नीलमलाई आशावादी बनाएको छ । कथाको आधारभूमिका रूपमा आएको देवरामको कोठाले पनि खासै आन्तरिक परिवेश

उद्घाटनमा सहयोग पुऱ्याएको पाइदैन । नीलम गुन्द्रीमा नबसेर खाटमा बसेको प्रसङ्गले नीलममा बढेको साहसलाई सङ्केत गर्न खोजेको छ । कथामा विद्यालयको अवस्थितिबारे “विद्यालय गाउँभन्दा अलि माथि थियो, दस मिनेट जतिको उकालोमा, केही आँप र जामूनका रुखहरू विद्यालय वरिपरि झ्याम्मिएका थिए ।” (पृ. २०) भनेर देखाएबाट यो नेपालको गाउँले परिवेश हो भन्ने पुष्टि मिल्छ । यसरी देखिएको गाउँले पहाडी परिवेशले देवरामको समाज सेवा गर्ने इच्छा, हरिनारायण बाजेको कट्टरतावादी सोच र नीलमको शिक्ष आर्जन गर्न चाहने आन्तरिक परिवेशलाई देखाउन सफल भएको छ । कथालाई दिएको पहाडी गाउँले परिवेशले समाजमा देखिएका छुवाछुत जातिपाति, वर्णव्यवस्था कुरा देखाउन आधारभूमि दिएको छ । समग्रमा भन्दा कथाले लिएको बाह्य परिवेशले आन्तरिक परिवेशको उद्घाटनमा सहयोग भूमिका निर्वाह गरेको छैन तर कथालाई आधारभूमि भने दिएको छ ।

**उद्देश्य**

मनु ब्राजाकीद्वारा लिखित ‘जोरपैयुँ’ सामाजिक कथावस्तुलाई लिएर लेखिएको कथा हो । समाजमा रहेका जातीयप्रथा, वर्ण व्यवस्था, नारी समस्या, छुवाछुत, धर्म परिवर्तनका समस्या मानवता आदि विषयलाई प्रेमका आलोकमा यस कथाले समेटेको छ । देवराम तल्लो जातिको पुरुष र नीलम उपल्लो जातकी नारी बीचको प्रेम प्रसङ्गमा यी सबै विषयलाई कथाले समेटेको छ । मान्छे-मान्छेमा हुने प्रेम नै सबैभन्दा उत्तम मानवता हो, जातपात छुवाछुत, वर्ग व्यवस्था, वर्णव्यवस्था जस्ता कुराले प्रेममा कुनै अवरोध गर्न सक्दैन भन्नको लागि कथाको अन्त्यमा नीलम र देवरामको बीच संयोग गराइएको छ । कथामा आएका जोरपैयुँका प्रसङ्गले समाज परिवर्तनमा नारी र पुरुष दुबैको उत्तिकै भूमिका रहने कुरालाई सङ्केत गरेको छ । समाजमा नारी र दलित उस्तै किसिमले शोषित पीडित छन् भन्ने कुरालाई कथामा नीलमले व्यक्त गरेकी छे । जुन प्रसङ्गले नारी शोषण र दलित शोषणलाई देखाएको छ । समाजमा देखिने धर्मपरिवर्तन र धर्मका आडमा रहेका विसङ्गतिहरू झूठा हुन्, मान्छेले धर्मका नाममा मूर्ति पूजा गरेर धर्मको विपरीत कार्य गरिरहेका छन्, वास्तवमा मानव धर्म भनेको मानवीय कल्याण हो भनेर कथाले देखाउन खोजेको छ । कथाले लिएका उद्देश्यहरू बुँदागत रूपमा यसरी देखाउन सकिन्छ :-

- समाजमा विद्यमान छुवाछुत, जातीय प्रथा र वर्ण व्यवस्थाको विरोध गर्नु,
- धर्मका नाममा रहेका विकृतिहरू प्रति व्यङ्ग्य गर्दै मानवता नै उच्च धर्म हो भन्ने देखाउनु,
- समाजमा नारीको अवस्था कमजोर छ भन्दै नारी समस्यालाई देखाउनु,
- नारी र पुरुषको सहकार्य बिना समाजमा परिवर्तन सम्भव हुँदैन भनेर देखाउनु,
- प्रेमका अगाडि अन्य कुराहरू गौण हुन्छन् भनेर देखाउनु,

**दृष्टिबिन्दु**

प्रस्तुत कथामा मुख्य रूपले कथाकारले नीलम, देवराम र हरिनारायण बाजेको आन्तरिक चिनारी दिने प्रयत्न गरेका छन् । कथा कुनै एकपात्रलाई मात्र केन्द्रबिन्दुमा राखिएको छैन, कथाको कथानक तीनवटै पात्रका कोणबाट अगाडि बढेको छ र तीनवटै पात्रका विचारहरू कथामा आएका छन् । देवराम र हरिनारायण बाजेको संवादका क्रममा हरिनारायण बाजेको मानसिकतालाई देखाउँदै हरिनारायण बाजेले देवरामले भनेका अन्तिम शब्दहरू 'दुखी मनले' भन्ने शब्दलाई सम्बल ठान्दै सोत्साह भने "पण्डितज्यू आज शनिवार भयो, भोलि म छिमेकको गाउँमा एउटा जजमानकहाँ पूजा कार्यका लागि जाँदै छु, पर्सि म हजुरसमक्ष हाजिर हुनेछु ।" भनेर कथालाई अग्रगति दिइएको छ । हरिनारायण बाजेका कोणबाट अगाडि बढेको कथा पछि देवराम र नीलमका कोणबाट अगाडि बढ्न पुग्छ । नीलम र देवराम बीचका संवादमा देवरामको हरूवा मानसिकता, धर्म, वर्णव्यवस्था, दलित छुवाछुत सम्बन्धी विचारले कथालाई अग्रता दिएको छ भने नीलमका आत्मनिर्णय, नारी, समस्या, सम्बन्धित विचार र विद्रोही मानसिकता कथालाई पूर्ण बनाएको छ । यसरी कथामा एउटा पात्रको मात्र मानसिक अवस्था र विचारलाई नहेरेर तीनवटै पात्रका विचारलाई समेटिएकोले दृष्टिबिन्दु पात्र तीनवटै रहेका छन् । तृतीयपुरुषका नीलम देवराम र पण्डित बाजेका कोणबाट कथा अगाडि बढेकोले तृतीय पुरुष सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग रहेको छ ।

**भाषाशैली**

प्रस्तुत 'जोरपैयुँ' कथाको भाषाशैली प्रयोगलाई हेर्दा सरल र जटिल दुबै खालको भाषाको प्रयोग भेटिन्छ । कथामा आएको "विद्यालय गाउँभन्दा अलिमाथि थियो, दस मिनेट जतिको उकालोमा केही आँप र जामुनका रुखहरू विद्यालयवरिपरि झ्याम्मिएका थिए ।" (पृ. २०) जस्तो वाक्यले सरल र सुबोध्य भाषालाई देखाइएका छन् भने "तपाईं नयाँ समाज निर्माण गर्छु भन्नु हुन्छ तर तपाईंलाई थाहा छ, नितान्त व्यक्तिगत स्वार्थ र साहसहीनताले सङ्घर्ष गर्न सकिदैन । तपाईं व्यक्तिगत स्वार्थ र साहसहीनताको पोको काखी च्यापेर ढालतरबार कसरी चलाउन सक्नुहुन्छ ?" (पृ. २९) भन्ने भनाईले काव्यात्मक र आलङ्कारिक भाषालाई देखाएको छ । वाक्य संरचना हेर्दा छोटा सरल वाक्य र लामा मिश्रित दुबै खालका वाक्यको प्रयोग कथामा रहेको छ । शब्दचयन र पदावली चयनमा पनि विविधता देख्न सकिन्छ । यस कथामा दुबै हातमा लड्डु, घृते पात्रम् वा पात्रे घृतम्, कालो गए गोरो आउँछ, एकाकी चिन्तये नित्यं विविके हितमात्मनः एकाकी चिन्त्यायाने हि परमेश्रेयोडधिगच्छति लाटो देशको गाँडो तन्नेरी जस्ता नेपाली र संस्कृतका उखान टुक्काको प्रयोग गरिएको छ । कथामा पात्रले बोलेका धेरै कुराहरू सुक्तिमय रहेका छन् । देवरामले नीलमसँगको संवादमा बोलेका उच्च काव्यात्मक भनाइले भाषालाई आलङ्कारिक बनाउन सहयोग पुऱ्याएको छ । कथामा आएका एकजोर केरा र जोरपैयुँले प्रेमको प्रतीकको रूपमा अर्थ बहन गरेका छन् । संवादात्मक शैलीको प्रयोग गरेर

आदि, मध्य र अन्त्य भागमा कथा अगाडि बढेको हुँदा कथाको शैली रैखिक छ भन्न सकिन्छ । मिश्रित किसिमको भाषा प्रयोग र रैखिक शैलीले कथालाई मीठासपूर्ण बनाएको छ । संवादात्मक शैलीमा कथालाई अगाडि बढाएर पूर्णता दिनुले कथाकारको मौलिक शैलीलाई देखाएको छ । समग्रमा भन्नुपर्दा कथाको भाषाशैली संवृत नै रहेको छ ।

कथाकार मनु ब्राजाकीद्वारा लिखित 'जोरपैयुँ' कथाले अन्तरजातीय प्रेमलाई मिलनमा देखाएर मानिस कोही ठूलो सानो हुँदैन र नारी र पुरुषको सहभागितामा मात्र समाजमा परिवर्तन सम्भव छ भन्दै जोरपैयुँ जस्तै नारीलाई र पुरुषलाई एउटै स्थानमा उभ्याएकाले कथाको शीर्षक सार्थक छ । जोरपैयुँले प्रेमी-प्रेमिकाको अटलतालाई प्रतिनिधित्व गरेकाले पनि शीर्षक सार्थक छ । प्रेमका प्रसङ्गमा विविध सामाजिक कुरीति, कुसंस्कार र विसङ्गतिप्रति आलोचना गरेर त्यसमा सुधार चाहेको हुनाले यो कथा प्रगतिवादी कथा बन्न पुगेको छ । नीलम र देवराम जस्ता अन्तरजातीय पात्रको मिलन देखाएर पनि कथाले प्रगतिवादलाई पछ्याएको छ । मिश्रित किसिमको भाषाशैली र सीमित पात्रको प्रयोगद्वारा सामाीजक सुधारको उद्देश्य बोकेको कथा केही लामो भएपनि उत्कृष्ट बन्न पुगेको छ ।

## ४.४ 'कान्छी, तँ भित्र जा !' कथाको विश्लेषण

### कथावस्तु

मनु ब्राजाकीले यस 'कान्छी तँ भित्र जा !,' कथामा समाजमा नारीलाई भोग्यको रूपमा लिएर सामान्य भौतिक चीजबाट फुर्क्याएर उसका तमाम चाहना, स्वतन्त्रता माथि कुठाराघात गरिने यथार्थतालाई कथावस्तुका रूपमा लिएका छन् । यस कथामा कान्छीको लोग्नेले बाहिरी मान्छेसँग नारी मुक्तिका बारेमा कुरा गर्छ तर घरमा कोही आयो भने आफ्नी श्रीमतीलाई 'कान्छी ! तँ भित्र जा !' भनेर भन्ने गर्दछ । बाहिरी समाजमा नारी मुक्तिका कुरा गरेर हिड्ने तर घरकी श्रीमतीलाई संघारभित्रै कैद गरेर राख्न चाहने उसको सोचाइलाई अन्त्यमा कान्छीले लत्याएर विद्रोह गरेकी छे । कान्छीका प्रसङ्गमा आएका "मिरमिरे मै ऊ उठी र ओछ्यान घुर्दै गरेको लोग्नेलाई ढोगी, अगेनानेर उङ्दै गरेकी सासूलाई पनि ढोगी अनि नित्य कर्ममा व्यस्त भई" (पृ. ३१) भन्ने भनाइले कान्छीको अवस्था चित्रण गरेको छ । कान्छीले आफ्नो पति र सासूका आदेश पालना गर्दा आफ्नो स्वतन्त्रता गुमाएर सिर्जना भएको स्थिति कथामा यसरी आएको छ :- "लोग्नेले स्वास्नीतिर पुलुक्क हेऱ्यो र भन्यो कान्छी तँ भित्र जा, भित्र पस्नासाथ अझै अगेनाको छेउमा आगो तापिरहेकी सासूले चिया खाएर सजग हुँदै भन्न थाली अब छोरो हिंडिहाल्छ । गाई बाख्रा कसले सार्छ ? भकरा कसले सोर्छ ? कान्छी तँ बाहिर जा ........ ।" ( पृ. ३२) यसरी भित्र र बाहिरको आदेश मान्दामान्दै आजित भएकी कान्छी स्वतन्त्रताको खोजीमा घरको पछिल्लो ढोकाबाट करेसाबारी हुँदै सडकमा पुगेर ट्रक रोकेर गन्तव्य विहीन हिड्छे । नारीलाई सीमित घेरामा कैद गरेर नारीमुक्तिको राजनीति गर्ने चलनलाई कथाले

विषयवस्तुका रूपमा लिएको छ । अन्त्यमा कान्छीलाई विद्रोही बनाएर पुरुष समाजका विरुद्ध खडा गरेकोले कथा प्रगतिवादी बन्न पुगेको छ । नारी समस्यालाई देखाएर समाजमा नारीमाथि हुने शोषणको विरोध गर्नु कथाको विषय रहेको छ ।

**चरित्रचित्रण**

नेपाली समाजमा विद्यमान समस्यालाई देखाउन सफल यस कथाले नेपाली परिवेशकै पात्रलाई लिएको छ । कान्छी, कान्छीको लोग्ने र सासू यस कथामा पात्र बनेर आएका छन् । कथामा आएका यी पात्रहरूमध्ये कार्यव्यापारका आधारमा कान्छी मुख्य पात्र हो, किनभने हरेक घटना कान्छीकै माध्यमले अगाडि बढेको छ । कान्छीको पति सहायक पात्र हो, उसले कान्छीका क्रियाकलाप उत्पन्न गर्न प्रेरक भूमिका खेलेको छ । सासू गौण पात्र हो । आसन्नता र आबद्धताका कोणबाट हेर्दा कान्छी, कान्छीको लोग्ने र सासू तीनै जना पात्र मञ्चीय र बद्ध पात्र हुन् । जीवनचेतका आधारमा हेर्दा यी पात्रले वर्गीय भएर पनि तमाम नेपाली बुहारी र श्रीमतीले भोग्नु पर्ने नियतीकी प्रतिनिधि हो । उसले बोलेका “कोही घरमा आउँदा तपाईं किन मलाई भित्र जा भन्नुहुन्छ ?” (पृ. ३४) भन्ने कुराले यसलाई पुष्टि गर्छ । कान्छीले लोग्ने नेपाली ग्रामीण समाजका पुरुषको प्रतिनिधि पात्र भएर आएको छ । उसले बोलेका “कान्छी, तँ भित्र जा अँ यसमा मैले तेरा लागि केही नयाँ लुगाफाटो ल्याइदिया छु ।” (पृ. ३४)भन्ने कुराले उसको चरित्रलाई पुष्टि गरेको छ । सासूले बोलेका “हन, के भन्छ यो ? आज कान्छीलाई पर्म लाउन नपठाए भोलि हामीकहाँ पर्म लाउन को आउँछ नि ? जे काममा पनि सधैं लोग्नेस्वास्नी नारिएरै हिड्नुपर्छ र ? के छाँटका केटा केटी हुन् कुन्नि आजकालका ?” (पृ. ३४) बाट सासूको प्रतिनिधि चरित्र उद्घाटित भएको छ । कथामा आएकी कान्छीले कमजोर आज्ञापालक र पलायनवादी चरित्रलाई बोकेकी छ भने सासूले कठोर चरित्र देखाएकी छ । कान्छीको लोग्नेले दोहोरो चरित्र उद्घाटन गरेको छ । कथालाई गतिदिन चरित्रको भूमिकाले सहयोग गरेको छ । सीमित पात्रको संयोजनद्वारा नेपाली समाजको पूर्ण प्रतिनिधित्व दिलाउन सकेको हुँदा चरित्र चित्रण अत्यन्तै सफल रहेको छ ।

**संवाद**

प्रस्तुत कथामा संवाद पक्ष केलाउँदा संवादले सशक्त भूमिका खेलेको पाइन्छ । यस कथामा लोग्ने, कान्छी, कान्छीकी सासू र लोग्नेका साथीले संवादमा भाग लिएका छन् । कथामा आएको संवाद पात्रको स्तर अनुकूल रहनाले संवाद मीठो बन्न पुगेको छ । कथामा कान्छीको पतिले आफ्नो साथीसँग “अनि लाले पण्डितकी स्वास्नीबारे थाहा पायौं ? (पृ. ३२) कानाँ टप लाएर पप गाउने, त्यै क्या हनुमन्तेको छोरो, मने भन्ने माइकसित हिजो मात्रै राति हिंडिछे ।” भनेर कुरा गरेबाट संवादमा देखिने स्वाभाविकता र व्यक्तिबोलीलाई देख्न सकिन्छ । यसरी आएका संवादले कथालाई स्वाभाविकता प्रदान गरेका छन् । संवादकै माध्यमबाट कथा अगाडि बढेको र पात्रको चरित्र उद्घाटित भएकोले संवाद निकै मीठो छ । कथामा संवाद मात्र नभएर

मनोवाद पनि आएको छ । कान्छीले बोलेका "साहुकी छोरी-बुहारी नभए पनि ऊ आफूले पनि सकेसम्म पढेकी हो नि ! आमाबाबुले पनि सकेसम्म पढाएकै हुन् । .......... विज्ञान सरले बढी नै माया गर्न थाल्नु भएको थियो पाँच सात पटक डेरामा पनि बोलाउनु भयो फकाउनु भयो, प्राक्टिकल गरेर देखाउनु भयो । तर यता विहे ...... !" (पृ. ३२) जस्ता मनोवादले कथालाई अझ सरस बनाएको छ । संवादमा देखिने सजीवता र संवादले कथामा खेलेको भूमिका अत्यन्त राम्रो भएको र कथालाई पूर्णता दिन सहयोग गरेकोले संवाद पक्ष सशक्त रहेको पुष्टि हुन्छ ।

**परिवेश**

'कान्छी तँ भित्र जा !' कथा कुनै ग्रामीण परिवेशमा घटेको घटना हो भन्ने कुरा यसलाई ठाउँ भनिदिए पुग्छ अर्थात् यो ठाउँ पनि उस्तै हो जस्तो सामान्यतः सबै ठाउँहरू हुने गर्छन् । यहाँ घरहरू छन् । घर परिवारहरू छन् ............... गुलाफ सयपत्री, मखमली, लालुपाते, तितेपाती, सिस्नो, धतुरो सबैसबै छन् अर्थात् यो ठाउँ पनि सबै ठाउँ जस्तै एउटा हो । भन्ने प्रसङ्गले देखाएको छ । समयगत परिवेशलाई हेर्दा "आज भिसमिसे भयो । मिरमिरेमै ऊ उठी र ओछ्यानमा घुर्दै गरेको लोग्नेलाई ढोगी" (पृ. ३१) भन्ने प्रसङ्गले विहानको र विस्कुन उठाएका प्रसङ्गले साँझको अवगत गराएको छ । माथिका यी वाह्य परिवेशले नितान्त ग्रामीण परिवेशलाई देखाएका छन् । यसरी आएका बाह्य परिवेशले कथाका पात्रको आन्तरिक परिवेश उद्घाटन गर्न निकै सहयोग गरेका छन् । ग्रामीण अशिक्षित परिवेश भएकोले सासू बुहारीलाई काममा दल्ने मानसिकताबाट ग्रस्त पुरातनपन्थी विचारले प्रेरित छे । लोग्ने स्वास्नीलाई संघार भित्र राखेर र भौतिक साधनले फुर्क्याएर शोषण गर्न उद्यत छ भने कान्छी विभिन्न द्वन्द्वले गुज्रिदै विरोध गर्न नसकेर कुण्ठित भइराखेकी छ । कथामा आएका अन्य करेसाबारी, सडक, ट्रक, अगेना, तुलसीको मठ जस्ता परिवेशले कथालाई आधारभूमि प्रदान गरेका छन् । समग्रमा भन्नुपर्दा बाह्य परिवेशले आन्तरिक परिवेश उद्घाटनमा सहयोग गरेकाले परिवेश विधान उपयुक्त रहेको छ ।

**उद्देश्य**

प्रस्तुत कथामा मनु ब्राजाकीले समाजमा नारीमाथि हुने भौतिक र मानसिक शोषणको यथार्थतालाई उद्घाटन गरेका छन् । एकजना नारीमाथि घरका श्रीमान र सासूले कसरी शोषण गरिरहेका छन् भन्ने कुरालाई कथाले उजागर गरेको छ । नारी मुक्तिका कुरा गर्दै हिड्ने तर आफ्नी श्रीमतीलाई घरको सँघारभित्र कैद गरेर राख्ने पुरुषहरूको मानसिक सोचलाई कथाले देखाएको छ । नारीलाई कपडा किनेर फुर्क्याउन खोज्ने पुरुषले नारीको स्वतन्त्रता र मानवतालाई बुझ्न नसकेको कुरालाई कथामा कान्छीका र कान्छीका लोग्नेका माध्यमद्वारा देखाइएको छ । कान्छीलाई प्रेम गरेको बहाना गरेर घरभित्र कैद गर्न खोजेको कुरा जब उसले चाल पाउँछे, ऊ आफ्नो घर त्यागेर हिड्छे । यसमार्फत दमनका कारण नारीहरू विद्रोही बन्न

बाध्य हुन्छन् भन्ने देखाइएको छ । नारीलाई घरभित्रमात्र सीमित गर्न चाहने प्रवृत्तिप्रति कथाले व्यङ्ग्य गरेको छ । समग्रमा कथाले लिएका उद्देश्यलाई यी बुँदामा समेट्न सकिन्छ :-

- समाजमा नारीलाई सामाजिक भूमिकामा सहभागी गराउनु,
- पुरुषद्वारा नारीमाथि गरिएका शोषणहरू अन्त्य हुनु,
- खानु र लाउनु मात्र ठूलो कुरो होइन यदि स्वतन्त्रता भएन भने भनेर देखाउनु,
- ग्रामीण जीवनमा नारीले भोग्नु परेका समस्यालाई उजागर गर्नु,

**दृष्टिबिन्दु**

प्रस्तुत 'कान्छी तँ भित्र जा !' कथामा केन्द्रीय भूमिकामा कान्छी आएकी छ । कथाका अधिकांश भागहरू कान्छीकै कोणबाट अगाडि बढेको छ । कथालाई कान्छीको कोणबाट अगाडि बढाउँदै कान्छीका मानसिक संवेगलाई यसरी देखाइएको छः "कसैलाई किन उसको मांसल बलिष्ठ र पुड्को जीउडाल मनपर्छ, कसैलाई किन उसका ठूलाठूला र बाहिर उछिट्टिन आँटेका आँखा मनपर्छ ......... । उसले यै सम्झेर चित्त बुझाई, किनभने लोग्नेलाई उसको व्यवहार र बुद्धि मन पऱ्यो होला ।" (पृ. ३३) कथाले कान्छीका लोग्नेका कोणबाट पनि अग्रता लिएको छ । कान्छीको लोग्नेको मानसिक संवेगलाई "एक्कासी लोग्नेका आँखा राताराता हुन थाले । लोग्नेका कन्सिरीका रौं ताते । कान्छी तँ भित्र जा !" (पृ. ३५) भन्ने प्रसङ्गमा हेर्न सकिन्छ । कथामा कान्छीकी सासूको दृष्टिकोण पनि अगाडि आएको छ । "हन, के भन्छ यो, आज कान्छीलाई पर्म लाउन नपठाए भोलि हामीकहाँ पर्म लाउन को आउँछ नि ? जे काममा पनि सधैं लोग्नेस्वास्नी नारिएरै हिड्नु पर्छ र ? के छाँटका केटाकेटी हुन्, कुन्नि आजकालका ?" (पृ. ३४) भनेर सासूले कथामा आफ्ना विचार पोखेकी छे । यसरी एउटै पात्रका कोणबाट मात्र कथालाई प्रस्तुत नगरेर तीनवटा पात्रको कोणबाट कथालाई प्रस्तुत गरिएको हुँदा कथामा तृतीय पुरुष सर्वदर्शी दृष्टिबिन्दु प्रयोग भएको छ ।

**भाषाशैली**

प्रस्तुत कथा ग्रामीण परिवेशलाई आधार बनाएर लेखिएको यथार्थवादी कथा भएकोले सहज र सरल भाषाको प्रयोग रहेको पाइन्छ । कथाको पृष्ठभूमिमा कथाकारले "बम्बै कलकत्ता, दिल्ली सँग हडकड र ब्रुनाई पनि छन् । दसैं मानेर दाजु काट्ने, तिहार मानेर दिदीबैनी बेच्ने र तीज मानेर पोइल जाने पनि छन् ।" (पृ. ३१) भन्दै गाउँको परिचय दिएको सन्दर्भमा भाषा आलङ्कारिक रहेको छ भने अन्य भागमा सरल र सहज भाषाको प्रयोग पाइन्छ । वाक्य गठन प्रक्रियालाई हेर्दा छोटा-छोटा सरल वाक्यको गठन ज्यादा पाइन्छ । वाक्यमा क्रियापदको प्रयोग नगरिएको पनि देख्न सकिन्छ । शब्दचयन प्रक्रियालाई हेर्दा ग्रामीण परिवशेलाई सुहाउने हन, कान्छी, भकारा, कानाँ, सडकाँ, मोराले, कम्लो-कुटुरो, लाउन, ल्याइदिया, जस्ता कथ्य भाषाको प्रयोग पनि पाइन्छ । शब्द चयनलाई नै हेर्दा सुट-प्यान्ट, प्याक्टिकल, आई.ए.फेल, ट्रक जस्ता

अङ्ग्रेजी शब्दको प्रयोग पनि पाइन्छ । पात्रका संवादमा देखिने स्वाभाविकता र निपात प्रयोगले भाषालाई मीठो बनाएको छ । जस्तैः-

"अनि लाले पण्डितकी स्वास्नीबारे थाहा पायौ ?"

अँ हँ ।"

"कानाँ टप लाएर पप गाउने, त्यै क्या हनुमन्तेको छोरो, मने भन्ने माइकसित हिजो मात्रै राति हिँडिछे ।"

"हो र ? त्यस्तो मज्जाको छोरीकी आमा थिई ..... ।" (पृ. ३२)

कथामा गुलाफ, सयपत्री, तुलसीको मठ, अगेनो, आगन, करेसाबारी, सडक, ट्रक, घुम्तीजस्ता तमाम दृश्य बिम्बको प्रयोग गरिएको छ । सँघारलाई कान्छीको द्वन्द्वग्रस्त मानसिकताको प्रतीकका रूपमा प्रयोग गरिएको छ । कथाको शैलीलाई हेर्दा कथा आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा अगाडि बढेकोछ । कथाकी मुख्य नायिका कान्छीलाई एकपटक मात्र बोल्न लगाएर नवीनता थपिएको छ । समग्रमा भन्नुपर्दा संवृत भाषाशैलीको प्रयोगले कथा सरल र सुबोध्य बनेको छ ।

प्रस्तुत कथामा 'कान्छी तँ भित्र जा' भनेर लोग्नेले आफ्नी स्वास्नीलाई बोलेका कुराले स्वास्नीलाई विद्रोही गराएर सडकसम्म उतारेको हुनाले शीर्षक सार्थक रहेको छ । कान्छी तँ भित्र जा भन्ने प्रसङ्गमै कथाले पूर्णता पाएकोले पनि शीर्षकको औचित्य पुष्टि गर्छ । यस कथाले ग्रामीण समाजमा नारीमाथ हुने गरेका मानसिक र भौतिक शोषणलाई विषयवस्तुको रूपमा लिएको छ । नारीलाई सँघारीभत्र कैद गरेर राख्ने पुरषको सोचप्रति नारीलाई विद्रोही बनाएर सडकमा उत्रिन आग्रह गर्नु कथाको उद्देश्य हो । सीमित पात्र र सरल संवेद्य भाषाशैलीको प्रयोगद्वारा सम्पूर्ण नेपालीको ग्रामीण जीवनलाई समेट्न सक्नुले कथा उच्च सामाजिक बन्न पुगेको छ । नारीमाथि भएका पुरुष दमनको विरुद्ध नारीलाई सडकमा ल्याएर कथाले प्रगतिवादी विचारलाई स्थापित गर्न खोजेको हुनाले कथा उत्कृष्ट बनेको छ ।

## ४.५ 'करुणामय' कथाको विश्लेषण

### कथावस्तु

नवचेतनावादी कथाकारका रूपमा परिचित मनु ब्राजाकीले नयाँ-नयाँ विषयलाई टिपेर कथा लेख्ने गर्दछन् । यस करुणामय कथामा पनि उनले सहरी परिवेशमा देखिने गरेका देह व्यापार, बलात्कार, अपराध आदिलाई विषयक्षेत्र भित्र समेटेका छन् । दुई जना केटा र केटी बीच देह व्यापारको लेनदेन प्रक्रियाबाट अगाडि बढेको यस कथाले प्रतिशोधबाट विकसित मानसिकतलाई पनि देखाउन खोजेको छ । ठमेलमा वियर पिएर ग्राहक खोजेकी केटीले जब ऊ पात्रलाई भेट्टयाएर आफ्नो घरमा लैजान्छे तर 'ऊ' ले उसलाई कुनै किसिमले भोग गर्दैन, बरु उसको घरलाई आधार बनाएर सहरमा दादागिरी देखाउने व्यक्तिको हत्या गर्दै जान्छ ।

पाँचदिनसम्म सँगै बस्दा उसले दिनहुँ उसलाई नङ्ग्याएर उसको योनीमा घोप्टिएर आँसु बगाई उसको योनी भिजाउँछ तर अरू केही गर्दैन । अन्त्यमा उसले आफ्नो कार्यको बारेमा बताउँदै "सुन आजभन्दा ठीक एकवर्ष अघि झण्डै यस्तै एउटा घर थियो । त्यो पाटी थियो कि पौवा थियो कि धर्मशाला थियो मलाई थाहा छैन । म सम्झिरहेको छु । मलाई बाँधिएको छ । बाह्र-तेह्र वर्षकी एउटी केटीलाई त्यहाँ ल्याइन्छ । जुल्फी पालेका, एउटा कानमा मात्र मनुद्री लगाएकाहरूले उसलाई नङ्ग्याएर बलजफ्ती गर्न लागे । म उसको कोमल शरीर निर्दोष आँखामा निहित आतङ्क र निरीह छटपटी देखिरहेको थिएँ । म गन्दै थिएँ ...... अन्धकार थियो ........चिन्दै थिएँ । पहिला मुटु छिया-छिया पार्ने चित्कार अनि ......... घ्याँर घ्याँर । अनि म गन्दै थिएँ । मलाई थाहा छैन, मैले गन्न विर्सें, म कसरी फुत्कें मलाई थाहा छैन । बुझ्यौ, जबजब म यस्ता जुल्फे र मुन्द्रे हिरो र गुण्डालाई मार्छु म त्यही दृश्य सम्झेर धुरुधुरु रुन्छु ।" (पृ. ४६) यसरी समाजमा देखिएका यौन विकृति, दादागिरी, देह व्यापार, अपराध जस्ता विषयलाई उनले अत्यन्तै नयाँ ढङ्गमा कथावस्तु बनाएर प्रस्तुत गरेका छन् । एउटा घटनाबाट मान्छेको मानसिकतामा पर्ने प्रभावलाई देखाएर कथामा अपराध मनोविज्ञान समेत देखाउन खोजिएका छ ।

**चरित्रचित्रण**

'करुणामय' कथा समाजमा रहेका विकृति र अपराधबाट विकसित मानसिकताको चिरफार गर्ने कथा हो । त्यसैले यसका पात्रहरू समाजका त्यस्ता चरित्र हुन् जो समाजबाट तिरस्कृत रहेका छन् । नारी पात्रमा देहव्यापार गरेर जीवन चलाएको पाइन्छ भने पुरुषपात्र बलात्कारको घटनाले विक्षिप्त बनेर बदलाभावमा अपराध गर्न उद्धत देखिने पात्र हो । समाजमा पर्दा पछाडि रहेर कार्य गर्ने पात्रलाई यहाँ मुख्य भूमिका दिइएको छ । कार्यव्यापारका आधारले कथामा पुरुषको भूमिकामा आउने 'ऊ' पात्र मुख्य पात्र हो भने 'ऊ' पात्रकै नामले आउने नारीपात्र सहायक पात्र हो ।कथालाई अगाडि बढाउन सहयोग गर्न आउने 'आमा' गौणपात्र हो । कथामा सुरुबाट अन्त्यसम्म 'ऊ' पात्रकै मुख्य कार्यव्यापारमा कथा केन्द्रित रहेकोले पुरुष 'ऊ' पात्रकै मुख्य केन्द्रमा रहेको छ । 'ऊ' पुरुष पात्रलाई सहयोग गर्न आउने नारी पात्रकी 'ऊ' ले पुरुषको हरेक कार्यव्यापारमा सहयोगी भूमिका खेलेकीले यो गौणपात्र हो । त्यस्तै 'आमा' नामको रूपमा आएकी पात्र सन्दर्भमा आएकी पात्र भएकीले गौण पात्र हो । आशन्नता र आबद्धताका आधारमा गोडी मनुष्य मञ्चिय र बद्ध पात्र हुन् । जीवन चेतनाका आधारमा नारी 'ऊ' वर्गीय पात्र हो भने अपराधिक क्रियाकलापमा देखिएको पुरुष 'ऊ' पात्र बदलाको भावनाले अपराधमा उद्यत भएकोले बैयक्तिक पात्र हो । आमा पनि आफ्नै परिवेश र विचारमा उपस्थित भएकीले वैयक्तिक पात्र हो । यस कथामा आएका माथिका पात्रहरूले कथालाई अग्रगति दिन महत्त्वपूर्ण भूमिका खेलेका छन् । आकारका रूपमा हेर्दा कथा केही लामो भए तापनि सीमित

पात्रहरूको प्रयोगद्वारा वास्तविकताको छाप दिन सफल भएकोले 'करुणामय' कथा पात्र विधानका दृष्टिले उत्कृष्ट रहेको छ ।

**संवाद**

यस कथामा संवादपक्ष निकै सशक्त रहेको छ ? ऊ नामका दुई स्त्री र पुरुष पात्रका संवादले कथालाई अग्रगति प्रदान गरेको छ । पात्रहरूका बीचमा देखिने स्वाभाविक संवादले कथालाई अत्यन्तै मीठो बनाएको छ । यौन व्यापारका क्रममा दुई पात्रले बोलेका संवाद यस्तो छः

"यही उभिराख्ने ?"- उसले कोट्याई ।

"कतै जाने ठाउँ छैन !"

"किन छैन ?"

"मलाई लज मन पर्दैन" - उसको स्वर कर्कश भयो । (पृ. ३७) संवादकै माध्यमबाट कथा आरम्भ भएर संवादकै माध्यमले विकसित हुँदै कथा पूर्णतामा पुगेको छ । पुरुष र स्त्रीबाट सुरु भएको संवाद प्रक्रियामा आमा पनि आएकी छे । छोटोछोटा र सहज खालका संवादले गर्दा कथालाई रोचक बनाएको छ । संवादका क्रममा देखिने उतारचढावको उल्लेखले संवादलाई सजीव बनाउन मद्दत गरेको छ । पात्रको स्तर अनुकूल संवाद आएको हुँदा संवाद पक्ष सशक्त बन्न पुगेको छ । कथाकी आमा पात्रले बोलेका यीः- "बस्नुस, ज्वाईंसा'प बस्नुस् । जतिबस्ने हो बस्नुस् । बरु मलाई एउटा चुरोट वक्सिनुस् ।" (पृ. ३८-३९) कुराले पात्रको स्तर अनुकूल संवादलाई प्रस्याएको छ । संवादका क्रममा देखिएका अङ्ग्रेजी शब्दले सहरी परिवेशलाई उजागर गर्न सहयोग गरेका छन् । संवादकै माध्यमद्वारा कथामा कथानकहरू जोडिदै गएर कथाले पूर्णता प्राप्त गरेको हुँदा संवाद निकै सशक्त रहेको देखिन्छ ।

**परिवेश**

कथामा घटना घट्ने स्थान, समय र वातावरणले परिवेशलाई बुझाउँछन् । यस कथालाई कथाकारले तीन भागमा विभाजन गरेर देखाएको हुँदा घटनाका स्थान र समयमा परिवर्तन देखिन्छ । तर परिवेश भने सहरी नै आएको छ । कथाको पहिलो घटना ठमेलमा घटेको छ । जसको पुष्टि "ठमेलको एउटा बदनाम रेष्टुरेन्टबाट उसले देख्छे" (पृ. ३६) भन्ने प्रसङ्गले गरेको छ । "मङ्सिर आधाआधि बितिसक्यो, साँझ आधार आधि वितिसक्यो" (पृ. ३६) भन्ने प्रसङ्गले मङ्सिरको कुनै साँझलाई सङ्केत गरेको छ । यसरी आएको बाह्य परिवेशले देह व्यापारको कुरा क्रय विक्रयलाई सजिलो बनाएको छ । बदनाम रेष्टुरेन्ट र साँझको समयले केटीको आन्तरिक बदनामी र कालो धन्दालाई उजागर गर्न सफल रहेको छ र केटाको अपराधिक परिवेशलाई समेत चित्रण गर्न खोजेको छ । ठमेलबाट साँझमा सुरु भएको घटनाले परिवेशका रूपमा सहरका गल्ली गल्छेडाहरू, घुम्ती, चोक र मन्दिरहरूलाई समेट्दै अन्त्यमा एउटा पुरानो झिंगटी लगाएको, साना कोठा भएको, रङ्गहरू उडेको घरलाई आफ्नो परिवेश

बनाएको छ । कथाका अन्य घटनाहरू यही पुरानो घरमा घटेका छन् । परिवेशका रूपमा आएको यो पुरानो, सानो कोठा भएको र रङ्ग उडेको घरले अन्य घटनालाई आधरभूमि प्रदान गरेको छ । यसरी आएको यो वाह्य परिवेशले पात्रका आन्तरिक परिवेश उद्घाटनमा निकै सहयोग पुऱ्याएको छ । पुरानो, साना कोठा गएको रङ्ग उडेको र अध्याँरो कोठा कथाका दुबैपात्रलाई आफ्ना क्रियाकलाप गर्न उपयुक्त भएको छ । रङ्ग उडेको प्रसङ्गले दुबै पात्रका नीरस जीवनलाई देखाएको छ भने सानो कोठाले दुबैका गलत धन्दा गर्ने मानसिक परिवेशलाई चित्रण गरेको छ । समाजबाट हेपिएका पात्रको आन्तरिक परिवेश देखाउन आएको यो बाह्य परिवेश निकै सफल रहेको छ । यसरी कथामा बाह्य परिवेशद्वारा आन्तरिक परिवेश उद्घाटनमा सहयोग भएकाले परिवेश चित्रण उत्तम रहेको छ ।

**उद्देश्य**

प्रस्तुत कथाले मुख्य रूपमा सहरी क्षेत्रमा हुने गरेका देह व्यापार, बलात्कार, दादागिरी, गुण्डागर्दी आदिलाई देखाउन खोजिएको छ । समाजमा दादागिरी देखाएर नारीको अस्मिता लुट्ने गरेको कुरालाई कथाले एउटा पाटोमा समेटेको छ भने कथाको अर्को पाटोमा विवश भएर जीवन गुजाराका लागि स्वेच्छिक रूपमा यौन व्यवसाय गर्ने प्रवृत्तिलाई देखाएको छ । नारी माथि गरेको अपराधका कारण विक्षिप्त भएर अपराध गर्न विवश भएको कुरालाई कथाले अर्को पाटोमा देखाएको छ । यसरी वर्तमान सहरी परिवेशमा देखापरेका देहव्यापार, यौनदुराचार, अपराध जस्ता विकृतिलाई देखाएर त्यसप्रति व्यङ्ग्य प्रहार गर्नु कथाको मूल उद्देश्य हो । बुँदागत रूपमा कथाका उद्देश्यलाई यसरी लिन सकिन्छः-

- सहरी परिवेशमा बढ्दो यौन व्यापरको समस्यालाई चित्रण गर्नु,
- दादागिरी र गुण्डागर्दीप्रति व्यङ्ग्य गर्नु,
- बढ्दै गएको अपराधिक समस्यालाई चित्रण गर्नु,
- मानसिक चोटका कारण हुनसक्ने अपराधलाई चित्रण गर्नु,

**दृष्टिबिन्दु**

कथामा एउटा पात्रलाई मात्र केन्द्रमा नराखेर धेरै पात्रलाई केन्द्रमा राखिएको छ । एकपात्रका कोणबाट मात्र कथालाई प्रस्तुत नगरेर यहाँ आमा, केटी र युवक तीनवटै पात्रका कोणबाट कथालाई प्रस्तुत गरिएको छ । कथामा आएकी केटी पात्रले ठमेलमा बसेर रक्सी खाई आइसक्रीम खाएको युवकलाई पट्याउन आफ्नो ओठमा लिपिष्टिक दलेर आफूलाई तरबार सम्झन पुग्नुले केटीको मानसिकतालाई उजागर गरेको छ भने केटाले बूढी आमालाई ढोग्नु, कहिले बूढी भनेर गाली गर्नु, कहिले चुपचाप योनीमा घोप्टिएर रुनुले उसको विक्षिप्त मानसिकतालाई देखाएको छ । आमा पात्रले हरेकलाई ज्वाइँ भनेर सम्बोधन गर्नुले आमाको मानसिक संवेगलाई देखाएको छ । यसरी तीनवटा पात्रको मानसिक संवेगलाई स्थान दिई

तीनवटै पात्रका केन्द्रीयतामा कथालाई अगाडि बढाइएको हुँदा तृतीयपुरुष सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग रहेको छ ।

**भाषाशैली**

प्रस्तुत कथामा भाषाशैलीलाई हेर्दा संवादात्मक शैलीको प्रयोग ज्यादा रहेको पाइन्छ । संवादकै क्रमद्वारा कथालाई पूर्णता दिन खोजिएको छ । वर्णनात्मक किसिमले प्रस्तुत भएको यस कथामा प्रयोग भएको भाषा सरल र सहज किसिमको रहेको छ । छोटाछोटा सरल वाक्यको आयोजना गरी कथालाई अगाडि बढाइएको छ । कथामा आएका "ठमेलको एउटा बदनाम रेष्टुरेन्टबाट उसले देख्छे बियर खाँदै देख्छे ।" (पृ. ३६) जस्ता वाक्यले सरल र छोटा वाक्यको पुष्टि गर्छन् । पात्रको संवादमा देखिने स्वाभाविकताले कथालाई अझ सरस बनाएको छ । जस्तैः- "हेलो !" उसले पुकारी ।

"हाय !" धोके ज्याकेटले ऊतिर हेरे पनि ननियाल्दै खस्रो स्वरमा भन्यो

"एक्लै हुनुहुन्छ !"

"अँ, एक्लै छु !"

"मीठो छ, हगि ?" (पृ. ३६)

यसरी भाषामा आएका छोटा छोटा संवाद र संवादमा देखिने स्वाभाविक उतारचढावले भाषा सरस बनेको छ । शब्दचयन प्रक्रियालाई हेर्दा कथामा आइसक्रीम, पार्लर, आइस-फोन, इट्स फाइन बेवी, हाउ फाइन, बियर, रिभोल्बर, कारट्रिज, चेम्बर, डार्लिङ, सरी, यु आर अ कष्टमर, बब्डहेर, डयामबेवी, आम नट अ कष्टमर, नउ अ फुलिस, इभेन नट अ पुलिस, आ म अ रिटोसपेक्टिभ माइण्ड, टुपिस, जस्ता अङ्ग्रेजी शब्दको प्रयोग पनि रहेको पाइन्छ । कथ्य भाषाका ज्वाइँसा'प जस्ता शब्दको प्रयोग पनि पाइन्छ । भाषालाई मीठो बनाउन कथाको ठाउँ ठाउँमा निपात, अनुकरणात्मक शब्द र द्वित्व शब्दको प्रयोग पनि गरिएको छ । कथामा आएकी केटीको घरको प्रसङ्गमा देखिएको भाषा बिम्बात्मक रहेको छ । कथामा कहीँ उखान टुक्का प्रयोग भेटिदैन । अङ्ग्रेजी शब्दको प्रयोग ज्यादा रहेपनि सहरी परिवेशको कथा भएकाले यो त्यति खड्किँदो छैन । समग्रमा भन्नुपर्दा कथाको भाषाशैली संवृत किसिमको छ, संवृत भषाशैलीले गर्दा कथा सरस संवृत बन्न पुगेको छ ।

प्रस्तुत कथामा यौन व्यापारका लागि पैसा तिरेर केटीको घरमा पुगेको ऊ पात्रले कहिल्यै केटीलाई भोग गरेको छैन । दिनहुँ सहरका नामूद गुण्डाको हत्या गर्ने उसले तेह्र-वर्षे केटीको चित्कारमा बरु आँसुद्वारा उसको योनीलाई भिजाएको छ । ऊ पात्रको अपराध त्यही तेह्रवर्षे केटीका करुणाबाट प्रेरित भएर अगाडि बढेको देखाइएकोले अपराधी भए पनि ऊ करुणामय देखिएको छ । यसैकारण कथाको शीर्षक सार्थक छ । सहरी परिवेशका देह व्यापार, यौन दुराचार, गुण्डागर्दी, दादागिरी आदिलाई विषयवस्तु बनाएर अपराध मनोविज्ञानका आलोकमा प्रस्तुत गर्नु कथाको उद्देश्य हो । मानसिक चोटका कारण मान्छे अपराध गर्न अग्रसर

हुन्छ भनेर कथाले देखाउन खोजेको छ । अपराधलाई परास्त गर्न यहाँ 'ऊ' पात्रले बन्दुक उठाएर अपराध नै गरेको कुराले अधिकारका लागि लड्नु पर्ने कुरालाई सङ्केत गरेको छ । सीमित पात्रको प्रयोग गरी संवादात्मक शैलीमा सामाजिक विकृतिप्रति तीव्र व्यग्य प्रदान गर्न कथा सफल रहेकोले कथा उत्कृष्ट बन्न पुगेको छ ।

## ४.६ 'मनोरञ्जन' कथाको विश्लेषण

### कथावस्तु

समाजमा देखिने सामाजिक विकृतिलाई आफ्नो कथाको विषय बनाएर व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गर्ने कथाकार ब्राजाकीले 'मनोरज्जन' कथामा नेपाली मध्यमवर्गीय परिवारमा देखिने विकृतिलाई आफ्नो कथाका विषयवस्तु बनाएका छन् । वर्तमान समाजमा मध्यम वर्ग फस्टाउनुको कारण विदेशी ऋण, स्वेदशी कमिसनतन्त्र, विदेशी अनुदान, स्वदेशी घूसतन्त्र, समाजसेवाका नाममा एन.जि.ओ. र आई. एन.जि.ओ. हरूले छरेका बिस्कुन, धर्मप्रचारका नाममा आउने धर्मधन, चरेस र चेलीबेटी वेचविखन, बेश्यावृत्ति र पर्यटन, खुद्रे तस्करी, शैक्षिक व्यापार, बौद्धिक लेनदेन, साँस्कृतिक व्यावसाय आदि रहेको कुरा कथाको पृष्ठभूमि भागमा चर्चा गरी हाल सहरी क्षेत्रमा डे-पार्टीका नाममा हुने विकृतिलाई उनले आफ्नो कथामा देखाएका छन् । विदेशी संस्कृतिको प्रभावलाई आत्मसात गरेर अगाडि बढेको मध्यमवर्गको परिवारमा देखिने जीवनशैली बच्चाहरूको मानसिक अवस्था, नारी पुरुषका प्रवृत्तिहरूलाई कथाले आफ्नो विषय बनाएको छ । मध्यमवर्गीय परिवारको मनोरञ्जनका शैलीलाई कथाले विषयवस्तु बनाए पनि मध्यमवर्गसँग जोडिएर आउने धेरै पक्षलाई यस कथाले समेटेको छ । हाल सहर-बजारमा उदीययान नयाँ मध्यमवर्ग आफ्नो देशप्रति उत्तरदायी नबनेर आफ्नै सुखसयलमा लिप्त हुँदा र परिवारमा उचित वातावरण दिननसक्दा कसरी नयाँ पिँढी संस्कार विमूख र पतीत हुँदै गएको छ भन्ने कुरालाई ब्राजाकीले 'मनोरञ्जन' कथामा स्वास्नीले लोग्नेलाई "जोसित तरबार छ उसैले बोकोस ढाल । बरु तपाईले बोक्न नबिर्सनुहोला" (पृ. ५०) भनेको वाक्यांशले व्यङ्ग्य गरेको छ । डे-पार्टीमा जाने संस्कार, मोटर साइकल र कारमा घुम्ने सोचको उपज यस कथाकी स्वास्नीपात्रले आफूलाई आफ्नो हाकिमसँग समर्पित गरेकी छ । लोग्ने आफ्नी स्वास्नीलाई हाकिमसँग सुताउन तयार छ, बच्चाहरूलाई फिलिम हेर्न लगाउनाले बच्चाले गलत शिक्षा आर्जन गरी अपराधिक गतिविधिमा संलग्न हुन पुगेका छन् । शिक्षकले ट्यूसन पढाउने केटीलाई अङ्ग्रेजी फिलिम देखाउँछन् र गर्भवती बनाउँछन् र सत्ताको आडले कसरी संरक्षण पाउछन् भन्ने समाजमा घट्ने विसङ्गत पक्षको यथार्थ चित्रण यस कथाको कथावस्तु भएर आएको छ । यस्ता अनेक प्रसङ्गलाई नवमध्यम वर्गको कोणबाट कथामा कथावस्तुको रूपमा समेटिएको छ । विदेशी संस्कारलाई अँगाल्दा र आधुनिक बन्ने होडले गर्दा नवमध्यम

वर्गले कस्ता-कस्ता विसङ्गति र विकृतिलाई भित्र्याएको छ भन्ने कुराको व्यङ्ग्य यस कथाको मुख्य विषयवस्तु बनेको छ ।

**चरित्रचित्रण**

मध्यमवर्गीय समाजमा विकसित गलत प्रवृत्तिहरूलाई मुख्य विषय बनाएर लेखिएको यस कथामा आएका पात्रहरू पनि मध्यमवर्गीय नै छन् । यस कथामा लोग्ने, स्वास्नी, हाकिम, पुलिस, भानु सर, रवि, जुली, ज्याकी आदि उल्लिखित पात्रका रूपमा आएका छन् । कार्यव्यापारका आधारमा लोग्ने, स्वास्नी हाकिम र ज्याकी मुख्य पात्र भएर आएका छन् । कथा आरम्भ देखि अन्तिम अवस्थासम्म यिनीहरूको प्रमुख उपस्थितिमा र कार्यव्यापारमा नै आश्रित भएकोले यी सबै पात्रहरू प्रमुख पात्र हुन् । रवि र जुलीले कथामा सहायक पात्रको भूमिका खेलको छन् । अन्य पात्रहरू पुलिस, भानु सर, हाकिमकी स्वास्नी, व्यापारी, रिटायर लाहुरे, घूसखोरी व्यक्ति आदि पात्रहरू गौण पात्रका रूपमा देखिन्छन् । आसन्नता र आबद्धताका आधारमा लोग्ने, स्वास्नी, हाकिम, रवि, जुली, ज्याकी र भानु सर मञ्चीय र बद्ध पात्र हुन् किनकि यिनीहरूको भूमिका कथामा प्रत्यक्ष पाइन्छ । जीवनचेतनाका आधारमा यस कथामा आएका बद्ध र मञ्चिय सबै पात्र मध्यमवर्गीय प्रतिनिधि पात्र हुन् । यस कथामा आएको ‘लोग्ने’ पात्र ना.सु.का रूपमा आएको छ र उसले आफ्नी स्वास्नीलाई हाकिमसँग सुत्न लगाएर आफ्नो पदोन्नति गराउन चाहने स्वार्थीपन पाइनाले यो वर्गीय पात्रको रूपमा गनिन्छ । त्यस्तै स्वास्नी पात्र मोटरसाइकल चढ्न चाहने सौखिनपात्र तथा पर परपुरषलाई पनि संभोग गराउन चाहने वर्गीय पात्रको रूपमा गन्न सकिन्छ । कथामा आएको ‘हाकिम’ पात्र डे-पार्टी आयोजना गरेर नयाँ नयाँ स्त्रीसँग संभोग गर्न चाहने स्वार्थी र लम्पट पात्रको रूपमा उपस्थित भएकोले यो पात्र पनि वर्गीय अन्तर्गत राख्न सकिन्छ । अन्य पात्रहरूमा ज्याकी अपराधी मनोवृत्तिको पात्रका रूपमा आएको छ, रवि र जुली बालमनोविज्ञानका आधारले वर्गीय पात्रनै हुन् । यी पात्रहरूको उपस्थितिले कथालाई आरम्भदेखि अन्त्यसम्म पुऱ्याउन सफल भएकाले कथामा चरित्रचित्रणको उत्कृष्टता झल्किएको छ ।

**संवाद**

यस कथामा कथाकारले कथाभूमि भनेर चित्रण गरेको पहिलो भागमा संवाद आएको छैन । यस भागमा कथाकारले आफ्नै तर्फबाट डे-पार्टी चलनको पृष्ठभूमि र नेपालमा हुने डे-पार्टी आदिको विश्लेषण गरेका छन् । कथाप्रसङ्ग भनेर आएको दोस्रो भागमा डे-पार्टीमा जान हतारिएका लोग्ने, स्वास्नीमा “हन मेरो जुत्ता कता गो” (पृ. ५०) भनेर लोग्नेले प्रसङ्ग उठाएपछि संवाद सुरु भएको छ । यसरी सुरु भएको संवाद कथाउपान्तसम्म नै रहेको छ । कथामा आएका संवादमध्ये सामान्य परिवारले घरायसी परिवेशमा बोलिने संवादलाई स्वास्नीले भनेको “ती क्या, बाहिर पालिस लगाएर घाममा सुकाइदिएकी छु” (पृ. ५०) भन्ने वाक्यांशले प्रष्ट पारेको छ । सामान्य व्यक्तिदेखि उच्च स्तरीय व्यक्तिले व्यक्तिले बोल्ने सहज संवादको सफल प्रस्तुत गर्ने

ब्राजाकीका अन्य संवादमा हाकिमको "अ.स.ई. साहेब, एक मिनेट ! ज्याकीलाई तपाईँले तहकिकातका लागि हिरासतमा लिन पाउनु हुन्न किनभने यो अहिले आठ वर्ष पुग्न पनि तीन महिना बाँकी छ । मुद्दा पनि चल्दैन र खुनखत पनि लग्दैन । जे सोधपुछ गर्नु छ यही यसका बाबु-आमासँग गर्नुस्" (पृ. ५१) भन्ने वाक्यले उच्च व्यक्तिले बोल्ने तार्किक र कानूनी संवादको प्रष्टता झल्काएको छ । त्यस्तैगरी कथामा स्वाभाविक व्यक्तिबोलीको संवादलाई स्वास्नीको "त्यस्ति रुढिबुढीलाई के झुण्ड्याएको होला भानु सरले ! त्यो काठे र खबटे बुढीलाई !" (पृ. ५५) भन्ने वाक्यले झल्काएको छ । यसरी उच्चदेखि निम्न, लोग्नेदेखि स्वास्नी, युवा, युवती, र बाल सम्बाद आदिको उचित प्रयोगद्वारा कथालाई उच्चतामा पुऱ्याएको छ ।

**परिवेश**

प्रस्तुत कथामा परिवेशको रूपमा सहरी परिवेशलाई लिइएको छ । कथाले लिएको समय कुनै दिन शनिबार दिउँसो रहेको छ । कथाको घटनास्थल सुब्बासाहेबको दुइतले घर बनाइएको छ । मध्यमवर्गको दुईतले घर जहाँ टि.भी, क्यासेट प्लेयर, डेक, फिलिमका चक्काहरू, क्यारेमबोर्ड आदि स्थानगत परिवेशका रूपमा आएका छन् । यसरी बाह्य रूपमा आएको यस परिवेशले घटनालाई अगाडि बढाउन महत्त्वपूर्ण आधारभूमि प्रदान गरेको छ । शनिबारको दिन हुनाले सुब्बा, सुब्बेनी डे-पार्टीमा उपस्थित भएका छन्, ज्याकी, रवि, र जुली घरमै बसेर फिलिम हेरेर त्यही अनुरूप आफूलाई क्रियाशील बनाएका छन् । फिलिमको दृश्यावलोकनद्वारा जागृत आन्तरिक परिवेशको कारण ज्याकीले रविमाथि छुरी प्रहार गरी रविको ज्यान गएको छ । कथामा लोग्ने र स्वास्नीले मध्यमवर्गीय समाजका विकृति र विसङ्गतियुक्त परिवेशको यथार्थ चित्रण गरेका छन् । यसरी आएका बाह्य परिवेशले र आन्तरिक परिवेशले कथालाई उचित वातावरण प्रदान गरेर सजीवता दिएका छन् ।

**उद्देश्य**

नवउदीयमान मध्यमवर्गको जीवनशैलीलाई आधार बनाएर प्रस्तुत गरिएको यस कथाले मध्यमवर्गका सोचाइ, प्रवृत्ति र आचार-विचारलाई समेटेको छ । डे-पार्टीका नाममा विकसित विसङ्गतिहरूलाई मुख्य केन्द्रबिन्दु बनाएर अघि बढेको यस कथाले मध्यमवर्गीय वर्तमान परिवेशको जीवन्तता झल्काएको छ । स्वार्थपूर्तिको लागि आफ्नी स्त्रीलाई परपुरुषसँग सम्भोग गराउने लोग्ने, यौन आकाङ्क्षापूर्तिको लागि डे-पार्टीको आयोजनाद्वारा नव नब स्त्रीसँग सम्भोग गर्ने कामुक हाकिम, आधुनिक शिक्षा, ज्ञान विज्ञानका कुरा नसिकाएर आफ्ना बच्चाहरूलाई फिलिम तथा अन्य नकरात्मक गतिविधितिर अग्रसर गर्न उत्साहित गर्ने अभिभावकलाई यस्ता कुकृत्यहरूले कसैको उन्नति, विकास र हीत गर्दैन भन्ने सन्देश दिनु कथाको मुख्य उद्देश्य बनेको छ । यस मुख्य उद्देश्यका अतिरिक्त अन्य उद्देश्यलाई यसरी बुँदागत रूपमा देखाउन सकिन्छ ।

- विदेशी उत्पादनका उपभोक्ता बनेर स्वदेशी चिन्तनबाट बिमुख मध्यमवर्गलाई सचेत गर्दै उनीहरूलाई देशप्रति उत्तरदायी बनाउनु,
- आधुनिक मध्यमवर्गले समाजमा आफूलाई स्थापित गर्न कतिसम्म नकरात्मक कृयाकलाप पनि अँगाल्दछन् भन्ने देखाउनु,
- मध्यमवर्गमा देखिएको नैतिक, बैचारिक, व्यावहारिक, शैक्षिक राजनैतिक, सांस्कृतिक आदि पक्षको पतनलाई देखाउनु,

**दृष्टिबिन्दु**

प्रस्तुत मनोरञ्जन कथामा कथाकारले एउटा मात्र पात्रलाई दृष्टिबिन्दु पात्रको रूपमा प्रयोग गरेका छैनन् । कथाको कथाभूमिमा कथाकारले आफ्नो तर्फबाट डे-पार्टीका प्रसङ्ग र मध्यम वर्गको परिचय दिएका छन् । कथा प्रसङ्गको सुरुमै “लोग्नेस्वास्नी दुबै तम्तयार छन्” (पृ. ४७) भनेर बहुविध पात्रका केन्द्रीयतामा कथालाई अगाडि बढाउन खोजेको सङ्केत कथाले दिएको छ । कथालाई अग्रता दिन वा प्रस्तुत गर्न यस कथामा कथाकारले कहिले स्वास्नी, कहिले लोग्ने, कहिले हाकिम, कहिले ज्याकी, कहिले जुली र रवि जस्ता पात्रको प्रयोग गरेका छन् । “पार्टीमा कार र मोटरसाइकलका साँचोले जुवा खेलेर पाट्नर खोज्नुपर्छ, आफूले चाहिँ औंलाले पाट्नर खोज्नुपर्छ । क्या लाज मर्नु । भन्नुस् न आफ्नो त्यो कारवाला मोटें हाकिमलाई अलि बढ्ता आम्दानी हुने ठाउँमा लगाई दे भनेर । मेरो भागमा पर्दा त मोरोले अँठ्याउनु अँठ्याउँछ मलाई ।” (पृ. ५०) भन्दै स्वास्नीका मानसिक संवेगलाई देखाइएको छ भने “जे सुकै होस्’ साप्ताहिक मनोरञ्जन पार्टीमा सबै त जोडिसाथ आउँछन्’ कार र मोटरसाइकलको साँचोले जुवा खेलेर पाट्नर रोजे पनि अथवा औंलाको इसाराले रोजिछाडा गरे पनि एउटी न एउटी त उसको भागमा परिहाल्छे र सो स्वास्नी भन्दा भिन्दै खालकी हुन्छे” (पृ. ५१) भनेर लोग्नेका कोणबाट कथालाई अगाडि बढाइएको छ । त्यसैगरी “अ.स.इ. साहेब, एक मिनेट ! ज्याकीलाई तपाईले तहकिकातका लागि हिरासतमा लिन पाउनुहुन्न, किनभने यो अहिलेआठवर्ष पुग्न पनि तीन महिना बाँकी छ । मुद्दा पनि चल्दैन र खुनखत पनि लाग्दैन”  (पृ. ५८) भन्दै हाकिमका विचारहरूलाई केन्द्र बनाइएको छ । यसरी एउटा पात्रलाई मात्र केन्द्र नमानेर धेरै पात्रका कोणबाट कथालाई प्रस्तुत गरिएको हुँदा तृतीय पुरुष सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग रहेको छ ।

**भाषाशैली**

प्रस्तुत कथामा कथाकारले सरल भाषाको प्रयोगका साथै घुमाउरो भाषा पनि प्रयोग गरेका छन् । कथाको पृष्ठभूमिमा आएको भाषा बढी आलङ्कारिक र काव्यात्मक छ भने कथाप्रसङ्ग र कथान्तमा आएको भाषा सरल छ तर उपान्त्यमा आएका वाक्यहरू निकै व्यङ्ग्यपूर्ण छन् । कथामा कथाकारले हस्तक्षेप गरेको ठाउँको भाषा आलङ्कारिक देखिन्छ भने

पात्रहरूको संवादमा आएका भाषा सरल छन् । कथामा पात्रले आफ्नो स्तर अनुकूलको भाषालाई प्रयोग गरेका छन् । जसको उदाहरणका रूपमा लोग्नेले बोलेको “हन, मेरो जुत्तो कता गो ?” (पृ. ५०) भन्ने भनाइले सामान्य स्तरको व्यक्ति बोलीलाई देखाएको छ भने हाकिमले बोलेको “अ.स.ई साहेब तपाईले ज्याकीलाई तहकिकातका लागि हिरासतमा लिन पाउनुहुन्न” (पृ. ५८) भन्ने भनाइले कानुनी र अदालती भाषालाई देखाएको छ । भाषामा स्वाभाविकता सिर्जना गर्न ठाउँ ठाउँमा आएका निपातले थप सहयोग गरेका छन् । वाक्य गठनका हिसाबले सरल र मिश्रित दुबै प्रकारका वाक्यको प्रयोग गरिएको छ । शब्दचयनका हिसाबमा हेर्दा अङ्ग्रेजी भाषाका डे-पार्टी, टाइम, हनिमुन, मम्मी, ड्याडी, रिटायर्ड, प्यान्थर, ब्राण्डी, फ्रेन्ड, मोटरसाइकल जस्ता शब्दको प्रयोग पनि कथामा भएको छ । कथामा कथ्यभाषाका शब्दहरूको पनि प्रयोग भएको छ । जस्तै सम्साँझै, भला, हुँइकिनु, क्या, ला' खा । भाषालाई सुन्दरता दिन ठाउँ-ठाउँमा अनुकरणात्मक र द्वित्व शब्दको पनि व्यापक प्रयोग भएको छ । कथालाई विभिन्न उपशीर्षक अन्तर्गत राखेर कथाभूमि, कथाप्रसङ्ग, कथान्त, उपान्त गरी कथालाई बाँडिएको छ । विभिन्न उपशीर्षक राखेर नवीन शैली दिए पनि कथालाई आदि मध्य र अन्त्यको क्रममा देखाइएको हुँदा कथाको भाषाशैली समग्रमा सहज रहेको छ ।

प्रस्तुत कथाले मध्यमवर्गमा देखिएका मनोरञ्जनका नयाँ परिपाटीलाई चित्रण गरेको र मनोरञ्जनको लागि फिल्म हेरेर त्यसै अनुरूप आफूलाई परिवर्तन गर्दा ज्याकीद्वारा अपराधहरू हुन गएको प्रसङ्गलाई देखाइएकोले शीर्षक सार्थक देखिन्छ । कथाले मध्यम वर्गमा देखिएका विकृति, विसङ्गति यौन कुण्ठा, आडम्बर आदिलाई विषयवस्तु बनाएर प्रस्तुत गरेको छ । समाजमा देखिएका त्यस्ता विकृतिप्रति सचेत गराएर समाज सुधारको चाहना कथाको उद्देश्य हो । उपयुक्त पात्रको चयन गरी नवीनशैली र मिश्रित भाषाको प्रयोग गरी मध्यम वर्गका धेरै पक्षलाई केलाउन सफल भएकोले कथा उत्कृष्ट बन्न पुगेको छ ।

## ४.७ 'सार्वभौम जनकङ्काल' कथाको विश्लेषण

### कथावस्तु

प्रस्तुत कथाको विषयवस्तु समसामायिक विकृति विसङ्गति माथि व्यङ्ग्य गर्नु रहेको छ , असक्त, बृद्ध र असहाय व्यक्तिहरूले देशको अस्तित्व बचाउनु परेको छ । जसको उदाहरण केही गर्न नसक्ने हिमनारायणले  देशको अस्तित्व, राष्ट्र प्रेम र मानव स्वतन्त्रताका लागि आवाज उठाउनु परेको छ । नेपाली समाजमा नारी सङ्गठन, महिला स्वतन्त्रता र नारी अधिकार जस्ता कुराले सिर्जना गरेको नारी उच्छृङ्खलता, जिम्मेवारविहीन परिस्थिति आदि प्रति कथाले व्यङ्ग्य गरेको छ । जसको उदाहरण स्वास्नी पात्रले बोलेको “छिःछिःछिः कस्तो अधर्म बोलेको । पापी ! के हामी बाइफाले, बेस्से र फुँडी हौँ विहे नगरी सन्तान जन्माउने, हामी सनातन धर्म पनि कायम राख्छौँ र अंशवण्डा पनि लिई छाड्छौं, के ठान्या छ ?” (पृ. ६२) भन्ने वाक्यले देखाएको

छ । त्यस्तैगरी देश निर्माणका बलियो आधारको रूपमा रहेको युवाशक्ति विदेशतिर पलायन हुने वर्तमान परिस्थितिको "नो लस नो गेन, था छैन ड्याडलाई ? ल मेरा लागि वन लाख इन्भेष्ट गर्नुस्, म टेन लाख कमाएर देखाइदिन्छु । फरेन पठाउँन यति लस त तपाईले फर्स्टली बियर गर्नुपर्छ ड्याड" (पृ. ६३) भन्ने छोराको बाबुप्रतिको धम्कीपूर्ण भनाइले देखाएको छ । त्यसैगरी गहनाका रूपमा रहेका नेपाली चेलीको पाश्चात्य पहिरन, छाडा प्रवृत्ति र आफ्नै चाहनाले विदेशी भूमिमा बेचिएर बेस्से बन्नुपर्ने वर्तमान परिस्थितिको यथार्थतालाई छोरीले बाबुलाई भनेको "क्या सिम्पल माइण्डेड पापा पनि,अब हामी एक्काइसौं शताब्दीतिर जाँदैछौं, ब्युटी कन्टेष्टमा ब्युटी क्वीन अफ नेपाल भएँ भने देख्नु होला । म ब्युटी क्वीन बन्छु बन्छु अनि बाम्बे जान्छु पापा" (पृ. ६५) भन्ने भनाइले देखाएको छ ।

समग्रमा भन्नुपर्दा यस कथाले बृद्धमा रहेको राष्ट्रप्रेम, मानव स्वतन्त्रता, मूल्यमान्यता प्रतिको आस्था, महिलामा स्वतन्त्रताका नाममा देखिएको छाडापन र कर्तव्य विमूखता, युवामा देखिएका विकृति र पलायनवादी प्रवृत्ति अनि युवतीमा देखिएको छाडा प्रवृत्ति, विदेशी संस्कारको प्रभाव र नग्न स्वतन्त्रता जस्ता समसामायिक समस्यालाई विषयवस्तु बनाएको छ । सार्वभौम सत्ता सम्पन्न भएर पनि आज हामी नेपालीको कुनै आफ्नो मूल्य मान्यता र पहिचान छैन, हामी केवल कङ्कालका रूपमा मात्र रहेका छौं भनेर देखाउन कथाले धेरै प्रसङ्गहरूलाई समेटेको पाइन्छ ।

**चरित्रचित्रण**

प्रस्तुत कथामा 'म', हिमनारायण हिमाली, उसकी स्वास्नी, छोरा र छोरी पात्रका रूपमा आएका छन् । कथामा आएका पात्रमध्ये कार्यव्यापारका आधारमा 'म' पात्र प्रमुख पात्र हो । सम्पूर्ण कथालाई उसले अगाडि बढाएको हुँदा 'उ' प्रमुख पात्र हो । सहायक पात्रका रूपमा हिमनारायण आएको छ किनभने उसले कथाको सुरुदेखि अन्त्यसम्म 'म' पात्रलाई कथा अगाडि बढाउन सहयोग गरेको छ । कथामा आएका अन्य पात्रहरू गौण पात्र हुन् । किनभने तिनीहरूले सन्दर्भमा आएर कथालाई अगाडि बढाएका छन् । आसन्नता र आबद्धताका आधारमा हेर्दा म र हिमनारायण मञ्चीय र बद्ध पात्र हुन् । जीवनचेतनाका आधारमा हेर्दा कथाका सबैपात्रले वर्गीय पात्रको भूमिका निर्वाह गरेका छन् । 'म' पात्र समाजको प्रबुद्ध वर्गको प्रतिनिधि हो, उसले समाजमा देखिएका विकृति विसङ्गतिप्रति चिन्ता व्यक्त गरेको छ र भनेको छः- "देशको युवाशक्ति जम्मै बाहिर र विदेशका बेरोजगार जम्मै यता । यसको परिणाम भोलि के होला सोच्या छौ तिमीले ?" (पृ. ६४) हिमनारायणले पनि वर्गीय भूमिका खेलेको छ उसले कानून बनाएको छ तर कार्यान्वयन गर्न सकेको छैन, जसले नीति निर्माण गर्नेलाई प्रतिनिधित्व गरेको छ । कथामा आएकी स्वास्नी पात्रले स्वतन्त्रता चाहने र महिला सङ्गठनका प्रभावले समाजमा अधिकार खोज्ने नारीको प्रतिनिधि पात्रको भूमिका निर्वाह गरेकी छे । जसको पुष्टि उसले बोलेको "हामी सनातम धर्म पनि कायम राख्छौं र अंशवंश पनि लिई छाड्छौं" (पृ. ६२) भन्ने

भनाइले पुष्टि गरेको छ । कथामा आएका छोरा र छोरी पात्रले पनि वर्गीय भूमिका निर्वाह गरेका छन्, जसको पुष्टि छोराले विदेशमा जान खोजेको र छोरीले सुन्दरी प्रतियोगितामा भाग लिन गरेको चेष्टा र तिनीहरूले बोलेका सन्दर्भले देखाएको छ । यसरी कथामा सर्वाभौम खालका चरित्रलाई खडा गरेर कथालाई अग्रता दिएकोले चरित्रचित्रण अत्यन्त सान्दर्भिक र उत्कृष्ट बन्न पुगेको छ ।

**संवाद**

यस कथामा संवाद पक्ष निकै सशक्त रहेको छ । 'म' पात्र र हिमनारायण हिमालीको संवादमा जोडिएर पूर्वदीप्तिका धेरै संवादपूर्ण घटनाहरू यस कथामा आएका छन् । मुख्य पात्र 'म' ले "हिमनारायणज्यू, तपाई किन यति सारो अँध्यारिएको ? चिन्नै धौं-धौं" (पृ. ६०) भनेर गरेको प्रश्नसँग हिमनारायणले दिएको "तपाई पनि त उस्तै अँध्यारो हुनुहुन्छ ।" (पृ. ६०) भन्ने प्रसङ्गबाट संवादले प्रवेश पाएको छ । संवादकै क्रमबाट कथाले अग्रगति लिँदै अगाडि बढेको छ । 'म' पात्र र 'हिमनारायण' का संवादमा जोडिएर आएको पूर्वदीप्तिको एउटा पाटोमा संवाद पक्ष निकै सजीव देखिन्छ । संवादमा व्यक्तिबोलीको प्रयोग ज्यादा पाइन्छ । वर्तमान युवा पुस्ताले बोल्ने गरेको संवाद कथामा यस्तो छ :- "यो सोच्ने काम तपाई ओल्डम्यान र नेताहरूको । अनइमप्लाइमेन्टको प्रोबलम सोल्भ गर्न हाम्रो ओल्ड लिडरहरूले कस्तो गोल्ड सोलुसन झिकेका छन् । नेप्लिज अनइमप्लाइड अरब देशहरूमा र इण्डियन अनइमप्लाइडहरू नेपालमा । यस्तो इजी गोइङ ट्र्याक छोडेर देशको फ्युचरतिर कता लाग्नु । ल, बा-बाई ओल्डमेन ! टाटा !" (पृ. ६४) यसरी आएको संवादले कथालाई निकै वास्तविक बनाउन सहयोग पुऱ्याएको छ । संवादमा आएका भनाइहरू कही कही व्यङ्ग्यार्थक पनि रहेका छन् । जस्तो म पात्रले स्वास्नी पात्रलाई भनेको "मैलाबाट महिला हुन त्यति सजिलो कहाँ छ र ! गोडामा ठेस लाग्दा मगज पो दुख्छ । गोडालाई मात्रै चोट पुऱ्याएँ भनिठान्नु मूर्खता हो । बुझ पचाउँदा बुद्धि पनि पच्छ ।" (पृ. ६२) स्वास्नी पात्रले बोलेका संवादहरू अनौपचारिक पनि देखिन्छ । जस्तै : "छिःछिःछिःछिः कस्तो अधर्म बोलेको पापी ! के हामी बाइफाले, बेस्से, फुँडी हौं र विहे नगरी सन्तान जन्माउने ?" (पृ. ६२)

यसरी कथामा आएका स्वाभाविक खालका संवादले कथालाई सरसपूर्ण बनाउनुको साथै कथालाई अग्रगति प्रदान गरेर पूर्णतामा पुऱ्याएका छन् । संवादकै माध्यमबाट चरित्रको उद्घाटन समेत भएको छ । त्यसैले संवाद निकै सशक्त रहेको छ ।

**परिवेश**

प्रस्तुत कथामा "अहिले साँझ परेको छ र बिहानीको मिरमिरे झैं उज्यालो धमिलो छ । यसै धमिलो साँझमा मैले उसतिर हेरैं" (पृ. ६०) भनेर आएको भनाइले कुनै साँझको परिवेशलाई संकेत गरेको छ ।अँध्यारोमा घटेको यस घटनाको स्थान घरभन्दा बाहिर कतै हो भन्ने कुरा "उसको हातमा माछाको सिल झुण्डिएको थिएन" (पृ. ६०) भन्ने भनाइले पुष्टि

गर्दछ । यसरी आएको बाह्य परिवेशले म पात्र र हिमनारयण हिमालीमा रहेको वास्तविकतालाई छोपेर नियम मात्र बनाउने तर कार्यान्वयन नगर्ने र एक अर्कामा पूर्णरूपले व्यक्तिन नचाहने कुटिल परिवेशलाई उजागर गर्न सहयोग गरेको छ । दुबैपात्र एक अर्काको मपाईत्व जोगाउन आफ्नो यथार्थता खोल्न चाहँदैनन्, जसलाई धमिलो उज्यालोको परिवेशले आधारभूमि प्रदान गरेको छ । कथामा आएको यो परिवेश बाहेक पूर्वदीप्तिका प्रसङ्गमा आएको अर्को परिवेश पनि चित्रित छ । अर्को परिवेशका रूपमा म पात्र हिमनारायण हिमालीको घरलाई देखाएको छ । जसको परिवेश यस्तो छ :- “साँझ पर्न आँट्दाताकाको र वातावरण धमिलिन आँट्दाताकाको कुरा हो र म उसकहाँ पर्यटक झैँ उसै पुगेको थिएँ । जतातातै फोहर र दुगर्न्धले गर्दा नाकमुख थुन्दै उसकहाँ पुगेको थिएँ । उसका स्वास्नी छोराछोरी सबैले उसलाई घेरेका थिए ।” (पृ. ६२) यसरी आएको फोहर दुर्गन्धित र धमिलिएको हिमनारायणको घरको परिवेशले पनि पात्रको आन्तरिक परिवेश उद्घाटनमा सहयोग गरेको छ । हिमनारायणको घर वास्तवमै नेपाल हो । यहाँको फोहर र दुर्गन्धले यहाँ पुरुष, नारी युवा, युवती आदिमा देखिएको फोहरी परिवशेलाई उजागर गरेको छ भने धमिलिएको साँझले अस्तित्वको संकटपूर्ण परिवेशलाई देखाएको छ । कथामा आएको बाह्य परिवेशले पात्रको आन्तरिक परिवेश उद्घाटन गर्न र कथालाई उचित आधारभूमि प्रदान गर्न सहयोग गरेकाले वातावरण योजना अनुकूल र उत्कृष्ट रहेको छ ।

**उद्देश्य**

समाजमा देखिएका संस्कारजन्य विकृतिलाई टिपेर आलोचनाको घेराभित्र राखी प्रस्तुत गरिएको यस कथाले वर्तमानको युगीन अवस्थालाई चित्रण गरेको छ । वर्तमान समयमा विदेशी आइ.एन.जि.ओ. र स्वदेशी एनजिओले महिला स्वतन्त्रता महिला अधिकारका नाममा भरेका सन्देश र महिलामा देखिएका गैरजिम्मेवारी र छाडा प्रथालाई कथाले एक पाटोमा समेटेको छ । कथाले अर्को पाटोमा वर्तमान युवापुस्तामा देखिएको विकृति, विदेश पलायनको मोह र राष्ट्रियताप्रतिको उपेक्षालाई देखाएको छ । त्यसैगरी कथाले तेस्रो पाटो अन्तर्गत वर्तमान युवतीहरूमा देखिएका विदेशी संस्कारको प्रभाव, अर्धनग्न स्वतन्त्रता र छाडा प्रवृत्तिलाई चित्रण गरेको छ । कथाको चौथो पाटोमा स्वतन्त्र भएर नियम कानुन बनाएर पनि कार्यान्वयन गर्न नसक्ने राष्ट्रिय समस्यालाई देखाएको छ । समग्रमा नेपाली अस्तित्वको संकटलाई कथाले देखाउन खोजेको छ । कथाले लिएका उद्देश्यहरूलाई निम्न बुँदामा देखाउन सकिन्छ ।

- नारीमा देखिएको छाडा प्रवृत्ति र स्वतन्त्रताका नाममा भएको विकृतिलाई व्यङ्ग्य गर्नु,
- युवापुस्तामा देखिएको विदेश पलायनको मोह र राष्ट्रियताप्रतिको उपेक्षालाई व्यङ्ग्य गर्नु,
- युवतीहरूमा देखिएका विकृतिजन्य सोचाई र नैतिकता पतनप्रति सचेत गराउनु,

) नीति निर्माणको कार्यान्वयनमा भएको ढिलाइ र आफ्नो पहिचान गुमाएको अवस्थाप्रति चिन्ता व्यक्त गर्नु,

**दृष्टिबिन्दु**

यो कथा मुलरूपमा 'म' पात्रको केन्द्रीयतामा घुमेको छ । सुरुमा हिमनारायणसँग भेट हुँदाको समयमा पनि 'म' पात्रले "मैले उसतिर निकै गडेर हेरें" (पृ. ६०) भन्दै उसैको कोणबाट कथालाई अगाडि बढाएको छ । त्यसपछि भएको संवादमा हिमनारायणले भाग लिए पनि 'म' पात्रले नै "मैले अगाडि बोल्ने कुरा पाइनँ" (पृ. ६१) भन्दै आफ्नो विचार राखेको छ । पूर्वदीप्तिका हरेक प्रसङ्गहरू म पात्रकै केन्द्रीयतामा कथामा आएका छन् । 'म' पात्रका कोणबाट र उसकै मानसिक संवेग र विचारका कोणबाट सम्पूर्ण कथा अगाडि बढेको हुनाले यस कथाको दृष्टिबिन्दु पात्र 'म' हो । यसरी कथाका सम्पूर्ण घटनाहरू 'म' पात्रले नै बताइरहेको र उसको कोणबाट नै कथा भनिएको हुँदा कथामा प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दु हुन पुगेको छ । कथाको अन्त्यमा जसरी पूर्वाह्न नभई, मध्याह्न नभई, अपराह्न नभई सन्ध्या भएको थियो । त्यसैगरी अब रातको पहिलो प्रहर दोस्रो प्रहर नभई एकैचोटि पुनः बिहानी होला ? भन्दै 'म' पात्रले आफ्ना विचार राखेबाट पनि यसको थप पुष्टि हुन्छ । त्यसैले कथाको दृष्टिबिन्दु प्रथम पुरुष केन्द्रीय रहेको छ ।

**भाषाशैली**

'सार्वभौम जनकङ्काल' नामक यस कथामा मिश्रित किसिमको भाषा प्रयोग गरिएको छ । कथामा छोटा-छोटा र सरल वाक्यको प्रयोगका अलावा लामा मिश्रित र आलङ्कारिक भाषाको प्रयोग पनि रहेको छ । संवादका क्रममा पात्रहरूले बोलेका स्वाभाविक भाषाले कथालाई मीठास थपेको छ । पात्रले बोलेको भाषामा रहेको व्यक्तिबोलीले कथालाई अझ सुरुचिपूर्ण बनाएको छ । जस्तै "सुन्यौ, अब तिमीले यो मैलासँगठनतिर हल्लिन छोड" (पृ. ६१) भनेर हिमनारायणले श्रीमतीलाई भनेको र छोराले बोलेको "डोन्टवरी ड्याड, फरेनबाट मनी अर्न गरेर पनि त आफ्नो कन्ट्रीको हेल्प गर्न सकिन्छ ।" (पृ. ६३) शब्दचयन प्रक्रियालाई हेर्दा यस कथामा अङ्ग्रेजी शब्दको व्यापक प्रयोग गरिएको छ । सन्दर्भमा आएका धमिलो पानीमा माछा मार्नु, लाटाले केरा हेरे झैं, न पाउनेले केरा पायो बोक्रै सुद्ध खायो जस्ता उखानले भाषालाई अझ मीठो बनाएका छन् । भाषालाई सुरुचिपूर्ण बनाउन ठाउँठाउँमा आएका निपात विस्मयादीबोधक चिन्ह र शब्द, अनुकरणात्मक शब्द, द्वित्व शब्दले थप सहयोग गरेका छन् । संवादात्मक शैलीको प्रयोग गरी मिश्रित किसिमको भाषा प्रयोग गरेर कथालाई अगाडि बढाइएको छ । कथामा पूर्वदीप्तिशैलीलाई पनि प्रयोग गरिएकोले कथा क्रमिक रूपमा अगाडि बढे पनि बीचमा प्रसङ्ग हराउन जाँदा सहज संवेद्य हुन सक्दैन । समग्रमा भन्नुपर्दा कथाको भाषाशैली मिश्रित छ, जसको कारण कथा बुझ्न केही गाह्रो हुन्छ ।

प्रस्तुत कथाले नेपालीहरू सार्वभौम सत्ता सम्पन्न भएर पनि वास्तविक पहिचान हुन नसकेका कङ्कालका रूपमा रहेका छन् भन्नेकुरालाई विभिन्न सन्दर्भ देखाएको हुँदा कथाको शीर्षक सार्वभौम जनकङ्काल सार्थक रहेको छ । वर्तमान युगीन विकृति, विसङ्गति, अव्यवस्था आदिलाई कथाले विषयवस्तु बनाएर पस्केको छ । समाजमा देखिएका विकृति विसङ्गतिप्रति व्यङ्ग्य गर्दै त्यसप्रति सुधारको अपेक्षा गर्नु कथाको उद्देश्य रहेको छ । सीमित पात्रको प्रयोग गरी युगीन समस्यालाई चित्रण गर्न सफल यस कथाको भाषाशैली भने अलि जटिल खालको देखिन्छ । सामाजिक समस्यालाई संवादात्मक र पूर्वदीप्तिशैली अपनाएर प्रस्तुत गरेको हुनाले कथा उत्कृष्ट र बौद्धिक बन्न पुगेको छ ।

## ४.८ 'अंश-वंशधारिणी' कथाको विश्लेषण

### कथावस्तु

यो कथा २०५५ सालमा फागुनको गरिमा नारी विशेषाङ्कमा प्रकाशित भएको हुनाले पनि यस कथाको कथावस्तु नारीसँग सम्बन्धित छ भन्ने देखाउँछ । समाजमा नारीले अंश र वंशकी अधिकारी बन्न कसरी सङ्घर्ष गर्नु पर्दछ भन्ने कुरालाई कथाले देखाउन खोजेको छ । यस कथामा आएकी गङ्गा पात्रले आफूलाई अंशकी हकदार बनाउन आफ्ना दाजुभाइसँग सङ्घर्ष गरेर बसेकी छ । यसरी बसेकी गङ्गाले आफू आर्थिक रूपमा सबल नभएसम्म सङ्घर्ष गर्न सकिदैन भन्ने बुझेर अनेक बाधा हुँदा पनि अध्ययन पूरा गरेर जागिर खाएकी छ । ३५ वर्षको उमेरसम्म विवाह नगरी जागिरद्वारा आर्थिक रूपमा सबल भएकी गङ्गाले कसैलाई पनि स्वीकार नगरी स्वेच्छाले यौन सम्पर्क गरी सन्तानको इच्छा मेटाउने प्रयत्न गरेकी छे र "उनले आफ्नो गर्भमा भएको सन्तान छोरो होस् या छोरी को पछाडि संस्कृतको शब्द गाङ्गेय नराखेर गङ्गेल राख्ने निर्णय गरिन् । (पृ. ७४) अन्त्यमा उसले कसैलाई आफ्नो पति स्वीकार नगरेर घरमा बसेको नोकरलाई तिमी मेरो लोग्ने हौ भनेकी छ । यसरी नारीले अंश र बंशकी धारिणी हुन आफूलाई सबल र आत्म निर्णयको अवस्थामा पुऱ्याउनु पर्छ भन्ने कुरालाई कथाले कथावस्तु बनाएको छ । नारीले अंश र वंशकी अधिकारी हुन गर्नुपर्ने सङ्घर्षलाई नै कथाले मूल कथावस्तु बनाएको छ ।

### चरित्रचत्रिण

यस कथामा गङ्गा, महेश, गङ्गाकी आमा दाइभाइ र बाबु पात्रका रूपमा आएका छन् । कार्य व्यापारका आधारमा हेर्दा गङ्गा प्रमुख पात्र हो किनभने कथा सुरुदेखि अन्त्यसम्म गङ्गाकै केन्द्रीयतामा घुमेको छ । कथामा आएका बाबु, विवेक, महेश सहायक पात्र हुन् भने अन्य पात्रहरू गौण पात्र हुन् । नेपथ्य पात्रका रूपमा रवीन्द्र,अनिल र विपुल पनि कथामा आएका छन् । आसन्नता र आबद्धताका कोणबाट हेर्दा गङ्गा, महेश, विवेक र गङ्गाको बाबु, जस्ता पात्रहरू वैयक्तिक पात्रका रूपमा आएका छन् । गङ्गाले आफूलाई आत्मनिर्णयी,

स्वाभिमानी र अस्तित्ववादी पात्रका रूपमा उभ्याएकी छ । जसको यी भनाइले पुष्टि गर्छन् :- "अब गङ्गाले विवाह होइन, सन्तान जन्माउने दृढ अठोट गरिन् । सृष्टि चलाउन मात्रै होइन मानव समाजमा आफ्नो अस्तित्व र उपस्थिति प्रमाणित गर्न र साथै सिर्जनाको मोहले पनि उनले सन्तान जन्माउने निष्कर्षमा पुगिन् ।" (पृ. ७४) बाबुले कथामा चेतनशील र प्रगतिवादी चरित्रको भूमिका निर्वाह गरेका छन् जसलाई उनले बोलेका "ठीक भन्यौ नानी ! आफू नै बनिँदैन भने अरूलाई के बनाउन सकिएला र ? आफ्नो खुट्टामा आफैँ उभिनुपर्छ ।" (पृ. ७०) यसैगरी कथामा आएका दाजुभाइ र आमाले स्वार्थी, पुरातनपन्थी र पूर्वाग्रही पात्रको भूमिका निर्वाह गरेका छन् भने विवेकले असलमित्र र सज्जनको भूमिका निर्वाह गरेको छ र महेशले वफादार नोकरको भूमिका निर्वाह गरेको छ । अन्य नेपथ्यमा आएका पात्र यौन पिपाशु र स्वार्थी पात्रका रूपमा चित्रित भएका छन् । कथामा आएका यी विभिन्न चरित्रले कथालाई अग्रगति दिन सहयोग पुऱ्याएको हुँदा चरित्रचित्रण सवल रहेको छ ।

**संवाद**

प्रस्तुत कथामा संवादपक्ष सशक्त रूपमै रहेको छ । कथाको आरम्भमा नै घरको नोकर महेशले "साहेबनी, साहेबनी चिया ल्याएँ" (पृ. ६८) भन्दै गङ्गाका कोठामा छिरेपछि संवादको प्रक्रिया अगाडि बढेको छ । यसरी संवादबाट अगाडि बढेको कथामा बीच-बीचमा दोहोरो संवादहरू आएका छन् । यसरी आएका संवादहरू पात्र अनुकूल रहेको पाइन्छ । महेशले बोलेका "साहेबनी, साहेबनी चिया ल्याएँ" (पृ. ६८) भन्ने संवादले नोकरले बोल्ने भाषाको उजागर गरेको छ भने विवेकले बोलेको "हेलो गङ्गाजी ! क्यान्टिनतिर नजाने ? प्लिज जाऊँ न आज मेरो तर्फबाट" (पृ. ७२) भन्ने भाषाले उच्च र बौद्धिक संवादलाई देखाएको छ । बाबु पात्रले छोरीलाई भनेका "नानी छोरी ! तिमीमा आत्मविश्वास छ । साहसी छयौ, विवेकी छयौ । तर पनि कुनै पनि निर्णय गर्दा अलिकति यो समाजतिर हेर्नुपर्छ" (पृ. ७०) भन्ने भनाइले स्वाभाविक उत्तरदायित्वपूर्ण संवादको प्रतिनिधित्व गरेको छ । यसरी कथामा आएको पात्र अनुकूलको संवादले कथालाई रोचक बनाएको छ । संवादका अतिरिक्त गङ्गाको मनोवाद पनि कथामा आएको छ । समग्रमा भन्नुपर्दा संवादले कथालाई अग्रता दिन र कथालाई रोचक बनाउन महत्त्वपूर्ण सहयोग गरेको छ । स्वाभाविक खालका छोटा-छोटा संवादले गर्दा भाषा समेत मीठो बन्न पुगेको छ ।

**परिवेश**

प्रस्तुत कथामा आएको परिवेश सार्वकालिक रहेको छ किनभने कथामा परिवेशका रूपमा खासै चित्रण पाइदैन । गङ्गा चिया खाएर अफिस जाने प्रसङ्गले सहरी परिवेशलाई केही मात्रमा उजागर गर्न खोजेको छ । कथाको स्थान गङ्गाको कोठा रहेको छ भने समय बिहान र बेलुकाको रहेको छ । बिहानको समयमा महेशले चिया लिएर गङ्गाको कोठामा छिरेपछि गङ्गा र महेशको संवादको प्रक्रिया अगाडि बढ्न पुगेको छ र कोठाभित्र सत्र वर्षे महेशलाई देख्दा

नाइटीमा सुतेकी गङ्गाको यौन चाहना केही प्रकटित हुन सहयोग मिलेको छ । बाह्य रूपमा आएको परिवेश चित्रणले यसबाहेक अन्यआन्तरिक परिवेशलाई उद्घाटनमा खासै सहयोग पुऱ्याएको छैन । वर्णनात्मक रूपमा आएको यस कथामा गङ्गाको जीवनीका धेरै पक्ष आएका छन्, जहाँ बाह्य परिवेशभन्दा आन्तरिक परिवेश नै मुख्य देखिन्छ । गङ्गाको आमा र दाजुभाइद्वारा देखाएका व्यवहारले पुरातनपन्थी रुढीवादी परिवशेलाई देखाएका छन् भने बाबुका व्यवहारले प्रगतिशील र परिवर्तनगामी सचेत परिवेशलाई उजागर गरेका छन् । गङ्गाका व्यवहारले उसका सङ्घर्षशील, अस्तित्ववादी आत्मनिर्णयी र विद्रोही परिवेशलाई चित्रण गरेका छन् । गङ्गा पूर्ण आधुनिक स्वतन्त्रतापूर्ण परिवेश लिएर देखापरेकी छ । कथामा आएको बाह्य परिवेशले कथालाई आधारभूमि प्रदान गरे पनि पात्रको आन्तरिक परिवेश उद्घाटनमा सहयोग गर्न सकेको छैन । समग्रमा भन्नुपर्दा कथाले लिएको अन्तर बाह्य परिवेशले कथालाई यथार्थतातर्फ डोहोऱ्याउन सफल भएको छ ।

**उद्देश्य**

नारी समस्यालाई मुख्य विषयवस्तुका रूपमा लिएको यस कथाले नारीलाई अंश र वंशको अधिकारिणी हुनका लागि समाजमा गर्नुपर्ने सङ्घर्षका बारेमा सचेत गराएको छ । जबसम्म एउटी नारी आफ्नो घरको सानो घेराभित्रबाट निस्केर बाहिरी समाजमा सङ्घर्ष गर्दिन, तबसम्म नारीमाथि पुरुषले हैकम स्थापित गरिरहन्छन् भनेर कथाले देखाउन खोजेको छ । नारी जबसम्म शैक्षिक र आर्थिक रूपमा आफ्नो खुट्टामा उभिन सक्दिन तबसम्म उसले अरूको सहारामा बाँच्नु पर्ने हुनाले ऊ अंशकी अधिकारिणी बन्न सक्दिन र जबसम्म ऊ आफ्नो आत्मनिर्णयमा अडिग रहेर विवाहको र सन्तानको निर्णय गर्न पुग्दिन, वंशकी धारिणी बन्न सक्दिन भन्ने कुरालाई कथाले देखाएको छ । सामाजिक बन्धनहरू चुडाल्दै अगाडि बढेकी गङ्गाले गरेका स्वनिर्णय र अस्तित्वादी सङ्घर्षले उसलाई अन्त्यमा अंश र वंश दुबैको अधिकारिणी बनाएर कथाले नारी सङ्घर्षलाई स्थापित गर्न खोजेको छ । समग्रमा कथाले लिएका उद्देश्यलाई यी बुँदामा देखाउन सकिन्छ ।

- नारीले आफ्ना निर्णयहरू आफैँले गर्न पाउनुपर्छ,
- अंश र वंशको अधिकारी नारीले पनि हुन पाउनुपर्छ,
- सङ्घर्ष नगरीकन कुनै कुरा हात लाग्दैन, त्यसैले नारीले सङ्घर्ष गर्नुपर्छ,
- सङ्घर्षको माध्यम प्रतिशोध नभएर आफैँले आफूलाई स्थापित गर्नमा हुनुपर्छ,

**दृष्टिबिन्दु**

यस कथाकी मुख्य पात्र गङ्गा हो । कथाले गङ्गालाई केन्द्रबिन्दु मानेर अग्रता पाएको छ । कथामा गङ्गाकै कोणबाट सबै पात्रलाई हेर्न खोजिएको छ । कथा गङ्गाकै मानसिक संवेग र विचार वरिपरि केन्द्रित भएर अगाडि बढेको छ । कथाकै आरम्भमा चिया लिएर आफ्नो

कोठामा छिरेको महेशलाई हेरेर “सोह्र सत्रवर्षको महेशलाई यसरी अठ्तीसवर्षे यौवन वारपार छ्याङ्ग देखिने पातलो नाइटी बोकेर गङ्गा उठिन” (पृ. ६८) भन्दै गङ्गालाई केन्द्र बनाएर कथाअगाडि बढेको छ । गङ्गाले आफू सतत्-प्रवाहमा बग्ने अठोट गर्नु, विवाह नगरी सन्तान पाउने निर्णय गर्नु, महेशलाई लोग्ने बनाउन आफ्ना विचार राख्नुजस्ता हरेक कुरा उसकै मानसिक संवेग र विचारहरू हुन् । कथाप्रसङ्गमा अन्यपात्रहरू आए पनि सबैपात्र गङ्गाकै केन्द्रीयतामा आएका छन्, त्यसैले यस कथाकी दृष्टिबिन्दु पात्र गङ्गा हो । तृतीय पुरुष गङ्गाकै कोणबाट कथालाई पूर्णता दिइएको हुँदा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग रहेको प्रष्ट हुन्छ ।

**भाषाशैली**

प्रस्तुत ‘अंश-वंशधारिणी’ कथाको भाषाशैली पक्षलाई हेर्दा सरल र सोझो भाषाको प्रयोग नै ज्यादा मुखर भएको छ । सरल खालको भाषाशैलीका अलावा ठाउँ ठाउँमा मिश्रित र आलङ्कारिक भाषाको प्रयोग पनि पाइन्छ । जसको उदाहरणका रूपमा यो वाक्यलाई लिन सकिन्छ । जस्तैः- “यिनीहरू विरुद्ध भूमरिनु भनेको नदीमा पानी र ढुङ्गाको अन्योन्याश्रयजस्तै हो । ढुङ्गा चूर्ण-विचूर्ण भएर बालुवा र माटोमा परिणत भए पनि नदिकै आधार हो । नदीले खुपै गऱ्यो भने किनारलाई आफ्नो गतिअनुकूल भत्काउँछ, त्यसको अस्तित्व नै विलोप गर्न सक्तैन ।” (पृ. ७१) पात्रको स्तर अनुकूलको भाषा प्रयोगले गर्दा भाषालाई मीठो बनाएको छ । निम्न स्तरको महेश पात्रले “साहेबनी, साहेबनी चिया ल्याएँ” (पृ. ६८) भन्दा कथ्य भाषा आएको छ भने अन्य ठाउँमा कथ्य भाषा त्यति देखिदैन । भाषामा आएका सहज र स्वाभाविक संवादले भाषिक चमत्कार थपेको छ । वाक्यगत संरचना केलाउँदा सरल र मिश्रित दुबैखाले वाक्यको प्रयोग उत्तिकै रहेको छ । शब्दचयन प्रक्रियालाई हेर्दा कथामा अङ्ग्रेजी आगन्तुक शब्दहरू नाइटी, टेबुल, एस.एल.सी आइ.ए, म्याट्रिक, वी.ए., हेलो, प्लिज, क्यान्टिन, एड्स जस्ता शब्दको प्रयोग रहेको पाइन्छ । कथामा भाषिक स्वाभाविकता सिर्जना गर्नमा ठाउँ-ठाउँमा आएका निपात, अनुकरणात्मक शब्द र द्वित्व युक्त शब्दले थप योगदान पुऱ्याएका छन् । कथामा उखान टुक्का प्रयोग नभेटिए पनि प्राकृतिक दृश्य बिम्बहरू खोला, ढुङ्गा, माटो, भुवँरी, टेबुल आदिको प्रयोग भने रहेको छ । समग्रमा भन्नुपर्दा कथाको भाषाशैली सरल सहज र संवेद्य रहेको छ । संवृत भाषाशैलीले गर्दा कथा सुबोध्य बन्न पुगेको छ ।

प्रस्तुत कथाकी मुख्य पात्र गङ्गा आफ्नो सङ्घर्षबाट अन्त्यमा अंश र बंशकी अधिकारिणी बन्न सफल रहेकोले शीर्षक सार्थक रहेको छ । सामाजिक समस्या अन्तर्गत नारी समस्यालाई मुख्य विषयवस्तु बनाएको यस कथाले नारीलाई आफ्नो निर्णय आफैं गर्न पाउने अधिकारका लागि सबैभन्दा पहिले आर्थिक र शैक्षिक हिसाबमा दरिलो हुनपर्ने सन्देश दिएकोछ । सरल, सुबोध्य भाषाको प्रयोग र उचित किसिमका पात्रको संयोजनद्वारा कथाले सामाजिक यथार्थतालाई उजागर गरेको छ । नारीलाई स्वास्नी बन्नबाट रोकेर अंश र बंशकी अधिकारिणी

हुन आफैँ भित्रबाट सङ्घर्षको लडाइ लड्नु पर्ने भन्दै नारीवादी कोणबाट लेखिएको यो ब्राजकीको उत्कृष्ट नारीवादी कथा हो ।

## ४.९ 'ईखको बिख' कथाको विश्लेषण

### कथावस्तु

मनु ब्राजाकीको यस कथाले व्यक्तिमा रहेको ईखजनित स्वभावलाई कथावस्तु बनाएका छन् । समाजमा हिजोसम्म उपल्लो दर्जामा रहेर हैकम कायम राखेका तर सत्ता सङ्घर्षको कारण आज पदच्यूत भएका व्यक्तिहरूले नव उदीयमान सत्तासिनसँग के कस्तो ईख जनित व्यवहार प्रस्तुत गर्छन् भन्ने कुरालाई कथाले देखाउन खोजेको छ । यस कथामा आएको 'ऊ' पात्र हिजो हाकिम थियो तर आज ढाक्रे बन्न पुगेको छ । आर्थिक हिसाबमा सम्पन्न रहेर पनि सामाजिक राजनैतिक रूपमा नाङ्गेझार भएको उसले आफ्नो छिमेकी भाइको प्रगतिदेखि ईखको कारण बिखैबिख हुन पुग्छ र कहिले आफ्नै परिवारसँग "आज म ढाक्रे भएँ भन्दैमा र मेरो छिमेकी भाइ भनाउँदो पाजीले तिमेरुलाई दुई चारओटा चुइगम दिँदैमा त्यतै 'अङ्कल अङ्कल' भनेर टाँसिने हो ? हराम, निमकहराम दुष्टहरू हो ।" (पृ. ७५) भन्दै पड्किन्छ भने कहिले नव उदीयमान भाइसँग टोकाटोक गर्न पुग्छ । यसरी कथाले मुख्य रूपमा सत्ता सङ्घर्षमा देखिने ईखालु प्रवृत्तिलाई आफ्नो मूल कथावस्तु बनाए पनि यसैसँग जोडिएर समाजमा देखिने धार्मिक आडम्बर र विकृति, अवसरवादी प्रवृत्ति, पुस्ता द्वय बीचको अन्तर, आदि पनि आएका छन् । पुस्ताबीचको अन्तरको कारण युवापुस्ता वियर खाएर पप गीतमा बाँचेको छ भने बाबु पशुपतिको गुहे वाग्मतीमा नुहाएको छ । धार्मिक आडम्बर र द्वैध चरित्रलाई कथामा आएका "फाइभस्टार होटेलमा गाईको मासु खाए पनि गोवर्धनपूजा गर्नुपर्छ, स्कच र ठर्रामा बुडे पनि दुई हात थापेर पञ्चामृत घुट्क्याउनैपर्छ । अनि आफ्नो जीउ जति मासे-बेचे पनि तीजको ब्रत बस्नु स्वस्थानी सुन्न छाड्नु हुन्न" (पृ. ७७) भन्ने भनाइले देखाएको छ । यसरी सत्ता सङ्घर्ष र ईखालु प्रवृत्तिलाई केन्द्र बनाएर तमाम विकृति विसङ्गतिलाई कथाले आफ्नो विषयक्षेत्रभित्र समेटेर व्यङ्ग्य गरेको छ ।

### चरित्रचित्रण

'ईखको विख' कथामा सीमित पात्रको प्रयोग देखिन्छ । यो कथा खासमा 'म' र 'ऊ' पात्रको सेरोफेरोमा नै अगाडि बढेको छ । दुई पात्रका अलावा अन्य पात्रहरू पनि कथामा आएका छन् ती हुन्: वर्तमान हाकिमकी स्वास्नी, छोरा-छोरी र भू.पू हाकिम (ऊ) का छोराछोरी र स्वास्नी, ड्राइभर अनि होटेलवाला साहु र होटेलमा बसेका अन्य मानिसहरू र मालाकार बाबू । कथाको पात्रहरूलाई हेर्दा कार्यव्यापारका आधारमा 'म' र 'ऊ' मुख्य पात्र हुन् भने अन्य सबै पात्रहरू गौण पात्रका रूपमा आएका छन् । कथालाई अग्रता दिन सुरुदेखि अन्तिमसम्म 'म' र 'ऊ' पात्र भूमिकामा आएका छन् । जीवनचेतनाका आधारमा हेर्दा यस कथाका मुख्य पात्र 'म',

'ऊ' र हाकिम तीनैजना वैयक्तिक पात्र हुन् । 'म' पात्र सामान्य जनता जस्तो भएर आएको छ, उसले वर्तमान हाकिम र भू.पू. हामिका बीचमा मेल मिलाप गराउन खोजेको छ र आफूलाई "म मनु ब्राजाकी हुँ हजूर !" (पृ. ७९) भनेर चिनाएको छ । भूतपूर्व हाकिम द्वैध चरित्रको ईखालु पात्रका रूपमा कथामा आएको छ र आफ्नो ईखको झोंक कहिले परिवार र कहिले बाहिर पोखेको छ । द्वैध चरित्र निभाउने उसले भगवान्को पूजा गरेर अरूको कुभलो चिताउँदै भन्ने यी "यही ईखबाट निसृत बिखैबिखले रन्थनिएर अहिले ऊ हात जोडेर अनर्गल प्रलाप गरिरहेछ । भाइलाई छरछिमेकीलाई र आफन्तलाई समेत सरापिरहेछ ।" (पृ. ७८) भन्ने प्रसङ्गले देखाएका छन् । वर्तमान हाकिमको खासै चरित्र उद्घाटित छैन तर ऊ नयाँ उदीयमान व्यक्तिका रूपमा आएको छ, त्यसैले यसको वरिपरि होटेलवाला र अन्य अवसरवादीहरू झुम्मिएका छन् । यी पात्रका अलावा अन्य पात्रहरूको पनि चरित्रचित्रण कथामा देख्न सकिन्छ । मुख्य रूपमा 'म' 'ऊ' र हाकिमका सेरोफेरो घुमेको यस कथालाई अन्य चरित्रले पनि अगाडि बढ्न सहयोग गरेका छन् । विभिन्न किसिमका चरित्रको संयोजनद्वारा कथालाई अगाडि बढाएर समाजमा देखिएको सत्ता सङ्घर्ष र अन्य विसङ्गतिलाई चित्रण गर्न सफल भएकोले चरित्र चित्रण उपयुक्त छ ।

**संवाद**

यस कथामा संवाद पक्ष निकै सशक्त देखापरेको छ । कथामा आएका संवादहरू निकै स्वाभाविक खालका रहेका छन् । स्वाभाविक रूपमा आएका संवादको एउटा उदाहरण यस्तो रहेको छः-

"नमस्कार हजूर ।"

"नमस्कार नमस्कार ! को हो तपाईं"

"म मनु ब्राजाकी हुँ हजूर !" मैले नाक घोक्रयाएँ ।

"ए, के गर्नुहुन्छ नि ?" (पृ. ७९)

कथामा दोहोरो संवादका रूपमा म, ऊ हाकिम, ड्राइभर, फूलबेच्ने पसले आदिले भाग लिएका छन् । ड्राइभर जस्ता पात्रले बोलेको संवाद यस्तो छः- "स्पिड ठीक छ हजुर ? कि अलि घटाउँ ?" (पृ. ७७) । संवादमा देखिने स्वाभाविक उतार चढावले कथालाई अझ बढी रोचक बनाएको छ । संवादका क्रममा उच्च पात्रहरूले काव्यात्मक आलङ्कारिक भाषाको समेत प्रयोग गरेका छन् । जस्तैः "धर्मको लौकिक कर्मकाण्डको दुर्गन्धलाई धर्मकै अध्यात्म र दर्शनतत्त्वले ढाकछोप गर्नुपर्छ । सुगन्धित बन्नका लागि त आधुनिकताको मानवतावाद छँदै छ नि हामीसित । नपुगे आयात पनि गर्न सकिन्छ ।" (पृ. ६२) भन्दै भू.पू. हाकिमले बोलेको यो संवादले यसलाई देखाएको छ । पात्रको स्तर अनुकूल संवादले गर्दा संवाद स्वाभाविक बन्न पुगेका छन् । संवादका अतिरिक्त कथामा 'ऊ' पात्रको मनोवाद पनि आएको छ । यसरी कथालाई अग्रगति

दिन र चरित्रको उद्‌घाटन गर्नमा कथामा आएका संवादले महत्त्वपूर्ण भूमिका खेलेकोले संवाद प्रयोग सान्दर्भिक रहेको छ ।

**परिवेश**

प्रस्तुत कथामा पहिलो घटना 'ऊ' पात्रको घरमा घटेको छ । घटना घट्ने समय बिहान रहेको कुरा उसकी स्वास्नीले डबमा नुहाएको र छिमेकी भाइका स्वास्नी र छोराछोरीले दाँत ब्रस गरेका कुराले पनि प्रस्ट्याएका छन् । पहिलो घटना घट्नको लागि घरको परिवेशले आधारभूमि प्रदान गरेको छ । यही परिवेशमा 'ऊ' पात्रको ईखजनित आन्तरिक परिवेश आफ्ना छोराछोरी र श्रीमती माथि पोखिएको छ । कथाको दोस्रो घटनाले पशुपति क्षेत्र वाग्मती नदी आदिलाई परिवेश बनाएको छ । दुर्गन्धित वाग्मती परिवेशले 'ऊ' पात्रको दुर्गन्धित र द्वैध चरित्रलाई प्रष्ट्याउन सफल रहेको छ । अरूको प्रगति देख्न नचाहने ऊ पात्र वाग्मतीको फोहोर पानीमा चोबलिएर आफूलाई स्वच्छ बनाउन चाहन्छ । यसरी आएको परिवेशले पनि कथालाई यथार्थता प्रदान गरेको छ । कथाको अन्तिम घटनाले लिएको समय साँझको र परिवेश मानिएको जमघट भएको होटेललाई बनाएको छ । मानिसको जमघटपूर्ण होटलले र साँझको समयले घटनालाई अग्रता दिन सहयोग पुऱ्याएका छन् । यसरी आएको होटेलको परिवेशले गफ चुट्न र आफ्ना ईख जनित भावनालाई पोख्न उपयुक्त आधारभूमि तयार गरिदिएको छ । कथामा आएका यी बाह्य परिवेशले घटना घटाउन स्थान प्रदान गर्नुका साथै 'ऊ' पात्रका ईख जनित बिखालु, फोहरी र द्वैध परिवेशलाई उद्‌घाटन गर्न सहयोग गरेकाले कथाको परिवेश विधान उपयुक्त रहेको छ ।

**उद्देश्य**

प्रस्तुत कथाले मान्छेमा निहित कसैको प्रगति देख्न नचाहने र आफूलाई ठूलो रूपमा प्रस्तुत गर्ने प्रवृत्तिलाई देखाएको छ । छद्म रूप लिएर बाहिर सज्जनको अभिनय गरेर भित्रभित्र खराब आचारण देखाउने प्रवृत्तिलाई कथाले समेट्न पुगेको छ । सत्ता सङ्घर्षको कारण पदच्यूत हुन पुगेका अथवा सामन्ती संस्कारमा हुर्केर समाजमा हैकम जमाएका व्यक्तिहरू जब आफ्नो सामाजिक राजनैतिक स्तरबाट घट्न पुग्छन्, त्यतिखेर तिनीहरूमा निहित ईख जनित भावहरू कसरी देखिन्छन् । भनेर देखाउनु कथाको मूल उद्देश्य हो । यसै उद्देश्यसँग जोडिएर अन्य धार्मिक विकृति, युवाविकृति, साहित्यकारको अवस्था आदिलाई पनि कथामा देखाइएको छ । हिजोसम्म एक जनाको पछि हिड्ने समाज आज फेरि अर्कोको पछि लागेको देखाएर अवसरवादी प्रवृत्तिलाई कथाले देखाउन खोजेको छ । समग्रमा निम्न बुँदाहरूमा उद्देश्यलाई समेट्न सकिन्छ :-

- मान्छेमा रहेको ईखालु स्वभावका कारण 'ऊ' कसैको प्रगति देख्न चाहदैन भन्ने देखाउनु,

- समाजमा रहेका अवसरवादी प्रवृत्तिहरूलाई चित्रण गर्नु,
- मान्छेमा देखिने छद्मभेषी प्रवृत्तिलाई देखाउनु,
- सत्ता सङ्घर्षको कारण समाजमा देखिएको प्रतिशोधी भावनालाई देखाउनु,

**दृष्टिबिन्दु**

यस कथामा दृष्टिबिन्दु पात्र भएर 'म' आएको छ । 'म' पात्रले आफ्ना भनाइ भन्दा 'ऊ' पात्रका भनाइलाई कथामा ज्यादा मुखर गरेको छ । 'म' पात्रकै कोणबाट 'ऊ' पात्रका सम्पूर्ण कुराहरू कथामा चित्रित भएका छन् । "ऊ इखालु मात्र होइन बिखालु पनि हो" (पृ. ७५) भन्दै कथाको आरम्भमा 'म' पात्रले 'ऊ' पात्रको मानसिक अवस्थालाई यसरी देखाएको छ :- "म अस्ति जागिरे, अझ हाकिम नै थिएँ कि थिइनँ ? उसले कड्केर अझ भनूँ बिखले पड्केर आफ्ना छोराछोरीहरूसित सोधेको थियो ।" कथा अगाडि बढ्दै जाँदा 'म' पात्रले 'ऊ' पात्रका मानसिकता चित्रण यसरी गरेको छः मनमनै सोच्यो, बेसै भो, मैले आफ्नो यो दुरावस्थाको छायाँ बाग्मतीमा देखिरहेको छैन । सबैको दुरावस्था, अन्याय, अत्याचार, भ्रष्टाचार र पाप लुकाउने तँ होस् माता । भन्दै ऊ घुँडासम्म आउने वाग्मतीको मध्यमा पुगेर चोबलियो । 'म' पात्रले आफ्नो केन्द्रीयतामा 'ऊ' पात्रको बारेमा आफ्ना कोणबाट कथा प्रस्तुत गर्दै अन्तिम घटनामा "ऊ सडकमा आउना साथ मैले देखें" (पृ. ७८) भन्दै 'ऊ' को बारेमा चित्रण गरेको छ । यसरी कथाको प्रस्तुति गर्ने दृष्टिबिन्दु पात्र 'म' आएको छ तर उसले आफ्नो बारेमा कथा नभनेर 'ऊ' को बारेमा बताएको हुँदा कथामा प्रथम पुरुष परिधीय दृष्टिबिन्दु रहेको छ ।

**भाषाशैली**

यथार्थपरक घटनालाई कथाले आधार बनाएको हुँदा कथामा सोझो र सरल खालको भाषा प्रयोग ज्यादा रहेको छ । कथामा 'म' पात्र र 'ऊ' पात्रले बोलेका केही भाषा भने आलङ्कारिक देखिन्छ । जसको उदाहरणको लागि म पात्रले बोलेको "अनुत्पादक भइएला कि भन्ने डरले अखबारमा लेख्न बाध्य भएको हुँ । उसो त पूर्णकालिक साहित्यिक लेखनदास हुँ । हलो-कोदालो, धन छिनोको सट्टा यै जाबो कलम हात पऱ्यो ।" (पृ. ८०) भन्ने भनाइलाई लिन सकिन्छ । कथामा पात्रले आफ्नो स्तर अनुरूप भाषाको प्रयोग गरेको हुँदा भाषा स्वाभाविक बन्न पुगेको छ । शब्द चयन प्रक्रियालाई हेर्दा कथामा पाजी, तिमेरु, हराम, छँड्डुली, नखरमाउली, बोकेदारी,  औडाहा, कोदालीपाते दाँत, आउनुभा' को, ढाक्रे, बोहोता, भइएला, गाँठे, आपस्तमा, नटोड्क्याएर आदि जस्ता कथ्य र झर्रा शब्दको प्रयोग र निकोटिन, अड्कल, साडी, पेटीकोट, टुथपेष्ट, ब्रस, टब, स्विमिङपुल, फाइभस्टार, कपी, स्पिड बाथरुम, जस्ता अङ्ग्रेजी आगन्तुक शब्दको प्रयोग पनि देखिन्छ । कथामा ईख नभएको मानिस र बिख नभएको सर्प काम लाग्दैन भन्ने उखानलाई पटक-पटक प्रयोग गरिएको छ । भाषालाई स्वाभाविक

बनाउन ठाउँ-ठाउँमा आएका त, नि, कि, जस्ता निपातले सहयोग पुऱ्याएका छन् । समग्रमा भन्नुपर्दा संवादात्मक शैलीलाई लिएर लेखिएको यस कथाको भाषाशैली संवृत रहेको छ ।

प्रस्तुत कथाले 'ऊ' पात्रमा देखिएको ईखालु भावनाको राम्रो प्रस्तुती गर्दै ईखको कारण 'ऊ' आफू बिखालु हुन पुगेर टोकाटोक गर्न पुगेको तथ्यलाई देखाएको हुँदा शीर्षक सार्थक रहेको छ । समाजमा देखिने अरूको डाहा गर्ने प्रवृत्तिलाई कथाले आफ्नो विषयबस्तु बनाएको छ । यही विषयसँग जोडिएर समाजका विकृति, अवसरवादी प्रवृत्ति, धार्मिक आडम्बर पनि कथामा आएका छन् । सीमित पात्र र संवृत भाषाशैलीको प्रयोग गरी लेखिएको यस कथाले ईखालुप्रवृत्तिले मान्छेको हीत गर्दैन भन्ने सन्देश दिएको छ । समाजमा रहेका सामन्ती संस्कारजन्य प्रवृत्तिको धज्जी उडाउन सफल भएकोले कथा उत्कृष्ट बन्न पुगेको छ ।

## ४.१० 'भविष्यहीन भविष्यवक्ता' कथाको विश्लेषण

### कथावस्तु

कथाकार मनु ब्राजाकीले यस कथामा समाजमा देखिने भविष्यवाणी प्रथालाई आफ्नो कथाको विषय बनाएका छन् । यस कथामा गाउँमा अरूको भविष्यवाणी गरेर जीवन गुजारा गर्ने लुमनदत्त पात्र अरूको भविष्यवाणी गरेर ख्याती कमाउन सफल छ, तर उसको आफ्नै भविष्यबारे ऊ अनभिज्ञ रहेको छ । अरूको भविष्यको वक्ता भएर नाम कमाएको मान्छेले सामाजिक परिपाटीका कारण गाउँ छोडेर अनिश्चित यात्राको तय गर्नु परेको छ, र उसलाई आफ्नो गन्तव्य थाहा छैन । यही प्रमुख विषयवस्तुलाई समातेको छ । यही विषयवस्तुका सेरोफेरोमा कथाले समाजमा टाठाबाठाबाट सोझा सिधामाथि हुने गरेको अन्याय, समाजमा मेला पर्वमा हुने विकृति, विसङ्गति आदिलाई पनि कथाले समेटेको छ । कथाले मुख्य रूपमा समाजमा विद्यमान अन्धविश्वासी प्रवृत्तिलाई केलाउन खोजेको छ । "जे होस् म लगायत सबैको अनुभवले के भन्दछ भने जुनसुकै कुराको पनि यहाँ पुनर्जन्म चाहिँ हुँदो रहेछ । कहिले कहाँ र कस्तो रूपमा भन्ने कुराको चाहिँ भविष्यवाणी गर्न बरू भविष्यवक्तालाई नै पनि गारो पर्ला" ( पृ. ८२) भन्दै कथाकारले पुनर्जन्म हुन्छ भन्ने कुरालाई लुमनदत्तका माध्यमले उजागर गर्न खोजेका छन् । अन्य धेरै सन्दर्भहरू कथामा जोडिएर आए पनि आफ्नो भविष्य कस्तो हुन्छ भन्ने कुरा कसैले जान्न सक्दैन भनेर देखाउनको लागि लुमनदत्तका माध्यमले उजागर गर्न खोजेका छन् । अन्य धेरै सन्दर्भहरू कथामा जोडिएर आए पनि आफ्नो भविष्य कस्तो हुन्छ भन्ने कुरा कसैले जान्न सक्दैन भनेर देखाउनको लागि लुमनदत्तको अनिश्चित भविष्यलाई मूल विषयवस्तु बनाएको छ ।

### चरित्रचित्रण

यस कथालाई अगाडि बढाउन कथाकारले सीमित पात्रको प्रयोग गरेका छन् । कथा 'म' पात्रको विचारमा अगाडि बढेको छ र कथामा मुख्य रूपमा लुमनदत्त, युवा, ग्रामीण र बुज्रुक

क्रियाव्यापारमा सहभागी रहेका छन् । यस बाहेक कथामा नेपथ्य पात्रका रूपमा 'म', लुमनदत्तको बुबा, (गैबूदत्त)र श्रीमती पनि पात्रका रूपमा चित्रित छन् । कार्यव्यापारका आधारमा हेर्दा लुमनदत्त प्रमुख पात्र हो, किनभने लुमनदत्तकै कुराबाट कथाले सुरुदेखि अन्तिमसम्म गति पाएको छ । 'म' पात्र सहायक पात्र हो उसले लुमनदत्तका कुरालाई उजागर गरेको छ । तर उसको कथामा पर्यवेक्षकीय भूमिका मात्र छ । गैबूदत्त पनि सहायक पात्र नै हो किनभने उसले प्रमुख पात्र लुमनदत्तको जीवनमा निकै ठूलो भूमिका खेलेको छ । अन्यपात्रहरू कथाका गौण पात्र हुन् । यिनीहरू सन्दर्भमा आएर हराएका छन् । आसन्नता र आबद्धताका हिसाबमा लुमनदत्त, युवा, ग्रामीण र बुज्रुक मञ्चीय र बद्ध पात्र भएर आएका छन् । जीवनचेतनाको आधारमा हेर्दा कथाको भूमिकामा आउने सबै पात्र वैयक्तिक पात्र हुन् । लुमनदत्तलाई कथामा सोझो, डुँडो र समाजमा सङ्घर्ष गर्न नसकेर पलायित भएको जान्ने ज्योतिषकारूपमा चित्रण गरिएको छ भने लुमनदत्तका बाबु गौबूदत्तलाई लोभी, क्रोधी, छट्टु वाचाल, पुरोहित, ज्योतिष र वैद्यका रूपमा चित्रित गरिएको छ । अन्य सामान्य भूमिकामा आएका युवा, ग्रामीण र बुज्रुकको चरित्रलाई खासै उद्घाटित गरिएको छैन । कथा वर्णनात्मक रूपमा आएको हुँदा कथाकारले नै चरित्रको बारेमा बताइदिएका छन् । लुमनदत्तको चरित्रबारे कथामा यसरी बताइएको छ "... नमाङ्कित लुमन, गौ प्राणीझैं सोझा, सरल, गुणी र लिखरे .... हालेर ख्वाउँदा पनि लुमनदत्त लिखुरेको लिखुरे नै रहे । न काया विशाल भयो न बुद्धि कुटिला ।" (पृ. ८३) यसैगरी गैबूदत्तको चरित्र उद्घाटन यसरी गरिएको छ : "पण्डित गैबूदत्त साक्षात् गैंडे शरीरका व्यक्ति थिए । भोजनभट्ट कस्ता थिए भने जजमानले उनलाई जिमाउन (ख्वाउन) सक्तैनथ्यो । साथै क्रोध्री, छट्टु र बाचाल पनि थिए ।" (पृ. ८३) कथामा आएका यी धेरै पात्रहरूले कथालाई अगाडि बढाएका छन् , मुख्य रूपमा गैबूदत्त र लुमनदत्तकै चरित्र वरिपरि कथाले अग्रता दिई पूर्णता पाएकोले चरित्र चित्रण सीमित रहे पनि सफल छ ।

**संवाद**

कथा वर्णनात्मक रूपमा आएको हुँदा यस कथामा संवाद पक्ष निकै पातलो छ । संवादका रूपमा कथामा अन्तिमतिर हनुमान बनेको लुमनदत्तको प्रश्नको उत्तर दिने प्रसङ्गमा युवा, ग्रामीण, बुज्रुक र लुमनदत्तले संवादमा भाग लिएका छन् । संवादका क्रममा युवाले प्रयोग गरेको भाषा यस्तो छ:- पहिलो प्रश्नको गाउँको प्यान्ट-सर्ट लगाएको युवाले गऱ्यो- "हनुमान्जी, भन्नुस् त मेरो गोजीमा कति पैसा छ ?" (पृ. ८५) यसैगरी कथामा ग्रामीण पात्रले पनि संवादमा भाग लिएको छ : एउटा ग्रामीण व्यक्तिले बोल्ने संवाद यस्तो छ:- "जय बजरङ्गबली, मेरी स्वास्नी माइती गएकी छे । आउन मान्दिन । कहिले आउली ।" (पृ. ८६) गाउँले पात्रले बोलेको संवाद छोटो-छोटो र झर्रो खालको देखिन्छ भने बुज्रुक व्यक्तिको संवाद यस्तो छ:- "हनुमान जी, आठ वर्षअघिको कुरा हो हाम्रो गाउँमा एकजना सज्जन र गुणी ज्योतिषी थिए । ... अहिले उनी कहाँ छन् ? कृपागरी भनिदिनुस् ।" (पृ. ८६) कथामा यसरी

पात्रको स्तर अनुकूलको संवाद प्रयोग देखिन्छ । कथामा झिनो रूपमै संवादको प्रयोग गरिएका पनि कथामा रहस्य खोल्न र रोचकता सिर्जना गर्न संवादको महत्त्वपूर्ण भूमिका रहेको छ । कथालाई पूर्णता दिन संवादले सहयोग गरेको र कथालाई थप रोचक बनाएकाले संवाद थोरै भए पनि मीठो र अनुकूल रहेको छ ।

**परिवेश**

कथाका क्रियाव्यापार घट्ने ठाउँ परिवेश हो । वातावरणले कथालाई आधारभूमि तयार गर्ने गर्दछ । यस कथामा पहिलो अध्याय भनेर गरिएको वर्णनमा निश्चित स्थान तोकिएको छैन, तर सन्दर्भमा आएका जडीबुटीको प्रयोग, गाईको दुध, खोलामा नुहाएको, गाउँमा हेल्थपोष्ट र डाक्टर नभएको आदि प्रसङ्गले कथाले गाउँले परिवेशको चित्र प्रष्ट पारेको छ । वर्णनात्मक रूपमा लामो समयलाई आधार बनाएर कथा अगाडि आएकोले पहिलो अध्यायको समय निश्चित छैन । दोस्रो अध्यायमा माईस्थान वरिपरिको तराई परिवेशलाई चित्रण गरिएको छ । घटना समय साँझ देखि विहानपखसम्म रहेको छ । नाटक नौटङ्की, जादूगार, चटकी आदिको प्रसङ्गले गर्दा परिवेश रमणीय छ । यसरी आएको रमणीय परिवेशले क्रियाव्यापारको अग्रतामा निकै सहयोग पुऱ्याएको छ । साँझको समय र मैनटोलको उज्यालो कुराले कथालाई सजीवता प्रदान गरेको छ । कथामा आएका यी बाह्य परिवेशले आन्तरिक परिवेश उद्घाटनमा सहयोग पुऱ्याएको छ । पहलिो अध्यायको ग्रामीण परिवेशले आन्तरिक परिवेश उद्घाटनमा गैबूदत्तको पुरातनपन्थी सोच, धार्मिक पाखण्ड, रुढीवादी प्रथा, प्रगति देख्न नचाहने प्रवृत्ति आदिको उद्घाटनमा सहयोग गरेको छ भने लुमनदत्तको सोझो स्वभावलाई पनि प्रस्ट्याएको छ । दोस्रो अध्यायमा आएको परिवेशले आधुनिक राम, सीता, रावण, मन्दोदरी र लुमनदत्तको पलायनवादी परिवेशलाई देखाएको छ । कथामा आएका यी अन्तरवाह्य परिवेशले कथालाई यथार्थमूलक बनाएका छन्, त्यसैले कथाको परिवेश विधान उपयुक्त रहेको छ ।

**उद्देश्य**

समाजमा शताब्दीऔं देखि चल्दै आएको भविष्यवाणी प्रथालाई कथाले आफ्नो कथावस्तु बनाएको छ । मान्छेको पुनर्जन्म हुन्छ तर त्यो कसरी र कुन रूपमा हुन्छ, त्यसको भविष्यवाणी गर्न पक्कै गारो हुन्छ र त्यो धेरै जान्ने ज्योतिषलाई पनि भन्दै लुमनदत्त जस्तो भविष्यवक्ताको भविष्यहीन जीवनलाई नै कथाले पस्केको छ । सोझा सिधा लुमनदत्तले गाउँबाट पलायित भएर आफ्नो जीवन गुजारा गर्न हनुमानको भूमिकामा रामलीला खेलेको प्रसङ्गले एकातिर सोझा सिधा मान्छे समाजमा प्रताजित भएको कुरा कथाले देखाउन खोजेको छ भने अर्कोतिर "महाबली हुनमान्को पूनर्जन्म यसरी डुँडे र लिखुरे हनुमान्का रूपमा भएको देखेर सम्पूर्ण गाउँले दर्शकहरू वाल्ल परेका छन् ।" (पृ. ८३) भन्दै पुनर्जन्म हुनसक्छ भन्ने देखाउन खोजिएको छ । कथाले समाजमा हुने थिचोमिचो र विकृतिप्रति पनि व्यङ्ग्य गरेको छ । समग्रमा कथाले लिएका उद्देश्यलाई निम्न बुँदामा देखाउन सकिन्छ :-

- कसैको भविष्यपनि यस्तै हुन्छ भनेर बताउन सकिदैन भन्ने देखाउनु,
- समाजमा सोझा साझा र अपाङ्ग माथि हुने अन्याय र थिचोमिचोको चित्रण गर्नु,
- समाजमा विद्यमान अन्धविश्वासी प्रवृत्तिप्रति आलोचना गर्नु,

**दृष्टिबिन्दु**

यस कथाको दृष्टिबिन्दु पात्र 'म' आएको छ तर 'म' पात्रले आफ्नो बारेमा केही नभनेर लुमनदत्तको बारेमा बताएको छ । लुमनदत्त पात्रकै बारेमा 'म' ले कथामा बताउँदै "जे होस् पुनर्जन्मचाहिँ हुँदोरहेछ । कहिले, कहाँ र कस्तो रूपमा भन्ने कुराको चाहिँ भविष्यवाणी गर्न बरू भविष्यवक्तालाई पनि गारो पर्ला । हो, यसैगरी एक जना भविष्यवक्तालाई पनि सारै गारो परेको थियो । यो गारो परेको कथा हो लुमनदत्त मिश्रको ।" (पृ. ८२) भन्ने प्रसङ्गबाट कथाको दृष्टिबिन्दु पात्र म भएको प्रष्टिन्छ । म पात्रले लुमनदत्तकै अवस्था विचार, मानसिक संवेगलाई कथामा वर्णन गरेको छ । यसरी म पात्र आफू केन्द्रमा नबसी परिधिबाट लुमनदत्तको कथा भनिरहेको हुँदा कथामा प्रथम पुरुष परिधीय दृष्टिबिन्दु रहेको छ ।

**भाषाशैली**

सामाजिक अन्धविश्वास, रुढीवादी र विकृति विसङ्गतिलाई मुख्य कथावस्तु बनाएको यस कथामा सरल खालको भाषा प्रयोग गरिएको छ । ग्रामीण समाजको जीवनलाई यथार्थ रूपमा उतारेको कथा हुनाले भाषा कहीँ कतै आलङ्कारिक देखिदैन । पात्र अनुकूल सरल संवादले पनि भाषामा थप सजीवता प्रदान गरेको छ । वाक्यगठन प्रक्रियालाई केलाउँदा कथामा छोटा-छोटा सरल वाक्यको बाहुल्यता देखिन्छ यद्यपि मिश्रित वाक्य पनि कथामा रहेका छन् । कथामा शब्दचयन प्रक्रियालाई हेर्दा तत्सम् र आगन्तुक शब्दको प्रयोग उल्लेख्य देखिन्छ । कथामा बुता, डुँडो, गारो, टिकोला, झ्याउलो, धोतीचोलो, कोच्याइएको, लोटा, स्वास्नी, घुम्लुङ्ग जस्ता कथ्य शब्दको प्रयोगका साथै मेकअप, हेल्थपोष्ट, डाक्टर, आइटम, प्यान्टसर्ट, आदि अङ्ग्रेजी शब्दको प्रयोग पनि भएको छ । उखानको रूपमा "पोलमाथि फकुण्डो" भन्ने उखानलाई कथामा प्रयोग गरिएको छ । कथामा राम, सीता, रावण, मन्दोदरी, हनुमान् जस्ता पौराणिक  बिम्बको प्रयोग पनि गरिएको छ । वर्णनात्मक शैलीमा लेखिएको यस कथालाई कथाकारले पहिलो अध्याय र दोस्रो अध्याय भनेर विभाजन गरेका छन् । समग्रमा भन्नुपर्दा वर्णनात्मक शैलीमा आएको यस कथाको भाषाशैली संवृत रहेको छ, जसले गर्दा कथा सहज संवेद्य बन्न पुगेको छ ।

प्रस्तुत कथामा भविष्यको बारेमा बताउने लुमनदत्तलाई केन्द्र बनाई अरूको भविष्यवाणी गर्ने तर आफ्नो भविष्यको बारेमा अनभिज्ञता देखाइएको छ । अरूको भविष्यवाणी गरेर खाने पात्रको आफ्नै भविष्य गन्तव्यहीन र अनिश्चित देखाएको हुनाले भविष्यहीन भविष्यवक्ता शीर्षक सार्थक रहेको छ । मुख्य रूपमा एउटा पात्रको जीवनलाई कथावस्तु बनाएको यस कथाले समाजमा विद्यमान अन्धविश्वास, रुढीवादी प्रथा, थिचोमिचो आदिलाई

समेत समेटेको छ । समाजमा सोझा सिधा र अपाङ्गमाथि हुने शोषण, अन्याय र अत्याचारलाई देखाउँदै अन्धविश्वासी प्रवृत्तिको आलोचना गर्नु यस कथाको उद्देश्य हो । सीमित पात्रको प्रयोग, संवृत भाषाशैली र यथार्थमूलक परिवेश विधानले गर्दा कथा उत्कृष्ट बन्न पुगेको छ । समाजमा देखिने सामान्य घटना विशेषलाई टिपेर कलात्मक मूल्य प्रदान गर्नुले कथाकारको कुशलता झल्किन्छ ।

## ४.११ 'सामन्तको सम्पत्ति' कथाको विश्लेषण

**कथावस्तु**

समाजमा रहेका स-साना कुरालाई टिपेर कथात्मक रूप दिने ब्राजाकीले यस कथामा पनि समाजमा देखिएका विकृति कुरीति र विदेशीने प्रवृत्तिलाई टिपेका छन् । एउटा सामान्य साढे दुई विधा जग्गा भएको किसान आफ्नो लगनशीलता र मिहेनेतले धनी भएको कुरालाई कथामा कथावस्तुका रूपमा लिइएको छ । यही कथावस्तुलाई केन्द्रमा राखेर कथाले वर्तमान युवा पुस्तामा देखिएका विकृति, विदेश पलायनको लहर, र स्वदेशप्रतिको उदासिनतालाई कथामा समेटिएको छ । मिहेनत गऱ्यो भने सामन्ती खाना जो कसैले खान सक्छ, समयको सदुपयोग र आफ्नो सम्पत्तिको सदुपयोग गरेर हिड्यो भने मान्छेको प्रगति सहज छ र नेपालीले सामन्ती खानाको लागि विदेशिनु पर्ने अवस्था छैन, मिहेनत गऱ्यो भयो यो उब्जाउशील भूमिमा जे पनि गर्न सकिन्छ भन्दै यो कथाले सामाजिक यथार्थतालाई चित्रण गरेको छ । कथामा मूल विषयसँग जोडिएर ड्राइभरका जीवन प्रसङ्ग, राजमार्गका छेउछाउमा पाइने खानाका समस्या आदिलाई पनि कथाले देखाएको छ । जसलाई कथामा यसरी देखाइएको छ - "यी बस अड्याउने ठाउँका होटेलहरू कस्तो फोहोर हुन्छन् भन्ने होटेलको भित्र छिरेपछि थाहा हुन्छ । मलाई त सम्झिँदै बान्ता होला जस्तो हुन्छ ।" (पृ. ८९) कथाले मुख्य रूपमा लिएको विषयलाई यी भनाइद्वारा देखाउन सकिन्छः- "हेर्नुस् भाइ, आफूसित जेजति छ, त्यसैको सदुपयोग अल्छी र लाज नमानी गर्न सक्यौं भने विदेशिनुपर्ने क्यै आवश्यकता छैन । हामी नेपाली र हाम्रो नेपाल रिन अनुदान र अरूको भरमा बाँच्ने परजीवी प्रवृत्तिले गर्दा दरिद्र भएका हौं ।" (पृ. ९४) कथाले युवामा देखिएको अल्छीपन काम गर्न लाजमान्ने र विदेशीने प्रवृत्तिलाई मुख्य कथावस्तु बनाएको कुरा माथिका प्रसङ्गले स्पष्ट हुन्छ ।

**चरित्रचित्रण**

यस कथामा ड्राइभर किसान ऊ, युवक, होटेल मालिक्नी जस्ता दृश्य पात्र र अन्य धेरै नेपथ्य पात्रको प्रयोग गरिएको छ । कार्यव्यापारका आधारमा 'ऊ' (किसान) मुख्य मात्र हो । 'ऊ' पात्रकै क्रियाव्यापारमा कथाले पूर्णता पाएको हुनाले 'ऊ' मुख्य पात्र हो । कथामा आएका ड्राइभर र युवकले सहायक पात्रको भूमिका निर्वाह गरेका छन् किनभने 'ऊ' पात्रका क्रियालाई अगाडि बढाउन यी दुई पात्रको योगदान उल्लेखनीय छ र कथामा आएकी होटेल साहुनी गौण

पात्र हो किनभने एउटा सन्दर्भमा आएर 'ऊ' हराएकी छ । आसन्नता र आबद्धताका हिसाबमा ऊ, (किसान), ड्राइभर, युवक र होटेल साहुनी मञ्चीय र बद्ध पात्र हुन् । जीवनचेतनाका आधारमा हेर्दा सबैपात्र वर्गीय चरित्र हुन् । 'ऊ' (किसान) ले मिहेनेती किसानको प्रतिनिधित्व गरेको छ । यो पात्रलाई कथामा लगनशील, देशप्रति बफादार र उत्साही पात्रको रूपमा समेत चित्रण गरिएको छ । जसको प्रमाण यी भनाइद्वारा हेर्न सकिन्छः- "हेनुस् भाइ, यो सबै खाना नेपालबाटै आएको र मेरै पौरखले मैले नै उत्पादन गरेको हुँ । ... यसर्थ, भाइहरू, यो पोसिलो, गहकिलो स्वादिलो र साजी खाना जापानबाट होइन, नेपालबाट र मेरै घरबाट आएको हो ।" (पृ. ९३) ड्राइभर पनि वर्गीय चरित्र हो भन्ने कुरा यी भनाइले पुष्टि गर्छ :- "छैन हजूर, छैन भोक लागेको । हामी ड्राइभरहरूको यस्तै त हो नि, जहाँ पायो त्यहीँ खायो, जहिले पायो उहिले खायो ।" (पृ. ८९) युवकका यी भनाइ "पढेलेखेर डुकूलण्ठु भइयो । साला दलालले घरखेत बन्धकी राखेको एक लाख पनि खाइदियो, विदेश जान पनि पाइएन" (पृ. ९२) ले उसको वर्गीयतालाई पुष्टि गरेको छ । होटेलवाला साहुनीका "हुन देऊ बाबु ! कहिले असिना कहिले पानी, यस्तो हो हाम्रो जिन्दगानी" (पृ. ९१) भन्ने भनाइले उनलाई होटेल व्यापारीका प्रतिनिधिका रूपमा चिनाएको छ । यसरी कथामा आएका यी पात्रले कथालाई अग्रता दिन महत्त्वपूर्ण भूमिका खेलेका र आफ्नो चरित्र उद्घाटन गरेका हुँदा चरित्रचित्रण सफल रहेको छ ।

**संवाद**

यस कथामा संवाद पक्ष निकै सशक्त रहेको छ । कथामा आएका पात्रहरूमा ड्राइभर, 'ऊ' (किसान) युवक र होटेल साहुनीले संवादमा भाग लिएका छन् । कथामा पात्रले बोलेका संवाद पात्र अनुकूल रहेर आएको हुनाले संवाद निकै सजीव रहेको छ । कथामा 'ऊ' (किसान) पात्रले बोलेको संवाद यस्तो छ - "त्यै त भन्या, हेर्नुस त भाइ, पुगिसरी आउने धनी देशका लहडहरूको सिको गरेर हामीले के पाउँछौँ ? उई- भाङग्राको टोपीमा गुएँलीको फूल भन्या जस्तो । संसार हाँस्छ । हामी मूर्खझैं मक्ख पर्छौं । हँ-हँ-हँ ......चुरोट खाने भाइ ?" (पृ. ८८) यसैगरी ड्राइभरले बोलेको संवादको उदाहरण यस्तो छ :- "त्यो त हो हजुर, ठूलाबडाको कामकुराको नक्कल गर्दा आफ्नो औकातले भ्याउने-नभ्याउने आफूलाई स्वाउने-नस्वाउने, आफूलाई फाप्ने-नफाप्ने भन्ने कुराको विचार चाहिँ पुऱ्याउनैपर्छ ।" (पृ. ८७) युवकले कथामा बोलेको संवादलाई उदाहरणको लागि यो भनाइद्वारा देखाउन सकिन्छ :- "ठीक भन्नुभो । खानुपर्ने ता मिहेनेत गर्नेले यस्तै स्वादिलो सामन्ती खाना खानुपर्ने हो, तर बाबूसाहेब, नेपालमा मिहेनेत गर्नेले कोदोको ढिँडो र सिस्नाको दाउन जुराउन पनि सक्तैन, एक फाँको मकैका लागि पनि अरूको चाकडी गर्नुपर्छ ।" (पृ. ९१) यसरी पात्र अनुकूल संवाद र संवादमा देखिने कथ्य भाषाको प्रयोगले संवादलाई मीठो बनाएको छ । संवादकै माध्यमद्वारा कथा उत्कर्षमा पुगेको हुनाले संवाद सशक्त रहेको पुष्टि हुन्छ ।

**परिवेश**

“महेन्द्र जिप अमलेखगन्ज देखि चुरे छिचोलेर हेटौडा आइपुग्दासम्म . . . नास्ता आठबाट साढे आठ बजे सकियो ।” (पृ. ८७) भन्दै कथाको उठान सुरु भएको छ । यस कथामा समय बिहानदेखि दिउँसो बाह्र एक बजेसम्म बिस्तार भएको छ । महेन्द्रा जीप भित्र ड्राइभर र किसान बीच कुराहुँदै जाँदा नारायणघाट, देवघाट, मुग्लिङ, कुरिनटार आदि स्थानमा घटना घटेको छ । घटनामा मुख्य परिवेश बनेर एउटा सामान्य होटेल आएको छ । जसलाई कथामा यसरी उभ्याइएको छ :- “एउटा सानो गाउँले बजारको होटल, होटेलको सबैभन्दा अगाडि बडेमाको तीनमुखे चुलो, एउटा मुखले भात भर्स्याउँदै गरेको, अर्को मुखले दाल तताउँदै गरेको, तेस्रो मुखले दुध उमाल्दै गरेको, तरकारीका भाँडाहरू चुलाका यी मुख वरिपरि राखिएका साहुनी ठूलो डाडुले दूध उभ्याउँदै खन्याउँदै गरेकी, ... होटेलको दाहिने भाग त्रिपालले ढाकेर त्यस तल गाउँले पाराका पुराना दुईओटा टेबुल र चारओटा कुर्सी राखिएका, अलिपर एउटा ठूलो ट्याब्रे र चारपाटे खाटमाथि बसेर पाँच-सात जना युवा केटाहरू तास खेलिरहेका ।” (पृ. ९०) कथामा आएको यी बाह्य परिवेशले कथालाई यथार्थमूलक आधारभूमि तयार गरेको छ । यही परिवेशमा पात्रले बोलेका कुराहरूले उनीहरूको आन्तरिक परिवेश उद्घाटित भएको छ । “कालो कुकुर थियो कस्सो बिरालो परेन” (पृ. ८७) भनेर ड्राइभरले बोलेबाट उसको आदिम संस्कारजन्य रुढीवादी परिवेश झुल्किएको छ भने ‘ऊ’ (किसान) पात्रले बोलेका “आफूसित जेजति छ त्यसैको सदुपयोग अल्छी र लाज नमानी गर्न सक्यौं भने विदेशिनुपर्ने क्यै आवश्यकता छैन ।” (पृ. ९४) भन्ने भनाइले उसको पौरखी र प्रगतिशील परिवेश उद्घाटित भएको छ । युवकका मानसिकतामा रहेको सामन्ती खाना खान विदेश जानुपर्छ भन्ने सोचाईले पलायनवादी मानसिकतालाई उजागर गरेको छ । यसरी कथामा आएका अन्तर-बाहय परिवेशले कथालाई यथार्थभूमि प्रदान गर्दै कथालाई यथार्थता तर्फ डोहोर्‍याएका छन् । छोटो समय, स्थानगत जानकारी र राम्रो परिवेश चित्रणले गर्दा कथा उत्कृष्ट बन्न पुगेकोछ ।

**उद्देश्य**

सामाजिक यथार्थतालाई आफ्नो कथावस्तु बनाएको यस कथाले मान्छेमा रहेका सोचाइगत कमजोरीप्रति व्यङ्ग्य गर्दै त्यसको सुधार हुनपर्ने सन्देश दिएको छ । अल्छी र लाजलाई छोडेर लगनशील र मिहेनेती हुने हो भने कुनै पनि नेपाली राम्रो खानको लागि विदेशिनु पर्ने अवस्था छैन भन्ने कुरलाई देखाएको छ । वर्तमान युवामा देखिएको विदेश पलायनको मोह र स्वदेश प्रतिको उदासिनतालाई देखाउँदै कथाले युवालाई स्वदेशमा मिहेनेत गरेर बस्न आग्रह गरेको छ । कथाको उद्देश्यलाई निम्नबुँदामा देखाउन सकिन्छ :-

- नराम्रो प्रवृत्ति र कमजोर सोचाईले कसैको प्रगति हुँदैन भन्ने देखाउनु,
- अल्छी र लाज नमानी लगनशील भएर मिहेनेत गर्ने मान्छे सफल हुनसक्छ भनेर देखाउनु,

) हामी नेपाली वास्तवमा गरिब छैनौ तर हाम्रो सोचाइ र परजीवी प्रवृत्तिले गर्दा गरिब र दुःखी भएका छौ भनेर देखाउनु,

**दृष्टिबिन्दु**

मनु ब्राजाकीद्वारा लिखित यो "सामन्तको सम्पत्ति" कथामा बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यसको पुष्टिका लागि ऊ (किसान) पात्रको संवेगात्मक स्थिति र विचारलाई कथामा खोजेर हेर्नुपर्छ । कथाको आरम्भमा नै कुकुरले बाटो कोटेपनि ड्राइभरका सोचाइप्रति असहमत हुँदै 'ऊ' ले "हेर्नुस ड्राइभर भाइ, दुर्घटना एक्कासि आइलाग्ने कुरा हो, तर त्यो आइलाग्छ आफ्नै असावधानी र हेलचेक्रायइँले । ल, तपाई नै भन्नुस् त टन्न जाँड खाएर लिफ्ट दिएर आडैमा राखेकी कान्छसित जिस्किँदै ट्रक हाँक्ने ड्राइभर ट्रकको घाँटीमा थोत्रो जुत्ता झुण्डाएर अनिष्टदेखि जोगिन सक्छ ?" (पृ. ८७) यसरी कथामा केन्द्रीय पात्र बनेर 'ऊ' नै आएको छ । सन्दर्भमा ड्राइभर युवक र अन्य पात्र देखिए पनि 'ऊ' पात्रकै कोणबाट कथाले अग्रता पाएको छ । ऊ पात्रकै विचार, प्रगति र मानसिक संवेगबाट कथा अगाडि बढेको हुँदा ऊ दृष्टिबिन्दु पात्र हो । कथाको अन्त्यमा ऊ पात्रले "हेर्नुस भाइ, आफूसित जेजति छ, त्यसैको सदुपयोग अल्छी र लाज नमानी गर्न सक्यौं भने विदेसिनु पर्ने क्यै आवश्यकता छैन । ........... म साढे दुई विघाको सामन्ती नै त हुँ । ल, बिदा भाइहरू ।" (पृ. ९४) भनेबाट पनि दृष्टिबिन्दु पात्र ऊ नै भएको पुष्टि हुन्छ । त्यसैले कथामा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग रहेको छ ।

**भाषाशैली**

यथार्थपरक विषयवस्तुलाई कथात्मक मूल्य प्रदान गरिएको प्रस्तुत कथाको भाषाशैली सरल र सहज किसिमको छ । सामान्य स्तरका पात्रहरूको संयोजन नै अधिक्य रहेको यस कथामा पात्रले आफ्नो स्तर अनुकूलको भाषा प्रयोग गरेका छन् । भाषा सरल छ भन्ने देखाउन यो उदाहरण लिन सकिन्छः- "महेन्द्रा जिप अमलेखगन्जदेखि चुरे छिचोलेर हेटौंडा आइपुग्दासम्म भोकाइसकेको थियो । हेटौडामा जिपले ८/१० लिटर नास्ता पानी गरुञ्जेल उनीहरूले पनि आफ्नो बिहानीको खाजा भ्याए ।" (पृ. ८७) भाषा सरल र सहजका साथै पात्र अनुकूल भएको ड्राइभरले बोलेका यी भनाइ "ड्राइभिङ लाइनमा त हजुर यस्ता कुरामा विश्वास नगरी धरै छैन । कुन बेला के हुने हो विचार पुऱ्याउँनै पर्छ" ले पनि पुष्टि गर्दछ । वाक्य गठन प्रक्रिलाई हेर्दा सरल र छोटा वाक्यको प्रयोग कथामा ज्यादा भेटिन्छ । शब्द चयनलाई हेर्दा ट्याममा, कस्सो, टन्न जाँड खाएर, फाप्ने-नफाप्ने, स्वाउने-नस्वाउने, फाँको, हरक, सिखार, गजप, जस्ता कथ्य शब्द लिटर, गियर, ब्रेक, फेसन, होटल, ड्राइभर, टी-सप, डेकोरेशन आदि जस्ता अङ्ग्रेजी आगन्तुक शब्दको प्रयोग गरेको भेटिन्छ । सन्दर्भ अनुसार आएका भाङ्ग्राको टोपीमा गुएँलीको फूल, उत्तमखेती मध्यम व्यापार, कहिले असिना कहिले पानी, कोदोको ढिँडो र सिस्नाको दाउन,

जस्ता उखान-टुक्काले भाषालाई मीठो बनाएका छन् । पात्रहरूको बोलीचालीमा आएका निपातको प्रयोग विस्मयादीबोधक शब्द र स्वाािवक उतार-चढावले भाषालई अझ सुन्दर बनाएको छ । कथा क्रमिक रूपमा अगाडि बढेका हुनाले कथाको शैली रैखिक रहेको छ । यसरी संवृत भाषाशैलीको प्रयोगले गर्दा कथा सहज संबेद्य बनेको छ ।

प्रस्तुत कथाले मिहेनती र लगनशील किसानले कुनै सामन्तले खाने खाना भन्दा कम खानु पर्दैन र थोरै सम्पत्तिको पनि सही सदुपयोग गऱ्यो भने सामन्त जस्तै हुन सकिन्छ भन्ने कुरा देखाउन एउटा सामान्य साढे दुई विघा जग्गा भएको किसानलाई अगाडि सारेर, उसको खानपानद्वारा सामन्ती रवाफ प्रस्तुत गरेकाले कथाको शीर्षक सार्थक देखिन्छ । जसको पुष्टि कथाको अन्त्यमा ऊ पात्रले "म साढे दुई विघाको सामन्ती नै त हुँ" (पृ. ९४) भन्ने भनाइबाट गरिएको छ । युवा पुस्तामा देखिएको अल्छी, लाजमान्ने प्रवृत्ति र विदेश पलायनको संस्कारलाई कथाले देखाउन खोजेको छ । कथाले मिहेनेतपूर्वक अल्छी र लाज नमानी काम गऱ्यो भने विदेशिनु पर्ने आवश्यक छैन र हामी नेपालीले अरूले जस्तै मीठो खान सक्छौं भन्ने सन्देश दिएको छ । सीमित पात्र, सरल सहज भाषाशैलीको प्रयोगद्वारा युगीन समस्यालाई चित्रण गर्न सकेको हुँदा कथा उत्कृष्ट बन्न पुगेको छ ।

## ४.१२ 'खुशीको पिरो आँसु' कथाको विश्लेषण

### कथावस्तु

समाजमा देखिने स-साना घटनालाई कथामा उन्ने ब्राजाकीले यस कथामा नेपाली समाजमा अझैसम्म विद्यमान छोरी बेच्ने चलनलाई कथावस्तु बनाएका छन् । एकातिर महिलाहरू आफ्ना हक अधिकारका लागि सहर बजारमा नारा जुलुस गर्दै रहेका छन् भने ग्रामीण जीवनमा छोरी जन्मँदै बन्धकी राखेर ऋन काढ्ने प्रवृत्तिलाई कथाले चित्रण गरेको छ । भड्के माइलोले पैंतालीस वर्षको उमेरमा छोरी पाएर यस्ता सपना देखेको छः- "अब ता बुझ्नु भयो दाइ, म छोरी पाएर कति खुशी छु भन्ने ? हा-हा-हा ! अब मेरो घर पनि दुईतले हुन्छ, कर्कटपाताले छाएको, रेडियो हुन्छ, टि.भी हुन्छ । हा-हा-हा, अहिले नभए पनि दस वर्षपछि बूढेसकालमा मैले हलो जोत्नु पर्दैन । मुग्लानेले भनेको, 'सोह्र वर्ष कर्नु पर्दैन, भड्के अब त दस-बाह्र वर्षकीहरूकै माग बढी छ ।' अब त त्यो मुग्लानेले मेरो खरखाँचो नटारी सुक्ख पाउँछ ?" (पृ. १०१) यसरी समाजमा छोरीलाई बेचेर धनी हुने प्रवृत्तिप्रति कथाले तीब्र व्यङ्ग्य गरेको छ । छोरी पाउँदा खुशी हुने र छोरीलाई बेचेर धनी हुने सोचलाई कथाले मुख्य कथावस्तु बनाएको छ । यही विषयवस्तुसँग जोडिएर अन्य राजनैतिक, आर्थिक र सामाजिक विकृति विसङ्गतिले पनि कथामा प्रवेश पाएका छन् । भड्के माइलोको छोरी बेचेर धनी हुने सोच प्रति पिप्ले ठाइँलो असहमत हुँदै उठेर हिँडेबाट कथाकारले छोरी बेच्ने चलनको प्रतिरोध गरेको

देखिन्छ । सामाजिक विकृतिका रूपमा देखिएको छोरी बेच्ने चलन नै यस कथाको मूल कथावस्तु भएर आएको छ ।

**चरित्रचित्रण**

प्रस्तुत कथामा सीमित पात्रको प्रयोग रहेको छ । पात्रको भूमिकामा मुख्यगरी भड्के माइलो, पिप्ले ठाइँलो, भड्केकी कान्छी स्वास्नी र मुग्लाने साहु आएका छन् । नेपथ्य भूमिकामा भने अन्य पात्रको समेत चर्चा रहेको छ । कार्यव्यापारका आधारमा हेर्दा भड्के माइलो मुख्य पात्र हो किनभने कथाको सुरुदेखि अन्त्यसम्म कथालाई भड्केले अगाडि बढाएको छ । कथामा आएको पिप्ले ठाइँलो मुख्य सहायक पात्र हो किनभने कथालाई अगाडि बढाउन र भड्केको क्रियालाई उसले सहयोग पुऱ्याएको छ । भड्केकी स्वास्नी पनि सहायक पात्रका रूपमा कथामा आएकी छ । मुग्लाने साहु कथामा गौण पात्रका रूपमा रहेको छ । किनभने सन्दर्भमा एकचोटी आएर ऊ हराएको छ । नेपथ्य पात्रका रुमपा भड्केकी जेठी स्वास्नी, भड्केका तीनभाइ छोरा र भर्खर जन्मेकी छोरी पनि आएकी छ । कथालाई अगाडि बढाउन यिनी पात्रको खासै भूमिका छैन । आसन्नता र आबद्धताका कोणबाट हेर्दा भड्के माइलो, भड्केकी स्वास्नी, पिप्ले ठाइँलो र मुग्लाने साहु मञ्चीय र बद्ध पात्र हुन् । जीवनचेतनाका आधारमा हेर्दा यस कथाका सबैपात्र वैयक्तिक पात्र हुन् । भड्के छोरीलाई बेचेर धनी र सुखी हुन खोज्ने अशिक्षित पात्रका रूपमा कथामा चित्रित भएको छ भने पिप्ले ठाइँलो छट्टु, फटाहाका रूपमा चित्रित छ तर उसले फटाही गरेको छैन र "थुइक्क मोरा, जन्मिँदै तैले छोरी बेचिस् । हेर माइला म गरिप छु, कु अन्न खान्छु तर म गू खान्नँ बुझिस् ।" (पृ. १०१) भन्दै उसले छोरी बेच्ने चलनको विरोध गरेको छ । भड्केकी स्वास्नीलाई कथामा सुत्केरीका रूपमा देखाइएको छ र उसले आफ्नो लोग्नेको विरोध गर्न नसकेर निरीह भूमिका निभाएकी छ । कथामा आएको मुग्लाने साहु इण्डियातिर बन्द-व्यापार गर्ने, छुचो र चेलीबेटी बेच्ने दलालका रूपमा चित्रित छ "भड्के आजभोलि दस-बाह्र वर्षकीहरूको माग बढी छ ।" (पृ. १०१) भन्ने उसको भनाइले उसको चरित्रको राम्रोसँग उद्घाटन गरेको छ । यसरी आएका यी पात्रहरूले कथालाई अगाडि बढाउन सहयोग गरेका छन् । सीमित पात्रको प्रयोगद्वारा चेलीबेटी बेच्ने प्रचलनलाई कथाले मूर्तरूप दिन सकेकोले चरित्र चित्रण सफल देखिन्छ ।

**संवाद**

यस कथामा संवाद पक्ष निकै सशक्त रहेको छ । ग्रामीण अशिक्षित पात्रको प्रयोग गरिएको हुनाले संवादमा कथ्य भाषाको प्रयोग ज्यादा भेटिन्छ । पात्रको स्तर अनुकूलको संवादले गर्दा संवाद निकै सजीव देखिन्छ । गाउँले पात्रले बोलेका संवादका नमूना यस्ता छन् :- ("बूढा तिम्रो एक टुक्रा खान नपुग्ने पाखो बारीका लागि तीन-तीन ओटा छोरा जन्माईदिएँ अब पुगेन ?" "आच्या, यतिले म मात्या छ र" ? "नानीका लागि तेरा लागि, आजु सहराँ जान्छु, क्या, खैले ।" "थुइक्क मोरा, जन्मिँदै तैले छोरी बेचिस् हेर माइला, म गरिप छु कु अन्न खान्छु तर गू

खान्न, बुझिस् ।" (पृ. १०१) यसरी पात्रको स्तर अनुसारको संवादले कथालाई मीठो बनाएको छ । संवादकै क्रमद्वारा कथाले अग्रगति लिएर पूर्णता पाएको हुँदा संवादको भूमिका कथामा सशक्त रहेको पुष्टि हुन्छ ।

**परिवेश**

प्रस्तुत कथाको घटना समय विहानदेखि बेलुकीसम्म हो भन्ने कुरा भड्के माइलो घरबाट निस्केर मुग्लाने साहु कहाँ हुँदै सहर पुगेर साँझ घरमा फर्केको प्रसङ्गले देखाउँछ । यस कथाका घटनाहरू गाउँ र सहर दुबै स्थानमा घटेका छन् तर मुख्य परिवेशका रूपमा गाउँले परिवेश नै आएको छ । भड्के माइलोको एकतले फुसको झुप्रो र ढाड भाँचिएको धुरी सहितको घर र ग्रामीण परिवेश नै मुख्य रूपमा आएको छ । यसरी आएको गाउँले परिवेशले कथालाई यथार्थ बनाउन सहयोग पुऱ्याएको छ । बाहय परिवेशका रूपमा आएको फुसको झुप्रो र ढाड भाँचिएको धुरीले भड्के माइलोको विकृत परिवेश देखाउन सहयोग गरेको छ । जसरी घरको धुरीको ढाड भाँचिएको छ त्यसरी नै भड्के माइलो विचारहीन भएर छोरी बेचेर धनी हुन खोज्दैछ । ग्रामीण अशिक्षित परिवेशले यस्तो कुरीतिपूर्ण संस्कारको परिवेश देखाउन सफल भएको छ । पिप्ले ठाइँलोका "थुइक्क मोरा, जन्मँदै तैले छोरी बेचिस् । हेर माइला म गरिप छु कुअन्न खान्छु तर गू खान्नँ, बुझिस् ।" (पृ. १०१) भन्ने भनाइले ऊ मानवतावादी परिवेशको भएको देखा परेको छ । मुग्लाने साहुका चरित्रले सामन्ती परिवेशलाई देखाएको छ । कथामा आएका यी अन्तर बाह्य परिवेशले कथालाई आधारभूमि दिंदै कथालाई पूर्णता दिएकाले परिवेश विधान उपयुक्त रहेको छ ।

**उद्देश्य**

सामाजिक कुरीतिका रूपमा नेपाली समाजका केही भागमा विद्यमान छोरी बेचेर धनी हुने प्रचलनलाई कथाले आफ्नो कथावस्तु बनाएर त्यसप्रति तीब्र व्यङ्ग्य गरेको छ । समाजमा एकातिर नारी आफ्ना अधिकारका लागि संगठित हुने अवस्था छ भने अर्कातिर जन्मिदै बन्धकी राख्ने कु प्रथा पनि रहेको कुरालाई कथाले देखाएको छ । मुग्लाने साहु जस्ता पात्रहरू नेपाली समाजमा क्रियाशील रहेको देखाउँदै कथाले समाजमा अझै ऋण लगानी गरेर छोरी चेली किन्ने दलालको हावी रहेको कुरालाई देखाएको छ । सामीजक कुरीतिका रूपमा केही जातिमा रहेको छोरी बेच्ने चलनको विरोध गर्नु नै कथाको मूल उद्देश्य हो । कथाका उद्देश्यलाई निम्न बुँदामा देखाउन सकिन्छ :-

- सहरी क्षेत्र र ग्रामीण क्षेत्र बीचमा देखिएको चेतनाको दूरी चित्रण गर्दै चेतनाको जागरण गर्नु,
- सामाजिक कुरीतिका रूपमा रहेको छोरी बेच्ने चलनको विरोध गर्नु,
- समाजमा देखिएका राजनीतिक विकृतिको भण्डाफोर गर्नु,

**दृष्टिबिन्दु**

प्रस्तुत कथामा दृष्टिबिन्दु पात्रका रूपमा भड्के माइलो आएको छ । सम्पूर्ण कथा भड्के माइलोकै केन्द्रीयतामा अगाडि आएको छ । कथाको आरम्भमा नै "स्वास्नी सुत्केरी भई । हिजै चोखिई पनि सकी । आज भड्के माइलोलाई पीर पऱ्यो ।" (पृ. ९५) भन्दै भड्केकै कोणबाट कथालाई अगाडि बढाइएको छ । कथाले अग्रता लिँदै जाँदा मुख्य केन्द्र भड्के भएर आएको छ र कथामा भड्केकै मानसिकता र विचारलाई देखाउन खोजिएको छ । स्वास्नीसँग र पिप्ले ठाइँलोसँगका प्रसङ्गमा उनीहरूका केही विचार कथामा आए पनि त्यसको केन्द्र पनि भड्के नै रहेको छ । पिप्ले ठाइँलोले भड्के माइलोको खुशीको कारण बुझ्रेपछि भड्केलाई धिक्कादै "थुइक्क मोरा, जन्मिँदै तैले छोरी बेचिस् । हेर माइला म गरिप छु, कुअन्न खान्छु तर गू खान्नँ, बुझ्रिस् ।" (पृ. १०१) भनेबाट पनि भड्के नै दृष्टिबिन्दु पात्र भएको प्रष्टिन्छ । त्यसैले यस कथामा तृतीय पुरष सीमित दृष्टिबिन्दुको प्रयोग रहेको छ ।

**भाषाशैली**

प्रस्तुत कथाको भाषाशैली केलाउँदा सरल र सहज खालको भाषाको प्रयोग रहेको पाइन्छ । ग्रामीण जीवनलाई देखाउन सफल यस कथामा ग्रामीण भेगको कथ्य भाषाको प्रयोग ज्यादा रहेको छ । जसको उदाहरण भड्केले बोलेका यी "हाम्ले कहाँ छुट्याएको छ र ! हाम्रा त बाउ-बाजेका पालादेखि नै छोरा पनि गरिखान्थे, छोरी पनि गरिखान्थे । यो त बाहुन छेत्री र मदिसेलाई सुनाएको होला, हैन त ? यिनैहरूले छोरीलाई सोध्छन्- 'कहाँ गइथिस्, के गरिथिस्' भनेर हैन त ?" (पृ. १०१) भन्ने भनाइबाट पुष्टि हुन्छ । वाक्यगठन प्रक्रियलाई हेर्दा छोटा-छोटा सरल वाक्यको प्रयोग नै कथामा रहेको छ । आञ्चलिकता जस्तो झल्किने यस कथामा अङ्ग्रेजी शब्दको प्रयोग कही भेटिदैंन भन्दा पनि हुन्छ । पात्रको स्तर अनुकूल संवाद र संवादमा स्वाभाविक निपातको प्रयोगले गर्दा भाषा मीठो भएको छ, जस्तैः-आच्या, आइमाई नै आइमाई पो छन् त हौ, कतै मैलासँगठनको चुनाऊ त हुन थालेन, ठाईल्दाइ ? आदि सन्दर्भ अनुसार आएका रातो भाले क्वायाँ क्वायाँ सुत्केरीलाई ख्वायाँ र बाह्र छोरा तेह्र नाति बूढाको धोक्रो काँधैमाथि, भन्ने उखानले भाषालाई थप रोचक बनाएको छ । कथामा जून, फूल, गुलाफ, सडक झुप्रो जस्ता बिम्बको प्रयोग पनि गरिएकोले भाषा अझै सुन्दर बन्न पुगेको छ । कथा आदि मध्य र अन्त्य हुँदै क्रमिक रूपमा अगाडि बढेको र कथ्य भाषाको ज्यादा प्रयोग अनि सरल भषाा प्रयोगले गर्दा कथाको भाषाशैली संवृत किसिमको रहेको प्रष्टिन्छ ।

छोरीलाई बेचेर सुखी र धनी हुने सपना देखेको भड्के माइलो जब रक्सीले मात्तिन पुग्छ, अनि उसले छोरी दश-बाह्र वर्ष नपुग्ञ्जेल आफूले दुःख पाउने, त्यसपछि सुखी र धनी हुने कल्पनामा हाँस्दा हाँस्दा आँसु बगाउन थाल्छ । बढी हाँसोमा पनि मान्छेको आँसु आउँछ, यसरी आएको आँसु पनि मीठो नभएर पीरो र नुनिलो नै हुने गर्दछ । यसरी खुशीको आँसु बगाउँदै जाँदा भड्के आँगनमा पल्टिएर जति रुदै जान्छ उति आँसु पिरो हुँदै जान्छ । यसरी भड्केको

खुशीको आँसु पनि पिरो भएको कुरालाई कथाले चित्रण गरेको हुँदा शीर्षक सार्थक देखिन्छ । सामाजिक कुरीतिका रूपमा विद्यमान छोरी बेच्ने चलनलाई कथाले विषयवस्तु बनाएर त्यसप्रति तीव्र व्यङ्ग्य गरेको छ । स्थानीय पात्र र स्थानीय भाषाको प्रयोगले कथाले आञ्चलिकता लिन खोजेको छ । तर कथामा स्थान नतोकिएकोले यही नै कथाको क्षेत्र हो भन्न सकिदैंन । समाजमा छोरी बेचेर सुखी र धनी हुन खोज्ने प्रवृत्तिलाई निरुत्साही गर्न चेतनाका लहर गाउँ-गाउँसम्म पुऱ्याउनु पर्ने सन्देश कथाले दिन खोजेको छ । सरल भाषाशैली र थोरै पात्रको प्रयोग गरी समाजमा विद्यमान कुरीतिको भण्डाफोर गर्न कथा सफल भएकोले कथा उत्कृष्ट बन्न पुगेको छ ।

## ४.१३ 'एक पटक मात्रै भए पनि' कथाको विश्लेषण

### कथावस्तु

मनु ब्राजाकीको यो कथा पनि समाजिक समस्यामा केन्द्रित रहेको छ । समाजमा विद्यमान शैक्षिक बेरोजगरीको अवस्थालाई यस कथाले देखाउन खोजेको छ । एउटा गरिब व्यक्तिले पढेर ग्र्याजुएट गरेपछि जागिर खानको लागि हातमा प्रमाण-पत्रका ठेली बोकेर जडौरी टाई-सुटमा हिंड्दा भोगेका नियतिलाई केन्द्र बनाएर कथाले समाजमा देखिएको शैक्षिक बेरोजगारीलाई चित्रण गरेको छ । एउटा उत्साही, हँसिलो फुर्तिलो सङ्घर्षशील युवा जागिर खान नसकेर मृत्युलाई वरण गर्न पुगेको घटनालाई यस कथाले विषयवस्तु बनाएको छ । एक पटक मात्रै भए पनि आफ्नो कोठामा बोलाएर आफ्नो वास्तविकता देखाउन 'ऊ' पात्रले 'ऊ' (दाइ) पात्रलाई कोठामा बोलाएको र उसको कोठमा पुग्दा ऊ (भाइ) मरी सकेर, उसले लेखेको "एक पटक मात्रै भए पनि तपाई म कहाँ आइदिनु भएकोमा हार्दिक धन्यवाद । म स्थायी जागिर खान जाँदै छु । यार, दाइ मेरो ग्र्याजुएसनको प्रमाण-पत्र र फुटपाथमा पाइने जडौरी टाई-सुटले काम गरिछोड्यो । भाउजूलाई नमस्कार, केटाकेटीलाई शुभप्यार !
-तपाईको स्थायी जागिरे भाइ" (पृ. १०६)

भन्ने खबरले दाइ पात्रले भाइपात्रको बारेमा स्पष्ट जानकारी पाएको छ । त्यसैले यस कथाको मूल विषय शैक्षिक बेरोजगारीबाट सिर्जना भएको समस्या नै रहेको छ । जागिर खान टाई-सुटमा हिंड्नु पर्ने र आन्तरिक खुवीको मूल्याङ्कन नहुने वर्तमान विकृतिप्रति कथाले व्यङ्ग्य गरेको छ । प्राविधिक शिक्षाको अभावमा प्रमाणपत्रको ठेली र थोत्रा टाई-सुट भिरेर हिड्ने निम्न वर्गीय उत्साही युवाको नियतिलाई कथाले राम्रोसँग चित्रण गरेको छ ।

### चरित्रचित्रण

यस कथामा सीमित पात्रको मात्र प्रयोग रहेको छ, 'ऊ' (दाइ) र 'ऊ' (भाइ) दुबैपात्र 'ऊ' का नामले कथामा आएका छन् र एक अर्कामा सम्बोधन गर्दा एउटा भाइ भनेर गर्छ र अर्को दाइ भनेर । कथामा आएको ऊ (दाइ) स्थायी जागिरे हो भने 'ऊ' (भाइ) स्थायी जागिरको खोजीमा हिंडेको पात्र हो । कार्यव्यापारका आधारमा हेर्दा कथामा आएको भाइ मुख्य

पात्र हो भने दाइ सहायक पात्र हो किनभने भाइ पात्रकै कारणले गर्दा दाइपात्र क्रियाशील भएको छ र कार्य व्यापारलाई अगाडि बढाएको छ । कथामा नेपथ्य पात्रका रूपमा दाइ पात्रका श्रीमती केटाकेटी आदि पनि आएका छन् । आसन्नता र आबद्धताका हिसाबमा ऊ साहुजी र उ (भाइ) मञ्चीय र बद्ध पात्र हुन् । जीवनचेतनाका आधारमा हेर्दा दाइ र भाइ र साहुजी तीनै पात्र वर्गीय पात्र हुन् । दाइ स्थायी जागिर खानेको प्रतिनिधि पात्र हो उसले भाइ पात्रलाई उत्साहले जागिर खान सकिने आस्वासन मात्र दिएको छ र उसले आफू कहाँ भाइ पात्रले बोलाउँदा रक्सीसक्सी खुवाउँछ कि भन्ने आस पनि गरेको छ र भाइ पात्रको मृत्यु देखेपछि जागिर सम्झेर भागेको छ । भाइ पात्र पनि वर्गीय पात्र हो । उसले शिक्षित निम्न वर्गीय बेरोजगार युवाको प्रतिनिधित्व गरेको छ । उत्साही सङ्घर्षशील हँसिलो फुर्तिलो यो पात्र जागिर नपाएर विवश भएर मृत्यु वरण गर्न पुगेको छ । होटेल साहुजीले होटेलवालाको प्रतिनिधित्वि गर्दै दाइ हुँ भन्ने बित्तिकै पैसा मागेर कञ्जुस चरित्रलाई देखाएको छ । कथालाई पूर्णता दिन यी तीन पात्रले खेलेको भूमिका अत्यन्त महत्त्वपूर्ण छ र यी विभिन्न वर्गीय चरित्रले कथालाई वास्तविक बनाएका छन् । त्यसैले कथाको चरित्रचित्रण सफल रहेको छ ।

**संवाद**

प्रस्तुत कथामा संवाद पक्ष सशक्त नै रहेको छ । दाइ पात्र र भाइ पात्र बीच विगतमा भएका संवादलाई दाइ पात्रले सम्झँदै गर्दा कथा अगाडि बढेको छ । कथाको अन्त्यतिर होटेलवाला र टेम्पो चालकले पनि संवादमा भाग लिएका छन् । कथामा आएका संवादहरू पात्रको स्तर अनुकूल नै रहेका छन् । ग्र्याजुएट गरेको भाइ पात्रले बोलेका संवाद यस्ता "हो, हाँसीहाँसी...... मलाई हेर्नुस्, यार, जहाँ पायो, जता पायो पार्ट टाइम जब गर्दै हिडेको छु । कोरियासोरिया र अरबतिर जाउँ भने पैसा छैन । बूढाबूढीले हाड घोटेर बल्लतल्ल ग्र्याजुएट पारे । अब यसलाई कतै क्यास गर्नैपऱ्यो । चेक क्यास गर्दा रुनु किन हाँसीहाँसी गरौं ।" (पृ. १०२) छन् भने स्थायी जागिरे दाइ पात्रले बोलेका संवाद यस्ता छन् "हैन, सुट-बुट-टाईले हैन, तपाईको उत्साह जाँगर र कामप्रतिको समर्पण भावनाले काम दिनेछ ।" (पृ. १०३) कथामा सामान्य होटेलवालाले प्रयोग गरेको संवाद यसरी आएको छ : "के हुन्थ्यो नि, पचास उधारो लाग्या छ भने पचास दिनपछि पनि पाँच दश मात्रै हात पर्छ । पाँचसय उधारो पुगिसक्यो । सधैको आज आज भोलिभोलि ।" (पृ. १०५) कथामा पात्रले बोलेका संवादले पात्रको चरित्र उद्घाटनमा समेत सहयोग पुऱ्याएको छ । संवादका अलावा कथामा दाइ पात्रको मनोवाद पनि रहेको छ । कथालाई अगाडि बढाउनमा दाइपात्रका आन्तरिक मनोलापले निकै सहयोग पुऱ्याएको छ । यी सबै प्रमाणले गर्दा कथाको संवाद पक्ष सशक्त रहेको पुष्टि हुन्छ ।

**परिवेश**

कथामा परिवेशका रूपमा सहरी परिवेशलाई लिइएको छ । कथाका अन्य केही घटना पूर्व घटित भइसके पनि मुख्य घटना कुनै दिन साँझमा घटेको कुरा शुक्रबार पारेर भाइ कहाँ

जाने दाइ पात्र साँझ ६ बजे हिडेर सात बजे पुगेको प्रसङ्गले प्रष्ट पारेको छ । मुख्य घटना यही साँझको समयमा सहरी परिवेशको एउटा कोठमा घटेको छ । घटनास्थल कोठाको चित्रण कथमा यसरी गरिएको छः- "चालिस वाटको एउटा गुलुप कोठाको मध्यमा झुण्डिएर बलिरहेछ । यो गुलुप पनि स्टोभको धुँवाले गर्दा कालाम्मे हुनाले १०×१० फिटको यति सानो कोठालाई राम्रोसित प्रकाशित गर्न सकेको छैन । ढोकाको दाहिने कुनामा भान्सा रहेछ । थोत्रो पुरानो सलेदोले बल्ने एउटा स्टोभ, सिलबरका केही कुच्चिएका र केही सद्दे भाँडाकुँडा, मट्टितेलको २.५ लिटरको प्लाष्टिकको ग्यालन, कुटको बट्टामा केही दाना चामल छरिएको, दुई दाना टाटे आलु बट्टानेर लडिरहेका । यस्तै यस्तै अव्यवस्थित र अस्तव्यस्त फोहरी" (पृ. १०६) कथामा आएको यो परिवेशले कथालाई निकै मार्मिक बनाएको छ । कथामा चित्रित अस्तव्यस्त कोठाको परिवेशले भाइ पात्रको अस्तव्यस्त जीवनलाई देखाएको छ भने चालीसवाटको गुलुपको उज्यालोले उसको आन्तरिक खुबीलाई चित्रण गरेको छ । समाजमा रहेका काला धुँवाले उसको व्यक्तित्वलाई छोपेको कुरा परिवेशले देखाएको छ । बाह्य परिवेशको चित्रणले कथालाई यथार्थता प्रदान गरेको छ । कथामा बाह्य पर्विशका अलावा आन्तरिक परिवेशलाई पनि देखाइएको छ । दाइ पात्रले गरेको विजुलीपानीको कल्पना र समस्याबाट भागेर घरपुग्ने अठोटले उसको स्वार्थी र दरिद्र परिवेशलाई उजागर गरेको छ भने भाइ पात्रमा रहेको उत्साह जोश, सङ्घर्षशील र ठाँटिएर हिड्ने स्वभावले उच्च सङ्घर्षशील पविरेशलाई देखाएको छ । होटेलवालाले बोलेको "भाइको उधारो दाइले तिरे हुँदैन" (पृ. १०५) भन्ने भनाइले उसको कञ्जुस परिवेशलाई देखाएको छ । कथामा आएका यी अन्तर बाह्य परिवेशले कथालाई यथार्थता प्रदान गरेका हुँदा परिवेश विधान उपयुक्त देखिन्छ ।

**उद्देश्य**

युगीन समस्यालाई आफ्नो कथाको विषयवस्तु बनाउने ब्राजाकीले यस कथामा शैक्षिक बेरोजगारीका कारण वर्तमान युवाहरूले भोग्नु परेका नियतिलाई देखाएका छन् । जागिरको लागि बाह्य ठाँटबाँटमा हिड्नु पर्ने तर आन्तरिक खुवीको कुनै महत्त्व नुहने कुराप्रति कथाकारले व्यङ्ग्य गरेका छन् । हातमा प्रमाण पत्रका ठेली बोकेर जडौरी टाई-सुटमा जागिर खान हिडेको 'ऊ' पात्र अप्राविधिक शिक्षाको कराण भोकै मर्न विवश भएको देखाएर कथाकारले प्राविधिक शिक्षा तर्फ सरकारले चासो दिनुपर्ने सन्देश दिएका छन् । दाइ पात्रले भाइ पात्रको मृत्यु देखि सकेपछि पनि एउटा मानवीय संबेदना नदेखाएर भागेको प्रसङ्गद्वारा कथाकारले सहरी परिवेशमा भएको दायित्वहीन र मानवताहीन प्रवृत्तिलाई व्यङ्ग्य गरेका छन् । समग्रमा कथाले लिएका उद्देश्यहरू निम्न बुँदामा देखाउन सकिन्छ ।

- देशमा देखिएको टाई-सुट प्रवृत्तिप्रति व्यङ्ग्य गर्नु,
- अप्राविधिक शिक्षाका कारण उत्पन्न बेरोजगारी समस्यालाई चित्रण गर्नु,

- शिक्षित निम्न वर्गीय युवाले भोग्न बाध्य विवश नियतिलाई देखाउनु,
- सहरी परिवेशमा ह्रास हुँदै गएको माववतावाद र दायित्वहीन प्रवृत्तिलाई चित्रण गर्नु,

**दृष्टिबिन्दु**

प्रस्तुत कथामा दृष्टिबिन्दु पात्रका रूपमा दाइ पात्र आएको छ । सम्पूर्ण कथालाई दाइ पात्रकै केन्द्रीयतामा अगाडि बढाइएको छ । दाइ पात्रलाई भाइपात्रले आफ्नोमा बोलाएको हुँदा ऊ जाँदैछ भन्दै कथाको आरम्भ गरिएको छ । दाइ पात्रले बाटोमा जाँदै गर्दा भाइ पात्रप्रति सोचेका विचार दाइ पात्रकै कोणबाट कथामा यसरी आएका छन् - "जे होस् , मान्छे फरासिलो, मिजासिलो, उत्साही र सङ्घर्षशील हो ।" (पृ. १०२) दाइ पात्रका मानसिक संवेगलाई देखाउँदै कथामा यसरी वर्णन गरिएको छ । "शुक्रबारको दिन साँझपख बोलाएको हुँदा बिजुली-पानीको पनि व्यवस्था छ कि भन्ने ठानेर ऊ मक्ख परेको छ ।" (पृ. १०२) कथामा आएको भाइको कोठाको वर्णन पनि उसकै केन्द्रीयतामा आएको छ र कोठामा भाइ मरेको हो भन्ने थाहा लागेपछि ऊ पात्र त्यहाँबाट जागिर र प्रहरी सम्झेर भाग्नुले पनि दाइ पात्रकै मानसिक संवेगलाई उजागर गरेको छ । त्यसैले यस कथाको दृष्टिबिन्दु पात्र दाइ हो र उसकै कोणबाट कथाले पूर्णता पाएकोले तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग कथामा रहेको छ ।

**भाषाशैली**

झिनो कथावस्तु र सीमित पात्रको प्रयोग गरेर लेखिएको यस कथामा सरल र आलङ्कारिक दुबै खाले भाषाको प्रयोग पाइन्छ । कथामा आएका मुख्य पात्रहरू उच्च बौद्धिक पात्र भएको हुँदा पनि भाषामा आलङ्कारिकता देखिनु उचित देखिन्छ । आलङ्कारिक भाषाको उदाहरणका लागि यो भनाइ हेर्न सकिन्छः- "उसो त ऊ त्यहाँ कहिल्यै गएको होइन, यसर्थ एकपटक मात्रै भनेको यो पहिलो पटक अथवा अन्तिम पटक पनि हुन सक्छ ।" (पृ. १०२) पात्रको स्तर अनुकूलको संवाद प्रयोगले भाषालाई मीठो बनाएको छ । शिक्षित पात्र भाइले बोलेको संवाद यस्तो छ :- "अफिसमा टिपटप, फुर्तिलो, जाँगरिलो र हँसिलो भए पो हाकिम साहेब प्रभावित हुन्छन् । प्रमोसनका बेला झट्ट तपाईकै सम्झना हाकिमसाहेबलाई पहिलो आउने छ ।" (पृ. १०२) वाक्य गठनलाई हेर्दा यस कथामा पनि छोटा-छोटा र सरल वाक्यको बाहुल्यता देखिन्छ । यो मनु ब्राजाकीको प्रवृत्ति नै बनेर आएको छ । शब्दचयन प्रक्रियालाई हेर्दा यार, झुमै, हाड घोटेर, ट्वाँट, बिजुली-पानी, जडौरी जस्ता कथ्य भाषाका शब्द र पार्टटाइम, ग्याजुएट क्यास, चेक, टाई-सुट, अफिस, टिपटप, प्रेस, प्रुफरिडिङ, टिउसन आदि जस्ता अङ्ग्रेजी आगन्तुक शब्दको प्रयोग पनि गरेको पाइन्छ । भाषिक स्वाभाविकता सिर्जना गर्न भाषामा आएका निपातले निकै सहयोग पुऱ्याएका छन् । लुसुक्क, ह्वाँग, ट्वाक-ट्वाक, कोरियासोरिया जस्ता अनुकरणात्मक र द्वित्व शब्दले भाषालाई थप मीठो बनाएका छन् । कथामा उखान-

टुक्काको प्रयोग भेटिदैन तर भाषा भने बिम्बात्मक रहेको छ । कथा क्रमिक रूपमा अगाडि बढेको हुँदा रैखिक रहेको छ । समग्रमा भन्नु पर्दा कथाको भाषाशैली संवृत रहेको छ ।

प्रस्तुत कथामा भाइ पात्रको आग्रह स्वीकार गरेर दाइ एकपटक भाइको कोठामा गएको र भाइपात्रबाट उसलाई धन्यवाद दिएको अनि उसलाई फेरि त्यहाँ जानु नपर्ने भएको अनि दाइ स्वयम्लाई भाइको अवस्था देखेर त्यहाँबाट एकचोटी उम्केर आफ्नो कोठामा पुग्न पाए स्वर्ग पुगेजस्तो हुने मानसिक द्वन्द्वले गर्दा कथाको शीर्षक सार्थक देखिन्छ । एक पटक मात्रै भए पनि स्थायी जागिरे दाइले अस्थायी जागिरे भाइको वास्तविकतालाई चिन्न सकेको हुनाले पनि शीर्षकको सार्थकता देखाउँछ । कथाकारले कथाको आरम्भ र अन्त्य एकपटक मात्रै भए पनि बाट सुरु गरेर त्यही वाक्यमा टुङ्ग्याएर शीर्षकको सार्थकतालाई विशेष महत्त्व दिएका छन् । अप्राविधिक शिक्षाको कारण वर्तमान शिक्षित युवा वर्गले भोग्नु पर्ने नियतिलाई विषयवस्तु बनाएको यस कथाले टाई-सुट प्रवृत्तिप्रति व्यङ्ग्य गरेको छ । एउटा उत्साही सङ्घर्षशील, फुर्तिलो व्यक्तिले काम नपाएर भोकै मर्नुपर्ने देशको दारुण स्थितिलाई देखाउन कथा सफल रहेको छ । युगीन समस्यालाई देखाउन सीमित पात्र र सरल भाषाशैलीको प्रयोग गर्न कथाकार सफल भएकोले यो एउटा यथार्थवादी उत्कृष्ट कथा बनेको छ ।

## ४.१४ 'उदाहरणीय सालिक' कथाको विश्लेषण

### कथावस्तु

समाजमा विशेषगरी सहरीक्षेत्रमा देखिने गरेको प्रदूषणयुक्त वातावरणलाई आधार बनाएर मान्छेमा रहेको मानसिक प्रदूषण प्रति व्य्ग्य गर्ने यो कथा यथार्थवादी छ । शिक्षक सुबोधराजले दिनहुँ प्लाष्टिकको बाल्टिनमा फोहोर लिएर कन्टेनरमा फाल्न जाँदा एउटा अर्धबौलाहाले "सुनिनस्, फुरौले मास्टर ! तँ पोडे होस् कि मेहत्तर ? कति तलब पाउँछस् हँ, फोहर फालेको ?" (पृ. १०८) भन्दै उसलाई भनेपछि उसको बारेमा जान्ने उत्सुकता बढ्दै गयो । शुद्ध र परिष्कृत भाषा उच्चारण गर्ने यो अर्धबौलाहाबारे जान्ने इच्छा र फोहर फाल्ने प्रक्रियासँग जोडिएर अन्य विषयवस्तु पनि यस कथामा आएका छन् । समाजमा रहेका ठूलाबडाहरूलाई शिक्षा दिनु अन्यथा रहने गरेको र समाजमा जसले राम्रो काम गर्छ, त्यसले कहिल्यै सम्मान नपाउने कुरालाई पनि कथाले "समाजसेवा गरेर कसको यो देशमा फलिफाप भएको छ र ?" (पृ. ११३) भनेर देखाउन खोजेको छ । सहरी परिवेशमा देखिएका विकृतिहरूलाई पनि कथाले आफ्नो विषयवस्तु बनाएको छ । "फोहरमैला र प्रदूषण विरोधी सुबोधराजले सफाइ र सुधारको आन्दोलन घरबाटै के गर्न थालेका थिए, छोरी पप गाउँदागाउँदै कुनचाहिँ टप लाउनेसित टाप कसी । बलीउड पुगी कि हलिउड थाहा भएन । छोराचाहिँ जुल्फे र कुण्डलेहरूसित लहसिंदालहसिँदै लागूपदार्थ तिर लाग्यो" (पृ. १०९) भन्दै यस कथाले युवापुस्तामा देखिएका विकृतिलाई पनि आफ्नो विषयवस्तु बनाएको छ । सहरी परिवेशमा देखिने

वाह्य प्रदूषणलाई देखाएर यहाँको समाजभित्र रहेका अनेकौं फोहरमैलायुक्त मानसिक प्रदूषणको बारेमा नै कथाले बोलेको छ, त्यसैले कथाको विषयवस्तु पनि व्यापक बन्न पुगेको छ ।

**चरित्रचित्रण**

यस कथामा आएका चरित्रको सङ्ख्या उल्लेख्य रहेको छ । सुबोधराज, अर्धवौलाहा, सुवोधराजकी श्रीमती, छोराछोरी, सरकारी अधिकृत, संस्थानका अधिकृत, गैससकी थसुल्नी, खाते केटा यस कथाका पात्रहरू हुन् । कार्यव्यापारका आधारमा सुबोधराज मुख्यपात्र हो, अर्धबौलाहा सहायक पात्र हो र अन्य सबै गौण पात्र हुन् । स्वभावगत आधारमा हेर्दा सुबोधराज र अर्धबौलाहा गतिशील पात्र हुन् । आसन्नता र आबद्धताका आधारमा हेर्दा यस कथाका सबैपात्र मञ्चीय र बद्ध पात्र हुन् । जीवन चेतनाका आधरामा हेर्दा यस कथाका सबै पात्र वैयक्तिक पात्र हुन्, कुनै पात्रले पनि यहाँ वर्गीय चरित्रलाई उजागर गरेका छैनन् । कथामा आएका यी सबै चरित्रले कथालाई अगाडि बढाउन र कथालाई यथार्थता तिर डोऱ्याउन सहयोग गरेका छन् । कथामा पात्रले बोलेका कुराले पात्रको चरित्र राम्रोसँग उद्घाटित भएको छ पात्रको सजीव चित्रणले कथालाई रोचकता प्रदान गरेका र पात्रकै क्रियाकलाप वरिपरि कथा घुमेकोले कथामा चरित्रचित्रण निकै राम्रो रहेको छ ।

**संवाद**

प्रस्तुत कथामा संवाद पक्ष सशक्त रहेको छ । संवादबाट नै कथाले नयाँ-नयाँ घटनाक्रमहरूलाई जोड्दै गएको छ । संवादमा देखिएका स्वाभाविकताले कथालाई रोचक बनाएको छ । “हैलो, मास्टारसाहेव ! बिहानबिहानै फोहरमा हात हाल्नुभएछ ।” (पृ. १११) “भैगो छाड्नुस त्यसका कुरा । अँ आज तपाईं अलि टोलाएको जस्तो देखिनुहुन्छ नि के भयो ?” “क्यै विशेष होइन, सधैँजसो आज पनि चौबाटोमा त्यो बहुला भेटिएको थियो कुरा त ठीकै गर्छ । किन बहुलाएछ त्यो को होला ?”(पृ. ११३) जस्ता सरल संवादले कथालाई सरस बनाएका छन् । संवादका अतिरिक्त यहाँ पात्रका मनोलाप पनि आएका छन् । अर्धवौलाहाले “हुन्छ बना ! बना, फोहरमैलाको पर्वत बना, फुरौले, नेपाल भ्रमण-वर्ष क्राइस्टाब्द नाइन्टिन नाइन्टी ऐटको उपलक्ष्यमा पर्वन बना ! नयाँ नेपालको आधुनिक सगरमाथा बना !” (पृ. १०८) भन्दै आफ्ना मनोलाप व्यक्त गरेको छ । शिक्षितलाई लौरोले शिक्षा दिनुपर्ने भन्दै उसले आफ्ना मनोलाप पोखिरहेको छ भने सुबोधराजले त्यही अर्धबौलाहालाई देखेर र उसको भनाइ, व्यवहार देखेर आफू विचलित र किंकर्तव्यविमूढ भएर “जे होस्, म अहिले बाहिरको र टाढाको मान्छे हुँ, उपदेशक होइन, उदाहरणीय व्यक्ति हुँ, शिक्षक हुँ, असल मानिस हुँ ।” (पृ. १११) भन्ने मनोलाप व्यक्त गरेका छन् । संवाद र मनोलाप दुबैद्वारा कथाले अग्रता पाएको छ रोचकता थपेको छ । संवादकै र मनोलापमा आएका भनाइद्वारा पात्रको चरित्र उद्घाटनमा पनि सहयोग मिलेको छ । संवादकै माध्यमद्वारा अर्धबौलाहाको वास्तविकता खुलेको, उसको हत्या बाहिर आएको र सुबोधराजका छोराको ज्ञान हुनसकेकाले कथामा संवादको भूमिका उल्लेख्य देखिन्छ ।

**परिवेश**

प्रस्तुत कथामा वाह्य परिवेशको रूपमा सहरी परिवेश आएको छ । 'त्यो अर्ध बौलाहा टोल बाहिरको यस चौबाटोनेर एउटा घुम्तीपसल तल बोरा ओछ्याएर र बोरै ओढेर बसेको छ, अनि उनलाई देखेर त्यहीँबाट चिच्चाउँदै छ । उनले त्यो अर्धबौलाहाको प्रकार सुन्या नसुन्यै गरेर चौबाटोनेरको कन्टेनरमा फोहर फाल्नथाले' । "कन्टेनरको फोहरको थुप्रोमाथि बहुला शिक्षकको लास मिल्किएको रहेछ ।"(पृ. ११४) भन्ने वाक्यमा आएका कन्टेनर, चौबाटो, घुम्तीपसल आदिले सहरी परिवेशको चित्रण गरेका छन् । बिहान मर्निङवाक र जगिङ मा निस्कने प्रसङ्ग र घरबाहिर फोहर थुपार्ने शिक्षितका प्रसङ्गले पनि सहरी परिवेशको चित्रण गरेको छ । यो कथा मुख्य रूपमा त्यही चौबाटोको चोक र सुबोधराजको घरवरिपरि घुमेको छ । कथामा घटना घटेको समय ६ महिनाको रहेको कुरा सुबोधराज यो टोलमा आएको ६ महिना भयो भन्ने प्रसङ्गले देखिएको छ र मुख्य घटना चाहिँ त्यही ६ महिनाको एक बिहान घटेको छ । अन्य प्रसङ्गहरू साँझ रातिसँग पनि जोडिएका छन् । बिहानमा कन्टेनरमा फोहोर फाल्ने प्रसङ्गले नै सबै घटना तानेर ल्याएकाले विहानको समय हो भन्न सकिन्छ । यसरी आएका बाह्य परिवेशले कथाको दरिलो आधारभूमि तयार गरेको छन् । प्रदूषणयुक्त समाजको सुधार कन्टेनरको फोहोरसँग रहेको परिवेशमा आएर निकै सान्दर्भिकता भएको छ । बाह्य परिवेशका अलावा आन्तरिक परिवेशको चित्रण पनि कथामा पाइन्छ । "फोहोमैला र प्रदुषण विरोधी सुबोधराजले सफाइ र सुधार आन्दोलन घरबाटै सुरु गर्न थालेका थिए" (पृ. १०९) भनेबाट उनी शिक्षित र समाजसेवी परिवेशका भएको पुष्टि हुन्छ । सरकारी हाकिम, संस्थाका हाकिम, विदेशी संस्थाका हाकिम, गैससका हाकिम संकुचित परिवेशमा बाँचेका छन् भने अर्ध बौलाहाका संवेगले सुधारवादी परिवेश बोकेको छ । छोराको प्रसङ्गले विषम परिवेश र अपराधी परिवेश बोकेको छ । यी आन्तरिक बाह्य दुबै परिवेशले कथालाई रोचक र यथार्थ बनाउन आधारभूमि प्रदान गरेकाले परिवेश चित्रण उपयुक्त छ ।

**उद्देश्य**

'उदाहरणीय सालिक' कथा सहरी परिवेशमा देखिएको प्रदूषणयुक्त वातावरण र प्रदूषणयुक्त सोचाइलाई विषयवस्तु बनाएर लेखिएको समसामयिक यथार्थको फोटोकपी हो । समाजसेवामा लाग्ने कुनैपनि मान्छेको कहिल्यै फलिफाप हुँदैन भनेर देखाउनु कथाको मूल उद्देश्य हो । वर्तमान सहरी परिवेशमा देखिएको विकृतिजन्य संस्कारको कारण हाम्रो युवापुस्ता कसरी बिग्रिरहेको छ भनेर देखाउनु पनि कथाको उद्देश्य हो । समाजमा आफूलाई ठूलाबडा र शिक्षित भनाउँदाहरू नै समाज प्रदूषणका प्रमुख कारण हुन्, त्यसकारण जहाँ सभ्य भनाउँदा बढी बस्छन्, त्यहीं नै बढी विकृतिले जरा गाडेको छ भनेर देखाउनु पनि कथाको उद्देश्य हो । सुबोधराज शिक्षकले छोराछोरी कै कारण पब्लिक स्कुलको जागिर छोडेर बोर्डिङ स्कुलमा जागिर खानुपरेको र यस ठाउँमा आउँदा पनि छोराको कारणले कहिल्यै उँचो शिर गर्न नपाएर सालिक

झैँ मूक उभिनु परेको प्रसङ्गले छोराछोरी खराब भएभने बाबुआमाको मन कहिल्यै खुशी हुन सक्दैन भनेर देखाउन खोजेको छ । बुँदागत रूपमा कथाका उद्देश्यलाई यसरी देखाउन सकिन्छ ।

- निष्पक्ष रूपमा समाजसेवामा लाग्ने व्यक्तिको कहिल्यै हित हुँदैन भन्ने देखाउनु,
- वर्तमान युवापुस्तामा के-कस्ता विकृतिहरू देखिएका छन् र युवा पुस्ता कसरी पथभ्रष्ट हुँदैछ भन्ने चित्रण गर्नु,
- सभ्य भनाउँदा बस्ने ठाउँ नै विकृति र विसङ्गतिको प्रमुख केन्द्र हो भन्ने देखाउनु,

**दृष्टिबिन्दु**

यस कथामा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यहाँ सम्पूर्ण कथा सुबोधराज माष्टरको केन्द्रीयतामा अगाडि बढेको छ । सुबोधराजको बारेमा लेखकका तर्फबाट गरेको पृष्ठभूमि उठानबाहेक सम्पूर्ण कथामा सुबोधराज दृष्टिबिन्दु पात्र हो । “तनमन सफा रहे घरआँगन सफा रहन्छ र घरआँगन सफा रहे तनमन स्वस्थ रहन्छ” (पृ. १०९) भन्ने विचारले नै सुबोधराजले टोल सफा गर्न थालेको छ । उनका विचारमा “मैले उपदेश दिएर हैन, कर्तव्य गरेर उदाहरणीय बन्नुपर्छ । अनि यो टोलको घरआँगन र तनमन प्रदूषणमुक्त हुनेछ । अनि प्रदूषणमुक्त यो टोलमा मेरो बरालिएको छोरो पनि त सुध्रिएला” (पृ. ११०) भन्ने रहेको छ । अर्धबौलाहाका असामान्य क्रियाकलाप सुबोधराजलाई देखेर नै घटेका छन् र ती घटना देखेर सुबोधराजको मानसिकता विगलित र किंकर्तव्यविमूढ पुगेको छ, त्यसैले सुबोधराज दृष्टिबिन्दु पात्र हो । सरकारी अधिकृत, संस्थानका अधिकृत, विदेशी सहयोग संस्थाका अधिकृत, गैससकी थसुल्ली आदिले गरेका व्यवहारले पनि सुबोधराजको मानसिक संवेगलाई उजागर गर्न सहयोग गरेका छन् । “सबैले मलाई माष्टर साहेव, माड्साप, मास्टर बाजे, टिचर भने हेलो, नमस्ते, सन्चै, हाय भने कसैले मलाई फुरौले मेहत्तर भनेन । भला !” (पृ. ११२) भन्दै सुबोधराजकै केन्द्रीयतामा कथा आएको छ । कथाको अन्त्यमा पनि वाल्टिन लिएर फोहर फाल्न हिडेका सुबोधराजले जब कन्टेनरमाथि बौलाहा शिक्षकको मृत शरीर देखे, त्यसपछि उनले बौलाहाले भनेको कुरा सम्झदैं आफूलाई मूर्तिवत बनाएका छन् । त्यसैले सम्पूर्ण कथाको दृष्टिबिन्दु पात्र सुबोधराज भएकोले तृतीयपुरुष सीमित दृष्टिबिन्दु बन्न पुगेको छ ।

**भाषाशैली**

एकदमै झिनो कथावस्तुलाई कथात्मक आकार दिएको यस कथामा यथार्थवादी रैखिक शैलमा कथा अगाडि बढेको छ । कथामा प्रयोग भएको भाषा सरल र सुबोध्य खालको छ । अर्धबौलाहाले बोलेका कुराहरूले आलङ्कारिकता पनि सिर्जना गरेका छन् । “हुन्छ बना ! बना, फोहरमैलाको पर्वत बना, फुरौले, नेपाल भ्रमणवर्ष क्राइष्टब्द नाइन्टिन नाइन्टी ऐटको उपलक्ष्यमा पर्वत बना, नयाँ नेपालको आधुनिक सगरमाथा बना !” (पृ. १०८) “शिक्षितलाई

शिक्षा ई, यसले दिनुपर्छ ।" (पृ. ११२) जस्ता भनाइले व्यङ्ग्यार्थ बोकेका पाइन्छ । छोटा छोटा सरल वाक्यको गठनले गर्दा भाषा मीठो बनेको छ । ठाउँठाउँमा आएका 'काग कराउँदै रह्यो पिना सुक्दै रह्यो', नजिकको देवता हेला हुन्छ" (पृ. ११३) जस्ता उखानले भाषालाई अझ सुन्दर बनाएका छन् । पात्रको स्तर अनुसारको भाषा प्रयोगले पनि कथा रोचक बनेको छ । बौलाहाले फुरौले, पोंडे, मेहत्तर जस्ता शब्द बोलेको छ भने अंग्रजी शब्द पनि बोलेको छ । कथामा क्राइस्टाब्द नाइन्टिन नाइन्टी ऐट, हाफप्यान्ट, ट्र्याकसुट, मर्निङ वाक, जगिङ, हेला, हाय टिचर, ह्वाट अ गुड टिचिङ, ओक्के, कन्टेनर जस्ता अङ्ग्रेजी शब्दको प्रयोग पनि रहेको पाइन्छ । संवृत खालको भाषाशैलीको प्रयोगले गर्दा कथा पठनीय र सरल बन्न पुगेको छ । समसामयिक समस्यालाई आलोचनात्मक रूपमा प्रस्तुत गरिएको यो कथा यथार्थवादी बन्नपुगेको छ ।

समाजमा रहेका प्रदूषणयुक्त फोहरमैला हटाएर आफ्नो छोरालाई सुधार्न चाहने सुबोधराज कर्तव्यद्वारा उदाहरणीय बन्न चाहन्छन् । जब एकदिन बिहान फोहोर फाल्न जाँदा उनले आफ्नो छोराको पुरुषार्थ देखे उनी सालिकझैं बोल्नै नसक्ने भए । यसरी एउटा समाजसेवा गर्न चाहने व्यक्ति आफ्नो परिवार, समाज जताततैबाट बोल्नै नसक्ने अवस्थामा पुगेकोले यस कथाको शीर्षक उदाहरणीय सालिक सार्थक छ । सुबोधराज अरूको लागि उदाहरण मात्र बन्नसके तर वाचाल बन्न सकेनन्, त्यस कारण शीर्षक सार्थक छ । समसामयिक सहरी परिवेशका समस्याप्रति तीव्र व्यङ्ग्य गर्ने यो यथार्थवादी कथा हो । सरल भाषाशैली उपयुक्त पात्रको चयनले गर्दा कथा निकै सरस बनेको छ । व्यङ्ग्यार्थ रूपमा विकृति माथि प्रहार गर्नु कथाको उद्देश्य रहेको छ । वर्तमान समयमा सहरी परिवेशले नबुझेको मानवतावादलाई कथाले चित्रण गर्न सफल रहेको हुनाले कथा उत्कृष्ट बन्न पुगेको छ ।

## ४.१५ 'त्रिनेत्रका खुल्ला आँखा' कथाको विश्लेषण

### कथावस्तु

नवचेतनावादी प्रवृत्ति अनुरूप यस कथामा कथाकारले कुनै कथावस्तुलाई विषय नबनाएर विकीर्ण चिन्तनहरूलाई प्रस्तुत गरेका छन् । वर्तमान विश्वका युगीन पीडाहरूलाई यहाँ चेतनप्रवाह शैलीमा उनेर विषयवस्तुको जबरजस्ती रूप दिन खोजिएको छ । तीन दृष्टिमा रचिएको यस कथाले विश्वजनिन यावत् कुरालाई समेट्न खोजको छ । विश्वका शक्तिशाली र महाशक्ति राष्ट्रमा पाइने प्रगतिसँग गरिब र नेपाल जस्ता देशको अवस्था चित्रण गरिएको छ । वर्तमान विश्वमा मानवले के कस्तो जीवनयापन गरेका छन्, देशको विकास कहाँ पुगेको छ, शान्ति र युद्ध कसरी अघि बढेका छन्, राजनीति अर्थनीति कसरी अगाडि चलेको छ भन्ने कुरालाई कथाले विषयवस्तु बनाएको छ । विश्वको प्रगति कहाँ पुग्यो र नेपाल कुन हिसावमा रहेको छ भनेर देखाउन यस कथाले मुख्यरूपमा विश्वजनिन कुरालाई विषयवस्तु बनाएको छ । नेपाली आफूलाई बेच्ने र भोकै मर्नेबाहेक अर्को विकल्प रहेको छैन भन्ने कुरालाई कथाले

विषयवस्तु बनाएको छ । कथामा तीन दृष्टिको प्रयोग गरी दुई दृष्टिले विकसित विश्वलाई हेरिएको छ भने एक दृष्टिले नेपाललाई हेरिएको छ । त्रिनेत्रका तीनवटा खुल्ला आँखाले हेरेको विश्व समग्रमा कथाको कथावस्तुका रूपमा आएको छ ।

**चरित्रचित्रण**

यस कथामा सीमित पात्रको प्रयोग छ 'ऊ' र 'म' । 'ऊ' र 'म' ले आफ्नै दृष्टिबाट विश्वलाई हेरेका छन् । 'ऊ' र 'म' बीचमा कार्यव्यापारका आधारमा यहाँ दुबै पात्र मुख्य मान्नु पर्छ, किनभने यो कथामा कथालाई अगाडि बढाउन सक्रिय छन् तर कुनैसँग पनि कथाको सम्बन्ध छैन । वस्तुपरक रूपमा दुबैले आफ्ना विकीर्णचिन्तन ओकलेका छन् । पात्रको स्वभाव चरित्र, जीवनचेतना कहीँ उल्लेख भएको छैन, दुई पात्रको प्रयोग गरिएको यस कथामा हामी दुई छौ 'ऊ' र 'म' भन्दै प्रत्येक दृष्टिमा 'ऊ' र 'म' बीच व्यक्त विचारले कथालाई अगाडि बढाएका छन् । यस कथामा कुनै पात्रको चरित्रलाई उजागर गरिएको छैन । दुबै पात्रले आ-आफ्ना सोचाइलाई मात्र व्यक्त गरेका छन् ।

**संवाद**

यो कथा संवादकै माध्यमद्वारा अगाडि बढेको छ तर कतै पनि पात्रका बीचमा दोहोरो संवाद पाइँदैन । पात्रले आफ्ना विचारहरू मनोलापीय हिसाबमा व्यक्त गरेको हो कि भन्ने जस्तो देखिन्छ । संवादमा आएको शैली पनि नवीन खालको छ ।

"विश्वविभाजनकार्यमा उनीहरू दलाल बन्न तयार छन् ।" - म ।

"विगत साम्राज्यको हिङ बाँधेको टालो सुँघेर मतमताउँदै छन् ।" -ऊ (पृ. ११६)

भन्ने जस्तो शैलीलाई अँगालिएको छ । पात्रले बोलेका कुरा सहज र सरल खालका नभएकोले संवाद निकै आठ्यारो छ । विकीर्ण चिन्तनको स्वतस्फूर्त प्रयोगले संवादलाई अस्पष्ट बनाएको छ र संवादले पात्रको चरित्र उद्घाटन गर्न सकेको छैन । समग्रमा भन्नु पर्दा यस कथाको संवाद पक्ष खट्किँदो छ ।

**परिवेश**

यस कथामा तीनदृष्टिमा तीन किसिमको परिवेश आएको छ। "प्रथमदृष्टिमा बिहानी छ । सूर्य गुलाफी छ । आकाश निरभ्र छ र ऊ र म छौ" (पृ. ११५) भन्दै एकदमै सुविधा सम्पन्न विकसित परिवेश आएको छ । चिल्ला गाडीहरू, एयरबस, अटालिकाहरू परिवेशमा आएका छन् । बिहानी र गुलाफी सूर्यले सङ्केत गरेका उज्यालाका हरेक पक्ष यहाँ आएका छन् जसले त्यस ठाउँको उन्नतिको सङ्केत गरेका छन् । त्यसैले यो वैज्ञानिक चमत्कार र उन्नतिको परिवेश हो । द्वितीय दृष्टिमा पनि पहिलोदृष्टिमा जस्तै उच्च खालको समान्त परिवेश आएको छ । तेस्रो दृष्टिमा "सन्ध्या छ, सूर्य पँहेलो छ, आकाश धमिलिँदै छ" (पृ. ११६) भन्दै स्याहारसम्हारविहीन थोत्रा यान, भत्किएको बिग्रिएको राजमार्ग, धुस्राफुस्रा गोरुगाडासँगै बस, ट्रक र कारले फ्याँकेको कार्वन मोनोअक्साइड युक्त परिवेश आएको छ । सन्ध्या र पहेंलो सूर्यले सङ्केत गरेझैं

अन्धकारमय परिवेश छ । यसले कथामा अन्धकारयुक्त नेपालीको भविष्य र वर्तमानलाई चित्रण गर्न सहयोग पुऱ्याएको छ । बाह्य रूपमा आएका यी तीन परिवेशले त्यस ठाउँको जीवनशैलीलाई उजागर गर्न सहयोग पुऱ्याएको हुँदा परिवेशविधान उपयुक्त छ । आन्तरिक परिवेश केलाउने ठाउँ चरित्रले छाडेका छैनन् ।

**उद्देश्य**

यस कथामा विषयवस्तुका रूपमा कुनै एक पक्षलाई नलिएर विश्वजनीन पक्षलाई समेटिएको छ । विश्वजनीन परिप्रेक्ष्यमा नेपालको अवस्याको चित्रण गर्नु यस कथाको मूल उद्देश्य हो । विश्वका शक्तिशाली राष्ट्रहरूमा रकेटहरूले ग्रहको चक्कर लाएको, विस्तिर्ण सडकमा दामी चिल्ला गाडी कुदाएको, मानिस घरमा र अस्पतालमा जन्मिएर, होटलका सुस्वादु खाना खाएर, क्लब र बारमा रमाएर, अस्पतालमै मर्ने सौभाग्य प्राप्त गरेको देखाएर विश्वको तुलनामा नेपाल कति पछाडि छ भनेर कथाले देखाउन खोजेको छ । नेपालमा एउटा वर्ग 'घर र अस्पतालमा जन्मिएर, होटेल र रेष्टुरेन्टका सुस्वादु भोजन खाएर, गरिबी नानीलाई पैसाको बलले काखमा राखे रमाए, अस्पतालमा मर्ने सौभाग्य प्राप्त छ भनेर कथाले देशको आर्थिक विषमतामाथि पनि प्रकाश पार्न खोजेको छ ।' 'यस व्यापारिक विश्वमा आफूबाहेक बेच्ने कुरा उनीहरूसित केही छैन' भन्दै कथाले नेपालीहरूको दयनीय अवस्था पनि उजागर गरेको छ । यसरी हेर्दा बुँदागत रूपमा निम्न उद्देश्य रहेको पाइन्छ :

- विश्व परिवेशमा नेपालको दयनीय अवस्थाको चित्रण गर्नु,
- नेपालमा विद्यमान आर्थिक विषयमतालाई देखाउनु,
- नेपालीले भोग्नुपरेका नियतीहरूलाई देखाउनु,

**दृष्टिबिन्दु**

यस कथामा प्रथम पुरुष परिधीय दृष्टिबिन्दुको प्रयोग भएको छ । कथाको दृष्टिबिन्दु पात्र कुन हो भनेर छुट्याउन गाह्रो यस कथाको अन्त्यमा 'म चुप लागेँ । ऊ पनि चुप लाग्यो । यस तेस्रो दृष्टिपश्चात् मसँग केही  नबोलेरै उसले आफ्नो घरतिर जाने नेपालको बाटो खोज्न थाल्यो' भनेर म पात्रले उसका बारेमा भनेकोले म पात्र परिधिमा रहेर कथा भनेको प्रमाणित हुन्छ । म पात्र परिधिमा रहेको पुष्टि गर्ने यही आधारमा यो कथामा प्रथम पुरुष परिधीय दृष्टिबिन्दु छ भन्न सकिन्छ ।

**भाषाशैली**

'त्रिनेत्रका खुल्ला आँखा' यस कथामा तीनवटा दृश्य रहेका छन् । प्रथम, द्वितीय र तृतीय गरी तीन दृश्यमा विभाजन गरेको यो कथा झट्ट हेर्दा नाटक जस्तो रहेको छ । प्रत्येक दृष्टिमा मञ्च व्यवस्थापन जस्तो "विहानी छ । सूर्य गुलाफी छ । अकाश निरभ्र छ ऊ र म छौँ ।" (पृ. ११५) "सन्ध्या छ । सूर्य पहेंलो छ  अकाश घमिलिँदै छ । ऊ र म छौं ।" (पृ. ११६) भन्दै

प्रत्येक दृष्टिको आरम्भ गरिएको छ । विश्रृङ्खलित चिन्तनहरूलाई चेतनप्रवाह शैलीमा व्यक्त गरिएको हुँदा भाषा आलङ्कारिक र व्यङ्ग्यार्थ बन्न पुगेको छ । भाषामा देखिने स्वाभाविकता यस कथामा पाइँदैन विवृत किसिमको भाषाशैलीले गर्दा कथा दुर्बोध्य बनेको छ । “काल, काल महाकालको गिद्धे श्रापले प्रतिवर्ष पल्टिराख्छ अकाल” (पृ. ११७) जस्ता अनुप्रासयुक्त भाषाको प्रयोगले भाषा कवितात्मक जस्तो बन्ने पुगेको पनि पाइन्छ । कथानकहीन, विचार प्रधान, विकीर्ण चिन्तनको प्रयोग भएको यस कथाले विश्वलाई आफ्नो विषयवस्तु बनाएको छ । विश्व परिवेशमा नेपालको दयनीय आर्थिक, समाजिक र राजनीतिक परिवशलाई चित्रण गर्नु यस कथाको उद्देश्य हो । तीन दृष्टिमा विभाजन गरेर विश्वमा देखिएको खुल्ला तीन परिवेशलाई देखाएको हुँदा कथाको शीर्षक सार्थक देखिन्छ । सीमित पात्रको प्रयोग गरी विवृत भाषाशैलीमा लेखिएको हुनाले कथा बुझ्न अलि कठिन छ । कथाले अँगालेको नवीन शैलीले कथालाई नयाँ संरचना प्रस्तुत गरेको छ । समग्रमा व्यङ्ग्यात्मक शैलीमा नेपालको वास्तविक चित्र उतारेकाले कथा उत्कृष्ट छ भन्न सकिन्छ ।

## ४.१६ ‘सत्यवादी र अहिंसावादी’ कथाको विश्लेषण

### कथावस्तु

यस कथाले प्राक सन्दर्भलाई आफ्नो आधारभूमि बनाएको छ । गौतम बुद्ध र आनन्दको प्रयोग गरेर वर्तमान विश्वमा बढिरहेको हिंसा र असत्यलाई देखाउन यस कथाले प्राकसन्दर्भ लिएको पाइन्छ । कुर्सीको मोहमा फसेर आफूलाई असल भएको देखाउन प्रयत्नरत सत्तापक्ष र विपक्षबीचको कुर्सी तानातान प्रक्रियालाई कथाले आफ्नो विषयवस्तु बनाएको छ । सत्तापक्षले आफूलाई जतिसुकै सत्यवादी छु भनेर वकालत गरेपनि त्यो सत्यवादी हुन सक्दैन, किनभने असत्यको आडमा मात्र सत्ता टिक्छ । प्रतिपक्षले जति अहिंसावादी छु भने पनि उसले अहिंसावादी हुन सक्दैन किनभने सत्तापक्षलाई असफल पार्न उसले हिंसा मच्चाइरहन्छ । यसरी कुर्सीको होडमा असत्य र हिंसा बढी भइरहेको वर्तमान अवस्थालाई कथाले आफ्नो कथावस्तु बनाएको छ । असत्य र हिंसामा टिकेर शासन गर्ने व्यक्तिले जनताहरूलाई आफू नभए देशको शासन चल्न सक्दैन भन्ने सन्देश प्रवाह गरेर देशमा शासन गरिरहन्छन् भन्ने कुरालाई पनि कथाले कथावस्तु बनाएको छ । समग्रमा भन्नुपर्दा वास्तविकता लुकाएर छद्मभेषमा शासन सत्तामा हावी हुने राजनैतिक परिपाटीलाई कथाले आफ्नो कथावस्तु बनाएको छ ।

### चरित्रचित्रण

यस कथामा सीमित पात्रको प्रयोग गरिएको छ । गौतम बुद्ध, आनन्द ‘ऊ’, (सत्तापक्ष) ‘त्यो’ (प्रतिपक्ष) र जनताहरू उल्लिखित पात्रका रूपमा आएका छन् । कार्यव्यापारका आधारमा गौतम बुद्ध प्रमुख पात्र हुन् किनभने हरेक क्रियाकलाप उनकै सेरोफेरोमा अगाडि बढेको छ । आनन्द सहायक पात्र हो भने अन्य सबै गौण पात्र हुन् । आसन्नता र आबद्धताका आधारमा

सबैपात्र मञ्चीय र बद्ध छन् । गौतमबुद्ध र आनन्द पौराणिक पात्र हुन् भने अरू सबै पात्र वर्गीय पात्र नै हुन् । सत्तापक्ष 'ऊ' र प्रतिपक्ष 'त्यो' ले पनि वर्गीय भूमिका निर्वाह गरेका छन् । जनताहरू पनि वर्गीय पात्र नै हुन् । कथामा आएका पात्रहरूले कथालाई अगाडि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । पात्रले निर्वाह गरेको भूमिकाले उनीहरूको चरित्रलाई उद्घाटित गरेको छ । सीमित र कथाले मागे अनुरूप पात्र प्रयोगले कथा सहज भएको छ । गौतम बुद्ध र आनन्द पौराणिक चरित्र भएकोले कथालाई पौराणिकताको छनक पनि दिएका छन् । समग्रमा कथाले चरित्रबाट नै अग्रता पाएकाले चरित्र चित्रण उपयुक्त छ ।

**संवाद**

'सत्यवादी र अहिंसावादी' यस कथामा संवाद पक्ष पनि रहेको छ । यहाँ गौतमबुद्ध, आनन्द, 'ऊ' (सत्तापक्ष) 'त्यो' (प्रतिपक्ष) र गाउँलेहरूले संवादमा भाग लिएका छन् । यस कथामा रहेको संवाद सरल छ । "आनन्द, आज विश्व सत्यविहीन र हिंसायुक्त भएको छ, आत्ममोह र स्वार्थले पतनशील हुँदै गइरहेछ ।" "किन यसो भएको ?" (पृ. ११८) जस्ता सरल संवादले कथालाई सरस बनाएका छन् । पात्र पात्रका बीचमा भएको संवाद निकै स्वाभाविक खालको रहेको छ । छोटाछोटा सरल वाक्यको प्रयोगले संवाद मीठो रहेको छ । संवादकै माध्यमबाट कथा अगाडि बढेको छ । र पात्रको स्वभावलाई उजागर समेत गरेको छ । पात्रको स्तरअनुसारको संवाद हुनु यसको विशेषता हो । "भगवान् हामीलाई आफूमाथि शासन गर्न आउँदैन । आत्मानुशासन के हो हामीलाई थाहा छैन ।" (पृ. १२०) भनेर गाउँलेले भनेबाट यसको पुष्टि गरेको छ । समग्रमा भन्नुपर्दा संवाद सरल र सरस छ ।

**परिवेश**

कथा कुन समयमा कुन स्थानमा घटेको हो भन्ने कुरा कथामा केही आएको छैन । कथाले लिएको परिवेश भने हिमाली भूभागको रहेको छ । "अग्लो पर्वतको एकापट्टि तल फेदीमा एउटा सानो तर गहिरो ताल रहेछ, अर्को पट्टि छङछङ गर्दै उर्लिरहेको तीव्रगामी पर्वतीय नदी रहेछ । अघिल्तिर क्षितिजमा शुभ्र श्वेत र अत्तुङ्ग हिमश्रृङ्खला थियो" (पृ. ११८) भन्ने प्रसङ्गले पर्वतीय हिमाली परिवेशलाई चित्रण गरेको छ । यसका साथै कथामा गाउँ पाखापखेरो, वनजंगल, बाटो आदि पनि परिवेशका रपमा आएको छ । टाकुराको थाप्लो पुगेपछि मण्डप जस्तो स्थानमा सुवेशधारी दुईजना व्यक्तिहरू स्वर्णनिर्मित आशन र रजताशनमा बसेको कुराले पनि परिवेशलाई चित्रण गरेको छ । यसरी कथामा आएको बाह्य परिवेशले कथालाई आधारभूमि प्रदान गर्नुका साथै कथामा रोचकता थपेको छ । यिनै परिवेशमा कथाले अग्रता पाउँदै गएको छ । र कथाका घटनाहरू पनि घटेका छन् अशिक्षित जनतालाई तल छोडेर आफू सबैभन्दा माथि कुर्सीमा बसेको चित्रणले कथाको उद्देश्यलाई उजिल्याएको छ । आन्तरिक परिवेशका रूपमा सत्तापक्ष र प्रतिपक्षको छद्मरूपलाई देखाएको छ भने गाउँलेको अज्ञानी परिवेशलाई देखाइएको छ । यी दुबै अन्तर बाह्य परिवेशमा नै कथाले पूर्णता पाएको छ ।

**उद्देश्य**

प्रस्तुत कथालाई हिमवत्खण्डको एउटा टाकुरामा लगेर जोडिएको छ । “हिमवत्खण्डको अतुलनीय सौन्दर्य, सभ्यता, शान्ति र शीतलताले उहाँ अपूर्ण विशान्तिको अनुभव गर्दै डुलिरहनु भएको थियो” (पृ. ११८) भन्ने प्रसङ्गले प्रकृति नै आनन्दको प्रमुख भण्डार भएको सन्देश दिएको छ । भव्य कुर्सीमा बसेर एक अर्कामा तीक्ष्ण दृष्टिले हेर्दा गरेका ऊ र त्यो करुणामय बुद्धको शान्त सौम्य र अभय मुद्राको दयादृष्टिले गर्दा आसन छोडेर भाग्नु र आफ्नो यथार्थतस्वीर पानीमा हेरेर हामफाल्नुले जबसम्म सत्य देखिंदैन तबसम्म मात्र शासनसत्तामा सत्तापक्ष र प्रतिपक्ष बीच टकराव रहिरहन्छ भन्ने सन्देश दिएको छ । सत्तापक्ष र प्रतिपक्षका दुबैले आत्महत्या गरेपछि गाउँलेद्वारा बुद्धसँग गरिएको ‘सत्यवादी र अहिंसावादी फिर्ता पाउँ’ भन्ने कुराले जनताहरू वास्तवमा आफू निर्भर हुन सक्दैन भन्ने कुरालाई सङ्केत गरेको छ । यी माथिका प्रसङ्गलाई आधार मान्दा उद्देश्यलाई यी बुँदामा देखाउन सकिन्छ :-

- सत्तापक्ष र प्रतिपक्ष बीच सधै संघर्ष रहन्छ र उनीहरू आफ्नो वास्तविकता लुकाएर शासनमा टिक्छन् र आफू सधैं असल रहेको कुरा बताउँछन् तर वास्तवमा त्यहाँ हुँदैन,
- कसैद्वारा आफू शासित नभएर आफैं आफूमाथि शासन गर्नु नै उत्तम हो,
- असत्य कुरा केही समय टिके पनि धेरैदिन टिक्नसक्दैन,
- जनता जागरुक नहुञ्जेल खराबले मात्रै सत्ता भोग गर्छन्,
- आनन्दको प्राप्ति प्राकृतिक रमणीयतामा मात्र गर्न सकिन्छ,
- करुणा, दया, र क्षमाको अमोघशक्तिसामु गर्व अहङ्कार र अहम्मन्यता कहिल्यै अडिन सक्दैन,

**दृष्टिबिन्दु**

प्रस्तुत कथामा तृतीयपुरुष सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको छ । कथाको आरम्भमा नै “हिमालयको अतुलनीय सौन्दर्य, सौम्यता, शान्ति र शीतलताले उहाँ अपूर्ण विश्रान्तिको अनुभव गर्दै डुलिरहनु भएको थियो” (पृ. ११८) भन्दै भगवान गौतमबुद्धको केन्द्रीयतामा कथा अगाडि बढेको छ । कथा अगाडि बढ्दै जाँदा “आज विश्व सत्यविहीन र हिंसायुक्त भएको छ .......” (पृ. १०८) भन्दै गौतमबुद्धले नै आफ्ना विचार पोखेका छन् । कथामा गौतम बुद्धकै दयादृष्टि देखेपछि सत्तापक्ष र प्रतिपक्षका पात्रले हाम फालेको र यसको बारेमा आनन्दका प्रश्नको उत्तरीदंदै “करुणा, दया र क्षमाको अमोघशक्तिसामु गर्व, अहङ्कार र अहम्मन्यता अडिन सक्दैन” (पृ. १२०) भन्दै बुद्धले नै आफ्ना विचार पोखेका छन् । कथाको अन्त्यमा गाउँलेलाई पनि बुद्धले नै “नागरिकहरू हो, आत्मानुशासन उपदेशद्वारा जान्ने कुरा होइन, व्यवहारद्वारा गर्ने कुरा हो” (पृ. १२०) भन्दै आफ्ना विचार पोखेकोले गौतमबुद्ध नै यस कथाको दृष्टिबिन्दु पात्र हुन् । त्यसैले कथा तृतीय पुरुष सीमित दृष्टिबिन्दुमा लेखिएको छ ।

**भाषाशैली**

राजनैतिक समस्याप्रति व्यङ्ग्य गरेर लेखिएको यस काल्पनिक कथामा सरल किसिमको भाषा प्रयोग गरिएको छ । सरल र सुबोध्य भाषाको प्रयोगले कथालाई मीठो बनाएको छ र छोटा-छोटा सरल वाक्यको गठनले कथालाई सम्प्रेषणीय बनाएको छ । पात्रको स्तर अनुकूल भाषाको प्रयोग रहेको छ । उपदेशात्मकतालाई पनि लिइएको यस कथामा कहीँ कतै अङ्ग्रेजी शब्दको प्रयोग भेटिदैन । भाषालाई स्वाभाविक मिठास प्रदान गर्न छङछङ, वायुवेग जस्ता अनुकरणात्मक शब्दको प्रयोग भेटिए पनि उखान टुक्काको प्रयोग भने कथामा भेटिदैन । स्वैरकल्पनात्मक शैलीमा बुद्ध र आनन्दलाई समेत पात्रको रूपमा प्रयोग गरिएको यो कथा रैखिक ढाँचामा अगाडि बढेको र सरल भाषा भएकोले संवृत भाषाशैलीमा छ भन्न सकिन्छ । भाषालाई कहीँ कतै आलङ्कारिक बनाउने प्रयास गरिएको छैन ।

कथामा सत्यवादी र हिंसावादीको खोल ओढेका अहङ्कारी र घमण्डी पात्रको पतन पछि पनि जनताले फेरि उनैको माग गरेका छन् । यो मागबाट करुणाविगलित बुद्धले आनन्दतर्फ फर्केर "आनन्द अव यिनीहरूमध्येबाटै पहिलाका जस्ता सत्यवादी र अहिंसावादी उत्पन्न हुनेछन् । जाऊँ हिँड यहाँबाट ।" (पृ. १२०) भनेको प्रसङ्गले व्यङ्ग्यात्मक रूपमा शीर्षकको सार्थकता पुष्टिन्छ । राजनैतिक क्षेत्रमा देखिएका विसङ्गतिहरूलाई प्राकसन्दर्भसँग जोडेर विषयवस्तुका रूपमा प्रयोग गरिएको छ । सरल र संवृत भाषाशैलीले कथालाई रोचकता थपेको छ भने सीमित र पौराणिक पात्रले कथालाई अगाडि बढाएका छन् । करुणा, दया र क्षमाको अमोघशक्तिसामु गर्व, अहङ्कार र अहम्मन्यता अडिन सक्दैन भनेर देखाउनु कथाको उद्देश्य रहेको छ । समग्रमा कथाले युगीन समस्यालाई चित्रण गरेकोले कथा उत्कृष्ट रहेको छ । स्वैरकल्पनाद्वारा वास्तविकताको उद्घाटन गर्ने कथाको वैशिष्टय हो ।

## ४.१७ 'एउटा पद खाली छ !' कथाको विश्लेषण

**कथावस्तु**

कथाकार मनु ब्राजाकीको 'एउटा पद खाली छ !' कथाले समसामयिक शैक्षिक बेरोजगारीलाई आफ्नो विषय बनाएको छ । वर्तमान अवस्थामा देखिएको बेरोजगारको समस्यालाई चित्रण गर्नु नै यस कथाको मुख्य उद्देश्य हो । ऊ पात्रले होटलमा चियाखाँदा आफ्नो कम्पनीमा एउटा पद खाली छ रे भनेर त्यही होटलकी केटीले भनेपछि, ऊ जागिरको लागि त्यहाँ पुगेको कुरालाई कथाले कथावस्तु बनाएको छ । 'ऊ सित प्रमाणपत्र र प्रशंशापत्रका विटा छन् । एम.कम.पास गरेको दुईवर्ष भइसक्यो । तर कुनै काम पाएको छैन । बीचबीचमा घर गयो, निम्न आयस्तरका किसान आमा-बासित रोयो-गायो र केही पैसा बटुलेर फेरि सहर पस्यो, अनि अफिसअफिस भौतारिन थाल्यो ।' (पृ. १२२) भन्ने प्रसङ्गले शिक्षित बेरोजगारीको समस्यालाई देखाइएको छ । निम्नस्तरको 'ऊ' पात्र जागिरको खोजीमा घुम्दाघुम्दा एकदिन एउटा पद खाली छ भन्ने सुनेर कामको लागि जाँदा र पुकारा गर्दा पनि काम पाउँदैन, काम

गर्न नपाएपछि र त्यो खाली पदमा मालिक आफैँ बस्ने वा आफ्नो छोरालाई बसाउने भन्ने कुरा सुनेपछि, उसले विदेशिने अठोट गर्छ । बीसौं जना प्रशिक्षित कामदार इण्डियाबाट भगाएको त्यस कम्पनीले उसलाई काम दिन नसक्नु उसमा कुनै दक्षता नहुनु हो । एउटी अन्जान केटीले 'मैले काम गर्ने कम्पनीमा एउटा ठूलो सिट खाली छ रे' भनेर भन्दा एम.कम पास ऊ पात्र त्यसैको भर आफ्ना प्रमाणपत्र च्यापेर विश्वस्तसूत्रबाट जानकारी पाएको भन्दै काम खोज्न गएकोले यसको प्रमुख विषय शैक्षिक बेरोजगारी देखिन्छ । शैक्षिक बेरोजगरीको यथार्थता नै यसको मूल विषयवस्तु हो । काम लगाइदिने बहानामा मालिकहरूबाट हुने यौन शोषणलाई पनि कथाले समेट्न खोजेको छ । त्यही कम्पनीमा काम गर्ने केटीले एकमहिनाको अन्तर्वार्ता पास गरेर जागिर पाएका प्रसङ्गले यतातिर सङ्केत गरेको छ । बेरोजगरी समस्याले सिर्जना गरेका यी कुरालाई समेटे पनि मूल विषयबस्तु बेरोजगारीको यथार्थ चित्रण नै हो ।

**चरित्रचित्रण**

प्रस्तुत कथामा सीमित पात्रको प्रयोग गरिएको छ । ऊ (युवक) केटी, आमा, कम्पनी मालिक, कम्पनी मालिक कहाँ काम गर्ने आईमाई यस कथाका पात्र हुन् । कार्यअगाडि बढाउन उसको मुख्य भूमिका छ । केटी सहायक पात्रको भूमिकामा रहेकी छ भने अन्य सबैपात्र गौणपात्र हुन् । उनीहरूको सन्दर्भमा मात्रै भूमिका देखिन्छ । आसन्नता र आबद्धताका आधारमा हेर्दा ऊ, केटी, आमा, कम्पनीको हाकिम मञ्चीय बद्ध पात्र हुन् । जीवनचेतनाका आधारमा हेर्दा ऊ र केटी वर्गीय चरित्र हुन् भने अन्य पात्र वैयक्तिक चरित्र हुन् । कथालाई अग्रतादिन यी पात्रहरूले उल्लेख्य भूमिका खेलेका छन् । कथाका क्रियाव्यापारहरू अगाडि बढाउँदै जाँदा पात्रले आफ्ना संवाद र व्यवहारबाट आफ्ना चरित्रको उद्घाटन गर्न पुगेका छन् । कथावस्तु अनुकूल विभिन्न किसिमका पात्रको संयोजनले कथालाई यथार्थ बनाएका छन् ।

**संवाद**

प्रस्तुत कथामा संवाद सशक्त रहेको छ । संवादमा जोडिएर नै कथाले अग्रता लिएको छ । यस कथामा आमा र छोरी, केटी र युवक, युवक र कम्पनी मालिक बीचको दोहोरो संवाद रहेको छ । पात्र अनुसारका सरल संवादले कथालाई यथार्थ बनाएको छ । "उसले दिन्छ र आजको काम ? तँ चार पाँच किलास पढेकीले त्यत्रो कम्पनीमा के काम गर्लिस र ?" "मैले भनेर हुन्छ होला र ? म त लेबल टाँस्ने काम गर्छु । (पृ. १२२) लेबल काम गर्नेको सिफारिस लाग्दैन बाबै !" "अरे भाइ, हामीले विज्ञापन दिया नही छ । कौन विश्वस्त सूत्रले तपाईंको बतायो ?" (पृ. १२३) जस्ता स्वाभाविक संवादले कथालाई रोचक बनाएको छ । सरल र सहज खालको संवादले कथालाई अगाडि बढाउनुको साथै घटनाक्रमलाई पनि जोड्दै गएकाले संवादपक्ष सशक्त रहेको छ ।

## परिवेश

यस कथाको बाह्य परिवेशका रूपमा सस्तोखालको चिया पसल र ' जय राणी सती शुद्ध खाद्यकम्पनी' आएका छन् । यी परिवेशको प्रसङ्ग उठाए पनि यिनको बारेमा खासै चित्रण गरेको पाइँदैन । कथाको पहिलो घटना सस्तो खालको चियापसलमा घटेको छ, जहाँ चिया, चिउरारा, चना र रक्सी बेच्ने गरिन्छ, अनि दोस्रो घटना कम्पनीमा घटेको छ । बाह्य परिवेशमा आएको सस्तो चिया पसलले सस्तो खालको केटी र केटाको जीवनलाई उजिल्याउन सहयोग गरेको छ भने कम्पनीको परिवेशले घटनालाई अगाडि बढाउन र खाली कुर्सीको रहस्य खोल्न सहयोग गरेको छ । बाह्य परिवेशका साथै कथाले आन्तरिक परिवेश पनि देखाएको छ । "कसले दिन्छ र आजको काम ? तँ चार-पाँच किलास पढेकीले त्यत्रो कम्पनीमा के काम गर्लिस् र ?" (पृ. १२१) भन्ने आमाको भनाइले गरिब र नपढेकाले जागिर पाउँदैनन् भन्ने साँघुरो सोचको परिवेशलाई देखाएको छ भने "तपाईंले धेरै पढ्नुभा" छ । मैले काम गर्ने कम्पनीमा एउटा ठूलो सिट खाली छ रे ! मैले गाइँगुइँ सुनेकी" (पृ. १२३) भन्ने भनाइले अशिक्षित र अज्ञानी परिवेशलाई देखाएको छ । लामो अन्तर्वार्ताबाट पास भएकी केटीलाई "तिमीले पनि भनसुन गर्देऊ न ।" (पृ. १२२) भन्ने युवकको भनाइले चाकडी प्रथाको परिवेश देखाएको छ । यसरी आएका आन्तरिक बाह्य परिवेशले कथालाई आधारभूमि प्रदान गरेर कथालाई उत्कर्षमा पुऱ्याएका छन् । समयको जानकारी कहीँ कतै उल्लेख छैन । कम्पनीमा दिउँसो काम गर्ने कुराले यो घटना कुनैदिन दिउँसोमा घटेको हो भन्नसम्म सकिन्छ ।

## उद्देश्य

'एउटा पद खाली छ !' कथा शैक्षिक बेरोजगारीलाई विषयवस्तु बनाएर लेखिएको यथार्थवादी कथा हो । एम.कम. पास गरेको युवकले जागिरको सिलसिलामा भौतारिँदै गर्दा एउटी केटीले 'हाम्रो कम्पनीमा एउटा ठूलो सिट खाली छ रे' (पृ. १२२) भनेको प्रसङ्गलाई लिएर अगाडि बढेको यस कथाले जागिरको समस्यालाई देखाएको छ । जुन केटी त्यहाँ जागिर खान्छे, त्यसले एकमहिनासम्म अन्तरवार्ता दिने कुराले जागिरका नाउँमा हुने यौनशोषणलाई सङ्केत गरेको छ । जागिर लगाउने निउँमा समाजमा हुने यौन शोषणको पर्दाफास गर्नु पनि कथाको उद्देश्य हो । कथामा विज्ञापन नगरी विश्वस्तसूत्रबाट प्राप्त जानकारी भन्दै बताइएबाट जागिर खानको लागि हुने भनसुनलाई देखाएको छ । एकमहिनासम्म अन्तरवार्ता दिएर मालिक रिझाएकी केटीले भनसुन गरिदिने यो प्रसङ्गले जागिरमा हुने चाकडी प्रथालाई देखाएकाले यस प्रथाको पर्दाफास गर्नु पनि कथाको उद्देश्य हो । कथाको ऊ पात्र कमजोर आर्थिक परिवेशको गाउँले भएको र उसले जागिर खान नसकेको देखाएर कथाकारले पहुँच नहुनेलाई खुबी भएर पनि अवसर छैन भन्ने देखाउन खोजेका छन् । समग्रमा निम्न बुँदामा कथाका उद्देश्य समेट्न सकिन्छः-

- शैक्षिक बेरोजगरीको वर्तमान अवस्थालाई देखाउनु,
- जागिरका नाउँमा हुने यौनशोषणको पर्दाफास गर्नु,
- जागिरमा हुने चाकडी प्रथा र भनसुन प्रथाको विरोध गर्नु,

**दृष्टिबिन्दु**

प्रस्तुत कथामा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग गरिसएको छ । यस कथाले ( ऊ) युवक पात्रलाई आफ्नो केन्द्रबिन्दु बनाएको छ । कथाको आरम्भ “उसले विश्वस्त सूत्रबाट थाहा पायो त्यस कम्पनीमा एउटा पद खाली छरे !” (पृ. १२१) भन्ने सन्दर्भबाट भएको छ । त्यसपछि कथा अगाडि बढ्दा त्यसले त्यो कसरी थाहापायो भन्ने कुरा आएको छ, यो कुरा पनि उसँग नै जोडिएर आएको छ । पद खाली छ भन्ने थाहा पाएपछि कम्पनीमा पुगेको ऊ पात्रले “सेठ जी, मैले विश्वस्त सूत्रबाट थाहा पाएँ, तपाईंको यस कम्पनीमा एउटा पद खाली छ रे ! मैले सेवाको मौका पाउँछु कि ?” (पृ. १२३) भन्दै ‘ऊ’ पात्रले आफ्ना विचारद्वारा कथालाई अगाडि बढाएको छ । यसप्रसङ्गमा पनि ‘ऊ’ पात्र नै केन्द्रीय पात्र रहेको छ । कथाको अन्त्यमा किंकर्तव्यविमूढ भएको ‘ऊ’ पात्रले “अब विदेशिनुबाहेक अरू कुनै आफ्नो विकल्प छैन” (पृ. १२४) भनेर आफ्ना मानसिक संवेगलाई व्यक्त गरेको हुनाले यस कथाको दृष्टिबिन्दु पात्र ‘ऊ’ (युवक) हो यी सबै कुराले कथाको दृष्टिबिन्दु तृतीय पुरुष सीमित रहेको पुष्टि गर्दछन् ।

**भाषाशैली**

बेरोजगारी समस्यालाई विषयवस्तु बनाएर लेखिएको यस कथाको भाषा सरल छ । यथार्थवादी शैली अँगालिएर लेखिएको कथाको भाषा सोझो खालको छ । “यो विशाल कालो घ्याम्पाले महिनादिनसम्म त्यस सत्र-अठारवर्षे कलिली, रसिली, हँसिली केटीलाई कसरी अन्तर्वार्ता लियो होला ?” (पृ. १२३) भन्ने वाक्यले व्यङ्ग्यार्थलाई देखाए पनि समग्रमा भाषा सोझो छ । पात्रको स्तरअनुसारको भाषा प्रयोगले भाषालाई मीठो बनाएको छ । यस कथाको कम्पनी हाकिम इण्डियन भएकोले उसको बोलीमा हिन्दीको मिश्रण देखिन्छ । “अच्छा, तो उसको भाइ छ तपाई ?” (पृ. १२३) भन्ने जस्ता भाषाको प्रयोग कम्पनी हाकिमले प्रयोग गरेको छ । युवकध शिक्षित भएकोले “मैले सेवाको मौका पाउँछु कि ?” (पृ. १२३) जस्तो स्तरीय भाषाको प्रयोग गरेको छ भने आमाछोरीको भाषा उनीहरूको स्तर मुताविक नै छ । छोटा-छोटा सरल वाक्यको गठनले गर्दा कथा सुबोध्य नै रहेको छ । भाषामा स्वाभाविकता सिर्जना गर्न त, रे, जस्ता निपात र गाँठे जस्तो थेगोको प्रयोग पनि गरिएको पाइन्छ । समग्रमा भन्नुपर्दा कथाको भाषाशैली संवृत खालको रहेको छ। नेमालेट र नेम जस्ता अङ्ग्रेजी शब्दको प्रयोग पनि यस कथामा रहेको छ, हिन्दी शब्दको व्यापक प्रयोग नै पाइन्छ ।

‘एउटा पद खाली छ’ शीर्षकको यस कथाले जागिरको निम्ति एउटा पद खाली छ कि ? भन्दै अफिसमा धाउन बाध्य युवाको कथालाई उजागर गरेको हुँदा शीर्षक सार्थक देखिन्छ ।

हल्लाको भरमा कम्पनीमा पुगेको युवकले एउटा खाली सिटमा बस्ने धेरै मान्छेको जानकारी पाएपछि निराश भएर खाली सिट हेरेर फर्किनु पर्ने अवस्थामा कथा टुङ्गिएको हुनाले पनि शीर्षक सार्थक छ । शीर्षकले व्यङ्ग्यार्थमा खास सार्थकता पाएको छ । सरल सहज भाषाशैलीको प्रयोगले कथा सम्प्रेषणीय रहेको छ । रोजगरीको क्षेत्रमा रहेका समस्यालाई केलाएर त्यसमा रहेका विकृतिको पर्दाफास गर्नु र नेपाली युवा विदेशिनु पर्नाको कारण देखाउनु कथाको उद्देश्य हो । युगीन यथार्थतालाई कथात्मक मूल्य दिई त्यसप्रति तीव्र आलोचना व्यक्त गर्नुले कथा सवल छ भन्न सकिन्छ ।

## ४.१८ 'एउटा गजलको जन्म' कथाको विश्लेषण

### कथावस्तु

प्रस्तुत कथामा कथाकारले कुनै एउटा कथावस्तुलाई विषय बनाएको पाइदैन । वर्तमान नेपालमा नेपालीहरूले भोग्नु परेका सामाजिक, आर्थिक, धार्मिक समस्यालाई कथाले आफ्नो कथावस्तु बनाउन खोजेको छ । कुनै कथानक नभएर विश्रृङ्खलित चिन्तनहरूलाई कथात्मक मूल्य दिन खोजेको यस कथाले राष्ट्रिय अस्मिता माथिको सङ्कटलाई चित्रण गर्न खोजेको छ । 'अस्ति घरबाट निस्किँदा मसित छाता थियो' भनेर कथाले आफूलाई ओतदिन सक्ने शासनलाई सङ्केत गरेको छ । यो छातालाई नुनसँग साटेर बेच्नु परेको कुराले नेपालीले आफ्नो शासनसत्ता गुमाएको कुरा कथाले देखाउन खोजेको छ । अस्तिबाट हिजो आउँदा "साँच्चै भन्ने हो भने मलाई त्यहाँ कसैले पुऱ्याएको थियो । मलाई त्यहाँ पुऱ्याउने चार पेग स्कच र गोजिभरिका गैंडा र हात्ती थिए ।" (पृ. १२६) भनेर कथाले नेपालीले आफूलाई भुलेर बिदेशी शैली लिन पुगेको कुरालाई सङ्केत गरेको छ । हिजोमा आउँदा नेपालीले द्रौपदीको चीरहरण गरेको छ । जुवा र तासमा आफूलाई लिप्त बनाएको छ । आजको प्रसङ्गमा नेपालमा भारतीय भूमितिरबाट विदेशीको ओइरो लागेको छ नेपाली सीताहरूको खोजमा, कामको खोजमा यहाँ विदेशी ओइरिएका छन् । नेपाली सीताहरू विदेशिन लालायित छन् तर वर्तमान राम (नेपाली), सीता पोइल गएको, आफ्नो अस्तित्व बेचिएको र नेपाली चेली लुटिएको हेरिरहेको छ भनेर कथाले देखाउन खोजेकोले यस कथाको कथावस्तु राष्ट्रिय सङ्कट र वर्तमान विसङ्गति हो भन्न सकिन्छ । "अरे क्या बताएँ जनकबहादुरजी, आजकल अयोध्या में काम तो मिलता नहीँ । और यहाँ देखो, काम तो मिलता ही है, अयोध्या लोटने वक्त धन-दौलत, हाथी, घोडे के साथ पालकी में सजी सजाई सीतादेवियाँ भी मिल जाती है"(पृ. १२७) भन्ने प्रसङ्गले राष्ट्रियतामा परेको सङ्कटलाई पुष्टि गरेको छ ।

### चरित्रचित्रण

यस कथामा म, साहुजी, युधिष्ठिर, अर्जुन, भीम, दुर्योधन, नकुल, द्रौपदी, श्याम यादव, जनकबहादुर जी, लगायतका अन्य धेरै पात्रको चित्रण पाइन्छ । कार्यव्यापारका आधारमा हेर्दा

'म' पात्र मुख्य पात्र हो । सम्पूर्ण कथाको क्रियाकलाप उसैद्वारा अगाडि बढेको छ । कथालाई अगाडि बढाउने सहायक पात्र कुनै छैनन् । त्यसैले अरू सबै सन्दर्भमा आएका गौण पात्र हुन् । 'म' पात्रले आफूलाई कहीँ श्याम यादव, कहीँ जनकबहादुरका रूपमा उभ्याएको छ । आसन्नता र आबद्धताका कोणाबाट हेर्दा सबैपात्र मञ्चीय र बद्ध रहेका छन् । यहाँ पौराणिक पात्रलाई प्रतीकात्मक रूपमा प्रयोग गरिएको छ । म पात्रले विभिन्न रूप धारण गरेर भोगेका नियतिलाई गजलको रूपमा लेखेको देखाउन यी पात्रलाई जबरजस्ती संयोजन गरेको छ । राम बनेर सीता खोज्न आउने र सीता बनेर विदेशीले नेपाली चेलीलाई बुझाउन र चेलीहरूको अस्तित्व लुटिएको देखाउन द्रौपदी, सीता र रामा पात्र खडा गरिएको छ । 'म' पात्रकै विचारमा सबै रोमलिएर आएकाले 'म' कै चरित्र प्रमुख छ तर चित्रित अरू पात्रले उल्टो अर्थमा भूमिका निर्वाह गरेका छन् । त्यसैले ती सबैको चरित्रले नकारात्मकता बोकेको पाइन्छ । धेरै पौराणिक पात्रलाई वर्तमानको भूमिका दिन खोजिएको यस कथामा चरित्र चित्रणभन्दा पनि विचारपक्षलाई प्रमुखता दिएको पाइन्छ । पौराणिक असल चरित्रलाई खलपात्रका रूपमा देखाइएकोले यस्तो अवस्था रहेको छ ।

**संवाद**

प्रस्तुत कथामा संवाद पक्ष सशक्त नै रहेको छ । संवादमा म पात्र, साहुजी, युधिष्ठिर थापाहरू, द्रौपदी, रामप्रसाद, रामलोचन रामखेलवान, रामरिझन र रामपुजन जस्ता पात्रले भाग लिएका छन् । 'म' पात्र सँग नै अरू सबैको संवाद जोडिएको छ । अस्तिको प्रसङ्गमा 'म' पात्र र साहुजी बीच दोहोरो संवाद पाइन्छ । सरल र छोटो खालको संवादले कथा सहज रूपमा अगाडि बढेको छ । अस्ति, हिजो आजका सबै प्रसङ्गमा कुनै न कुनै रूपमा संवाद रहेको छ । संवादले कथालाई अग्रता दिन र पात्रको चरित्र उद्घाटन गर्न सहयोग पुर्‍याएको छ । "साहुजी कतिमा लिनुहुन्छ ?" "सारै पुरानो रै छ बाजे ।" "याार श्याम यादव अलिकति सापट देऊ न ।" "अरे क्या बताएँ, जनकबहादुर जी, आजकल अयोध्यामें काम तो मिलता नहीं ।" (पृ. १२७) जस्ता स्वाभाविक संवादले कथालाई रोचक बनाएका छन् । समग्रमा भन्नुपर्दा कथाको संवाद उत्कृष्ट छ भन्न सकिन्छ ।

**परिवेश**

यो कथा मुख्यतः विचारप्रधान कथा भएकोले यस कथाले खासै परिवेशलाई लिएको देखिदैन । समय र स्थानको बारेमा कथामा खासै केही बताइएको छैन । अस्ति, हिजो र आजका सन्दर्भमा जोडेर आफ्ना विचार पोखिएका छन् । 'म' पात्र छाता लिएर कोठाबाट हिडेको प्रसङ्ग आएको प्रथम खण्ड कुनै साहुजीको पसलमा गएर नुनसँग छाता साटेको र अन्त्यमा साहुजीले "राम्ररी जानु होला है बाजे ! बादल लाग्या छ" (पृ. १२६) भन्ने प्रसङ्गसम्म जोडिएको छ । यस कुराले वर्षायामको सङ्केत गरिएको छ । हिजोको प्रसङ्गमा गोजिभरि गैडा र हात्ती लिएर त्यहाँ गएको र त्यहाँ युधिष्ठिर, भीम, अर्जुन, सहदेव, नकुल र दुर्योधन एउटा कुनामा जुवा खेलेको र

अर्को कुनामा द्रौपदी बसेका कुराले कुनै भव्य होटलको परिवेशलाई देखाउन खोजिरहेको छ । आजको सन्दर्भमा "अर्थात् अयोध्या नगरी नभएको देशमा" (पृ. १२६) भन्दै सम्पूर्ण नेपाललाई परिवेशका रूपमा देखाउन खोजिएको छ । यी कथाले सङ्केत गरेका बाह्य परिवेश हुन् । यी बाह्य परिवेशका अलावा कहीँ आन्तरिक परिवेश पनि कथाले लिएको छ । व्यापारीले देखाएको चरित्रबाट उसको अरूलाई चुस्ने परिवेश झल्किएको छ भने युधिष्ठिर, दुर्योधनका प्रसङ्गले उत्तरदायित्वहीन परिवेश देखाएको छ । द्रौपदी र सीताका प्रसङ्गले नेपाली नारीका नियति र रुचिलाई देखाएका छन् । 'म' पात्रले अस्तित्वविहीन परिवेशलाई देखाएको छ । यसरी आएका अन्तर बाह्य परिवेशले कथालाई पूर्णता दिन सहयोग पुऱ्याएका छन् तथापि कथाले धेरै विचार बोकेको छ ।

**उद्देश्य**

नेपाली समाजमा देखिएका विसङ्गतिहरू र राष्ट्रिय सङ्कटप्रति व्यङ्ग्यात्मक रूपमा प्रस्तुत यस कथाले राष्ट्रियताका पक्षमा आफ्नो स्वर उचालेको छ । नेपाली भूमिमाथि विदेशीले व्यापारी, लगानीकर्ता, र रोजगारदाता बनेर कसरी लुटपाट गरिरहेका छन् भनेर देखाउन कथाले अस्ति, हिजो र आजका प्रसङ्ग जोडेको छ । नुन बेच्ने ठाउँका रूपमा प्रयोग भएको हाम्रो भूमि आज चेलीबेटी बेच्ने स्थलका रूपमा परिणत भएको छ र तमाम रामदेवहरू सीताको खोजीमा र कामको खोजीमा नेपाली भूमिमा छिरेका छन् भनेर देखाउनु कथाको उद्देश्य हो । नुन बेचेर धनी भएकाहरूले नेपाली शासनको बागडोर आफ्नो हातमा लिएका छन् र यहाँ निर्धक्कसँग लुट मच्चाएका छन् । भनेर देखाउनु कथाको उद्देश्य हो । समग्रमा भन्नुपर्दा कथाको उद्देश्यहरू यी बुँदामा देखाउन सकिन्छ :-

- नेपाली राष्ट्रियता माथि भइरहेका कुठाराघातलाई देखाइदिनु,
- शासनसत्तामा देखिएका विकृति विसङ्गतिको पर्दाफास गर्नु,
- नेपाली नारीमा देखिएका विदेशिने प्रवृत्तिको विरोध गर्नु,
- भारतीय विस्तारवादको प्रतिरोध गर्नु र नेपालीलाई सचेत गर्नु,

**दृष्टिबिन्दु**

प्रस्तुत कथामा प्रथमपुरुष केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ । 'अस्ति घरबाट निस्किंदा मसित छाता थियो' (पृ. १२५) भन्दै कथाको आरम्भमा 'म' पात्रले आफ्ना विचारहरू व्यक्त गरेको छ । "कहिलेकाही मलाई छाताको मोल र मान्छेको मोल उस्तैउस्तै र उतिउति नै लाग्छ भन्दै कथालाई म पात्रले नै अगाडि बढाउको छ । हिजो भनेर देखाएको कथाको मध्य भागमा" "मैले अलि ढाँटें । साँच्चै भन्ने हो भने मलाई त्यहाँ कसैले पुऱ्याएको थियो" (पृ. १२५) भन्दै 'म' पात्रले नै त्यहाँका सम्पूर्ण कुरालाई बताइरहेको छ । कथाको अन्तिम भाग अथवा आजको सन्दर्भमा पनि 'म' पात्रले नै "म आज यहाँ छु अर्थात् अयोध्या नगरी नभएको देशमा"

(पृ. १२६) भन्दै आफ्ना विचारहरू यसरी पोखेको छ :- "अब त आधुनिकताले छोएदेखि सीतादेवीहरू रामलाल खोज्न अयोध्या मात्रै होइन बम्बै, कलकत्ता दिल्ली र मद्राससम्म पुग्दछन् ।" (पृ. १२७) यी सबै प्रसङ्गपछि मेरो गजल तयार भयो भन्दै 'म' पात्रले आफ्नो गजल प्रस्तुत गरेको छ । त्यसैले यस कथाको दृष्टिबिन्दु पात्र 'म' हो र उसले आफ्नै विचारहरू पोखेकाले आन्तरिक केन्द्रीय दृष्टिबिन्दु हुन पुगेको छ ।

**भाषाशैली**

'एउटा गजलको जन्म' शीर्षकको यो कथा रैखिक ढाँचामा अगाडि बढेको छ । विभिन्न पौराणिक पात्रहरूलाई प्रतीकका रूपमा टिपेर वर्तमानको विसङ्गति र राष्ट्रिय सङ्कटलाई उजागर गरेको यो कथाको भाषा सरल र सुबोध्य रहेको छ । पात्रको स्तर अनुसारको भाषा प्रयोगले कथालाई मीठो बनाएको छ । 'म' पात्रका रूपमा आएको 'म' ले बोलेको भाषा यस्तो छ "कोरिया, मलेसिया र अरब देशहरूमा जान नसकेकाले अथवा भनूँ, आफूलाई बेच्न नसकेकाले आज यो घामपानीमा ओत लाग्ने बस्तु बेच्न निस्किएको हुँ ।" (पृ. १२५) त्यसैगरी इण्डियन पात्रले बोलेका भाषा हिन्दी भाषा आएको छ । पात्रको स्तर अनुसारको भाषा प्रयोगले कथालाई संवेद्य र उत्कृष्ट बनाएको छ । छोटा-छोटा र सरलखालका वाक्य गठनले गर्दा कथा कतै अस्पष्ट देखिदैन । कथामा कतै-कतै अङ्ग्रेजी शब्दको प्रयोग पनि भेटिन्छ जस्तै पेग स्कच । कथाको बीच-बीचमा गजलका शेरहरूको प्रयोग भएको छ । गद्यमात्र नभएर पद्यशैली पनि अँगाल्नुले कथालाई नयाँशैली प्रदान गरेको छ । उनले यस कथामा गजलगङ्गा, (२०५१) गजलसङ्ग्रहको पृ. ४ मा रहेको 'अयोध्यामा पाईंदैन' शीर्षकको गजललाई पूरै प्रयोग गरेका छन् छाता धितो राखेपछि भन्ने गाउँमा छाता किनिसकेपछि भन्ने शब्द राखिएको छ अरू हुबहु रूपमा आएको छ । कथालाई यहाँ ब्राजाकीले निबन्ध, कविता, गजल र नाटकको शैलीमा अगाडि बढाउँदै लगेका छन् । समग्रमा भन्नुपर्दा संवृत खालेको भाषाशैलीले गर्दा कथा सुन्दर बनेको छ । विभिन्न पौराणिक र ऐतिहासिक प्रतीकको प्रयोगले कथालाई थप कलागत मूल्य प्रदान गरेको छ ।

एउटा गजलको जन्म हुनको लागि कथाकारले के-के पृष्ठभूमिलाई आधार बनाएका थिए भन्ने देखाउन व्यापारीसँगको कारोबार, दुर्योधन, युधिष्ठिर, श्याम जस्ता पात्रका क्रियाकलाप, सीता र रामका वर्तमान चरित्र आदिलाई देखाइएको छ । वर्तमानमा समाजमा देखिएका तमाम विकृतिलाई आधार बनाएर यो गजल जन्म भएको हो र यो यस प्रकार छ भन्दै कथाकारले गजलका शेरहरू राखेकाले यस कथाको शीर्षक सार्थक छ । युगीन विकृति, विसङ्गति र राष्ट्रिय सङ्कटलाई विषयवस्तु बनाएर लेखिएको यस कथाले तीब्र व्यङ्ग्य प्रहार गरेको छ । सरल र सहज भाषाशैलीको प्रयोग र पौराणिक पात्रको प्रतीकात्मक प्रयोगले कथालाई निकै रोचक बनाएको छ । विचाहरूलाई मुख्य रूपमा पस्किन खोजेको यस कथामा कथानक नभएपनि

कथाले दिन खोजेको सन्देशले कथालाई उच्च बनाएको छ । नवीन शैलीको प्रयोग गरी युगीन विसङ्गति प्रति आलोचना गर्न सफल यो कथा उत्कृष्ट खालको छ ।

## ४.१९ 'बाबू हरिहरनारायणसिंहज्यू देब' कथाको विश्लेषण

### कथावस्तु

समाजमा देखिएका कुरीति, विसङ्गति प्रति व्यङ्ग्य गर्ने मनु ब्राजाकीले यस कथामा पनि सामाजिक कथावस्तु  टिपेका छन् । नेपालका तराई-क्षेत्रमा पाइने आर्थिक कथावस्तु टिपेका छन् । नेपालका तराई-क्षेत्रमा पाइने आर्थिक विषमतालाई कथाले आफ्नो विषय बनाएको छ । प्रजातन्त्रको आगमनपछि पनि समाजका ठूला बडाहरूले कसरी तल्लो तहका मानिसको शोषण गरिरहेका छन्  भनेर देखाउन कथाले तराईको समाजलाई विषय बनाएको छ । सडकको धूलोमा बसेर गाहकी कुर्ने फुलगेन चवन्तीपट्टीका बाबू हरिनारायणसिंह ज्यूका कृपाले ठाकुर भएको छ । यसरी स्यालुनबाला पुलगेन हुन उसले पहिला आफ्नी श्रीमती सोनरीलाई हरिहरको सेवामा पठाएको थियो, अहिले उसकी छोरी पुलवालाई पठाएको छ । समाजमा फुलगेन जस्ता श्रमजीवी व्यक्तिको शोषण एकपक्षबाट नभएर हरेक पक्षबाट भएको छ । यो कुरालाई यसले पुष्टि गर्छः- “अघि बजारका ठेकेदार साहेव आएका थिए दारी खौरिन लगाए । पैसा दिएनन् । थानाका दुईजना प्रहरीहरू रबाफिलो ठाउँका साथ आए, बसे दारी खौऱ्याए, गए । यस्तै यस्तै आठदसजना समाजका इज्जतदारहरू आए, गए-पैसा दिएनन् । उसले माग्न सकेन ।” (पृ. १२८) समाजमा सोझा मानिसले कहिल्यै ठाउँ पाउन सक्दैन, उसको हरेक पक्षाबाट शोषण हुन्छ तर फटाहाहरूले सजिलै ठाउँ पाउँछन् । लखनुकी छोरी टिपेर इण्डिया भागेको र चौधवर्ष पछि फर्केको किसनियाँ अहिले डा. हरीकिसुनलालदास भएको छ र चौदसी दवाखाना खोलेर बसेको छ । उसले यहीँ दवाखानाका प्रतापले विवाहित अविवाहित युवतीलाई भारतका महानगरमा सप्लाई गरिसकेको छ । यसरी समाजमा प्रजातन्त्रको आगमन पश्चात पनि शोषण नरोकिएको र आर्थिक विषमता बढेको, अनि फटाहाहरूले कुनै न कुनै रूपमा अन्याय अत्याचार गरिरहेको कुरालाई कथाले समेटेको छ । आर्थिक शोषणका कारण ठूलाले सधैं निर्धामाथि हैकम जमाएको कुरालाई कथाले आफ्नो कथावस्तु बनाएको छ ।

### चरित्रचित्रण

प्रस्तुत कथा फुलगेन, हरिहरनारायणसिंह, फुलवा, ठेकेदार, प्रहरी डाक्टर, भोलु सहनी, भोगलनियाँ लठैत, सोनरी, आदि पात्रका रूपमा आएका छन् । यस कथामा कार्यव्यापारका आधारमा फुलगेन मुख्य पात्र हो, सबै कथा फुलगेन कै क्रियाव्यापरमा अगाडि बढेको छ । आसन्नता र आबद्धताका हिसावमा फुलगेन, हरिहरनारायण सिंह, डाक्टर, भोगलनियाँ लठैत मञ्चीय र बद्ध पात्र हुन् । जीवन चेतनाका आधारमा फुलगेन, हरिबाबू, ठेकेदार वर्गीय चरित्र हुन् भने अन्य पात्रहरू वैयक्तिक चरित्र हुन् । स्वभावगत आधारमा डाक्टर र हरिबाबू गतिशील

पात्र हुन् किनभने उनीहरूले आफूलाई ठाउँअनुसार परिवर्तन गरेका छन् । कथामा आएका यी पात्रले कथाको कार्यव्यापारलाई अगाडि बढाएका छन् । यी पात्रले निभाएका भूमिकाले पात्रको राम्रो चरित्र उद्घाटन गरेको छ । उपयुक्त खालका चरित्रको संयोजनले कथा राम्रो बन्न पुगेको छ । पात्रको चरित्रचित्रण एकदमै सुहाउँदो किसिमले भएको हुँदा चरित्रचित्रण उत्कृष्ट रहेको छ ।

**संवाद**

प्रस्तुत कथामा संवाद सशक्त रहेको छ । दोहोरो संवादका रूपमा फुलगेन र हरिहरनारायणसिंहको संवाद आएको छ । यो संवाद पात्र अनुकूल रहेको छ । फुलगेनले नम्र भएर "मालिकले आज कताबाट दर्शन दिनुभो ?" (पृ. १३०) भनेर भन्दा हरिहरले रे फुलगेन, मैले कति पटक सम्झाए, यो मानिस भन्न छाड भनेर । कनि मान्दैननस् ? अब प्रजातन्त्र आयो पाजी ।" (पृ. १३०) भन्दै उत्तर दिएकोबाट संवाद स्वाभाविक खालको रहेको बुझिन्छ । संवादका अतिरिक्त कथामा मनोवाद र मनोद्वन्द पनि आएको छ । भोलु सहनीको झिँगे माछा देखेर फुलगेनले मनमनै "साला दारी खौरिन पनि मान्दैन । एकमुठी झिँगे माछा दिए त भइहाल्थ्यो" (पृ. १२८) भन्दै आफ्नो मनका भाव व्यक्त गरेको छ । यस कथामा मनोद्वन्द पनि आएको छ । फुलगेनले आफ्नो अनुभवसँग मनोद्वन्द्व गरिरहेको कुरालाई कथामा यसरी देखाइएको छ :

अनुभवले सचेत गरायो - "बाबू भीख माग्दा लात पाइँदैन तर कमाइको पैसा माग्दा गोदाइ खाने डर हुन्छ । सावधान" (पृ. १२८/१२९)

यसरी बाह्य अनुभव र अन्तरचेतना बीच फुलगेनको द्वन्द्व कथामा आएको छ । कथामा आएका यी संवाद, मनोवाद र मनोद्वन्द्वले कथालाई अग्रता दिएका छन् । मनोवाद र मनोद्वन्द्वकै घेरामा खास कथाले अग्रता पाएको छ । फुलगेनको आन्तरिक द्वन्द्वले कथालाई पूर्णता दिनुका साथै रोचकता पनि थपेको छ । समग्रमा भन्नुपर्दा कथाको संवाद, मनोवाद र अन्तरद्वन्द्व साह्रै उत्कृष्ट रहेको छ ।

**परिवेश**

प्रस्तुत कथाले नेपालको तराईको कुनै एक गाउँलाई नै आफ्नो परिवेश बनाएको छ । कथामा आएका हाट बजारका प्रसङ्गले यसलाई सङ्केत गरिरहेको छ । तराईकै गाउँ हो भन्ने कुरा यस कथामा आएका सम्पूर्ण पात्र तराई मूलका रहेबाट पनि थाहा लाग्छ । कथाले बाह्य रूपमा लिएको परिवेश चित्रण यस्तो छ :-"एक्कासी पश्चिमा हावा हानिँदै आयो र हाटबीचको विशाल आँपको रुखमा ठोक्किएर पातपातमा कुद्न थाल्यो । स्यालुन भनाउँदो झुपडी माथिको लौकाका ठडिएका पात मुन्टिन थाले । फागुन आधा बितिसक्यो ।" (पृ. १२८) फागुनको हावाहुरी चल्ने समयको तराईको बजार क्षेत्रलाई कथाले बाह्य रूपमा चित्रित गरेको छ । हावाहुरी र झुपडीले फुलगेनको आन्तरिक परिवेश उद्घाटन गर्न सहयोग पुऱ्याएको छ । फुलगेन व्यापक रूपमा सामन्ती परिवेशको शिकार भएको छ । यसको पुष्टि यी कुराले गर्छ :-

"के गर्नु सरकार, हजुरहरू माईबाप, हाम्रो गाउँको राजा, बेअदली गरेर कसरी नाउँ काढौं ? ।" (पृ. १३०) किसुनलाल दास हरिहरणारायण सिंहको पनि सामन्ती परिवेशलाई उजागर गरेको छ । कथामा आएका यी अन्तर, बाह्य परिवेशले कथालाई यथार्थ भूमि प्रदान गरेका छन् । तराई समाजमा विद्यमान शोषण, अत्याचार र अन्याय देखाउन यी परिवेशले निकै ठूलो सहयोग गरेका छन् । समग्रमा भन्दा कथाले लिएको परिवेशले कथालाई अगाडि बढाउन र यथार्थता प्रकट गर्न उत्कृष्ट आधारभूमि प्रदान गरेको छ ।

**उद्देश्य**

प्रस्तुत 'बाबू हरिहरनारायणसिंहज्यू देव' कथाले समाजमा विद्यमान शोषण र अत्याचारलाई देखाउन तराईको समाजमा आफ्नो विषय बनाएको छ । दारी खौरेर परिवार पाल्न बाध्य फुलजेनको स्यालुनमा समाजका इज्जतदारले आएर दाह्री कटाउँछन् तर उसलाई पैसा दिंदैनन् उसले माग्ने हिम्मत पनि गर्दैन । उसले स्यालुन खोल्न हरिहरनारायणसिंह कृपा पाउनु परेको छ । "जिम्दारी गएर के भयो चवन्नीफाँट भएर के भयो हवलदारी त अझै पनि बाँकी नै छ । गाउँको नेतृत्व उनकै हातमा छ लोकप्रिय नेताका रूपमा" (पृ. १३०) भन्दा यस कथाले शोषण कुनै न कुनै रूपमा भइरहेको यथार्थतालाई देखाएको छ । चेली बेच्ने दलालहरू र समाजका भ्रष्ट व्यक्तिहरू समाजमा हावी रहेको कुरा लखनुकी छोरी बेचेर डाक्टर बनेर गाउँमा आएको किसनियाँले गा.वि.स. अध्यक्षकी छोरी गर्भ तुहाएर बजारमा जग्गा जोडेबाट स्पष्ट हुन्छ । प्रजातन्त्र आइसकेपछि पनि तराईमा पुरानो सामन्ती संस्कार नहटेको कुरा फुलगेनले हरिहर बाबूलाई मालिक भनेर सम्बोधन गरेबाट स्पष्ट हुन्छ । यिनै मालिकका सेवामा श्रीमती र छोरीलाई पठाउनु पर्ने बाध्यता रहेको कुरा फुलगेनले आफ्नी छोरीका बारेमा "फुलवाले काम त राम्रै दिएकी छे मालिक ?" (पृ. १३०) भन्दै सोधेबाट स्पष्ट हुन्छ । यी धेरै प्रसङ्गहरू हेर्दा कथाले निम्न उद्देश्य बोकेको देखिन्छ :-

- प्रजातन्त्र आए पनि तराई समाजमा शोषण अत्याचार हट्न सकेको छैन,
- प्रजातन्त्रका नाममा समाजमा खराब पक्षले नै शासन गरिरहेका छन्,
- तराई समाजमा रहेको जमिन्दारीप्रथा कुनै न कुनै रूपमा सक्रिय नै छ,
- गरिबहरूले आफ्नो जीवनशैलीमा सुधार ल्याउन सकेका छैनन्, समाजका ठूलाबडाबाट उनीहरूको शोषण भइराखेको छ,
- समाजमा विद्यमान मालिकी प्रथा र अन्याय अत्याचारको अन्त्य गरिनुपर्छ,

**दृष्टिबिन्दु**

यस कथामा तृतीयपुरुष सीमित दृष्टिबिन्दुको प्रयोग रहेको छ । यस कथाको दृष्टिबिन्दु पात्र फुलगेन ठाकुर हो किनभने सम्पूर्ण कथा उसकै केन्द्रीयतामा अगाडि बढेको छ । कथाको आरम्भमा फुलगेनले माछा फिंजारी रहेको भोलु सहनीलाई हेरेर "साला, दारी खौरिन पनि

मान्दैन । एकमुठी झिँगे माछा दिए त भईहाल्थ्यो” (पृ. १२८) भन्दै आफ्ना विचारहरू व्यक्त गरेको छ भने कथा अगाडि बढ्दै जाँदा फुलगेन आफ्नै मानसिक अन्तरद्वन्द्वमा रुमल्लिएको छ । किसुनलालदास र गा.वि.स. अध्यक्षलाई पनि फुलगेनले आफ्नै कोणबाट हेरिराखेको छ । फुलगेनले यो उही किसुनियाँ हो- जुन अहिले डाक्टर हरकिसुनलाल दास भएको छ । अठार वर्षको पट्ठो छँदा गाउँदै हिड्थ्यो- “छौडी पतरकी गे, दौडीदौडी गुलरिया गछना निने जाय ?” (पृ. १२९) भन्दै आफ्ना विचार व्यक्त गरेबाट यो कुरा प्रष्टिन्छ । कथाले उत्कर्षता लिँदै जाँदा पनि कथामा फुलगेन नै केन्द्रमा रहेको छ र उसकै कोणबाट सबैलाई हेरिएको छ । “फुलवा पन्ध्र पुगेर सोह्र लाग्न आँटी । नसोधेको भए पनि हुन्थ्यो ।तर उसले सोध्नुको मतलब यत्ति नै थियो, के भने अब त फुलवा पनि हजुरकै सेवामा गइसकी, त्यसकारण माया नमारिबक्सेला ।” (पृ. १३०) भन्दै कथामा फुलगेनकै मानसिक संवेगलाई देखाइएको छ । फुलगेनले मालिक, फुलवा र सोनरीका बारेमा सोचेका कुरा नै कथामा आएका छन् । यसरी फुलगेनकै कोणबाट सारा कथा अगाडि बढेको हुनाले कथामा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग रहेको पुष्टि हुन्छ ।

**भाषाशैली**

तराई जीवनको वर्तमान यथार्थतालाई कथावस्तु बनाएको हुनाले यो कथा यथार्थवादी कथा हो । यथार्थवादी कथाले अपेक्षा गर्ने सरल खालको भाषाशैलीलाई यो कथाले अँगालेको छ । सरल र सुबोध्य किसिमको भाषा प्रयोग यस कथामा पाइन्छ । पात्रको स्तरअनुसारका स्वाभाविक भाषालाई कथाले लिएको छ । छोटा-छोटा र सरल खालका वाक्य गठनले भाषा मीठो भएको छ । कथाले तराईको परिवेशलाई आधार बनाएको हुँदा हिन्दी, मैथली भाषाको प्रयोग पनि पाइन्छ । कथामा हिन्दी भाषा यसरी आएको छ :- “यहाँ हर प्रकारके खुनी और बादी, बबासिर भगन्दर और फोडे फुन्सियों का शर्तिया इलाज बिना चीरफाड के होता है” (पृ. १३९), “छौडी पतरकी गे, दौडीदौडी गुलरिया गछना निने जाय ।” (पृ. १२९) कथामा कथ्य भाषाका पञ्चैती, माड्साप, माईबाप, सयटा, जस्ता शब्दको प्रयोग पनि रहेको छ । सरल र सुबोध्य खालको भाषा प्रयोग भएको यस कथामा उखान-टुक्काको प्रयोग भेटिदैंन । भाषालाई स्वाभाविकता दिन ठाउँ-ठाउँमा निपात, थेगो र द्वित्व शब्दको प्रयोग पनि भएको छ । भाषामा बिम्ब प्रतीकको खासै प्रयोग पाइँदैन । समग्रमा भन्नुपर्दा कथाको भाषाशैली संवृत खालको रहेको छ ।

‘बाबू हरिहरनारायणसिंहज्यू देव’ शीर्षकको यस कथाले तराई क्षेत्रमा विद्यमान सामन्ती प्रथालाई आफ्नो विषयवस्तु बनाएको र समाजका ठूलाबडाहरूलाई सर्वसाधारणले देवता समान मान्नु पर्ने र उनकै कृपाले मात्र हातमुख जोर्न र सुखशान्तिसँग बाँच्न पाइने कुरलाई हरिहरनारायणसिंह पात्रका सापेक्षतामा देखाइएकाले शीर्षक सार्थक छ । यस कथामा फुलगेनका लागि हरिहरनारायणसिंह ज्यू र देव दुबै भएर आएकोले पनि शीर्षक सार्थक रहेको छ ।

प्रजातन्त्रको आगमनपछि पनि समाजमा विद्यमान रहेको सामन्ती संस्कार नहटेकोले सामन्ती संस्कारको विरोध गर्नु यो कथाको उद्देश्य हो । सामन्तीसंस्कारप्रति व्यङ्ग्य प्रहार गर्दै, अन्याय अत्याचार र शोषणको विरुद्ध सबैलाई सचेत गराई, प्रजातन्त्रका नाममा भएका शोषणको पर्दाफास गर्नु पनि कथाको उद्देश्य हो । सरल र सुबोध्य भाषाशैलीको प्रयोग गरी सीमित पात्रद्वारा यथार्थको जानकारी दिन सफल यो कथा प्रगतिवादी उत्कृष्ट कथा हो ।

## ४.२० 'थ्रीपिस सुट' कथाको विश्लेषण

### कथावस्तु

'थ्रीपिस सुट' कथाले पनि वर्तमान सामाजिक अवस्थालाई आफ्नो कथावस्तु बनाएको छ । समाजमा जतिसुकै शिक्षित भए पनि पुरानो शैलीको कपडा लगाएर हिड्यो भने त्यसले जागिर खान सक्दैनभन्ने कुरालाई कथाले देखाउन खोजेको छ । आजका मानिसमा देखिएको बौद्धिक सङ्कटलाई देखाउन कथाले थ्रीपिस सुटलाई विषय बनाएको छ । बी.ए.पास गरेको 'ऊ' ले जागिर खोज्दाखोज्दै एकवर्ष बितायो तर कतै जागिर पाएन, अन्त्यमा उसले आफ्नी नवधनाढ्य साथीलाई आफ्नो बाउको फर्ममा नोकरी लगाइदिन अनुरोध गऱ्यो । बी.ए. प्रथम श्रेणीमा पास गरेको 'ऊ' जसले त्यही आफ्नी केटी साथीलाई पनि सहयोग गरेर वी.ए. पास गराएको थियो, उसले "यस्तै लुगा लगाएर तिमी मेरा बुबाको फर्ममा काम गर्छौ ?" (पृ. १३३) "हेर मेरो बुबाको एक्सपोर्ट-इम्पोर्टको ठूलो फर्म छ । त्यहाँ विदेशीहरू आइ-गइराख्छन्, स्मार्ट र वेल ड्रस्ड हुनुपर्छ ।" (पृ. १३३) भनेपछि 'ऊ' थ्रीपिस सुटको चक्करमा फस्न पुग्छ । अन्त्यमा उसले नयाँ सुट किन्न नसकेपछि उसले पुरानो सुट किन्न बाध्य भयो र किन्यो । सुट लगाईसकेपछि उसले आफ्नी साथीसँग भेट गऱ्यो । साथीले मरीमरी हाँसेर "के भो भने, पाँच वर्ष पहिला मेरा ड्याडी बैंकक जानुभाथ्यो । त्यही उहाँले एउटा नयाँ स्टाइलको सुट सिलाउनुभाथ्यो त्यही सुट तिमीले लगाएका छौं ।" (पृ. १३५) भने पछि उसले आफ्ना दौरा सुरुवाल र ढाकाटोपी सम्झिन थाल्यो । समाजमा मान्छेले व्यक्तिको आन्तरिक खुवीको मूल्याङ्कन गर्ने नगरेको र सर्वसाधारण मान्छेले जागिर खानको लागि सुट लगाउनु पर्ने वर्तमान आडम्बरी प्रथालाई र सर्वसाधारणले जागिरको निम्ति भोग्नु पर्ने नियतिलाई कथाले कथावस्तु बनाएको छ । धनी मानिसहरू आफ्नो स्वार्थको लागि मात्र सर्वसाधारणको प्रयोग गर्छन् उनीहरूमा मानवता शून्य हुन्छ भने कुरालाई पनि कथाले समेटेको छ । समग्रमा भन्नुपर्दा सामाीजक आडम्बरका रूपमा देखिएको विदेशी फेसनको थ्रीपिस सुटका सन्दर्भमा धेरै अरूपक्षलाई यस कथाले कथावस्तु बनाएको छ ।

### चरित्रचित्रण

प्रस्तुत कथामा 'ऊ' (केटा) मैंया (केटी) बाबु, पसले, केटाका दाजु, श्रीमती, सासू, ससूरा, साली पात्रका रूपमा आएका छन् । कार्यव्यापारका आधारमा 'ऊ' (केटा) मुख्यपात्र हो

किनभने सम्पूर्ण क्रियाकलाप कथामा उसकै केन्द्रमा अगाडि बढेको छ । मैंया (केटी) सहायक पात्र हो भने अन्य सबै गौण पात्र हुन् । आसन्नता र आबद्धताका हिसावमा केटा केटी र पसले मञ्चीय र बद्ध पात्र हुन्, अरू पात्र मञ्च र बद्ध रहेका छैनन् । जीवन चेतनाका आधारमा केटी र केटा दुबै वर्गीय चरित्र हुन् । केटाले निम्न वर्गको प्रतिनिधित्व गरेको छ भने केटीले नवमध्यम धनाढ्य वर्गको प्रतिनिधित्व गरेकी छे । धनाढ्य वर्गमा देखिने स्वार्थी प्रवृत्ति केटीले कथामा देखाएकी छ । बी.ए. पास गर्न सहयोग गर्ने 'ऊ' पात्रलाई कपडाको प्रसङ्ग उठाएर 'ऊ' टाढा हुन खोजेकी छे । केटो शिक्षित तर निम्न वर्गकोले प्रतिनिधि भएको उसले जागिर खान पुरानो सुट किन्न बाध्य भएको छ तर जागिर पाउँदैन । कथा मुख्य दुई पात्रकै सेरोफेरोमा अगाडि बढेर पूर्ण भएको छ । कथालाई पूर्णता दिन संयोजन गरेका चरित्रले आफ्नो स्वभावलाई राम्रोसँग उद्घाटन गरेका छन् । कथाकारले पात्रको चरित्रचित्रण राम्रोसँग गरेकोले कथा रोचक पनि बनेको छ ।

**संवाद**

प्रस्तुत कथमा संवाद पक्ष सशक्त नै देखिन्छ । कथामा केटा र ससुरा केटा र केटी, केटा र पसले बीचको संवाद पाइन्छ । संवाद त्यति लामो पाइदैन तर छोटो मीठो र स्वाभाविक खालको संवाद रहेको छ । "यस्तै लुगा लगाएर तिमी मेरो बुबाको फर्ममा काम गर्छौ" (पृ. १३३) "हेर अब प्रजातन्त्र आयो राष्ट्रियता गयो के बुझ्यौ", (पृ. १३३) "हेर्नुस् ज्वाइनारान, मैले पनि चाकडी गरेरै राणाहरूको पालामा नोकरी पड्काएको हुँ ।" (पृ. १३३) जस्ता स्वाभाविक संवादले कथालाई मीठो बनाएको छ । व्यक्ति स्तरअनुसार ससुराले 'ज्वाइँनारान' जस्तो कथ्य भाषा पनि प्रयोग गरेकाले संवाद उत्कृष्ट छ । संवादकै माध्यमद्वारा कथामा नयाँ-नयाँ प्रसङ्ग जोडिएर कथाले अग्रता लिएको छ । संवादका अतिरिक्त कथामा मनोवाद पनि रहेको छ । केटाले टाई खोज्ने प्रसङ्गमा "ए रात्तै, जाबो लगौंटीको घरोजस्तो टाई - लाई पनि यति धेरै रुपियाँ हाल्नुपर्दो रहेछ ।" (पृ. १३४) भन्दै मनमनै सोचेको छ र केटैको प्रसङ्गमा पनि मैयाँको मगज गोबर भए के भो त ? भन्ने विचार राखेको छ । कथामा आएका यस्तै संवाद र मनोवादले कथालाई पूर्णता दिएकाले कथामा संवाद पक्षको भूमिका महत्त्वपूर्ण पनि रहेकोछ । सरल, सहज र स्वाभाविक खालका संवाद र मनोवादले कथा सरसपूर्ण छ ।

**परिवेश**

कथाले पृष्ठभूमिमा नै "आई.ए. उतै पास गरेर बी.ए. पढ्न काठमाडौं आउँदा स्वास्नीलाई घरमै छोडेर आएको हो" (पृ. १३२) भनेर कथाले काठमाडौंको परिवेशलाई सङ्केत गरेको छ । कथाले लिएको बाह्य परिवेश काठमाडौं भित्रका कलेज, सुन्धारा, युनिभर्सिटी, बागबजार, सिनेमाहल आदि रहेका छन् । समग्रमा भन्नुपर्दा कथाले लिएको बाह्य परिवेश काठमाडौं खाल्डो हो । समयको बारेमा कथाले सुरुमा केही नबताएपनि शिवरात्रीमा सासूससुरा काठमाडौं आएर ज्वाइँलाई भेटेबाट कथाको पछिल्लो घटना शिवरात्री पर्ने फागुनतिरको भएको

बुझिन्छ । तीनवर्ष लामो घटनालाई कथाले वर्णनात्मक हिसावमा लिएको छ । बाह्य परिवेशका रूपमा आएका यी ठाउँले समग्र काठमाडौं भित्रको आडम्बरी संस्कार र स्वार्थी समाजलाई उजिल्याएका छन् । थ्रीपिसको संस्कारलाई देखाउन बाह्य परिवेश निकै सार्थक रहेको छ । कथामा बाह्य परिवेशका अलावा आन्तिरक परिवेश पनि देख्न पाइन्छ । केटीले "हेर, अब प्रजातन्त्र आयो, राष्ट्रियता गयो" (पृ. १३३) भनेबाट र केटालाई आफ्नो बाटोबाट पन्छाउन खोजेबाट स्वार्थी परिवेश र छाडा परिवेश उद्घाटित भएको छ भने सासूले पटुकाको फेरको सात गाँठा फुकाएर हजार-हजारका तीनओटा नोठ ज्वाइँनारानलाई दिएबाट निश्छल गाउँले परिवेश उद्घाटित भएको छ । केटाले घरकी श्रीमतीको वास्ता नगरी सहरी परिवेशमा आफूलाई भुलाउन खोज्नु र सासूससुरालाई कपट गर्नुले स्वार्थी नै बनेको छ । कथामा आएका यी अन्तर बाह्य परिवेशले कथालाई राम्रो आधारभूमि तयार गरेर कथालाई यथार्थ बनाउन सहयोग गरेका छन् ।

**उद्देश्य**

समाजमा देखिंदै गएका आडम्बरी जीवनशैली र मानवता ह्रासका पक्षलाई कथाले देखाउन खोजेको छ । जागिर खानको लागि सुटबुटमा हिड्नु पर्ने अवस्थालाई कथाले कथावस्तु बनाएर त्यसप्रति तीब्र व्यङ्ग्य प्रहार गरेको छ । नवधनाढ्यवर्गमा हावी हुँदै गएको स्वार्थी प्रवृत्तिलाई पनि कथाले आफ्नो कथावस्तु बनाएको छ । शिक्षित युवापुस्तामा देखिने सहरीकेन्द्री सोचाइलाई पनि कथाले देखाउन खोजेको छ । यहाँ 'ऊ' पात्रले आफ्नी घरकी श्रीमतीलाई बिर्सेर सहरमै घरजम गरेर बस्ने सोच बनाएबाट यो कुरा प्रष्टिएको छ । समग्रमा कथाले लिएका उद्देश्यलाई यी बुँदामा देखाउन सकिन्छ ।

- भित्री खुबी भन्दा बाह्य ठाँटबाँटमा रमाएको समाजको आलोचना गर्नु,
- धनाढ्य वर्गमा रहेको स्वार्थी प्रवृत्तिको पर्दाफास गर्नु,
- शिक्षित वर्गमा देखिएको सहरकेन्द्री सोचको विरोध गर्नु,
- राष्ट्रियतातर्फ सजग गराउनु,

**दृष्टिबिन्दु**

प्रस्तुत 'थ्रीपिस सुट' कथामा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस कथामा रहेको मुख्य पात्र 'ऊ' (युवक) को केन्द्रीयतामा कथा अगाडि बढेको छ । कथाको आरम्भमा उसको बारेमा बताउँदै "उसको महत्त्वकाङ्क्षा पनि उतै (गाउँमा) मर्ने थियो" (पृ. १३२) भन्दै 'ऊ' पात्रको मानसिक स्थिति केलाइएको छ । कथा अगाडि बढ्दै जाँदा "गोबरै भए पनि सुनचाँदी झैँ मलिलो ठानेर उसले आफूलाई अविवाहित र योग्य जीवनसाथी हुन सक्ने घोषणा गरिसकेको छ ।" (पृ. १३२) भनेर 'ऊ' पात्रकै विचार आएको छ । 'ऊ' पात्रले नै मैया (नवधनाढ्य युवती) लाई नोकरी लगाइदिन अनुरोध गरेको छ अनि 'ऊ' पात्र नै केन्द्रमा

रहेर सासूससुरा र सालीको प्रसङ्ग अगाडि बढेको छ । “ए रात्तै जाबो लगौंटीको घरोजस्तो टाईलाई पनि यत्तिको रुपियाँ हाल्नुपर्दो रहेछ ।” (पृ. १३४) भन्दै ऊ पात्रकै विचारमा कथा अगाडि बढेको छ र सुट किन्दा कम्मर मिले पनि लमाइ नमिलेपछि “सो दर्जी कहाँ मिलाउन सकिहालिन्छ” (पृ. १३४) भनेर ‘ऊ’ पात्रकै विचार आएको छ । कथाको अन्त्यमा सुट लगाएर गएको ऊलाई देखेपछि केटीले मेरो बुबाको पाँचवर्ष पुरानो सुट हो भनेपछि ‘ऊ’ पात्रले घोसेमुन्टो लगाएर झलझली दौरा-सुरुवाल र ढाकाटोपी सम्झिन थाल्यो भनेर ‘ऊ’ पात्रकै मानसिक संवेगलाई देखाइएको छ । यसरी हेर्दा ‘ऊ’ पात्र नै कथाको दृष्टिबिन्दु पात्र हो र उसकै केन्द्रीयतामा कथा पूर्ण भएको छ । त्यसैले कथामा तृतीय पुरुष सीमित दृष्टिबिन्दु रहेको छ ।

**भाषाशैली**

यो कथामा लेखकले सरल खालको भाषाशैलीको प्रयोग गरेका छन् । यथार्थवादी कथा भएकोले यसको भाषा सोझो र वर्णनात्मक किसिमको रहेको छ । छोटा-छोटा र सरल खालका वाक्य गठनले भाषा सुबोध्य बन्न पुगेको छ । पात्रको स्तर अनुसारको भाषिक प्रयोगले कथालाई रोचक बनाएको छ । “हेर्नुस् ज्वाइँनारान, मैले पनि चाकडी गरेरै राणाहरूका पालामा नोकरी पड्काएको हुँ” (पृ. १३३) भन्ने जस्ता भाषिक प्रयोगले ठेट कथ्य भाषालाई समाएको छ । कथामा ‘पशुपतिको जात्रा, सिद्राको व्यापार’ भन्ने उखानको प्रयोग पनि भएको छ । भाषिक मीठासका लागि ‘ए रात्तै’, जस्तो थेगो, र, त, नि जस्ता निपातको प्रयोग पनि कथामा रहेको छ । कथामा एम.ए, वी.ए, नोट्स, एक्स पोर्ट-इम्पोर्ट, फर्म, स्मार्ट, ड्रेस्ड, प्राइभेट, कम्पनी, सिट डाउन, प्लिज, थ्रीपिस सुट, टाइम, युनिभर्सिटी, टाई, कटिङ, फेसन, डिजाइन, बेस्टकोट, स्टाइल, क्यान्टिन जस्ता अङ्ग्रेजी शब्दको प्रयोग पनि रहेको छ । सन्दर्भमा पात्रअनुसार आएका अङ्ग्रेजी शब्दले अझ बढी स्वाभाविकता थपेका छन् । सरल भाषा र रैखिक शैलीले कथालाई वास्तबमै पठनीय बनाउन सफल भएको छ । आलङ्कारिक भाषाको प्रयोग यस कथामा भेटिदैन, बिम्ब तथा प्रतीकको प्रयोग पनि रहेको छैन ।

‘थ्रीपिस सुट’ शीर्षक रहेको यस कथाले थ्रीपिस सुट लगाएर मात्रै जागिर खान पाइने प्रवृत्तिलाई व्यङ्ग्य गर्न सफल रहेकोले कथाको शीर्षक सार्थक रहेको छ । समाजमा देखिएका आडम्बरी प्रवृत्तिको आलोचा गर्नु र शैक्षिक बेरोजगारीलाई चित्रण गर्न सफल यस कथाले सरल भाषाशैलीलाई अँगालेको कारण कथा सरल बनेको छ । सहरी परिवेशमा देखिएको स्वार्थीपनप्रति पनि कथाले व्यङ्ग्य गरेको छ, आफ्नो संस्कृति बिर्सेर थ्रीपिसको पछाडि दौडिएको वर्तमान युवापुस्तालाई सचेत गराउनु र समाजमा रहेका आर्थिक विपन्नतालाई चित्रण गर्नुले कथा समसामयिक बन्न पुगेको छ । कथाले व्यङ्ग्यात्मक रूपमा समाज सुधारको अपेक्षा गरी काव्यात्मक आनन्द दिन सफल भएकोले उत्कृष्ट बनेको छ ।

## ४.२१ 'प्रमद्वराको प्रणय र रुरुको आत्मीयता' कथाको विश्लेषण

### कथावस्तु

प्रस्तुत कथाले प्रणय र आत्मीयतालाई आफ्नो कथावस्तु बनाएको छ । पौराणिक पात्रहरू प्रमद्वरा र रुरुको प्रसङ्ग जोडेर वर्तमानमा देखिएको क्षणिक प्रेमप्रतिको रुचिलाई कथाले कथावस्तु बनाउन खोजेको छ । वर्तमानमा प्रेमका नाममा हुने गरेका शारीरिक प्रणयलाई कथाले आफ्नो विषयक्षेत्र बनाएको छ । प्रकाण्ड विद्वान् प्रोफेसरका प्रमतिका छोरा रुरु आफ्ना पिताका साथी स्थुलकेशकहाँ जाँदा स्थूलकेशकी सुपुत्री प्रमद्वरालाई देखिपछि उसले उसको परिचय माग्छ र उससँग क्षणप्रणयमा लीन हुन आग्रह गर्छ । रुरुले पहिलो भेटमै "मतिर हेर । मेरा यी मुग्ध नयनले के भन्दै छन् ? आऊ यस शुभक्षणमा क्षणप्रणयको महोत्सवद्वारा यो जीवन धन्य पारौं ।" (पृ. १३६) भन्दा प्रमद्वरा क्षणप्रणयका प्रसङ्गले विमूढ हुन्छे तर जब रुरुद्वारा प्रेम स्वार्थ हो, यो शरीरसँग सम्बन्धित हुन्छ, तिमीले भनेको चिरप्रणय त प्रेम नभएर परिणय हो, जहाँ नारीले स्वतन्त्रता पाउँदैन भनेर सम्झाए पछि प्रमद्वरा क्षणिक प्रेममा सहमति भएर रुरुको हात समाउँदै "डियर रुरु, अब तपाईं मेरो तिमी हौं । मेरो स्वेच्छाले तपाईंसितको क्षणप्रणयका लागि अनुमत छ र यो क्षणप्रणय मैत्रीमा र मैत्री आत्मीयतामा परिणत होस" (पृ. १३९) भन्दै आफूलाई समर्पण गर्छे । यी पौराणिक पात्रको उपस्थितिमा कथाले वर्तमानमा देखिएको पहिलो भेटमै प्रेम प्रस्ताव राख्ने र शारीरिक प्रेमबाट प्रेमलाई अगाडि बढाउने चलनलाई देखाउन खोजेकाले यस कथाको कथावस्तु सामाजिक कुरीतिका रूपमा झाँगिएको वर्तमान प्रेम परिपाटी रहेको छ । नारीलाई रूपसौन्दर्यको वर्णन गरी आफ्नो स्वार्थमा सहमति गराउने र स्वतन्त्रताका नाउँमा विवाह नगरी शारीरिक प्रेममात्र गर्ने सामाजिक कुरीतिलाई कथाले विषयवस्तुका रूपमा लिएको छ । यद्यपि वर्तमानको कुरालाई पौराणिक पात्रका माध्यमबाट देखाइएको छ ।

### चरित्रचित्रण

यस कथामा जम्मा दुईपात्रको मात्र प्रयोग छ, प्रमद्वरा र रुरु । अन्य पात्र प्रमति, स्थूलकेश, धृताची मेनका विभावशु प्रसङ्गमा आए पनि यिनीहरू पात्र बनेर क्रियाकलाप नगरेका नेपथ्यकै पात्र हुन् । कार्यव्यापारका आधारमा प्रमद्वरा र रुरु दुबै मुख्य पात्र हुन् । आसन्नता र आबद्धताका कोणबाट हेर्दा यी दुबै पात्र मञ्चीय र बद्ध पात्र हुन् । जीवनचेतनाका आधरामा यी दुबै पात्र वर्गीय चरित्र हुन् । शिक्षित र उच्चमध्यम वर्गको प्रतिनिधित्व गर्ने प्रोफेसरका छोराछोरीका रूपमा आएका यी पात्रले उच्चमध्यम वर्गका युवायुवतीको प्रतिनिधित्व गरेका छन् । स्वभावगत आधारमा दुबैपात्र गतिशील देखिन्छन् । यी दुई पात्रले कथामा क्रियाव्यापारलाई अगाडि बढाएका छन् । यी दुबै पात्रले निभाएको भूमिकाले यिनीहरूको चरित्रको सहज उद्घाटन गरेको छ । वर्गीय पात्रको प्रतिनिधिका रूपमा यी दुबै पात्रले निभाएको भूमिकाले

कथालाई रोचक बनाउन र चरित्रचित्रण गर्न सहयोग पुऱ्याएकाले कथामा रहेको चरित्रचित्रण अत्यन्तै अनुकूल रहेको छ । रुरु क्षणप्रणयमा विश्वास गर्ने भँवरा पात्रको रूपमा चित्रित छ भने प्रमद्वरा पहिला चिरप्रणयमा विश्वास गर्ने बौद्धिक नारीका रूपमा आएकी छे तर अन्त्यमा ऊ पनि क्षणप्रणयमा नै विश्वास गर्न पुग्छे, यसैले ऊ पनि भँवराशैलीको स्वतन्त्रता चाहने अस्थिर पात्रका रूपमा चित्रित छे ।

**संवाद**

प्रस्तुत कथामा संवाद पक्ष निकै सशक्त रहेको छ । सम्पूर्ण कथालाई संवादद्वाराका नै अगाडि बढाइएको छ । प्रमद्वरा र रुरु दुबै सुशिक्षित भएको हुँदा उनीदुई बीचको संवाद निकै काव्यात्मक रहेको छ । काव्यात्मक संवाद छ भन्ने कुरालाई यी भनाइद्वारा पुष्टि गर्न सकिन्छ : "प्रेम शरीरको धर्म हो र यो क्षणिक छ । शरीरका समस्त चेष्टा स्वार्थमय हुन्छन्, अतः क्षणिक पनि हुन्छन् । तर आत्मीयता आत्माको धर्म हो र यो चिरन्तन हुन्छ ।" (पृ. १३८) संवादमा देखिने आलङ्कारिकताले कथालाई काव्यात्मक मूल्य थपे पनि कथालाई केही क्लिष्टता थपेको छ । संवादकै क्रममा प्रमद्वरा र रुरुले आफ्ना अतीतबारे पनि बताएका छन् । यसरी संवादले नै विभिन्न प्रसङ्गलाई जोडेर ल्याई कथालाई पूर्णता दिएको छ । पात्रको स्तर अनुसारको संवादको प्रयोग हुनाले क्लिष्टतालाई पनि सहज रूपमा स्वीकार्नु पर्दछ ।

**परिवेश**

कथामा परिवेशका रूपमा विद्यालयको क्वाटर आएको छ । स्थुलकेशसँग भेट्न गएको "रुरु आफ्नो मोटरबाइकबाट नओर्लीकन कहिले प्रोफेसरको विद्यालय क्वाटर तिर र कहिले क्वाटर सामु विकसित पुष्पलतादि अच्छादित उपवनलाई अल्मलिएर हेर्न थाले ।" (पृ. १३६) भन्ने कुराले यसलाई पुष्टि गरेको छ । प्रमद्वराले पछि भित्र बोलाइए पछि रुरुलाई सोफामा बसाएर अतिथि सत्कारका लागि किचेनतिर लागेको र रुरुद्वरा ड्रइङरुममा मेनकाको भव्य फोटो हेरेको प्रसङ्गले भौतिक सुविधा सम्पन्न परिवेशलाई चित्रण गरेको छ । बाह्य परिवेशमा आएका यी वातावरणले प्रमद्वरा र रुरुको आन्तरिक क्षणप्रणयको रुचिलाई उजागर गर्न सहयोग गरेका छन् । घरमा एक्लै बसेकी प्रमद्वरासँग रुरुले प्रणय आग्रह गर्न उपयुक्त वातावरण दिएको छ भने कोठाको भव्यता र मेनकाका तस्वीरले पनि क्षणप्रणयका लागि उचित वातावरण प्रदान गरेको छ । कथामा समयको जानकारी दिइएको छैन तर स्थूलकेश विद्यार्थी लिएर बाहिर घुम्न गएका प्रसङ्गले दिउँसोको समयलाई बुझाएको छ । समग्रमा भन्नुपर्दा बाह्य परिवेश चित्रणले प्रमद्वरा र रुरुका आन्तरिक परिवेश उद्घाटन गर्न सहयोग गरेको छ । जसले कथालाई अघि बढ्न पूर्णता दिन राम्रो आधारभूमि तयार गरेको छ ।

**उद्देश्य**

प्रस्तुत कथामा पौराणिक पात्रको प्रयोग गरिएको छ तापनि रुरु आफ्ना पिताका मित्र स्थूलकेश कहाँ मोटरसाइकल चढेर गएको प्रसङ्गले कथाले वर्तमानलाई सङ्केत गरेको

बुझिन्छ । रुरुले डार्लिङ प्रमद्वरा कतिमा पढ्छयौ ? भनेर सोधेको र प्रमद्वाराले स्नातक पढ्छु भन्ने प्रसङ्गले पनि वर्तमानलाई बुझाइरहेको छ । पौराणिक पात्रको संयोजन गरी वर्तमानको यथास्थिति जानकारी गराउने उद्देश्य कथाले लिएको हो भन्ने कुरा माथिका प्रसङ्गले स्पष्ट गर्छ । रुरु र प्रमद्वराको पहिलो भेटमै भएको प्रेम प्रस्ताव र शारीरिक क्षणप्रणयका माध्यमद्वारा कथाले वर्तमान युवयुवतीको प्रेमलाई देखाउन खोजेको छ । मोटरबाइक चढ्ने रुरुद्वारा उच्च मध्यमवर्गको प्रतिनिधित्व गराइएको छ भने बगैंचा सहितको घरमा बस्ने प्रमद्वराद्वारा पनि त्यै आर्थिक अवस्थाको प्रतिनिधित्व गराइएको छ । उच्चमध्यम वर्गमा देखापरेका प्रेमका नाममा हुने विकृतिलाई देखाउनु नै कथाको मुख्य उद्देश्य रहेको छ । बुँदागत रूपमा कथाका उद्देश्यलाई यसरी देखाउन सकिन्छ ।

- वर्तमान समयमा उच्चमध्यम परिवारमा प्रेमका नाउँमा झाँगिएको शारीरिक प्रेमलाई चित्रण गर्नु,
- नारीहरूमा देखिएको अस्थिर प्रवृत्तिलाई व्यङ्ग्य गर्नु,
- आत्मीय प्रेमको साटो बासनात्मक क्षणिक प्रेममा वर्तमान अगाडि बढिरहेको छ भनेर देखाउनु,

**दृष्टिबिन्दु**

प्रस्तुत कथामा तृतीयपुरुष सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस कथामा आएका दुई पात्र प्रमद्वरा र रुरुका कोणबाट कथालाई अगाडि बढाइएको छ । रुरुद्वारा प्रमद्वराको सौन्दर्य देखे पछि प्रमद्वरालाई मुग्धभावले “साँच्ची तिम्रो नाम सार्थक रहेछ” (पृ. १३६) भनेबाट रुरुको मानसिकता झल्किएको छ । रुरुद्वारा क्षणप्रणयका लागि आग्रह गर्दै डार्लिङ्ग प्रमद्वरा भन्दा प्रमद्वराले “एउटी कुमारी कन्याका लागि तपाईंको सम्बोधन उचित होइन भन्दा प्रमद्वराको विचार आएको छ । कथामा यी दुई पात्रले सुरुदेखि अन्त्यसम्म आफ्ना विचारहरू एक अर्कामा राख्दै कथालाई अगाडि बढाएका छन् । त्यसैले कथामा दुबै पात्र दृष्टिबिन्दु पात्रका रूपमा आएका छन् । दुबै पात्रका मानसिक अवस्था, विचारलाई कथाले अँगालेको हुँदा तृतीय पुरुष सर्वदर्शी दृष्टिबिन्दु हुन पुगेको छ ।

**भाषाशैली**

प्रस्तुत कथाको भाषाशैली पक्षलाई केलाउँदा शैली रैखिक किसिमको भए पनि भाषा आलङ्कारिक किसिमको छ । रुरुद्वरा व्यक्त “वस्तुतः पुरुषप्रधान यस समाजमा पतित्वको वर्चस्व जतिसुकै भए तापनि पिता भन्ने व्यक्तिको प्रामाणिक ज्ञान कसैलाई छैन, हुन पनि सक्दैन, प्रमाणिक ज्ञान त जन्मदातृका रूपमा माताको मात्र हुनसक्छ, धरतीझैं पितास्वरूप आकाश त वायवीय हो” (पृ. १३७) भन्ने भनाईले भाषा आलङ्कारिक भएको पुष्टि गर्दछ । बौद्धिकस्तरका पात्रलाई प्रयोग गरिएको यस कथामा भाषा पात्र अनुकूल नै रहेको छ । भाषिक

स्वाभाविकता सिर्जना गर्न छोटा-छोटा वाक्यको आयोजना पनि कथामा पाइन्छ । कथामा पात्रगत रूपमा चित्रण गरिएका प्रमति स्थूलकेश, प्रमद्वरा, रुरु, मेनका, धृताची, विभावसु आदिले बिम्बको कार्य समेत गरेका छन् । यसका साथै धरती, बादल, बर्षा, मोटरबाइक, सोफा जस्ता दृश्य बिम्बको प्रयोग पनि गरिएको छ । कथामा डार्लिङ, मोटरबाइक, कफी, किचेन, फोटो, प्रोफेसन डियर, क्वार्टर जस्ता अङ्ग्रेजी शब्द, क्षणप्रणय, बिम्बोष्टि, पुष्पलतादि, माता पिता आदि जस्ता संस्कृत आगन्तुक शब्दको पनि प्रयोग भएको पाइन्छ । क्षणप्रणय र चिरप्रणयका बीचमा बैचारिक तर्कहरू पेश गरेर संवादद्वारा अगाडि बढाइएको हुँदा कथाले नाटकीयशैली लिन पुगेको छ ।

'प्रमद्वराको प्रणय र रुरुको आत्मीयता' शीर्षकको यस कथामा अन्त्यमा प्रमद्वरा आत्मीयताका लागि क्षण प्रणयमा सहमति भएको र रुरुले क्षणप्रणयद्वारा आत्मीयता बढ्छ भनेर प्रमद्वरालाई क्षणप्रणयको  महोत्सवमा सहभागी बनाएकोले शीर्षक सार्थक देखिन्छ । पौराणिक पात्रको संयोजनद्वारा वर्तमानमा मध्यमवर्गमा देखिएको शारीरिक प्रेमप्रतिको आसक्तिलाई कथाले तीव्र व्यङ्ग्य गरेको छ । आलङ्कारिक भाषाको प्रयोग गरेर लेखिएको यस कथामा नाटकीय र रैखिक शैली पाइन्छ । सीमित पात्रको प्रयोग र छोटा-छोटा सरल वाक्यको गठनले कथालाई उत्कृष्ट बनाएको छ ।

## ४.२२ 'रूपान्तरणको व्यथाकथा' कथाको विश्लेषण

### कथावस्तु

प्रस्तुत 'रूपान्तरणको व्यथाकथा' कथामा एउटा मान्छे कतिसम्म रूपान्तर हुँदै जानसक्छ भन्ने कुरालाई देखाउन खोजिएको छ । कथामा आएको 'ऊ' पात्र 'घरबाट जङ्गलमा, जङ्गलबाट फाँटमा, फाँटबाट पूर्व-पश्चिम राजमार्गमा, राजमार्गबाट ट्रकमा र ट्रकबाट काठमाडौं आइपुग्यो' (पृ. १४०) भन्दै ऊ पात्रलाई काठमाडौंमा ल्याइएको छ । यसरी काठमाडौं छिरेको 'ऊ' पात्र काठमाडौंमा आफन्तकहाँ डुल्दै बस्दा चारैतिरबाट अघाउन पुगेपछि ऊ सडकमा आइपुग्छ । सडकमा आएको 'ऊ' पात्र सडकमा संघर्ष गर्दै चिरपरिचित भइसकेपछि राजनीतिमा प्रवेश गर्छ । राजनीतिमा पछिल्लो ढोकाबाट प्रवेश पाएको 'ऊ' प्रजातन्त्र, समाजवाद राज्यनीतिका कुराले प्रशिक्षित हुँदै पहुँचवाला नेतासम्म बन्न पुग्छ तर अन्त्यमा आफूलाई राजनीतिमा प्रवेश गराउने केन्द्रीय नेतासँगको विवाद बढ्दै गएपछि ऊ फेरि गलत्याएर सडकमा फर्किन्छ । यसरी सडकबाट रूपान्तरण हुँदै नेतासम्म बन्न पुगेको 'ऊ' आज फेरि सडकमै आएकोछ । 'गाउँलेबाट सहरीया, सोझाबाट बाङ्गो, सरलताबाट धूर्त, सहजबाट जटिलमा रूपान्तरित हुँदै नेता हुन खोजेको उसले अब के हुने ? नेताजीले भनेजस्तै हुने ?' भन्दै कथाले एउटा व्यक्तिको रूपान्तरण प्रक्रियालाई कथावस्तु बनाएको छ । मुख्य यही विषयसँग जोडिएर काठमाडौं छिरेका 'ऊ' पात्रका मामा माइजू, काका-काकी, सानीमा र साथी

लंगोटियामा आएको रूपान्तरण पनि देखाइएको छ । परिस्थिति अनुरूप रूपान्तर हुँदै नेतासम्म बन्न पुगेको उसको कथा फेरि सडकमै दिशाहीन गन्तव्यहीन बनेको छ । बाटो छ, तर 'ऊ' अलमलिएर ठिङ्ग उभिइरहेछ । यसरी 'ऊ' पात्रको जीवनकथालाई यस कथाले कथावस्तु बनाएको छ । 'ऊ' पात्रको माध्यमद्वारा राजनीतमा हुने फोहोरी खेललाई कथाले देखाउन खोजेको छ ।

**चरित्रचित्रण**

प्रस्तुत कथामा 'ऊ' उसका मामा, माइजू, काकी, सानीमा, सानाबा, साथी लँगोटिया र उसकी श्रीमती, इन्सपेन्टर, केन्द्रीयस्तरका नेता, नेताकी पत्नी र उसका साथीहरू पात्रका रूपमा उल्लिखित छन् । कार्यव्यापारका आधारमा 'ऊ' पात्र प्रमुख पात्र हो भने नेता सहायक पात्र हो । अन्य पात्र गौण पात्रका रूपमा आएका छन् । आसन्नता र आबद्धताका कोणमा इन्सपेक्टर नेता नेताकी पत्नी र 'ऊ' पात्र मञ्चीय र बद्ध छन् । अन्य पात्रहरू नेपथ्यमा रहेका छन् । जीवनचेतनाका आधारमा 'ऊ' पात्र लगायत नेताजी, नेताकी पत्नी, मामा, माइजू, काका, काकी, सानीमा, सानोबा, साथीहरू वर्गीय पात्रका रूपमा आएका छन्, किनभने यी सबै पात्रले वर्गीय स्वार्थको प्रतिनिधित्व गरेका छन् । यसरी हेर्दा यस कथामा उल्लेख्य पात्रको उपस्थिति पाइन्छ । पात्र धेरै भए पनि कथा मुख्य रूपमा 'ऊ', नेताजी र नेता पत्नीको सेरोफेरोमा ज्यादा घुमेको छ । 'ऊ' पात्र गतिशील पात्रको रूपमा आएको छ । बाध्यतावश सडकमा उत्रिएको ऊ सोझोबाट बाङ्गो, सरलबाट धूर्त र सहजबाट जटिल हुँदै गएको छ । उसको धूर्त बाचाल र छट्टू क्रियाकलापले गर्दा एकजना इन्सपेन्टरले निकै प्रभावित भएर "तिमी त नेता पो हुनुपर्ने" (पृ. १४१) भनेपछि ऊ नेता बन्ने धुनमा लाग्यो । नेता बन्ने क्रममा नेतालाई रिझाएर मात्रै माथि पुग्न सकिदैन भन्ने बुझेपछि "उसको छट्टू बुद्धि नेताजीको किचेन क्याविनेटको सर्वेसर्वा नेतापत्नी तर्फ फर्कियो ।" (पृ. १४३) भनेर कथामा 'ऊ' पात्रलाई स्वार्थी पात्रको रूपमा चित्रित गरिएको छ । नेताद्वारा गलत्याँइएपछि 'ऊ' पुनः, सडकमा फर्किन बाध्य भएपछि निरीह पात्र बनेको छ । कथामा 'ऊ' पात्रलाई धेरै हिसाबमा चित्रण गरिएको छ । कथाको अर्को सहायक पात्र नेताजी स्वार्थी नीच र कुटिल पात्रका रूपमा चित्रित छन् । उनले होटेल रिसोर्टमा सुरा सुन्दरी भोग गर्दै राजनीतिमा हावी हुन मण्डले, मण्डलीहरूको साथ लिने गरेबाट कुटिल रहेका छन् । आफैंले पार्टीमा प्रवेश गराई घरमा राखेको ऊ पात्रलाई "निस्किहाल, निस्कि ! गेट आउट ! माओवादी हो कि क्या हो तँ ? गेटआउट !!!" (पृ. १४४) भनेबाट उनको स्वार्थी चरित्र उद्घाटित भएको छ । नेताजीका पत्नी पनि दोहोरो चरित्रकी देखिएकी छ । सुरुमा 'ऊ' पात्रका आदेश लोग्नेलाई दिने र 'ऊ' लाई काखी च्यापेकीले, अन्त्यमा नेताले 'ऊ' लाई घरबाट निकाल्दा बार्दलीमा बसेर मुसुमुसु हाँसिरहेकी छ, जसले दोहोरो चरित्रलाई उद्घाटन गरेको छ । अन्य पात्रहरूले पनि आ-आफ्नै किसिमको भूमिका

निभाएका छन् । कथामा आएका यी विभिन्न चरित्रले कथालाई पूर्णता दिन र कार्यव्यापार अगाडि बढाउन निकै सहयोग पुऱ्याएको हुँदा चरित्रचित्रण उत्तम रहेको छ ।

**संवाद**

प्रस्तुत कथामा संवाद झिनो किसिमको रहेको छ । कथाको आरम्भमा मामा माइजू, काका-काकी, सानीमा, सानोबा, साथी पत्नीका संवाद लाई परिसंवाद यस्तो भयो भन्दै देखाइएको छ  तर दोहोरो संवाद छैन । सडकमा ऊ आइसके पछि प्रहरीद्वारा नाङ्गेझार बनाएको उसलाई एउटा इन्सपेक्टरले । "तिमी नेता पो हुनुपर्ने" (पृ. १४१) भनेर भने पनि दोहोरो संवाद छैन तर परिसंवादमा आएका भनाइ र इन्सपेक्टरका भनाइले कथालाई अग्रता दिएका छन् र सरल पनि छ । कथा अगाडि बढ्दै जाँदा नेताजी, नेतापत्नी र ऊ पात्रले दोहोरो संवादमा भाग लिएका छन् । दोहोरो संवादमा आएका पङ्क्तिहरू यस्ता छन् "नेताजी-मेरा मतदाता कस्ता छन् ?" (पृ. १४३) "ऊ- सम्पूर्ण हजुरतिरै छन् ।" "नेतापत्नी- म कस्ती छु ?" "ऊ- सारै राम्री हजुर !" (पृ. १४३) कथामा पात्रको स्तरअनुसारको संवाद पाइने हुनाले संवादले कथालाई स्वाभाविकता थपेको छ । संवादकै माध्यमबाट कथामा पात्रको चरित्र उद्घाटित भएको छ । संवादमा देखिने स्वाभाविक उतारचढावले कथालाई रोचक बनाएको छ । जस्तो "सेवा गरेपछि मेवा पाउनु पर्छ कि पर्दैन ?" उसले जङ्गिदै भन्यो - अलिकति पनि मूल्य-मान्यता छैन ? (पृ. १४०) झिनो रूपमै रहेको भए पनि संवाद सशक्त रहेको छ भन्नुचाहिँ अत्युक्ति हुँदैन ।

**परिवेश**

प्रस्तुत कथाको परिवेश काठमाडौं भएको कुरा "काठमाडौं आइपुगेपछि उसले यहाँ जताततै बाटाघाटा र सडक नै सडक देख्यो तर गन्तव्य कतै देखेन" (पृ. १४०) भन्ने वाक्यले देखाएको छ । काठमाडौंको परिवेशका सडक घर र महलहरू यस कथाका बाह्य परिवेशका रूपमा रहेका छन् । काठमाडौंको स्वार्थी र जटिल परिवेशले 'ऊ' पात्रलाई सडकदेखि महलहुँदै सडकसम्म ल्याएको छ । बाह्य परिवेशका रूपमा आएका सडक र महलका प्रसङ्गले कथालाई आधारभूमि प्रदान गरेका छन् । सम्भावनाको खोजीमा रहेको 'ऊ' पात्रलाई सडकमा दादागिरी, चोरी, लुट हरेक क्रियाकलाप गर्न सजिलो भएको छ भने नेताजीलाई आफ्ना महलभित्र काजु कुड्क्याउँदै वियर घुट्क्याउन सजिलो भएको छ । कथामा होटेल, रिसोर्टका परिवेशको पनि चर्चा गरिएको छ, जसले कार्यव्यापारका लागि परिवेश तयार गरेका छन् । सडकको अस्तव्यस्त परिवेशले ऊ पात्रको अस्तव्यस्त जीवनलाई उजागर गरेको छ भने महलले नेताजीका विलासी र कुटील चरित्रलाई उजागर गर्न सहयोग गरेको छ । कथाले निश्चित समयलाई सङ्केत नगरे पनि यो वर्तमान नेपालको वास्तविकता हो । समग्र नेपाली नेतामा पाइने प्रवृत्तिलाई यसले देखाउन खोजेको हुँदा समयको उल्लेख नभएको हुनसक्छ तर कथाको अन्तिम घटना एकदिन बिहान घटेको हो भन्नेकुरा "नेताजी एकबिहानै भुटेको काजु कुड्क्याउँदै वियर घुट्क्याउँदै थिए"

(पृ. १४४) भन्ने प्रसङ्गले देखाएको छ । समग्रमा भन्नु पर्दा कथाले लिएको परिवेशले कथालाई अगाडि बढाउन र चरित्रको उद्घाटन गर्न उपयुक्त वातावरण प्रदान गरेको छ ।

**उद्देश्य**

एउटा व्यक्ति बाध्यतावश कुन-कुन रूपमा रूपान्तरण हुन सक्छ भन्ने देखाउन यस कथाले एउटा गाउँले पात्र 'ऊ' लाई गाउँबाट काठमाडौंसम्म ल्याएको छ । आफन्तहरूकहाँ बस्ने आधार गुमाएपछि ऊ पात्र सडकमा झरेर भोजन-अन्वेषणको लागि सोझोबाट बाङ्गो, सरलबाट धूर्त र सहजबाट जटिल हुँदै जान्छ । सडकमा नाम कमाएपछि ऊ राजनीतिमा लाग्छ, राजनीतिमा हावी हुँदै जाँदा केन्द्रीयस्तरका नेतासँगको टकरावले 'ऊ' फेरि सडकमा फर्किन बाध्य हुन्छ । केन्द्रीय नेताले आफ्नै घरमा राखेको उसलाई "माओवादी हो कि क्या हो तँ ?" ( पृ. १४४) भन्दै गलत्याएपछि सडकमा निस्कन बाध्य हुन्छ । दिशाहीन र गन्तव्यहीन सडकमा अब ऊ के हुन्छ, के नेताजीले भने जस्तै हुन्छ थाहा छैन, अन्नको लागि केही हुन ऊ बाध्य भने छ । यसरी कथाले एउटा व्यक्तिको रूपान्तर कसरी के-के हुन सक्छ भन्ने देखाएकोले कथाका निम्न उद्देश्यहरू देखापर्छनः-

- बाध्य भइसकेपछि मानिस आफूलाई जुनसुकै रूपमा उभ्याउनसक्छ भन्ने देखाउनु,
- राजनीतिमा कुटिल र भ्रष्टहरू हावी हुन्छन् र उनीहरूले सडकछाप मान्छे सम्मको प्रयोग गर्छन भनेर देखाउनु,
- राजनीतिमा चाकडी प्रथा हावी छ, स्वच्छ र प्रजातान्त्रिक परिपाटी छैन भन्ने देखाउनु,

**दृष्टिबिन्दु**

प्रस्तुत कथामा दृष्टिबिन्दु पात्रका रूपमा 'ऊ' आएको छ । कथाको आरम्भ पनि 'ऊ' पात्रकै केन्द्रीयतामा "ऊ घरबाट जंगलमा...... ट्रकबाट काठमाडौं आइपुग्यो ।" (पृ. १४०) भन्दै उसले काठमाडौंमा भोगेका नियतीहरूलाई देखाइएको छ । कथा अगाडि बढ्दै जाँदा आफन्तबाट अघाएको ऊ पात्रले सडकमा आएर "यी घरहरूमा बसेर के गर्नु" (पृ. १४१) भन्दै आफ्ना विचाहरू राखेको छ । सडकमा उसले के-के गऱ्यो भन्ने कुरा कथामा देखाइएकाले उसकै केन्द्रीयतामा कथा अगाडि बढेको छ । कथाले अग्रता लिँदै जाँदा जिल्लाबासी नेताले उसलाई पछिल्लो ढोकाबाट राजनीतिमा प्रवेश गराएको र ऊ लाई राजनीतिका कुरा सिकाएका छन् । यहाँ पनि 'ऊ' पात्रकै केन्द्रीयतामा कथाले गति लिएको छ । राजनीतिमा सक्रिय रहेको ऊ पात्र नै नेता र नेता पत्नी रिझाउँदै गएको छ र अन्त्यमा नेतासँग उसकै टकराव परेको छ । नेतासँग टकराव सिर्जना भई महलबाट निष्कासित ऊ सडकमा आएर दिशाहीन र गन्तव्यहीन भएर अलमलिएर उभिइरहेको छ भन्दै उसकै केन्द्रीयतामा कथा टुङ्गिएको छ । यसकारण यस कथामा तृतीय पुरुष सीमित दृष्टिबिन्दु प्रयोग गरिएको छ ।

**भाषाशैली**

प्रस्तुत  कथाको भाषाशैलीलाई हेर्दा कथामा सरल भाषाको प्रयोग पाइन्छ । गाउँले पात्रको उपस्थिति रहेको हुनाले र समसामयिक यथार्थतालाई प्रस्तुत गरिएको हुँदा भाषा सरल र सोझो हुनु उपयुक्त रहेको छ । पात्र अनुसारको भाषा प्रयोगले गर्दा कथामा प्रयोग भएको भाषा स्वाभाविक बन्न पुगेको छ । "हेर्नुस दाई, उहाँ अफिसको कामले जिल्लातिर जाँदै हुनहुन्छ । मलाई पनि माइती जानुपरेको छ ।" (पृ. १४१) जस्ता छोटा र सरल वाक्यको गठनले कथालाई सुबोध्य बनाएको छ । कथामा 'मामा आए घोडा, माइजू आइन डोली' जस्ता बालगीतको प्रयोगले थप मिठास थपेको छ । कथामा शब्द चयन निकै राम्रो किसिमले गरिएको छ, जस्तो "भान्जाबाबू एस.एल. सी को खोष्टाले यहाँ मुखमा माड लाग्दैन ।" (पृ. १४०) यसरी आएका स्वाभाविक व्यक्ति बोली र शब्द चयनले भाषा सारै मीठो भएको छ । कथामा म्याट्रिकुलेट, एस.एल.सी, टी.भी, क्यासेट, फिल्म, म्याट्रिक, ग्याजुएट, होटल, रेष्टुरेष्ट, इन्सपेक्टर, किचेन, क्याविनेट, व्याक-डोर, रिसोर्ट, एनिमल फर्म, वियर, जस्ता अङ्ग्रेजी आगन्तुक शब्दको प्रयोग पनि पाइन्छ । भाषालाई आलङ्कारिकता दिन नखोजिएको हुँदा अर्थबुझ्न खड्किनु पर्ने स्थित कतै रहेको छैन । कथामा वर्णनात्मक शैली अँगालिएको छ र कथा रैखिक शैलीमा अगाडि बढेको छ । यसरी संवृत भाषाशैलीको प्रयोगले गर्दा कथा सरस र सुबोध्य बनेको छ ।

'रूपान्तरणको व्यथाकथा' शीर्षकको यस कथाले एउटा मान्छेमा हुनसक्ने रूपान्तर प्रक्रियालाई देखाउन सफल रहेकाले शीर्षक सार्थक रहेकोछ । गाउँलेबाट सहरिया, सोझोबाट बाङ्गो, सरलबाट धूर्त, सहजबाट जटिल हुँदै नेता हुन खोजेको ऊ पात्रको सन्दर्भमा मानिसका बाध्यतालाई केलाउन यो कथा सफल रहेको छ । सरल र सहज भाषाशैलीको कारण कथा सुबोध्य हुन पुगेको छ । काठमाडौंलाई परिवेश बनाएर लेखिएको यस कथाले समाजमा देखिएका स्वार्थी प्रवृत्तिप्रति र नेताका खराब आचरणप्रति तीव्र व्यङ्ग्य प्रदान गरेको छ । युगीन समस्यालाई कथात्मक मूल्य दिन सफल कथाकार मनु ब्राजाकीको यो एउटा सफल कथा बन्न पुगेको छ ।

## ४.२३ 'चोलीके पिछे क्या है ?' कथाको विश्लेषण

### कथावस्तु

प्रस्तुत कथामा धार्मिक कार्यक्रमका नाउँमा समाजमा देखिने गरेका विकृतिजन्य कुराहरूलाई कथास्तु बनाउन खोजिएको छ । धार्मिक कार्यक्रमहरूमा समेत हिन्दी गीतहरू बजाएर मान्छेलाई आनन्द दिने प्रवृत्ति अहिले हावी हुँदै गईरहेको छ । यसरी हिन्दी गीत बजाएर कार्यक्रम गर्ने र कार्यक्रममा नारीलाई अगाडि राखेर कार्यक्रमको आकर्षण बढाउन खोज्ने चलनलाई कथाले कथावस्तु बनाएको छ । यस कथामा भजन मण्डलीको रूपमा आएका भारतीय भजनियाँहरूले एउटी युवती पनि ल्याएका छन् । त्यही युवतीका चुरीफुरीमा

गाउँलेलाई भुलाएर पैसा कुम्ल्याउन सफल पनि भएका छन् । कार्यक्रम सुरु हुनुभन्दा पहिले "मञ्चमा आफ्ना मण्डलीहरूबीच सीयारामशरणजी विराजमान छन् । लाउडस्पिकरमा हिन्दी फिल्मी गानाहरू बजिरहेछन् ।" (पृ. १४६) भन्दै धार्षिक कार्यक्रममा पनि हिन्दी फिल्मी गाना बजाउने चलनलाई देखाइएको छ । "धतुराको फूलजस्ती चेमेलीलाई गाउँलबाट बढीभन्दा बढी भक्तगण बटुल्न सीयारामले हिन्दी फिल्मी गानाहरूको लय र धुनमा कीर्तन गर्ने आज्ञा दिए ।" (पृ. १४७) भन्ने प्रसङ्गले वर्तमान देखिएको रसरङ्गपूर्ण प्रवृत्तिलाई देखाएको छ । धार्मिक कार्यक्रममा आएका धरखन झाले आफ्नी बुहारी नदेख्नु, शिवलाल कुर्मीले आफ्नी बुहारी नदेख्नु र लखनले आफ्नी बुहारी कैलू चमारको छोरासित आँखा जुधाएको देख्न जस्ता प्रसङ्गले सार्वजनिक कार्यक्रममा हुने गरेका विकृतिलाई देखाएको छ । समग्रमा भन्नुपर्दा सार्वजनिक कार्यक्रममा देखिने हिन्दी गीत बजाउने प्रवृति, पुरुष र नारीमा देखिने प्रवृत्ति आदिलाई यस कथाले कथावस्तु बनाएको छ ।

**चरित्रचित्रण**

यस कथामा सीयारामशरण, चमेली, गा.वि.स. अध्यक्ष, लखन, शिवलाल कुर्मी, धरखन झा, गाउँलेहरू पात्रका रूपमा आएका छन् । कार्यव्यापारका कोणबाट हेर्दा सीयारामशरण मुख्य पात्र, चमेली सहायक पात्र र अन्य सबै गौण पात्रका रूपमा आएका छन् । आसन्नता र आबद्धताका आधारमा हेर्दा सीयाराम, चमेली, लखन, शिवलाल र धरखन मञ्चीय र बद्ध पात्र हुन् । जीवनचेतनाका आधरामा हेर्दा सबै पात्र वैयक्तिक पात्रका रूपमा आएका छन् । नेपथ्यमा रहेका पात्रहरूमा कैलु चमारको जुल्फे छोरो, लखनकी साँहिली बुहारी, बूढापाका, शिवलाल कुर्मीकी बुहारी, धरखन झा की बुहारी आदि छन् । कथालाई अगाडि बढाउन प्रत्येक पात्रले आ-आफ्नो ठाउँबाट भूमिका निर्वाह गरेका छन् । यस कथाले मुख्य पात्र सीयारामशरण भजनियाँको प्रधान हो र उसको गाउँमा भजन कीर्तन गर्दै हिड्ने र सम्पत्ती बटुलने गरेको छ । भजन कीर्तनमा चमेलीलाई लिएर हिडेर उसले आफ्नो स्वार्थ पूरा गरेको हुनाले ऊ धर्मका आडमा स्वार्थ पूर्ति गर्ने स्वार्थी पात्र हो । सहायक पात्रका रूपमा देखापरेकी र हिन्दी गीतको लय र धुनमा भजन कीर्तन गर्ने चमेलीले विदूषकको भूमिका निर्वाह गरेकी छ । कथामा आएका अन्य पात्रहरूले गाउँले सोझा, सिधा र शंकालु प्रवृत्तिलाई उजागर गरेका छन् । कथामा विभिन्न भूमिकामा आएर कथालाई अग्रगति दिन पात्रले खेलको भूमिका र चरित्रचित्रण कथा अनुकूल रहेको छ ।

**संवाद**

प्रस्तुत कथामा दोहोरो संवाद रहेको छैन । दोहोरो संवादद्वारा कथा अगाडि नबढे पनि एकोहोरो संवाद भने कथामा आएको छ । एकोहोरो संवादका रूपमा खासगरी सीयारामले बोलेका कुराहरू आएका छन् । सीयारामशरणले गा.वि.स. अध्यक्षलाई 'देखिए प्रधानजी, नेपाल और भारत में कोइ फर्क नंही है ।' (पृ. १४५) भन्दै एकोहोरो संवाद गरेको छ । आफूले

ल्याएकी युवतीलाई हिन्दी फिल्मी गानाहरूको लय र धुनमा कीर्तन गर्ने आज्ञा दिंदा पनि एकोहोरो संवाद आएको छ । एकोहोरो संवाद भए पनि यस संवादले कथालाई अग्रता दिएको छ । पात्रको स्तर अनुसार सीयारामको संवादमा हिन्दी शब्दको प्रयोग रहेको पाइन्छ । समग्रमा भन्नुपर्दा यस कथामा संवादपक्ष झिनो र कमजोर रहेको छ ।

**परिवेश**

प्रस्तुत कथाको वातावरणका बारेमामा कथाको पृष्टभूमिमै "भारतबाट एउटा भजनियाँ मण्डल नेपालको एउटा गाउँमा भित्रियो । यो गाउँ नेपाल-तराईको सबै गाउँजस्तै गाउँ नै थियो अर्थात् यहाँका किसानहरू यहीँ थन्किएका, पढेलेखेका युवाहरू सहरतिर पसेका र अशिक्षित युवाहरू पञ्जाबसञ्जाब रिटर्न भएका" (पृ. १४५) भन्दै चित्रण गरेबाट तराईको एउटा गाउँ परिवेशका रूपमा आएको छ । प्राइमरी स्कुलको प्राङ्गणमा कीर्तन कार्यक्रम हुने भयो भन्ने प्रसङ्गले कार्यक्रम स्थलबारे जानकारी दिएको छ । "अँ, प्राइमरी स्कुलको आडैमा बाँसघारी छ र बाँसघारीको आडैमा आँपको ठूलो बगैंचा छ" (पृ. १४७) भन्ने प्रसङ्गले कार्यक्रम स्थल वरपरको परिवेश समेटेको छ । बाह्य परिवेशका रूपमा आएको यो वातावरणले कथालाई अग्रता दिन थप सहयोग गरेको छ । तराईको गाउँले तराईका जीवनमा नारीप्रति पुरुषले गर्ने शंकालु व्यवहार उद्घाटन सहयोग पुऱ्याएको छ भने स्कुल नजिकै बाँसघारी र आँपका बगैंचा हुनाले कार्यक्रममा आएका पात्रहरूलाई नेपथ्यमा जान सजिलो बनाएको छ, जसले शंकालाई अझ तीव्र पारेको छ । तराई गाउँ भएकोले हिन्दी गीतको चाख बढ्ता देखाउन पनि परिवेशले सहयोग पुऱ्याएको छ । साँझ आठबजे पश्चात् कार्यक्रम हुने प्रसङ्गले कथामा देखाउन खोजेको चरित्र उद्घाटनलाई अझ सहयोग पुऱ्याएको छ । उज्यालोको बेलामा गायव हुने प्रक्रिया गाह्रो हुन्छ । समग्रमा कथाले लिएको बाह्य परिवेशले आन्तरिक परिवेश उद्घाटनमा राम्रो सहयोग गरेको छ ।

**उद्देश्य**

प्रस्तुत कथाले धार्मिक कार्यक्रमका नाउँमा समाजमा देखिएका विकृति, विसङ्गतिप्रति तीव्र व्यङ्ग्य गरेको छ । भजनमण्डलीका रूपमा गाउँमा आएका भजनियाँ प्रमुख सीयारामशरणले "प्रेम से भागवान् सीयारामकी शरण में आइए । दिल खोलके दान कीजिए ।" (पृ. १४५) भन्दै भगवान्का नाममा दान गर्न लागएका छन् । यसरी हिड्दा एउटी युवतीलाई साथमा ल्याएका सियारामले युवती धतुराको फूल जस्ती भए पनि गाउँलेहरूका लागि चमेली नै ठहरिने सोचेका छन् । गाउँघरमा घरबाट बाहिर निस्कन नपाएका छोरी बुहारीहरू भजनका नाममा घरबाट निस्केर आँखा जुधाउन र भाग्न सफल भएका छन् भने बूढापाकाहरू हरेक कुरालाई शंकाको रूपमा हेर्न उद्यत छन् । कार्यक्रमका बीचबीचमा भक्तगण बटुल्न हिन्दी फिल्मी गाना बजाइने गरिएको छ । यी सबै प्रसङ्गलाई हेर्दा कथाले निम्न उद्देश्य बोकेको छ :-

- धर्मका नाममा समाजमा देखिने विकृति विसङ्गतिको विरोध गर्नु,
- तराई जीवनका संकीर्ण धारणाहरूको आलोचना गर्नु,
- प्रत्यके सार्वजनिक कार्यक्रममा बजाइने हिन्दी गीतको आलोचना गर्नु,

**दृष्टिबिन्दु**

प्रस्तुत कथामा कुनै एकपात्रलाई मात्र दृष्टिबिन्दु पात्रका रूपमा अगाडि सारिएको छैन । कथा धेरै पात्रका कोणबाट अगाडि बढेको छ । सीयारामशरणले प्रधानलाई भेटेर आफ्ना विचार राख्दै मन खोलेर दान गर्न आग्रह गरेका छन् भने लखनले आफ्नी बुहारीलाई कैलू चमारको छोरासँग आँखा जुधाएकोमा आफ्नै कोणबाट हेरेको छ, शिवलाल र धरखन झा ले पनि आफ्नै कोणबाट बुहारीलाई हेरेर आफ्ना विचार पोखेका छन् । धरखन झा ले 'अँ, प्राइमरी स्कुलको आडैमा बाँसघारी छ र बाँसघारीको आडैमा आँपको ठूलो बगैंचा छ ।' (पृ. १४७) भन्दै आफ्नो मानसिकताको छाप ओकलेको छ, यसरी धेरैपात्रलाई केन्द्र बनाएर कथा अगाडि बढेको र धेरैपात्रका विचार र मानिसक संवेगलाई केलाएको हुँदा यस कथामा तृतीय पुरुष सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

**भाषाशैली**

'चोली के पिछे क्या है ?' यस कथाको भाषा सरल नै छ । अर्थचमत्कार सिर्जनाका लागि भाषालाई आलङ्कारिकता दिन खोजिएको छैन । "उनीले आउनासाथ गा.वि.स. अध्यक्षलाई समाते । अध्यक्षले बार्डसदस्यहरूलाई समाते ।" (पृ. १४५) जस्ता छोटा र सरल वाक्यको प्रयोगले भाषा मीठो भएको छ । कथामा पात्रले आफ्नो स्तर अनुसारको भाषा प्रयोग गरेका छन् । भारतबाट आएको भजनियाँ प्रधान सीयारामले हिन्दी भाषाको प्रयोग गरेको छ र ठाउँ-ठाउँमा हिन्दी गीतको पनि प्रयोग गरिएको छ । कथामा कतै-कतै अङ्ग्रेजी शब्दको पनि प्रयोग रहेको छ जस्तैः- हारमोनियम, फिल्मी, लाउडस्पिकर, स्कुल आदि कथा वर्णनात्मक किसिमले अगाडि बढेको भए पनि रैखिक शैलीमा अगाडि बढेको छ । संवृत खालको भाषाशैली प्रयोगले गर्दा कथा सुबोध्य बन्न पुगेको छ । तराईको सामाीजक स्तरलाई झल्काउन भाषा सफल रहेको छ । सन्दर्भ अनुसार आएका त, नि जस्ता निपात र पञ्जावसन्जाव जस्ता द्वित्व शब्दले भाषालाई अझ स्वाभाविकता प्रदान गरेको छ ।

प्रस्तुत कथाले धार्मिकताका आडमा हुने गरेका विकृतिलाई देखाउन खोजेकोले अगाडि वास्तविकता नभएर वास्तविकता पछाडि भएको देखाएको छ । धर्मलाई पछाडि छोडेर मनोरञ्जनमा मानिसहरू उन्मुख भएका छन् । धर्म देखाउने एउटा माध्यम मात्रै भएको छ भनेर देखाइएकोले शीर्षक सार्थक रहेको छ । सरल र सहज भाषाशैंलीको प्रयोगगरी हिन्दी गीत प्रवृत्तिको आलोचना गरिएकाले कथा उत्कृष्ट बनेको छ । धार्मिक विकृतिलाई चिर्नु यस कथाको उद्देश्य रहेको छ ।

## ४.२४ 'परीक्षापछिको कडा परीक्षा' कथाको विश्लेषण

### कथावस्तु

समाजमा देखिने हरेक समस्यालाई आफ्नो कथाको विषय बनाएर त्यसप्रति व्यङ्ग्य गर्ने ब्राजाकीले यस कथामा शैक्षिक विसङ्गतिलाई कथावस्तु बनाएका छन् । परीक्षा पछि एक्जामिनरलाई घूस दिएर नम्बर थप्ने परिपाटीलाई यस कथाले मूल विषयका रूपमा समेटेको छ । यस कथाको म पात्र बी.एस्सीको क्यामेष्ट्रीको जाँच दिएपछि आफ्ना साथीले आफ्नो योग्यतामा शंका गरेपछि एक्जामिनरको घर-ठेगाना पत्ता लगाएर नम्बर थप्न लगाउन बाबुको कन्तुर खोतलेर र आफ्नो घडी बेचेर एक्जामिनरको घर पुग्छ । त्यस घरमा पुगेपछि नम्बर थप्ने प्रक्रियासँग मास्टरले केटाको योग्यता पत्ता लगाई आफ्नी छोरी समेत जिम्मा लगाउन खोजेपछि म पात्रले घुम्न निस्कने निहुँमा त्यहाँबाट भाग्नु परेको अवस्थालाई कथाले देखाएको छ । मूल कथावस्तु शैक्षिक क्षेत्रको विकृति रहे पनि यसमा अन्य कथावस्तु पनि समेटिएका छन् । "रिक्सावालाले मलाई तलदेखि माथिसम्म सजगतापूर्वक नियालेर हेऱ्यो । म अलि खुम्चिएँ, किनभने म पुग्नुपर्ने निर्दिष्ट स्थासम्म पुऱ्याउनका लागि उसले भनेको रकम झण्डै डाक्टरको फीस जत्तिकै गहकिलो थियो ।" (पृ. १४८) भन्ने प्रसङ्गले स्वास्थ्य क्षेत्रलाई व्यङ्ग्य गरेको छ भने ढोकामा लेखिएको 'कुकुरदेखि सावधान' भन्ने प्रसङ्गले कुकुर पालेर शान देखाउने प्रवृत्तिको व्यङ्ग्य गरेको छ । 'ढोका कुनै युवाऋषि जस्तो केटाले उघाऱ्यो' (पृ. १४८) भन्ने प्रसङ्गले लट्टापाल्ने युवसंस्कृतिलाई व्यङ्ग्य गरेको छ भने कोमलले डाइटिङ गरेको प्रसङ्गले सहरीक्षेत्रमा देखिएको नयाँ संस्कृतिलाई व्यङ्ग्य गरेको छ । यसरी हेर्दा कथाले शिक्षाक्षेत्रका विकृति विसङ्गतिसँगै अन्य धेरै कुरालाई आफ्नो विषयवस्तु बनाउन खोजेको देखिन्छ ।

### चरित्रचित्रण

प्रस्तुत कथामा म, रिक्सावाल, शङ्कर, कोमल, मास्टरसाहेब, माष्टर्नी साहेव पात्रका रूपमा आएका छन् । कार्यव्यापारका आधारमा म पात्र प्रमुख पात्र हो भने माड्साप सहायक पात्र हुन् र अन्य पात्र गौण पात्रका रूपमा आएका छन् । आसन्नता र आबद्धताका कोणबाट हेर्दा सबैपात्र मञ्चीय र बद्ध पात्रका रुमपा आएका छन् । जीवनचेतनाका आधारमा हेर्दा सबै पात्र वर्गीयपात्रका रूपमा आएका छन् । 'म' पात्रले विद्यार्थीको प्रतिनिधित्व गरेको छ भने रिक्सवालाले रिक्साचालकको प्रतिनिधित्व गरेको छ । माड्साप, माड्सापनी, शंकर र कोमलले सहरी सभ्याता संस्कृतिको र शिक्षक युवा युवती र गृहस्थ नारीको प्रतिनिधित्व गरेका छन् । प्रमुख पात्र म आफ्ना साथीको शंकालाई विश्वास गरेर बाबुको पैसा चोरेर नम्बर बढाउन जाने तर छोरी सहित दिन खाजेपछि भाग्ने कमजोर पात्रका रूपमा चित्रित छ भने माड्साप ट्यूशन गरेर खाने अस्तव्यस्त जीवन जीउन र राम्रो केटादेखे छोरीलाई विवाह गरिदिने हतार मनस्थितिमा चित्रित भएका छन् । शंकर लामो बाल पाल्ने र एक्टर बन्ने सोखमा रहेको सौखिन

चरित्रका रूपमा आएको छ भने कोमल जो कोही पाए पनि विवाह गर्न हतार मनस्थितिमा चित्रित छ । माड्सापनी मोटी र असभ्य पात्रका रूपमा चित्रित छ । यी सबै पात्रले निभाएको भूमिका र चरित्र उद्घाटनले कथालाई अगाडि बढाएको छ । कथामा आएका पात्रले देखाएको स्वभावबाट पात्रको चरित्र उद्घाटनमा सहयोग पुगेको छ । चरित्र चित्रणले गर्दा कथा यथार्थको नजिक पुग्न समेत सफल भएको छ ।

**संवाद**

प्रस्तुत कथामा संवाद पक्ष निकै सशक्त रूपमा रहेको पाइन्छ । कथामा आएका म, कोमल, शंकर, माड्साप, मास्टरनीका बीचमा दोहोरो संवाद रहेको छ । रिक्सावालसँग दोहोरो संवाद आएको छैन । कथामा आएका संवादहरू निकै रोचक खालका छन् । शंकरले "क्यान आयौ ? कसलाई भेट्नु छ ?" (पृ. १४८) भनेर सोध्दा म पात्रले "मैले दुबै हात जोडेर माड्सापको नाउँ लिँदो भएँ" (पृ. १४८) भनेर उत्तर दिएबाट संवादमा रोचकशैली अपनाएको पाइन्छ । संवादमा देखिने स्वाभाविक उतारचढावले संवादलाई मीठो गराएको छ । पात्रको स्तर अनुरूपको संवादले कथालाई अझ सुन्दर बनाएको छ । संवादकै माध्यमबाट कथाले अग्रता लिएको र कथामा नयाँ-नयाँ प्रसङ्गहरू जेडिएकाले कथामा संवादले खेलेको भूमिका महत्त्वपूर्ण रहेको छ ।

**परिवेश**

यस कथाले लिएको परिवेश तराईको कुनै एउटा सहरी क्षेत्र हो भन्ने कुरा "तराईको यस सहरको बसस्टपमा ओर्लिंदा मन आशंकाग्रस्त थियो" (पृ. १४८) भन्ने प्रसङ्गले देखाएको छ । बसस्टपमा और्लिएर रिक्सावालसँग भएका कुराले पनि तराई भएको बुझाएका छन् । बसस्टपबाट हिडेर माड्सापको घरमा पुगेपछि आएका ढोकाको प्रसङ्ग, कुकुरको प्रसङ्ग, कोठा, भऱ्याङ र भान्साका प्रसङ्गले उच्चमध्यम पारिवारिक परिवेशलाई उजागर गरेको छ । कथालाई अग्रता दिन र पात्रको चरित्र उद्घाटन गर्न यो पारिवारिक परिवेशले निकै सहयोग गरेको छ । सहरी मध्यम वर्गका परिवारका पात्र कोमल, शंकर र मास्टरनी कोही लटे र कोही मोटी रहेका छन् भन्ने देखाउन पारिवारिक वातावरणले सहयोग पुऱ्याएको छ । धरहराको जस्तो भऱ्याङ र कुकुर पालेका प्रसङ्गले सामन्ती परिवेश देखाएको छ, त्यसैकारण म पात्रलाई त्यहाँ भित्रबाट भाग्न साह्रै गाह्रो परेको छ । यसरी बाह्य परिवेशका रूपमा आएको वातावरणले पात्रको आन्तरिक परिवेशलाई उद्घाटन गर्न सहयोग गरेको छ । बिहान नाइट बसबाट झरेर गएको र दिउँसो खाना खाएका प्रसङ्गले कथाको घटना समय दिउँसो भएको देखाएको छ । यसरी आएको बाह्य परिवेशले कथालाई अगाडि बढाउनको लागि आधारभूमि तयार गरेको छ । माड्सापको स्वभावबाट सामन्ती परिवेश उजागर भएको छ भने म पात्रको मानसिकताबाट कायर परिवेश उद्घाटन भएको छ ।

**उद्देश्य**

यस कथाले शैक्षिक क्षेत्रमा देखिएका विकृति विसङ्गति र नेपाली समाजमा रहेका अन्य धेरै विकृति विसङ्गतिलाई आफ्नो कथावस्तु बनाएको छ । परीक्षा दिईसकेपछि एक्जामिनरलाई घूस ख्वाएर नम्बर थप्न लगाउने प्रवृत्ति, स्वास्थ क्षेत्रमा रहेका मनोमानी प्रवृत्ति, युवा युवतीमा देखिएका विकृति आदिलाई कथाले कथावस्तु बनाएको छ । असल केटा जो कुनै कुलतमा फसेको छैन, त्यसलाई छोरी दिन चाहने सहरी चासोलाई पनि कथामा देखाइएको छ । 'म' पात्रलाई माड्सापले र स्वयम् केटीले समेत उम्कन दिन चाहेका छैनन् । 'म' पात्रले परीक्षाको नम्बर बढाए पनि कोमललाई अँगाल्न खुट्टा बढाउन नसकेर भागेको छ र यो परीक्षा उसलाई क्यामेष्ट्रीको परीक्षा भन्दा गाह्रो भएको छ । यी माथिका कुरालाई हेर्दा कथाको उद्देश्य निम्न देखिन्छन् :-

- शैक्षिक क्षेत्रमा देखिएका विकृति विसङ्गतिको आलोचना गर्नु,
- सहरी परिवेशमा युवा र युवतीमा देखिने विकृतिको आलोचना गर्नु,
- असल मान्छेको समाजमा कमी रहेको देखाउनु,

**दृष्टिबिन्दु**

प्रस्तुत 'परीक्षापछिको कडा परीक्षा' शीर्षक कथामा 'म' पात्र प्रमुख पात्रको रूपमा आएको छ । 'म' पात्रकै केन्द्रीयतामा कथाले अग्रगति लिएको छ र 'म' पात्रकै मानसिक संवेगहरू कथामा आएका छन् । कथाको सुरुमै 'म' पात्रले 'तर म रोगी बिरामी केही थिइन । ऊ भने मलाई हिड्न नसक्ने बिरामी नै ठानेर डाक्टरी फीसको थैली कुम्ल्याउने मुडमा थियो ।' (पृ. १४८) भनेर आफ्ना विचारहरू व्यक्त गरेको छ । कथा अगाडि बढ्दै जाँदा म पात्रकै कोणबाट अगाडि बढेको छ भन्ने कुरा 'अब भने मलाई आफूप्रति नै रिस उठ्दै आयो । साथीहरूको कुरा काट्न नसक्ने बानीले गर्दा यो हण्डर खानुपर्‍यो ।' (पृ. १५०) भनेर म पात्रले व्यक्त गरेका विचारले पुष्टि गरेको छ । म पात्रलाई माड्साप, माष्टरनी, कोमल हरेकले घरबाट बाहिर उम्कन दिन नखोजेपछि अनेक बहानमा घर बाहिर निस्केको ऊ ले "तर माड्सापको घरको मूलढोकाबाट निस्किनासाथ म उडेर हनुमान भएँ र एकैचोटी बसस्टपमा पुगेर अडिएँ । त्यसवर्ष क्यामेष्ट्रीको परीक्षामा पास भएँ कि भइनँ सो कुरा म तापाईलाई भन्दिनँ" (पृ. १५४) भनेर अन्त्यमा म पात्रले भनेबाट पनि कथाको दृष्टिबिन्दु पात्र भएर म नै आएको प्रष्टिन्छ । त्यसैले यस कथामा प्रथम पुरुष केन्द्रीय आन्तरिक दृष्टिबिन्दु रहेको छ ।

**भाषाशैली**

प्रस्तुत कथाको भाषाशैलीलाई केलाउँदा कथामा सरल र जटिल दुबैखाले भाषाको प्रयोग भेटिन्छ । कथामा "माड्साप न ता टाढा बस्नुहुन्थ्यो न ता बसस्टपमै, उनको निवासस्थान यिनै दुईको मध्यम दूरीमा रहेछ ।" (पृ. १४८) जस्तो सरल भाषा र "उहाँको यस्तो उदार वचनले कोमल लगायत कोमलकी माता र ज्येष्ट भ्राताका अनुसारमा खडेरीको सूर्यझैँ

प्रकाशमान भयो । यता मेरो मगजमा नौटङ्कीको नगरा बेतोडले बज्न थाल्यो ।" (पृ. १५३) जस्तो आलङ्कारिक भाषाको प्रयोग कथामा पाइन्छ । कथामा आएका वाक्यहरू छोटा र लामा दुबै खाले रहेको कुरा पनि माथिकै उदाहरणले पुष्टि गर्छ । पात्रको स्तर अनुसारको संवाद र संवादमा देखिने घुमाउरो प्रवृत्तिले कथालाई केही गाह्रो बनाएको छ । संवादमा देखिने छोटो खालको सवाल जवाफले कथा रोचक बन्न पुगेको छ, जस्तोः- 'यो सहर सारै रमणीय छ रे म'...., "यहाँका सबै कुरा रमणीय छन्' "माड्सापले मुग्धभावले भन्नु भयो ।"

"अनि म एकछिन ..........."

"एक्लै डुल्नु हुँदैन । किनभने ....." (पृ. १५४)

कथामा विभिन्न पौराणिक बिम्बको प्रयोग पनि पाइन्छ । यसरी प्रयोग गरिएका बिम्बमा शंकर र जामवन्त आएका छन् । भाषालाई स्वाभाविक बनाउन भाषामा ल, र, त जस्ता निपातको प्रयोग पनि गरिएको छ । कथा आदि मध्य र अन्त्यको क्रममा अगाडि बढेको हुँदा रैखिक शैलीमा छ । कथामा नवीन शैलीलाई प्रवेश गर्दै यहाँ

"यहीको विद्यालयमा ज्वाइँनारानलाई टिचर ......"

"प्रश्नसङ्ख्या १-१०० मा ५० हात कमाउँदै मैले लेखें ।"

"कति सोझो छ मुखमा जिब्रै नभए जस्तो .........." (पृ. १५३)

प्रश्नसङ्ख्या २-१०० मा ५५ मेरो हात अलि दरो भयो । भन्दै कथालाई अगाडि बढाएको पनि पाइन्छ । कथामा रिस्क, क्यामेस्ट्री, अन्डरवियर, टिउसन, सुटकेस, बसस्टप, डाक्टर, नाइटबस, फीस, टाइगर, फिलिम, थियटर, टायर ब्रष्ट, इन्टरभ्यू जस्ता अङ्ग्रेजी आगन्तुक शब्दको प्रयोग पनि पाइन्छ । समग्रमा भन्नुपर्दा कथा रैखिक शैलीमा अगाडि बढेको छ र कथाको भाषाशैली मिश्रित किसिमको रहेको छ ।

कथाले म पात्रको परीक्षालाई कथावस्तु बनाएर अगाडि बढेको र परीक्षाको कपीमा नम्बर थप्न गएको म अझ ठूलो अग्नि परीक्षामा फस्न पुगेकोले "परीक्षापछिको कडा परीक्षा" शीर्षक सार्थक देखिन्छ । शैक्षिक विकृतिका आलोकमा अन्य सामाजिक विकृति विसङ्गतिलाई पनि कथमा व्यङ्ग्य गरिएको छ । उचित किसिमका पात्रको संयोजनद्वारा शैक्षिक विकृतिप्रति तीव्र व्यङ्ग्य प्रदान गर्नुले कथा उत्कृष्ट बन्न पुगेको छ । रैखिक शैली र काव्यात्मक भाषा प्रयोगले कथालाई अझ सुन्दरता थपेको छ । समसामयिक विषयलाई कथात्मक मूल्य दिएर युगीन समस्याहरूप्रति व्यङ्ग्य गर्दै पाठकलाई काव्यात्मक आनन्द दिन सकेको हुनाले यो कथा सबल रहेको छ ।

### ४.२५ 'लोडसेडिङ' कथाको विश्लेषण

**कथावस्तु**

प्रस्तुत कथामा कथाकारले लोडसेडिङ हुने प्रक्रियालाई आफ्नो रुचिको क्षेत्र बनाएका छन् । लोडसेडिङ अँध्यारोको प्रतीक हो, ज्ञानी मानिसहरू ज्ञानका कारण लज्जित हुन्छन् तर अज्ञानीहरू अँध्यारोमा नै सल्बलाउने गर्छन् । जनतालाई अज्ञानी बनाएर लोडसेडिङको अँध्यारोभित्र सीमित गर्न चाहने सरकारी प्रवृत्तिप्रति यस कथाले व्यङ्ग्य गर्न खोजेको छ । लोडसेडिङको बेला सहरी क्षेत्रमा हुने गरेका लुट, अपहरण, बलात्कार, हत्या जस्ता विषयलाई कथाले देखाउन खोजेको छ । अँध्यारो र साँगुरो गल्लीमा लोडसेडिङका बेला एउटी सेतो फ्रक लगाएकी केटीलाई चारपाँच जना केटाले जबरजस्ती उठाएर गाडीमा हालेको र 'ऊ' पात्रले त्यस घटनामा पर बसेर हेरेको कुरालाई कथाले मूल विषयवस्तु बनाएको छ । घर पुग्दा उसले त्यो अपहरीत हुने केटी आफ्नै छोरी भएको थाहा पाउँछ । यसरी सहरी क्षेत्रमा बढ्दै गएको लुटपाट, हत्या, अपहरण, बलात्कार जस्ता अँध्यारा पक्षलाई देखाउन लोडसेडिङलाई प्रतीकका रूपमा प्रयोग गरिएको छ । सहरी परिवेशमा देखिएको मानवताहीन अवस्था असुरक्षित अवस्था र युवावर्गमा देखिएका विकृतिलाई कथाले देखाएको छ । अँध्यारोको फाइदा उठाएर समाजमा अस्तव्यस्तना सिर्जना गर्ने तत्त्वहरूलाई सरकारले झन सहयोगी भएर लोडसेडिङ गरेको छ । निर्लज्ज सरकार उज्यालोबाट तर्सेर अँध्यारोतिर देशलाई डोहोऱ्याउन उद्दत छ भन्ने कुरालाई यो कथाले देखाउन खोजेको छ । बढ्दो असुरक्षित अवस्थालाई देखाउनु नै कथाको मूल कथावस्तु रहेको छ । मैनबत्ती किनेर उज्यालोमा बस्न चाहने केटीलाई अपहरण गरेका प्रसङ्गले उज्यालो चाहनेको चाहना माथिको दमन, अत्याचार र अपहरणलाई देखाएको छ । यसरी लोडसेडिङको बेला आफ्नै छोरी बलात्कार हुँदा पनि 'ऊ' पात्रले चिन्न नसकेको र बचाउन नसकेको कुरालाई कथाले कथावस्तु बनाएको छ ।

**चरित्रचित्रण**

प्रस्तुत कथामा छोरी, आमा र गुण्डाहरू पात्रका रूपमा आएका छन् । कार्यका आधारमा हेर्दा ऊ पात्र प्रमुख पात्रका रूपमा आएको छ भने गुण्डाहरू र छोरी सहायक पात्रका रूपमा आएका छन् । आमा गौण पात्रको रूपमा आएकी छे । आसन्नता र आबद्धताका कोणबाट हेर्दा सबैपात्रहरू मञ्चीय र बद्ध पात्रका रूपमा आएका छन् । जीवनचेतनाको कोणबाट हेर्दा सबैपात्रहरू वैयक्तिक भूमिकामा आएका छन् । गुण्डाहरू प्रतिकूल पात्रको भूमिकामा आएका छन् । कथामा आएको 'ऊ' पात्र अँध्यारोमा डराउँदै अगाडि बढेको र फ्रक लगाएकी केटीलाई गाडीमा हालेको देख्दा पनि "आ ऽऽ होली, कुनै वाइफाले केटी होली ।" (पृ. १५७) भन्दै चुप लागेर बस्नुले कातर पात्रको रूपमा चित्रित भएको छ । यस कथामा आएकी केटी जो गुण्डाद्वारा घेरिएर केही बोल्न सकेकी छैन र भाग्ने चेष्टा गरेकी छ, त्यो निरीह पात्रकारूपमा कथामा आएकी छ । आमा पनि निरीह र सोझी पात्रको रूपमा चित्रित छे भने गुण्डाहरू अत्याचारी पात्रको रूपमा आएका छन् । पसले नेपथ्य पात्रका रूपमा आएको छ । कथामा

आएका यी पात्रले कथाको कार्यव्यापारलाई अगाडि बढाएका छन् । विभिन्न खालका पात्रको सफल चरित्रचित्रणले कथा सुन्दर हुन पुगेको छ ।

**संवाद**

प्रस्तुत कथामा संवाद पक्ष झिनो रहेको छ । दोहोरो संवादका रूपमा कथामा 'ऊ' पात्र र उसकी स्वास्नी बीचको छोटो संवाद पाइन्छ । दोहोरो संवाद कम भए पनि म पात्रले आफ्नो अन्तश्चेतनासँग गरेको मनोवादले कथालाई रोचक बनाएको छ । म पात्रले आफ्नो आफूसँग गरेको संवादलाई यसरी देखाइएको छ :- ऊ "प्रकासले मानिसलाई लज्जित पार्छ ?"

आफू-पार्छ, अनि पो लोडसेडिङ गरेको । (पृ. १५६)

कथामा 'ऊ' र आफूबीचको लामो संवाद रहेको छ, जसले कथालाई अग्रता दिन र चरित्रको उद्घाटनमा सहयोग गरेको छ । कथाको अन्त्यमा आएको श्रीमती र म पात्र बीचको संवाद छोटो छ । घरमा पुगेको 'म' पात्रलाई श्रीमतीले "हेर्नुस् न, आडैको पसलमा मैनबत्ती किन्न गएकी छोरी अझै आइन, तपाईले भेट्नु भएन् ?" (पृ. १५८) भनेपछि म पात्रले "सेतो ....... ?" भन्छ ।

"अँ सेतो फ्रक ........" (पृ. १५८)

यसरी आएको छोटो संवादले अपहरण हुने केटीको रहस्य खोलेको छ । संवादमा देखिने सहज छोटो र अपूर्ण वाक्यले संवादलाई उत्कृष्ट बनाएको छ । संवाद झिनो देखिए पनि कथामा आएको मनोवादले कथालाई निकै अग्रता दिएकाले संवाद सशक्त रहेको प्रष्ट हुन्छ ।

**परिवेश**

प्रस्तुत 'लोडसेडिङ' कथाले लिएको बाह्य परिवेश साँघुरो गल्लीको अँध्यारो घुम्ती रहेको छ । लोडसेडिङको बेला बाहेक अन्य अवस्थामा पनि उज्यालो नहुने यस परिवेशले अत्याचार गर्ने मानिसलाई राम्रो आधारभूमि सिर्जना गरेको छ । सामान्यतः मान्छेको कम चहलपहल हुने अँध्यारो साँधुरो गल्लीमा गुन्डाहरूले केटीलाई घेरा हाले र समाउन सफल भएका छन् । साँघुरो र अँध्यारो गल्ली भएकै कारण 'म' पात्रले मान्छेलाई चिन्न सकेको छैन । म पात्रले चिन्न नसकेकै कारण उसले आफ्नी छोरीलाई पनि बचाउन सकेको छैन र ऊ स्वयम् पनि डराई-डराई अगाडि बढेको छ । अँध्यारो साँघुरो गल्लीले कथामा पात्रको मानसिक परिवेश उद्घाटित गरेको छ । अँध्यारो गल्लीले गुण्डाहरूको अँध्यारो संकीर्ण सोचाइ उजागर गरेको छ भने साँधुरोले 'म' पात्रको मानसिकता उजागर गरेको छ । यदि म पात्रले जोसुकै होस् भन्दै साँधुरो सोच नराखेको भए उसकी छोरी अपहरण हुने थिईन । यसरी हेर्दा कथामा आएको परिवेश

घटना घट्नको लागि उपयुक्त देखिन्छ र पात्रको आन्तरिक परिवेश उद्घाटन गर्न समेत सफल रहेको छ ।

**उद्देश्य**

प्रस्तुत 'लोडसेडिङ' कथामा लोडसेडिङले गर्दा सिर्जना भएका समस्याहरूलाई देखाइएको छ । लोडसेडिङको बेला समाजमा घट्ने अपराधलाई देखाएर लोडसेडिङ गर्ने तर जलस्रोतको उपयोगमा ध्यान नदिने सरकारी रवैयाप्रति आलोचना गरिएको छ । यथार्थपरक घटनालाई आधार बनाएको यस घटनामा लोडसेडिङका कारण डराई-डराई अगाडि बढेको 'ऊ' पात्रले आफ्नै छोरीलाई पनि चिन्न सकेको छैन । आफ्नै बाबुका अगाडि छोरीलाई गुण्डाहरूले अपहरण गरेर लगेका छन् । अँध्यारोको फाइदा उठाएर समाजमा आतङ्क मच्चाउने यस्ता खराब तत्त्वहरूको आलोचना गर्न लोडसेडिङ हुने प्रसङ्गलार्य कथाले लिएको छ ।

लोडसेडिङलाई अज्ञानताको प्रतीकका रूपमा प्रयोग गरिएको यस कथाले निम्न उद्देश्य बोकेको छ :-

- समाजमा अँध्यारोको फाइदा लिने तत्त्वहरूले कसरी अपराध गरिरहेका छन्,
- अँध्यारोमा फाइदा लिनेहरू सधै उज्यालोसँग डराउँछन् भन्ने देखाउनु,
- समयलाई चिनेर अगाडि बढ्न नसक्दा दुर्घटना हुन्छ भन्ने देखाउनु,
- समाजमा विकसित व्यक्तिवादी सोच र मानवताहीनलाई चित्रण गर्नु,

**दृष्टिबिन्दु**

प्रस्तुत 'लोडसेडिङ' कथामा मुख्य पात्रको रूपमा 'ऊ' आएको छ । 'ऊ' पात्रकै केन्द्रीयतामा कथाले अग्रता लिएको देखिन्छ । कथाको आरम्भमा नै "कति बज्यो ? ऊ घडी हेर्न खोज्छ । तर उसले बाँधेको घडीमा रेडियम डायल नहुनाले केही देखिदैन ।" (पृ. १५५) भन्दै 'ऊ' पात्रको बारेमा जानकारी दिएको छ । 'ऊ' पात्रका मनमा उत्पन्न विचारहरू र 'ऊ' पात्रले आफैभित्रको आफूसित कुरा गर्दै कथालाई अगाडि बढाएको छ । कथा अगाडि बढ्दै जाँदा 'ऊ' पात्रले आफ्ना मानसिक संवेगलाई देखाउँदै गएको छ । अँध्यारोमा डराई-डराई हिडेको 'ऊ' ले आफ्नो घर नजिकै घुम्तीमा पुग्दा चारजनाद्वारा एउटी सेतो फ्रक लगाएकी केटी घेरिएको देख्छ । तर त्यसलाई बचाउन कुनै उपाय गर्दैन । यसरी यहाँ पनि 'ऊ' कै केन्द्रीयतामा कथाले अग्रगति लिएको छ । कथाको अन्त्यमा बाटोमा खसेको मैनबत्ती लिएर घर पुगेको 'ऊ' स्वास्नीले "हेर्नुस, न आडैको पसलमा मैनबत्ती किन्न गएकी छोरी अझै आइन" (पृ. १५८) भन्दा अवाक् भएर बहुलाझैँ स्वास्नीका मुखमा एकोहोरो हेर्न पुग्छ । यसरी कथाको सुरुदेखि अन्त्यसम्म ऊ पात्रलाई नै दृष्टिबिन्दु पात्र गराएर उसकै विचार र केन्द्रीयतामा कथा अगाडि

बढेको छ । यसरी 'ऊ' पात्रको केन्द्रीयतामा कथा अगाडि बढेकोले कथामा तृतीय पुरुष सीमित दृष्टिबिन्दुको प्रयोग रहेको छ ।

**भाषाशैली**

प्रस्तुत 'लोडसेडिङ' कथा आलोचनात्मक यथार्थवादी शैलीमा लेखिएको कथा हुनाले सरल र सोझो भाषाशैलीको प्रयोग गरेको पाइन्छ । कथामा पात्रको स्तरअनुसार भाषाको प्रयोग गरिएको छ । ऊ पात्रले आफूसित गरेको मनोद्वन्द्व केही आलङ्कारिक किसिमको रहेको छ, जस्तैः "आफू-ज्ञानीहरू नै लज्जित हुन्छन् । निर्लज्ज त अज्ञानी पो हुन्छन् । धन्यवाद देऊ लोडसेडिङ गर्नेहरूलाई, जसले तिमीलाई तथाकथित ज्ञानी बनाएर लज्जित पारेको छैनन् ।" (पृ. १५६) यसरी सोझो तर आलङ्कारिक किसिमको भाषा प्रयोगले कथालाई काव्यात्मक उचाइ थपेको छ । वाक्य गठनलाई हेर्दा "ऊ पसल सामु गएर उभिन्छ । पसलभित्रको मधुरो प्रकाश आफूमा पर्नासाथ ऊ लज्जित हुन्छ । चुरोट किनेर खान मनलाग्छ ।" (पृ. १५६) जस्ता छोटा-छोटा सरल वाक्यको प्रयोग कथामा रहेको छ । कथामा लोडसेडिङ स्ट्रिटलाइट, ल्याम्पपोष्ट, मोटर, स्टेशन व्यागन, जस्ता अङ्ग्रेजी आगन्तुक शब्दको प्रयोग पनि भेटिन्छ । भाषालाई स्वाभाविक बनाउन रे, हो कि, त, न, जस्ता निपात, छुरीसुरी जस्ता द्वित्व र च्यातीच्याती, जोडजोडले, क्वारक्वारती जस्ता अनुकरणात्मक शब्दको प्रयोग पनि गरिएको छ । कथा क्रमिक रूपमा आदि, मध्य र अन्त्य हुँदै अगाडि बढेको हुँदा रैखिक रहेको छ । सामाजिक विकृतिलाई यथार्थरूपमा चित्रण गरिएको हुँदा पनि कथाको भाषाशैली संवृत र कलात्मक रहेको छ । कथामा आएका हच्केको मृगझैं बुर्कुसी मारेर, चुरोटको चौथाई टुक्रो, खिच्रीमिच्रीका पसल जस्ता पदावलीले भाषालाई निकै मिठो बनाएका छन् । समग्रमा भन्नुपर्दा यस कथाको भाषाशैली निकै उच्च रहेको छ ।

प्रस्तुत कथामा लोडसेडिङलाई अन्धकारको वा अज्ञानको प्रतीक बनाएर अँध्यारोमा हुनसक्ने अपराधको बारेमा जानकारी गराइएको हुँदा शीर्षक सार्थक रहेको छ । कथामा 'ऊ' पात्र अँध्यारोदेखि डराएको कारण नै उसकी छोरी अपहरणमा परेकी छे, यदि अँध्यारो चिरेर अगाडि बढेको भए घटना घट्ने थिएन, त्यसकारण कथाले अँध्यारोसँग जुध्न आह्वान गरेको छ । समाजमा अन्धकार सिर्जना गर्ने तत्त्वहरूले अँध्यारोको फाइदा लिँदै अपराध गर्न सक्षम भएका छन् भनेर देखाउनु कथाको उद्देश्य हो । लोडसेडिङलाई प्रतीकात्मक रूपमा प्रयोग गरी समाजमा विद्यमान अपराधी प्रवृत्तिको आलोचना सरल भाषाशैलीमा गरिएको हुँदा यो कथा उत्कृष्ट बन्न पुगेको छ । सोझो अर्थमै पनि नेपालको लोडसेडिङ प्रथाप्रति तीव्र व्यङ्ग्य गरेको छ । यस कथाले अभिधात्मक र व्यङ्ग्यार्थ दुबै अर्थलाई बोकेकाले कथा सबल बन्न पुगेको छ ।

# परिच्छेद– पाँच

## उपसंहार

वि.सं. २०१९ सालमा जनकपुर अञ्चलको तत्कालीन अञ्चल पञ्चायतले निकाल्ने 'अञ्चल सन्देश' पत्रिकामा 'भऱ्याङ' कथा छपाएर साहित्यिक जीवन सुरु गरेका ब्राजाकी हालसम्म अनवरत रूपमा साहित्यिक क्षेत्रमा क्रियाशील रहेका छन् । साहित्यका धेरै विधामा कलम चलाएर पनि उनको मुख्य साहित्यिक क्षेत्र चाहिँ कथा नै हो । करिब-करिब साढे चार दशक लामो साहित्कि साधनामा ब्राजाकीले अन्य विधा छोडेर कथामा 'अवमूल्यन' (२०३८), 'आकाशको फल' (२०४२), 'तिम्री स्वास्नी र म' (२०४६) 'भविष्य यात्रा' (२०५२), 'पारदर्शी मान्छे' (२०६०), नामक कथा सङ्ग्रह प्रकाशित गरेका छन् । यस बाहेक उनको एउटा कथा सङ्ग्रह 'आमालाई बेच्नु हुँदैन लाटा !' प्रकासोन्मुख रूपमा रहेको जानकारी लेखकले स्वयं दिएका छन् । यतिधेरै कथाहरू नेपाली साहित्यलाई सुम्पने ब्राजाकीको सबैभन्दा पछिल्लो कथा सङ्ग्रह 'पारदर्शी मान्छे' हो । यस शोधपत्रको मुख्य अध्ययन 'पारदर्शी मान्छे' कथा सङ्ग्रहको कृतिपरक अध्ययन रहेकोले यसै सङ्ग्रहमा केन्द्रित रहेर उपसंहार र निष्कर्ष लेखिएको छ ।

'पारदर्शी मान्छे' कथा सङ्ग्रहमा ब्राजाकीका पछिल्लो चरणमा लेखिएर विभिन्न पत्र-पत्रिकामा छरिएर रहेका २५ वटा कथालाई समेटिएको छ । समसामयिक युगीन सन्दर्भहरूलाई टिपेर लेखिएका यी कथाले वर्तमानमा देखिएका विकृति विसङ्गति, मानवताको ह्रास, राजनैतिक संकट, र आर्थिक समस्या जस्ता विषयलाई समेटेका छन् । 'पारदर्शी मान्छे' कथामा प्रजातन्त्रको र पारदर्शीताको नाममा हुने गरेको अपारदर्शी शैलीलाई विषय बनाएर त्यसप्रति आलोचना गरिएको छ भने उनी, जूनी र खाली हात कथामा समाजमा देखिएका यौन विकृति, विदेश पलायनको लहर, दलाली प्रवृत्ति र बेरोजगारी अवस्थालाई समेटिएको छ । 'जोरपैयुँ' कथामा समाजमा विद्यमान छुवाछुत प्रथा, जातीय विभेद र नारीका समस्यालाई देखाइएको छ । अन्तर जातीय विवाह गराएर यस कथा मार्फत कथाकारले प्रगतिशीलतालाई देखाउन खोजेका छन् । 'कान्छी तँ भित्र जा' कथामा ग्रामीण जीवनमा नारीमाथि हुने गरेको मानसिक शोषणलाई देखाइएको छ । 'करुणामय' कथाले सहरी परिवेशमा मौलाएको असुरक्षा, यौनव्यापार र अपराधी प्रवृत्तिलाई कथावस्तु बनाएको छ । 'मनोरञ्जन' कथाले नवमध्यम वर्गमा देखिएका विकृति विसङ्गतिहरूको पर्दाफास गरेको छ भने 'सार्वभौम जनकङ्काल' कथामा युवा युवती र महिलाहरूमा देखिएका विकृतिप्रति तीव्र व्यङ्ग्य गर्दै नेपालीले अस्तित्व गुमाउँदै गएको वर्तमान परिवेशलाई देखाएको छ । 'अंश-वंशधारिणी' कथामा नारीमाथि पितृसत्तात्मक समाजले हालेका पासाहरू चुँडालेर एउटी नारीले आफूलाई स्थापित गर्न गर्नुपर्ने सङ्घर्षलाई देखाइएको छ भने

'ईखको बिख' कथामा सत्तासङ्घर्षमा देखिएका खराब प्रवृत्तिलाई विषयवस्तु बनाइएको छ । 'भविष्यहीन भविष्यवक्ता' कथामा समाजमा सोझा सिधा माथि हुने गरेको थिचोमिचोलाई विषयवस्तु बनाएर प्रस्तुत गरिएको छ भने 'सामान्तको सम्पत्ति' कथामा युवाहरूमा देखिएको विदेश पलायनको मोह र एउटा किसानको प्रगतिलाई विषयवस्तु बनाएर लाज र अल्छी नमानी काम गरे मीठो खान विदेश पलायन हुनु नपर्ने कुरालाई देखाइएको छ । कुनै-कुनै जातिमा विद्यमान छोरी बेचेर धनी र सुखी हुने प्रवृत्तिलाई 'खुशीको पिरो आँसु' कथामा विषयवस्तु बनाइएको छ भने 'एक पटक मात्रै भए पनि' कथामा वर्तमान बुर्जुवा शिक्षाले निम्ताएको बेरोजगारीको कारुणिकतालाई विषयवस्तु बनाइएको छ । 'उहारणीय सालिक' कथामा शिक्षित वर्गमा देखिएको नैतिका ह्रास र सहरी परिवेशमा देखिएका विकृति विसङ्गतिलाई विषयवस्तु बनाइएको छ भने 'त्रिनेत्रका खुल्ला आँखा' कथामा विश्व परिवेशमा नेपाली जनताका दारुण स्थितिलाई देखाउन खोजिएको छ । 'सत्यवादी र अहिंसावादी' कथामा राजनीति गर्नेहरूले जनतामाथि गर्ने अन्याय र सत्ता सङ्घर्षमा देखिने नौटङ्की प्रवृत्तिलाई विषयवस्तु बनाइएको छ । जागिर खानको लागि भोग्नु पर्ने समस्या र नियतिलाई 'एउटा पद खाली छ' कथाले विषयवस्तु बनाएको छ भने 'एउटा गजलको जन्म' कथाले नेपालीले आफ्नो अस्तित्व गुमाउँदै गएको कुरालाई विषय बनाएको छ । तराई भेगमा प्रजातन्त्रको आगमन पश्चात् पनि विद्यमान जमिनदारी प्रथा र मालिक प्रथालाई 'बाबू हरिहरनारायणसिंहज्यू देव' कथामा विषयवस्तु बनाइएको छ भने 'थ्रीपिस सुट' कथामा जागिर खानको लागि गर्नुपर्ने तडक-भडकपूर्ण संस्कारलाई देखाउँदै सहरी परिवेशमा विकसित मानवता हीनतालाई देखाइएको छ । 'प्रमद्वराको प्रणय र रुरुको आत्मीयता' कथामा मध्य वर्गमा विकसित छाडा यौन वृत्तिलाई देखाइएको छ भने 'रूपान्तरणको व्यथा' कथामा राजनीतिमा देखिएका विकृतिलाई केलाउँदै एउटा व्यक्ति कसरी के-के हुनसक्छ भन्ने कुरालाई देखाइएको छ । हरेक कार्यक्रममा हिन्दी गीत बजाउने छाडा प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै तराई जीवनमा पुरुषद्वारा नारी माथि हुने गरेका दमनलाई 'चोली के पिछे क्या है ?' कथाले विषयवस्तु बनाएको छ भने 'परीक्षापछिको कडा परीक्षा' कथाले शिक्षामा देखिएका विकृति र मध्यम वर्गमा देखिएका व्यवहारिक ज्ञानका कमीलाई विषयवस्तु बनाएको छ । लोडसेडिङले निम्त्याएका सामाजिक समस्या र सहरी क्षेत्रमा बढ्दो असुरक्षालाई 'लोडसेडिङ' कथाले विषयवस्तु बनाएको छ ।

ब्राजाकीका कुनै पनि कथा समाजभन्दा बाहिर गएका छैनन् । समाजमा विद्यमान शोषण, दमन, अन्याय, अत्याचार, व्यभिचार, छाडा प्रवृत्ति, विकृति विसङ्गति, वर्गीय विभेद,

मूल्यमान्यतामा देखिएका ह्रास, बेरोजगरी, देहव्यापार आदि जस्ता विषयलाई नै ब्राजाकीले आफ्ना कथामा समेटेका छन् ।

ब्राजाकीका कथामा प्रयोग भएका चरित्रको विश्लेषण गर्दा प्रत्येक पात्रको आफ्नै चारित्रिक विशेषता देखिन्छ । यी पात्रहरू वैयक्ति  चरित्रका भए पनि अधिकांश पात्रहरूले वर्गीय चरित्रको आभास दिन्छन् । यस सङ्ग्रहमा वैयक्ति र वर्गीय चरित्र भएका पात्रहरू छन् । वैयक्तिक पात्रहरू सम्बन्धवाचक, व्यक्तिवाचक पद, सार्वनामिक, र प्रतीकात्मक छन् भने वर्गीय चरित्रका पात्रहरू मूलतः युवा युवती र बाल बालिकाहरू रहेका छन् । यस कथा सङ्ग्रहका कथाहरूमा विवश, निरीह, गरिब पात्रका पीडाका साथै मध्यम र उच्चवर्गीय पात्रका छाडा र विकृति चरित्रलाई पनि देखाइएको छ । यस कथाका कुनै पात्रहरू शोषण दमनका सिकार भएका छन् भने कुनै पात्र सङ्घर्षको मैदानमा डटेर स्वतन्त्रताका लागि होमिएका छन् । विविध किसिमका पात्रको संयोजन गरी कथालाई पूर्णता दिनु र पात्रको चारित्रिक भूमिकालाई स्पष्ट देखाउनु ब्राजाकीको पात्र चयनको विशेषता यस कथामा देखिएको छ । प्रस्तुत सङ्ग्रहका कथाभित्र सम्बन्ध जनाउने पात्रहरूमा स्वास्नी, छोरा, छोरी, आमा, सासू, लोग्ने, भाउजू, अन्टी, मित्र, दाजुभाइ, आदि जस्ता पात्रहरू पर्दछन् भने शिक्षक, गा.वि.स. अध्यक्ष, ड्राइभर, साहुनी, साहुजी, व्यापारी, कवि, कर्मचारी, पसले, वकिल, प्रहरी, पण्डित, सुब्बा, जस्ता पद धारण गरेका पात्रहरू छन् । यस सङ्ग्रहका कथामा सार्वनामिक पद 'म' र 'ऊ' धारणा गर्ने पात्रहरू पाइन्छ भने ओहोदा र हैसियत जनाउने पात्रहरू पनि उल्लेख्य रूपमा पाइन्छ । व्यक्तिवाचक नामका पात्रहरूको प्रयोग यस सङ्ग्रहका बढी मात्रमा भएको पाइन्छ । उदाहरणका लागि कथामा आएका जूनी, देवराम, नीलम, हरिनारायण, रवि, जुली, ज्याकी, गङ्गा, महेश, गैबुदत्त, लुमनदत्त, सुबोधराज, मनु, बुद्ध, आनन्द, कान्छी, बाबूहरिहरनारायणसिंहज्यू देव, भोलू सहनी, हरकिसुनलाल, सोनरी, प्रमद्वरा, रुरु, सीयारामशरण, लखन, धरखन, कोमल, शङ्कर आदि पात्रलाई लिन सकिन्छ । पात्रको चयनमा विविधता अपनाउनु कथाकार ब्राजाकीको विशेषता देखिन्छ । बैयक्तिक पात्रलाई चुनेर वर्गीय भूमिका दिएकोले उनी सीमित घेरा भन्दा माथि उठ्न खोजेको पाइन्छ । यस सङ्ग्रहका केही कथामा पौराणिक पात्रको प्रयोग समेत गरेको पाइन्छ । प्रतीकात्मक अर्थ बोक्ने यस्ता पात्रहरूमा प्रमद्वरा, रुरु, गङ्गा, श्याम, द्रौपदी, राम, सीता, हनुमान, बुद्ध, आनन्द आदि रहेका छन् । विभिन्न किसिमका पात्रको चयन गरी वर्गीय भूमिकामा उतार्नु नै यस कथासङ्ग्रहको चरित्रचित्रणको मुख्य लक्ष्य देखिएको छ । 'पारदर्शी मान्छे' को पारदर्शीले कुटील पात्रको प्रतिनिधित्व गरेको छ भने उनी, जूनी र खाली हातको उनीले दलालको प्रतिनिधित्व गरेको छ । 'जोरपैयुँ' कथाको नीलमले सम्पूर्ण नारीको प्रतिनिधित्व

गरेकी छे भने 'अंश-वंशधारिणी' की गङ्गाले शिक्षित नारीको प्रतिनिधित्व गरेकी छे । 'कान्छी त भित्र जा !' कथाकी कान्छीले ग्रामीण परिवेशमा नारीले भोगेका नियतीको प्रतिनिधित्व गरेकी छे भने 'मनोरञ्जन' कथामा आएका हरेक पात्रले नवमध्यम वर्गको प्रतिनिधित्व गरेका छन् । बाबू हरिहरनारायणसिंहज्यू देवले जमिनदार वर्गको प्रतिनिधित्व गरेको छ भने 'प्रमद्वराको प्रणय र रुरुको आत्मीयता' कथाका प्रमद्वरा र रुरुले मध्यम वर्गका युवा यूवतीको प्रतिनिधित्व गरेका छन् । यसरी समग्रतामा हेर्दा अधिकांश पात्रहरू वर्गीय प्रतिनिधित्व गर्ने खालका छन् । ब्राजाकीका कथामा धेरै स्थानमा 'म' पात्र आएको छ । यसरी आएको 'म' पात्रले ब्राजाकीकै प्रतिनिधित्व गर्दै कहीं सामाजिक आदर्श, चेतना, शिक्षा र राष्ट्रवादी स्वर उचालेको छ भने कहीं साहित्यकारका समस्या, राजनैतिक विकृति, बढ्दो असुरक्षा र सामाजिक विसङ्गतिप्रति आलोचना समेत गरेको छ ।

मनु ब्राजाकीका यस कथामा पात्रहरू आर्थिक समस्या सुल्झाउन यौनको क्रय विक्रय गर्ने देखि लिएर, विकृति विसङ्गतिमा रमाएर बस्ने पात्रसम्म छन् । कतिपय पात्र विवशता र बाध्यताको सिकार बनेका छन् भने कतिपय पात्रहरू स्वतन्त्रताका नाममा र आधुनिकताका नाममा आफूलाई गलत मार्ग तर्फ उन्मुख गराइरहेका छन् । ब्राजाकीका कथामा आएका सम्पूर्ण पात्रहरू नेपाली परिवेशबाट टिपिएका हुँदा कथा यथार्थवादी बन्न पुगेको छ ।

मनु ब्राजाकी आञ्चलिकतालाई अँगालेर कथा लेख्ने कथाकार हुन् तर यस सङ्ग्रहमा आइपुग्दा उनी आञ्चलिकताको घेरा नाग्दै विस्तृत परिवेशमा विचरण गर्न पुगेका छन् । यस सङ्ग्रहका कथाले ग्रामीण, सहरी र अर्द्धसहरी परिवेशलाई समेटेका छन् । ग्रामीण परिवेश देखि सहरी परिवेशसम्मको मिश्रित परिवेश पनि उनका कथामा पाइन्छ । यस सङ्ग्रहका 'भविष्यहीन भविष्यवक्ता' 'बाबू हरिहरनारायणसिंहज्यू देव', 'चोली के पिछे क्या है ?' कथाले तराई भेगको आञ्चलिकता झल्काएका छन् भने 'जोरपैयुँ' 'कान्छी तँ भित्र जा' 'खुशीको पिरो आँसु, र 'सत्यवादी र अहिंसावादी', कथाले ग्रामीण परिवेशको प्रतिनिधित्व गरेका छन् । यी माथिका बाहेक 'पारदर्शी मान्छे ', 'उनी, जूनी र खाली हात', 'करुणामय', 'मनोरञ्जन', 'सार्वभौम जनकङ्काल', 'अंश-वंशधारिणी', 'ईखको बिख', 'सामन्तको सम्पत्ति', 'एक पटक मात्रै भए पनि', 'उदाहरणीय सालिक', 'एउटा पद खाली छ', 'थ्रीपिस सुट', 'प्रमद्वराको प्रणय र रुरुको आत्मीयता', 'रूपान्तरणको व्यथाकथा', 'परीक्षापछिको कडा परीक्षा' र 'लोडसेडिङ' कथाले सहरी परिवेशलाई उजागर गरेका छन् । सहरी परिवेश लिएर आएका यी कथाले मुख्य रूपमा काठमाडौंलाई आफ्नो परिवेश बनाएका छन् । समग्र कथाहरूलाई हेर्दा यस कथा सङ्ग्रहले सहरी क्षेत्रमा विकसित विकृति, विसङ्गतिलाई समेट्न खोजेको देखिन्छ । केही मात्रामा पहाडी

ग्रामीण र तराईका ग्रामीण परिवेशलाई कथाले समेटे पनि अधिकांश कथाको परिवेश सहरी नै रहेको छ ।

यसप्रकार ब्राजाकीले यस कथा सङ्ग्रहमा सहर, तराईको ग्रामीण र पहाडी ग्रामीण समाजको यथार्थ चित्रण गरेका छन् । नेपाली समाजमा देखिएका समस्यालाई चित्रण गर्न कथामा आएका परिवेशले निकै सहयोग गरेको छ । आफ्नो वरिपरिको सेरोफेरोमा केन्द्रित रहेर लेखिएको हुनाले कथा निकै उत्कृष्ट बन्न पुगेका छन् । पछिल्लो चरणमा सहरी परिवेशमा देखिएका विकृति विसङ्गति, आडम्बर, विदेशी संस्कृतिको प्रभावलाई देखाउन नै कथाकारले सहरी परिवेशलाई मुख्य केन्द्र बनाएका छन् ।

ब्राजाकीले आफ्ना कथामा परिवेश प्रभावित भाषा शैलीको प्रयोग गरेका छन् । ब्राजाकीका कथामा तराई भेगको प्रतिनिधित्व गर्ने 'चोली के पिछे क्या है ? र 'बाबू हरिहरनारयाणसिंहज्यू देव' नामक कथामा तराई भेगमा बोलिने भाषाको प्रयोग रहेको छ भने पहाडी भेगको चित्रण गर्ने 'कान्छी तँ भित्र जा !' र 'खुशीको पिरो आँसु' शीर्षकका कथामा पहाडी क्षेत्रको भाषा-शैलीको प्रयोग रहेको छ । ब्राजाकीका अन्य कथामा सहरी परिवेशको भाषा-शैलीको प्रयोग गरिएको छ । ब्राजाकीका कथामा पात्रको स्तर अनुकूलको भाषा प्रयोग गरेका छन् । जनबोलीका झर्रोशब्दको प्रयोग र उखान-टुक्काको प्रयोगले गर्दा भाषाशैली निकै मीठो र सजीव बन्न पुगेको छ । चित्रोपम भाषाशैलीको प्रयोगले गर्दा कथा निकै पठनीय गराउनु पनि यस सङ्ग्रहका ब्राजाकीको विशेषता हो । कथामा क्षीण कथातन्तुलाई प्रयोग गरेर कथालाई उत्कर्षमा पुऱ्याउने ब्राजाकीले कथामा नयाँनयाँ शैलीलाई भित्र्याएका छन् । कथाको आरम्भ र अन्त्य गर्ने नवीन शैलीलाई यस सङ्ग्रहका कथाहरूमा 'उनी, जूनी र खाली हात', 'जोरपैयुँ', 'कान्छी तँ भित्र जा !', 'मनोरञ्जन', 'सार्वभौम जनकङ्काल', 'ईखको बिख' 'त्रिनेत्रका खुल्ला आँखा', 'एउटा गजलको जन्म', बाबू हरिहरनायणसिंहज्यू देव, 'परीक्षा पछिको कडा परीक्षा', 'लोडसेडिङ' आदि कथा मुख्य रहेका छन् । ब्राजाकीले अधिकांश कथामा विवृत भाषाशैलीको प्रयोग गरेका छन् । विवृत भाषाशैली अन्तर्गत संवादमूलक शैली, एकालापीय शैली, वर्णनात्मक शैली, जस्ता शैलीलाई ब्राजाकीले कथामा प्रयोग गरेका छन् ।

मनु ब्राजाकी नेपाली कथा परम्परामा विगत साढे चारदशकदेखि क्रियाशील प्रतिभा हुन् । साढे चारदशक लामो कथाकारिताको यात्रामा उनले नेपाली कथा साहित्यलाई सयौं कथाहरू दिइसकेका छन् । लामो समयसम्म कथा लेख्ने क्रममा उनले कथामा नयाँ-नयाँ मूल्य स्थापित गर्न पुगेका छन् । सुरु-सुरुका उनका कथाहरूले बढी मात्रमा आञ्चलिकतालाई समेट्ने

गरेको पाइन्छ । आञ्चलिकताका अलावा उनका कथाले यथार्थवाद, आलोचनात्मक यथार्थवाद, यौनमनोविज्ञान र बालमनोविज्ञानलाई समेत समेटेका छन् । मनु ब्रजाकीका सुरुदेखि अहिलेसम्मका धेरै जसो कथाले यौनलाई कुनै न कुनै रूपमा छोएका छन् । पहिलेका कथा सङ्ग्रहका कथाहरू बढी मात्रमा राष्ट्रिय स्तरमा देखिएका समस्यामा केन्द्रित छन् । प्रजातन्त्रको आगमन पश्चात नेपाली समाजमा देखा परेका युगीन समस्या, विकृति, विसङ्गति, दुर्व्यसन, अराजकता जस्ता विषयलाई यस सङ्ग्रहका कथाले समेटेका छन् । कथा भित्र नाटक, निबन्ध, गजल, कविता, गीत आदि अन्य विधाको मिश्रण गरेर नयाँ स्वाद पाठकलाई पस्किनु यस सङ्ग्रहको विशेषता रहेको छ । कथाको सुरुवात हुँदा कथाले जुन मोड लेला भन्ने आशा गरिएको हुन्छ तर कथा अगाडि बढ्दै जाँदा अर्कै मोड लिएर अन्त्यमा रहस्यमय तरिकाले विश्राम हुनु यस सङ्ग्रहका कथाको विशेषता देखिएको छ, जुन अन्य कथा सङ्ग्रहमा कमै पाइन्छ । एउटै कथा भित्र सयौं समस्यालाई एकसाथ उठान गर्नु पनि यस सङ्ग्रहको विशेषता हो । अन्य सङ्ग्रहका कथाहरू मुख्य रूपले ग्रामीण परिवेशमा आधारित रहेको पाइन्छ भने यस सङ्ग्रहका अधिकांश कथाले शहरी क्षेत्रलाई परिवेश बनाएका छन् । कुनै एउटा प्रवृत्तिमा मात्र केन्द्रित नरहेर मिश्रित प्रवृत्तिको प्रयोग गर्दै नवचेतनावादी शैलीलाई नयाँ उचाइ प्रदान गर्नु अन्य कथा सङ्ग्रहका सापेक्षतामा यस कथा सङ्ग्रहको मुख्य स्थान रहेको छ ।

समग्रमा 'पारदर्शी मान्छे' कथा सङ्ग्रहलाई अध्ययन गर्दा ब्राजाकीले युगीन सन्दर्भमा देखिएका हरेक समस्यालाई आफ्नो कथाको विषयवस्तु बनाएका छन् । समाजमा देखिएका विकृति, विसङ्गति, शोषण, दमन, अशिक्षा, बेरोजगारी, नारीका समस्या, युवायुवतीका छाडा प्रवृत्ति, शिक्षाका समस्या, दलाली प्रथा, चाकडी प्रथा, जस्ता विषयलाई लिएर यथार्थवाद आलोचनात्मक यथार्थवाद, यौनमनोविज्ञान, बालमनोविज्ञान, व्यङ्ग्यात्मक, प्रकृतवाद जस्ता समष्टि प्रवृत्तिमा देखाउनु कथाकार ब्राजाकीको प्रवृत्ति रहेको छ । उनका यस सङ्ग्रहका अधिकांश कथाले सहरी परिवेशमा देखएिका विकृति विसङ्गगति असुरक्षा, छाडा प्रवृत्ति, यौन व्यापार जस्ता विषयलाई समेटेका छन् । नारीको मुक्तिका लागि आवाज बुलन्द गर्नु पनि यस सङ्ग्रहका ब्रजाकीको उद्देश्य रहेको छ । सीमित पात्रको प्रयोग गरी वर्तमानका युगीन समस्यालाई चित्रण गर्दै ती समस्याले निम्त्याएका विकृत्ति विसङ्गतिहरूलाई देखाउनु नै कथाकार ब्राजाकीको 'पारदर्शी मान्छे' कथा सङ्ग्रहको उद्देश्य रहेको छ । युगीन सन्दर्भका तमाम समस्यालाई समेटेर कथागत मूल्य दिंदै नवचेतनावादी शैलीमा पाठकलाई कलात्मक अभिव्यक्ति दिन यो कथा सङ्ग्रह सफल छ । नवीन शैलीको प्रयोग गर्दै वर्तमानका सबै पक्षलाई समेट्न सक्नुले ब्राजाकी उत्कृष्ट कथाकारका रूपमा दरिएका छन् ।

# सन्दर्भसूची

**पुस्तकसूची**

आचार्य, नरहरि र अन्य (सम्पा.), **नेपाली कथा,** भाग १ तृ. सं. ललितपुरः साझा प्रकाशन, २०५० ।

........ **नेपाली कथा,** भाग २, द्वि.सं. ललितपुरः साझा प्रकाशन, २०५० ।

गौतम, कृष्ण, **रचनाको रोमाञ्च**, काठमाडौँ ने.रा.प्र.प्र., २०५६ ।

बराल, ईश्वर, झ्यालबाट पाँ.स., ललितपुरः साझा प्रकाशन, २०४८ ।

बराल, ऋषिराज र कृष्णप्रसाद घिमिरे, (सम्पा.) नेपाली कथा, भाग ३, ललितपुरः साझा प्रकाशन, २०५५ ।

ब्राजाकी, मनु, **अवमूल्यन** ललितपुरः साझा प्रकाशन, २०३८ ।

................, **आकाशको फल** ललितपुरः साझा प्रकाशन, २०४२ ।

................, **तिम्री स्वास्नी र म** ललितपुरः साझा प्रकाशन, २०४६ ।

................, **गजलगङ्गा** ललितपुरः साझा प्रकाशन, २०५१ ।

................, **काँडाका फूलहरू** ललितपुरः साझा प्रकाशन, २०५६ ।

................, **पारदर्शी मान्छे** ललितपुरः साझा प्रकाशन, २०६० ।

भट्टराई, जयदेव, **साहित्यकार परिचय र अभिव्यक्ति**, काठमाडौं ने.रा.प्र.प्र., २०५४ ।

लुइटेल, खगेन्द्रप्रसाद, **आधुनिक नेपाली समालोचना**, काठमाडौँ न.रा.प्र.प्र., २०५७ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, नेपाली साहित्यको सङ्क्षिप्त इतिहास, ललितपुरः साझा प्रकाशन, २०३४ ।

श्रेष्ठ, दयाराम (सम्पा.) **नेपाली कथा,** भाग ४, ललितपुरः साझा प्रकाशन, २०५७ ।

**शोधपत्रसूची**

अधिकारी, विमल, **सामाजिकता दृष्टिले भविष्य–यात्रा सङ्ग्रहभित्रका कथाहरूका विवेचना**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. रत्नराज्यलक्ष्मी क्याम्पस, २०६० ।

पोखरेल, कृष्णप्रसाद, **मनु ब्रजाकीको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर, २०४९ ।

भट्टराई, शिवप्रसाद, **कृष्णहरि वरालको जीवनी व्यक्तित्व र कृतित्व** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर, २०५५ ।

**पत्रपत्रिका सूची**

आशुतोष, रामगोपाल “साक्षात्कार, गजल काव्यात्मक हुनपर्छ तर गजलजस्तै” **नेपाली गजल** (वर्ष १, अङ्क २, असार, साउन, २०६२) पृ. १३-१८ ।

चौधरी, अयोध्यानाथ “एउटा हराएको सम्बोधन”, (अनु.) मनु ब्राजाकी, **समकालीन साहित्य,** (वर्ष ४, अङ्क ४, पूर्णाङ्क १६, कार्तिक, मङ्सिर, पुस, २०५१) पृ. १९९-२०२ ।

नवीनचन्द्र, ‘दृष्टिकोण’, (अनु) मनु ब्राजाकी, **समकालीन साहित्य,** (वर्ष ४, अङ्क ४, पूर्णाङ्क १६, कार्तिक, मङ्सिर, पुस, २०५१) पृ. २०३-२०६ ।

नासत्य, सगर, “घर व्यवहार”, **गरिमा,** (वर्ष २, अङ्क ११, पूर्णाङ्क २३, कार्तिक, २०४१) पृ. ५६-६० र ऐजन (वर्ष २, अङ्क १२, पूर्णाङ्क २४, मङ्सिर, २०४१), पृ. २६-२९ ।

.........“आतङ्ककारी र निर्मम अधुनातन रोग एड्स”, **गरिमा,** (वर्ष ४, अङ्क ११, पूर्णाङ्क ४७, कार्तिक, २०४३), पृ. ८०-८५ ।

.........“सर्वधारा चिकित्सा प्रणाली”, (पोलिप्याथी), **गरिमा,** (वर्ष ५ अङ्क ५३, पूर्णाङ्क ५२ वैशाख, २०४४) पृ. ३९-४२ ।

.........“मात्र एक खून माफ”, **गरिमा,** (वर्ष ५, अङ्क १२, पूर्णाङ्क ६०, मङ्सिर २०४४), पृ. ४१-४४ ।

………"जीवनदायी उपचार दुग्धकल्प", **गरिमा**, (वर्ष ६, अङ्क १०, पूर्णाङ्क ७ असोज, २०४३) पृ. ३५-३९ र ऐजन (वर्ष ६, अङ्क ११, पूर्णाङ्क ७१,कार्तिक २०४५), पृ. १४-१९ ।

ब्राजाकी, मनु, "के हाम्रो संस्कृति चोखो छ ?", **रूपरेखा**, वर्ष ९, अङ्क ९, पूर्णाङ्क ९३, माघ, २०२५) पृ. ५-१५ ।

………"राँढ साँढ सिंढी सन्यासी", **देशान्तर साप्ताहिक** (वर्ष ७, अङ्क २, पुस ९ २०४३), पृ. ४ ।

………"हमर बेटा घूस नहीं खायत", **आंजुर**, (वर्ष २, अङ्क २, फागुन २०४५), पृ. ५-६ ।

………"गजल एक चर्चा", **मधुपर्क**, (वर्ष २२, अङ्क ९, पूर्णाङ्क, २०४८, माघ, २०४६), पृ. ३७-३९ ।

………"सारनाथमा खजनाको खोजी" राष्ट्रिय वाणिज्य वैङ्क पूर्व कर्मचारी सङ्घ, **स्मारिका** (२०४९) पृ. २४-२८ ।

………"निर्वासित मनको नाडी परीक्षा", **मिर्मिरे**, (पूर्णाङ्क ९६, भदौ-असोज, २०४९), पृ. १८-२३ ।

………"गजल गाथा", **समकालीन साहित्य,** (वर्ष ३, अङ्क १, पूर्णाङ्क १०, वैशाख, जेठ, असार, २०५०) पृ. ४९-६१ ।

………"पूर्वकथनः गजल गन्थन", **गजलगङ्गा**, काठमाडौंः साझा प्रकाशन २०५१, पृ. क-ठ ।

………"विचार नै तिम्रो शत्रु हो", **मधुपर्क,** (वर्ष २७, अङ्क ४, पूर्णाङ्क ३०३, भदौ, २०५१), पृ. ७४-७५ ।

………"सम्झना विश्वनाथ गल्ली र दालमण्डीको", **मधुपर्क,** (वर्ष २८, अङ्क ४, पूर्णाङ्क ३१५, भदौ २०५२) पृ. ३३-३६ ।

………"भविष्य-यात्रा" (मनु ब्राजाकीका १८ कथा), **बगर,** (वर्ष १४, पूर्णाङ्क४७, भदौ-मङ्सिर, २०५२), पृ.१-१४५ ।

………"मौलिक कथाशिल्पी गोपाल पराजुली", **मिर्मिरे**, (वर्ष २५, अङ्क ७, पूर्णाङ्क १३२, भदौ २०५३), पृ. ४३-५० ।

………"मोहनराज शर्माः स्वैरकल्पना र तेस्रो भेट", **समकालीन साहित्य**, (वर्ष २, अङ्क ४, पूर्णाङ्क १३२, भदौ, कार्तिक, मङ्सिर, पुस २०५३) पृ. १३३-१३९ ।

………"असामान्य साहित्यकारको असामान्य लेखक प्रक्रिया", **मनोभाव**, (वर्ष २, अङ्क २, माघ, २०५३), पृ. ४०-४४ ।

………"जीवनबारे किशोरलाई मनुको पत्र", **गरिमा**, (वर्ष १५, अङ्क ३, पूर्णाङ्क १७१ फागुन, २०५३), पृ. ७४-७६ ।

………"पाटलीपुत्र अथवा पटना", **दायित्व,** (वर्ष १२, अङ्क ३२, असोज २०५५) पृ. ४९.-५९ ।

………"सुवासित फूलका थुँगाहरू", **हिमाल खबरपत्रिका**, (वर्ष ९, अङ्क १७, १-१५ पुस २०५६), पृ. ४९ ।

………" दार्जीलिङमा भानु, मनु र वैरागी ब्राजाकी" **समकालीन साहित्य,** (वर्ष ११, अङ्क ३, पूर्णाङ्क ४१, वैशाख, जेठ, असार २०५८), पृ. ९-१९ ।

………"त्रिदेवी उपन्यासको मूल स्वरबारे", **समीक्षा साप्ताहिक**, (१० भदौ, २०५९), पृ. ५ र ७ ।

सापकोटा, ध्रुव, "मनु ब्राजाकीको कथायात्रा शेष भएको छैन", **समकालीन साहित्य,** (वर्ष २, अङ्क २, पूर्णाङ्क ६, बैशाख, जेठ, असार २०४९), पृ. १२०-१२२ ।

सिलवाल, नकुल "भविष्य-यात्रा", (मनु ब्राजाकीका १८ कथा), **बगर**, (वर्ष १४, पूर्णाङ्क ४७, भदौ-मङ्सिर २०५२) पृ. सम्पादकीय/प्रकाशकीय ।

सुवेदी, राजेन्द्र "भविष्य-यात्रा सङ्ग्रहभित्रका कथाकार ब्राजाकी" **समकालीन साहित्य** (वर्ष ६, अङ्क ३, पूर्णाङ्क २३, साउन, भदौ, असोज, २०५३), पृ. १०५ ।